CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौच - विवेचन

(आशौच र अन्त्येष्टिमा पर्नसक्ने समस्या र समाधान)

निबन्धकार:
डा. रामचन्द्र गौतम

प्रकाशक:
महेन्द्र संस्कृत विश्वविद्यालय
अनुसन्धान केन्द्र काठमाण्डौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

१. परिभाषा प्रकरण			
साषिण्ड्यादि विवेचना			१-११
सापिण्ड्य निरुपण	१	समानोदकता	२
सगोत्रता	२	कसैको पनि सापिण्ड्यादिमा फरक नपर्ने	२
असगोत्र सापिण्ड्य निरुपण	२	असवर्ण सापिण्ड्य निरुपण	३
आशौचको स्वरुप	३	आशौचको उत्पत्ती	३
आशौचका भेद	४	आशौचकाल निरुपण	५
आशौच बार्न पर्ने र नपर्ने अवस्था	५	जननाशौचमा अस्पृश्यता	५
सूतिकाको कर्ममा अयोग्यता	५	पशु र जलमा अशुद्धि	६
मरणाशौचमा अस्पृश्यता	६	आशौचमा कर्तव्याकर्तव्य	६
आशौचको प्रारम्भ	७	आशौच घटी बढी बार्न नहुने	७
आशौच शुद्धिका कारण	७	प्रेत संसर्ग	८
आशौचीसँगको संसर्ग	८	मुण्डन विचार	८
रातमा जन्म वा मरण भएमा	८	अनुलोमसङ्कर र तिनको आशौच	९
प्रतिलोमसङ्कर र तिनको आशौच	९	व्रात्यादि वर्णसङ्कर र तिनको आशौच	१०
सपिण्डादिमा विवाह गर्नेको आशौच	१०	पक्षिणी शब्दको अर्थ	१०
मध्यमषोडशी	११		
२. आशौच प्रकरण			१२-४६
जननाशौच			
छोरी सुत्केरी भएमा	१२	गर्भस्राव भएमा	१२
गर्भपात भएमा	१२	पूर्ण जननाशौच	१२
नाल काट्नुभन्दा पहिला बालक मरेमा	१२	नाल काटीसकेपछि बालक मरेमा	१३
जननाशौचमा संपाताशौच			
समान सुत्केरो खापिएमा	१३	असमान सुत्केरो खापिएमा	१३
सपिण्डजननमा स्वपुत्र जनन भएमा	१३	एउटा सुत्केरो सकिन एकरात वा एक प्रहर मात्र बाँकी छँदा अर्को सुत्केरो परेमा	१३
मरणाशौचमा संपाताशौच			
मरणाशौच खापिएमा	१४	अल्पाशौचमा दीर्घाशौच परेमा	१४
प्रेत पुत्रादि पूर्वाशौचले शुद्ध नहुने	१४	सपिण्डहरु पूर्वाशौच शेषले शुद्ध नहुने	१४
सपिण्डशौचमा अधवृद्धिमत् आशौच परेमा	१४	मरणाशौचमा जननाशौच परेमा	१४
जननाशौचमा मरणाशौच परेमा	१५	अल्पमरणाशौचमा दीर्घजननाशौच परेमा	१५
आमाको आशौचमा बाबुको आशौच परेमा	१५	बाबुको आशौचमा आमाको आशौच परेमा	१५
बाबु आमाको एकै दिन मृत्यु भएमा	१६	बाबु आमाको आशौचमा सपिण्डाशौच परेमा	१६
बाबुको आशौचमा आमा सुत्केरी भएमा	१६	बाबु आमाको आशौचमा पत्नी सुत्केरी भएमा	१६
अतिक्रान्ताशौच			
दश दिन बितिसकेपछि जननाशौच सुनेमा	१७	बाबु आमाको अतिक्रान्ताशौच	१७
पति पत्नीको अतिक्रान्ताशौच	१७	सौतिनीआमाको अतिक्रान्ताशौच	१७
औरस छोराको अतिक्रान्ताशौच	१७	विवाहिता छोरीलाई बाबुआमाको अतिक्रान्ताशौच	१८
अनुपनीतादि सपिण्डको र मातुलादिको अतिक्रान्ताशौच	१८	सोदक र सगोत्रको अतिक्रान्ताशौच	१८
सपिण्डको अतिक्रान्ताशौच	१८	तीन दिन बार्नु पर्ने अतिक्रान्ताशौच	१८
देशान्तरमा मृत्यु हुँदा पनि अतिक्रान्ताशौच कम नहुने	१८	देशान्तर लक्षण	१९
बालाशौच			
दाँत नउम्रदैको शिशु मरेमा	१९	दाँत आइसकेको दुई वर्ष ननाघेको बालक मरेमा	१९
दुई वर्ष माथिको बालक मरेमा	१९	बालिकाको मृत्यु भएमा	२०
वाग्दत्ता कन्या मरेमा	२०	शूद्र बालक मरेमा	२०
असगोत्र सपिण्डाशौच			
विवाहिता छोरीको आशौच	२०	विवाहिता छोरीलाई बाबु आमाको आशौच	२१
दिदी बहिनी र दाजुभाइमा आशौच	२१	मामा भानिजमा आशौच	२१
मातामहादिको आशौच	२१	सानीमा ठूलीआमा आदिको र त्रिविध बान्धवको आशौच	२२
सासु ससुरा आदिको आशौच	२२	धर्मपुत्रको आशौच	२२
आचार्यादिको आशौच	२२	युद्धमा मर्नेको आशौच	२३
गाउँ अशुद्ध हुने अवस्था	२३	गाई आदि पशु मरेमा	२३
घरमा शूद्रादिको मृत्यु भएमा	२३		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

१. परिभाषा प्रकरण			
सापिण्ड्यादि विवेचना			१-११
सापिण्ड्य निरुपण	१	समानोदकता	२
सगोत्रता	२	कसैको पनि सापिण्ड्यादिमा फरक नपर्ने	२
असगोत्र सापिण्ड्य निरुपण	२	असवर्ण सापिण्ड्य निरुपण	३
आशौचको स्वरुप	३	आशौचको उत्पत्ती	३
आशौचका भेद	४	आशौचकाल निरुपण	५
आशौच बार्न पर्ने र नपर्ने अवस्था	५	जननाशौचमा अस्पृश्यता	५
सूतिकाको कर्ममा अयोग्यता	५	पशु र जलमा अशुद्धि	६
मरणाशौचमा अस्पृश्यता	६	आशौचमा कर्तव्याकर्तव्य	६
आशौचको प्रारम्भ	७	आशौच घटी बढी बार्न नहुने	७
आशौच शुद्धिका कारण	७	प्रेत संसर्ग	८
आशौचीसंगको संसर्ग	८	मण्डन विचार	८
रातमा जन्म वा मरण भएमा	८	अनुलोमसङ्कर र तिनको आशौच	९
प्रतिलोमसङ्कर र तिनको आशौच	९	व्रात्यादि वर्णसङ्कर र तिनको आशौच	१०
सपिण्डादिमा विवाह गर्नेको आशौच	१०	पक्षिणी शब्दको अर्थ	१०
मध्यमषोडशी	११		
२. आशौच प्रकरण			१२-४६
जननाशौच			
छोरी सुत्केरी भएमा	१२	गर्भस्राव भएमा	१२
गर्भपात भएमा	१२	पूर्ण जननाशौच	१२
नाल काट्नुभन्दा पहिला बालक मरेमा	१२	नाल काटीसकेपछि बालक मरेमा	१३
जननाशौचमा संपाताशौच			
समान सुत्केरी खापिएमा	१३	असमान सुत्केरी खापिएमा	१३
सपिण्डजननमा स्वपुत्र जनन भएमा	१३	एउटा सुत्केरी सकिन एकरात वा एक प्रहर मात्र बाकी छँदा अर्को सुत्केरी परेमा	१३
मरणाशौचमा संपाताशौच			
मरणाशौच खापिएमा	१४	अल्पाशौचमा दीर्घाशौच परेमा	१४
प्रेत पुत्रादि पक्षाशौचले शुद्ध नहुने	१४	सपिण्डहरु पूर्वाशौच शेषले शुद्ध नहुने	१४
सपिण्डशौचमा अर्धवृद्धिमत् आशौच परेमा	१४	मरणाशौचमा जननाशौच परेमा	१४
जननाशौचमा मरणाशौच परेमा	१५	अल्पमरणाशौचमा दीर्घजननाशौच परेमा	१५
आमाको आशौचमा बाबुको आशौच परेमा	१५	बाबुको आशौचमा आमाको आशौच परेमा	१५
बाबु आमाको एकै दिन मृत्यु भएमा	१६	बाबु आमाको आशौचमा सपिण्डाशौच परेमा	१६
बाबुको आशौचमा आमा सुत्केरी भएमा	१६	बाबु आमाको आशौचमा पत्नी सुत्केरी भएमा	१६
अतिक्रान्ताशौच			
दश दिन बितिसकेपछि जननाशौच सुनेमा	१७	बाबु आमाको अतिक्रान्ताशौच	१७
पति पत्नीको अतिक्रान्ताशौच	१७	सौतिनीआमाको अतिक्रान्ताशौच	१७
औरस छोराको अतिक्रान्ताशौच	१७	विवाहिता छोरीलाई बाबुआमाको अतिक्रान्ताशौच	१८
अनुपनीतादि सपिण्डको र मातुलादिको अतिक्रान्ताशौच	१८	सोदक र सगोत्रको अतिक्रान्ताशौच	१८
सपिण्डको अतिक्रान्ताशौच	१८	तीन दिन बार्नु पर्ने अतिक्रान्ताशौच	१८
देशान्तरमा मृत्यु हुँदा पनि अतिक्रान्ताशौच कम नहुने	१८	देशान्तर लक्षण	१९
बालाशौच			
दाँत नउम्रदैको शिशु मरेमा	१९	दाँत आइसकेको दुई वर्ष ननाघेको बालक मरेमा	१९
दुई वर्ष माथिको बालक मरेमा	१९	बालिकाको मृत्यु भएमा	२०
वाग्दत्ता कन्या मरेमा	२०	शूद्र बालक मरेमा	२०
असगोत्र सपिण्डाशौच			
विवाहिता छोरीको आशौच	२०	विवाहिता छोरीलाई बाबु आमाको आशौच	२१
दिदी बहिनी र दाजुभाइमा आशौच	२१	मामा भानिजमा आशौच	२१
मातामहादिको आशौच	२१	मामीमा ठूलीआमा आदिका र विविध बान्धवको आशौच	२२
सासु ससुरा आदिको आशौच	२२	धर्मपुत्रको आशौच	२२
आचार्यादिको आशौच	२२	यज्ञमा मर्नेको आशौच	२३
गाउँ अशुद्ध हुने अवस्था	२३	गाई आदि पशु मरेमा	२३
घरमा शूद्रादिको मृत्यु भएमा	२३		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छेत्रोप्रवास	५४	छेत्रोप्रवास	५४
कोरा बार्ने	५५	छाकछोड्ने	५५
कर्म नचलेकाको क्रिया	५५	कर्म नचलेको क्रियाकर्ता	५६
दश दिनसम्मको क्रियास्थल	५६	वेदी निर्माण	५६
दश दिनसम्मको स्नान	५६	अञ्जलीदान	५६
पिण्डदान	५७	नीरक्षीर दान	५७
दन्तधावन काष्ठदान	५७	काकवली र भोजन	५७
शायङ्गाल कृत्य	५८	मलिनषोडशीश्राद्ध	५८
अस्थिसञ्चयनश्राद्ध	५८	पाथेयश्राद्ध	५८
क्रियापुत्रीले पालन गर्नुपर्ने नियम	५८	माना चामल	५९
दश दिन भित्र औंशी परेमा	५९	नवश्राद्ध	५९
प्रेतश्राद्धमा छोड्नु पर्ने	५९	दशौं दिनको काम	५९
मध्यम क्रिया			
एकादशाह कृत्य	६०	शय्यादान	६०
ललाटास्थि मिलाइएको पायस खान दिने	६०	दशदानादि दान	६०
वृषोत्सर्ग	६१	वृषोत्सर्ग स्थल	६१
वृषोत्सर्ग गर्न नपर्ने	६१	उपयुक्त वृष नमिलेमा	६१
शूद्रलाई पनि वृषोत्सर्ग निर्देश	६१	कर्मनचलेकाको वृषोत्सर्ग	६२
उत्तम क्रिया			
उत्तमषोडशी	६२	आद्यमासिक श्राद्ध	६२
उदककुम्भदान	६३	छात्रादिदान	६३
एघारौंमा अर्को आशौच परेमा	६३	वर्ष दिन भित्र मलमास पर्ने भएमा	६४
सपिण्डीकरणकाल	६४	सपिण्डनाधिकारी	६४
पिण्डसंयोजन	६५	तल्लाजातिको सपिण्डी	६५
पददान	६६	सेतो वस्त्र लगाउने र सय्यादान गर्ने	६६
पुन : पाथेय श्राद्ध	६६	शुद्धशान्ति	६६
मासिकश्राद्ध	६६	मलमासमा मर्नेको मासिक र वार्षिकश्राद्ध	६६
बरखीबार्ने	६७	ऊनमासिक	६८
मासिक काल	६८	मासिक अड्कीएमा	६८
मासिकमा वा वार्षिकमा पत्नी रजश्वला भएमा	६८	मासिकमा वा वार्षिकमा ग्रहण परेमा	६८
बाबुको बरखीमा आमाको मृत्यु भएमा	६९	आमाको बरखीमा बाबुको मृत्यु भएमा	६९
बाबु आमाको बरखीमा अरुको क्रिया	६९	बाबुको बरखीमा अरुको श्राद्ध	६९
बाबु आमा आदिको आशौचावधि र मङ्गलकार्य	६९	शिव पूजा र शिवालयमा दीपदान निषेध	७०
विशेष योगमा मर्नेको दाहविधि			
पञ्चकमा मरेमा	७०	पुत्तलादाह विधि	७०
शान्ति विधि	७१	त्रिपुष्कर द्विपुष्कर योगमा मरेमा	७१
विशेष अवस्थामा मर्नेको दाह विधि			
रजश्वलाको मरणमा	७१	सूतिकाको मरणमा	७१
गर्भिणीको मरणमा	७१	कुष्ठिको मरणमा	७२
उपसंहार-सिंहावलोकन			७३
पारिभाषिक शब्दार्थ			७४
सङ्केताक्षर सूची			७५
आधार ग्रन्थ			७६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौच विवेचना

१ - परिभाषा प्रकरण

सापिण्ड्यादि विवेचना

सापिण्ड्य निरुपण

सापिण्ड्य दुई प्रकारबाटसिद्ध हुन्छ- एक शरीरावयवान्वयवाट र एकपिण्डदान क्रियान्वयबाट ।

(क) एकशरीरावयवान्वयबाट सिद्ध हुने सापिण्ड्य-

एकशरीरावयवान्वय निम्न अनुसार हुन्छ भन्ने कुरा वेदले निश्चय गरेको छ । अस्थि, स्नायु, मज्जा तीनवटा धातु वाबुबाट र त्वक् , मांस, रुधिर तीनवटा धातु आमावाट समेत गरी ६ वटा धातुको पूर्ण समिश्रणबाट मनुष्य शरीर वन्दछ ।[1] यी धातुहरु बाबुको शुक्र र आमाको शोणितको माध्यमबाट छोराछोरीमा साक्षात् प्राप्त हुन्छन् भने नाती, पनाती, जनाती, सनाती र खनाती यी पाँच पुस्तामा चाँही परम्पराद्वारा प्राप्त हुँदै जान्छन् । छोरा, नाती आदीमा प्राप्त हुँदै जाने शुक्र शोणितको एक अखण्डित कोश वावु आमामा अन्तर्निहित हुन्छ जुनकोश आशौच पञ्जिकाकारले अठ्ठाईस अँशको कल्पना गरेका छन् । त्यस पूर्ण कोशवाट ६ अंश छोरामा प्राप्त हुन्छ भने नातीमा पाँच, पनातीमा चार, जनातीमा तीन, सनातीमा दुई र खनातीमा एक अंश प्राप्त हुन्छ ।[2] यसरी सात पुस्तासम्म एउटा शरीरको अवयवको अन्वय अविच्छिन्न रुपमा हुने भएकोले नै तीनै सात पुस्ता भित्रका दाजुभाईहरु सपिण्ड मानिएका हुन् ।[3]

पत्नी, भ्रातृपत्नी, जेष्ठ कनिष्ठ पितृपत्नी आदिमा विर्य र रजको पुत्रादिमा जस्तो साक्षात् सम्बन्ध हुँदैन तापनि वैवाहिक मन्त्रद्वारा उनीहरुमा पत्नीत्व स्थापित गरी आधारत्वेन पतीको शरीरका अवयवको अन्वय हुने गरेको हुन्छ । अतः तिनीहरु पनि सपिण्डमा नै गनिन्छन् ।[4]

(ख) एकपिण्डदान क्रियान्वयबाट सिद्ध हुने सापिण्ड्य-

शास्त्र प्रयोजकहरुले एकपिण्डदान क्रियान्वय तल दिए अनुसार हुने कुरा वताएका छन् । पितृ, पितामह र प्रपितामह तीन पुस्ताका पितृहरुले पिण्ड प्राप्त गर्दछन् भने त्यसभन्दा माथिका वृद्धप्रपितामह, अति वृद्धप्रपितामह र परमातिवृद्धप्रपितामह तीन पुस्ताका पितृहरुले लेप मात्र पाउँछन् ।[5] पिण्डदाता सातौ पुस्ताको हुन्छ । त्यसैले यी भित्रका दाजुभाईहरु सपिण्डी भित्रका हुन्छन् । मत्स्य पुराणको वचनले यही पुष्टि गरेको छ ।[6]

जेठा कान्छा बाबु आदिमा यस्तो एकपिण्डदान क्रियान्वय हुँदैन तापनि देवताको ऐक्यले तिनीहरुसँग पनि सापिण्ड्य हुन्छ । रामले गर्ने श्राद्धमा जुन जुन पितृ देवताको रुपमा लिइन्छन् ती मध्ये कुनै एक वा दुई वा सबै श्याम आदि अन्य कसैले गर्ने श्राद्धमा पनि लिइन्छन् भने ती श्राद्धकर्तामा परस्परमा सापिण्ड्य हुन्छ । स्वपत्नी, भ्रातृपत्नी र जेठी कान्छी आमा आदि भने सहाधिकारीत्वेन सपिण्डी भित्र पर्ने हुन्छन् ।[7]

यसरी शास्त्रप्रवर्तकहरुले सात पुस्तासम्मनै सापिण्ड्य हुने कुरा निधो गरेका छन् । यस्तो शास्त्रीय निर्णय हुँदा हुँदै पनि हाम्रै देशका कतिपय पुरोहितादिले र विद्वानकै श्रेणीमा आफूलाई स्थापित गर्नेहरुले पनि पराशरको निम्न लिखित वचनलाई[8] आधार मानी चार पुस्तासम्म मात्र सापिण्ड्य स्वीकार गरी त्यस भित्रका दाजुभाईलाई मात्र दश दिन आशौच बार्न लगाएको पनि पाइन्छ तर त्यसो गर्नु शास्त्रको मर्म नबुझ्नु हो । पराशरको " चतुर्थे दशरात्रं स्यात् ....." वचनद्वारा आशौचका जे जति पक्ष प्रतिपादन गरिएका छन् ती विजातिसँगको सापिण्ड्यको निम्ति र युगान्तरका निम्ति हुन्,[9]

---

१. एतत् षाट्कोशिकं शरीरम्, प्रजामनु प्रजायसे । नि.सि.प. ३६८

२. षट्कलः पुत्रे, पञ्चकलः पौत्रे, चतुष्कलः प्रपौत्रे, त्रिकलो वृद्धप्रपौत्रे, द्विकलो ऽ तिवृद्धप्रपौत्रे एककलस्तु परमातिवृद्धप्रपौत्रे इति ।

३. क) सपिण्डता तु पुरुषे सप्तमे निनिवर्तते । मनुः ५।६०
   ख) सपिण्डता तु सर्वेषां गोत्रतः साप्तपौरुषी । पिण्डश्चोदकदानं च शौचाशौचं तदानुगम् ॥ शु.च.।प.८।

४. क) मम ब्रते ते हृदयं दधामि मम चित्तमनु चित्तं ते ... । पा.गृ.सू. १।८।८
   ख) प्राणैस्ते प्राणन्सन्दधामि, अस्थिभिरस्थीनि... । पा.गृ.सू. १।११।५

५. पिण्ड पाउने पितृहरुलाई पिण्ड दिईसकेपछि आफ्नो हातमा लागेको लेप "लेपभुज स्तृप्यन्तु" भनी लेप पाउने पितृ-तृप्तिको निम्ति पिण्डवेदीमा ओच्छ्याइएको कुशले पुछ्नु पर्छ । मनु यही भन्छन्-
   न्युप्यपिण्डां स्ततस्तांस्तु प्रयतो विधि पूर्वकम् ।
   तेषु दर्भेषु तं हस्तं निमृज्याल्लेपभागिनाम् ॥ मनुः ३।२१६
   हाम्रो नेपालमा पाइने श्राद्ध पद्धतिहरुमा " अत्र लेप भाग निषेधः", आस्तृत कुशमूलेन कर प्रोक्ष्य कुशान् परित्यज्य" लेखिएको छ र चलन पनि त्यस्तै छ ।

६. लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिनः ।
   पिण्डदः सप्तमस्तेषां सापिण्ड्य साप्तपौरुषम ॥ मन्वर्थम् (मनु. ५।६०)

७. एकत्व सा गता भर्तुः पिण्डेगोत्रे च मृतके । नि.सि.पृ. ३६८

८. चतुर्थे दशरात्रं स्यात् षट् निशाः पुंसि पञ्चमे ।
   षष्ठे चतुरहाच्छुद्धिः सप्तमे तु दिनत्रयात् ॥ प.स्म. ३।९

९. यदेकमपि आशौचं नरपर्याय भेदतः ।
   पूर्ण मस्य परस्यात्पमिति भेदो न साम्प्रतः ॥ प.शी.५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस युगको निम्ति होइनन् । यस युगमा त्यस्ता पक्ष स्वीकार गरेमा पापभागी हुनु पर्ने कुरा हारीतले ठोकुवा नै गरेको छन् ।[१०] कलियुगमा सजातिसँगको सापिण्ड्य त पराशरले पनि सात पुस्ता सम्म नै मानेका छन् ।[११]

समानोदकता

शास्त्रकार केहीले आठौं पुस्तादेखि दश पुस्ता सम्मका तीन तहका दाजुभाईलाई सन्निकृष्ट समानोदक र एघारौं पुस्ता देखि चौध पुस्ता सम्मका चारलाई विप्रकृष्ट समानोदक मानेका छन् र तिनको आशौचमा पनि भिन्नता देखाएको छ । आठौं पुस्तादेखि चौध पुस्ता सम्म सातै तहका दाजुभाईलाई समानोदक मान्नुपर्छ र उनको आशौचमा पनि फरक गर्न पाइँदैन भन्ने स्पष्ट भनाई अन्य केहीको रहेको छ ।[१२]

यसरी समानोदकताको विषयमा शास्त्र प्रयोजकहरुमा मतैक्य पाईदैन तापनि सापिण्ड्य सात पुस्ता सम्म नै हुने र तिनको सापिण्ड्य पुनः त्यसभन्दा माथिका सातै पुस्तका दाजुभाईसँग हुने भएकोले र सपिण्डको आशौचमा कुनै फरक नपर्ने भएकोले पनि समानोदकता आठौं पुस्ता देखि चौध पुस्ता सम्म नै हुन्छ र तिनको आशौचमा पनि फरक गर्न पाइँदैन भन्ने भनाईलाई हामीले मान्नु पर्ने हुन्छ ।[१३]

सगोत्रता

पन्ध पुस्तादेखि सत्र पुस्तासम्मका दाजुभाईलाई सन्निकृष्ट सगोत्र र अठार पुस्तादेखि एक्काईस पुस्तासम्मकालाई विप्रकृष्ट सगोत्र मान्नु पर्छ र तिनको आशौच पनि फरक हुनुपर्छ भन्ने केहिको भनाई रहेको छ , तर धेरै विद्वानको मत भने पन्ध देखि एक्काईस पुस्ताका सबैलाई एकै किसिमका सगोत्र मान्नु पर्छ र तिनको आशौच पनि फरक गर्न हुँदैन भन्ने पाइन्छ । हामीले यहि मतलाई नै समर्थन गर्दै आएकोले गर्दै जानु पर्ने पनि हुन्छ ।[१४] एक्काईस पुस्ता माथि जतिसुकै पुस्ताका भए पनि साधारण सगोत्र मानिन्छन् ।

कसैको पनि सापिण्ड्यादिमा फरक नपर्ने

कुनै पनि वर्णको सापिण्ड्य सात पुस्तासम्म हुन्छ भने समानोदकता आठदेखि चौध पुस्तासम्म र सगोत्रता पन्धदेखि एक्काईस पुस्तासम्म हुन्छ । एक्काईस पुस्ता माथि जतिसुकै पुस्ताका दाजुभाई भए पनि साधारण सगोत्र मात्र हुन्छन् । अतः ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्र र वर्णसङ्र कसैको पनि सापिण्ड्य, समानोदकता, सगोत्रता र साधारण सगोत्रताको पुस्ता संख्यामा कुनै फरक हुँदैन । ब्रह्मपुराणको वचनले यहि कुराको पुष्टि गरेको छ ।[१५]

असगोत्र सापिण्ड्य निरुपण

आफ्नों गोत्र भन्दा भिन्न गोत्र हुनेलाई असगोत्र भनिन्छ । असगोत्र सपिण्डमा सवर्ण असवर्ण दुवै हुन सक्छन् । आशौच सवर्ण सपिण्डको मात्र लाग्छ । त्यसो हुँदा यहाँ सापिण्ड्य निरुपण पनि असगोत्र सवर्णसँगको मात्र गरिन्छ ।

सपिण्डी भित्र पर्ने असगोत्र सवर्णमा विवाहिता छोरी र उनका बाबु, आमा, विवाहिता दिदीवहिनी र उनका सहोदर दाजुभाई, सौताने दिदीबहिनी र दाजुभाई, मामा भानिज, मातामह मातामही र दौहित्र, आफ्ना बाबुका र आमाका सानीमा ठूलीआमा र फुपुहरु, आत्मवान्धव, पितृबान्धव र मातृबान्धव[१६] तथा शाला जेठान र उनका छोरा आदिनै हुन्छन् ।

सगोत्र सपिण्डमा योनि आदि जुन जुन सम्वन्धको कारणबाट आशौच उत्पत्ती हुन्छ तिनै सम्वन्धका कारणवाट असगोत्र सवर्ण सपिण्डमा पनि आशौच पैदा हुन्छ । उनै सम्वन्धवाट सगोत्र सपिण्डमा उत्पन्न आशौच वढी (दश वा वाह्र) दिन बार्नु पर्ने हुन्छ भने असगोत्र सवर्ण सपिण्डमा उत्पन्न आशौच चाहिं गोत्र फरक पर्ने भएको हुँदा थोरै दिन

---

१०. दशाह एव विप्रस्य सपिण्डे मरणे सति ।
कल्पान्तराणि कुर्वाणः कलौ भवपत मिल्विषी ॥ नि.सि.पृ. ६९५

११. सयिण्डता तु पुरुषे सप्तमे विनि वर्तते ।
सजातीयेषु वर्णेषु चतुर्ये भिन्न जातिषु ॥ विद्धन्मनोहरा (परा. ३।८)

१२. समानोदक भावस्तु निवर्तेताचतुर्देशात् । शु.च. (ष.४)

१३. सर्वेषामेव वर्णानां विज्ञेया साप्तपौरुषी ॥
सापिण्डयं तु ततः पश्चात् समानोदकधर्मता ॥ कृत्य (शु.का.पृ ६७)

१४. सगोत्रश्चतुर्दशपुरुषानन्तरमैकविंशात् । शु च (प.४)

१५. सर्वेषामेव वर्णानां विज्ञेया साप्तपौरुषी ।
सपिण्डता ततः पश्चात् समानोदक धर्मता ॥
ततः कालवशात्तत्र विस्मृतैर्जन्मनामभिः ।
समानोदक संज्ञापि तावन्मात्रापि नश्यति ॥ ष पृ. ६

१६. आफ्ना फुपूका, सानीमा ठूलीआमाका र मामाका छोराहरु आत्मवान्धव हुन्छन् । वावुका फुपू, सानीमा ठूलीआमा र मामाका छोराहरुलाई पितृवान्धव भनिन्छ । आमाका फुपू, सानीमा ठूलीआमा र मामाका छोराहरु मातृबान्धवमा लिइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बार्दा पनि पुग्ने हुन्छ । थोरै दिन भन्नाले आशौचका तीन दिन, पक्षिणी, एक दिन र सद्यः शौच यी चार पक्षलाई सम्झनु पर्छ । एउटै असगोत्र सवर्ण सपिण्डाशौचमा पनि शास्त्र प्रवर्तकहरुले यस्तो न्यूनाधिक पक्ष उपस्थापन गरेका छन् । यसो गर्नपर्नुका प्रमुख कारण चाहिं योनिसम्वन्धादि सम्वन्धभेद, स्वदेशविदेशादि देशभेद र उपनीत अनुपनीतादि अवस्थाभेदनै हुन् ।

आशौचका उक्त चार पक्षमा पनि मृतकको मर्ने बेलाको र आशौच बार्ने व्यक्तिको बार्ने समयको अवस्था स्वभाविक (ठीक) भएमा मात्र पूरा बार्नुपर्ने हुन्छ । अस्वभाविक (वेठीक) भएमा भने कम बार्न पर्ने र बार्नै नपर्ने पनि हुनसक्छ ।

असवर्ण सापिण्ड्य निरुपण

आफ्नो वर्णभन्दा भिन्न वर्ण हुनेहरुलाई असवर्ण भनिन्छ । असवर्णहरु सगोत्र असगोत्र दुवै हुन सक्छन् । यहाँ आशौच बार्नुपर्ने असवर्ण सगोत्रसँगको सापिण्ड्य मात्र निरुपण गर्ने चेष्टा गरिएको छ ।

असवर्ण सगोत्र दाजुभाई माथिल्ला र तल्ला दुवै वर्णका हुन सक्छन् । ब्राह्मणको क्षत्रिय, वैश्य र शूद्र, क्षत्रियको वैश्य र शूद्र, वैश्यको शूद्र तल्ला वर्णका दाजुभाई हुन् भने शूद्रको वैश्य, क्षत्रिय र ब्राह्मण, वैश्यको क्षत्रिय र ब्राह्मण, क्षत्रियको ब्राह्मण माथिल्ला वर्णका दाजुभाई हुन् । यस्ता भिन्न वर्णका भाईमा परस्परमा एकशरीरावयवान्वयरुप सापिण्ड्य चार पुस्ता सम्म हुन्छ, सवर्णमा जस्तो सात पुस्ता हुँदैन भन्ने भनाइ केहि आचार्यको रहेको छ[१७] भने अन्य केहिले यिनीहरुमा तीन पुस्ता सम्म मात्र सापिण्ड्य हुने निश्चय गरेका छन् । यसरी असवर्णसँगको सापिण्ड्यमा शास्त्र प्रवर्तकहरुमा मतैक्य पाइँदैन तापनि शास्त्रकार अधिकको तीन पुस्ता सम्ममात्र सापिण्ड्य हुने तर्फ बढी जोड रहेको पाइन्छ । त्यसो हुँदा हामीले पनि बहुमतकै आधारमा तीन पुस्ता सम्म नै सापिण्ड्य स्वीकार गर्नुपर्छ । वास्तविक मत पनि त्यही हो जसले तीन पुस्तासम्म मात्र सापिण्ड्य हुने निधो गरेको छ ।[१८]

आशौचको स्वरुप

ब्राह्मणादि जति पनि वर्ण छन् तिनले अवश्य गर्नु पर्ने नित्य नैमित्तिकादि जे जति कर्म शास्त्र प्रतिपादित छन् ती सबै "शुचिना कर्तव्यम्, शुचौदेशे कर्तव्यम्" भनिएको हुँदा शुद्ध व्यक्तिले शुद्ध स्थलमा मात्र गर्नु पर्छ ।[१९] शास्त्रनिहित त्यस्ता कर्म गर्नुपर्ने व्यक्तिमा अशुचित्व पैदा गरी जुन तत्व कर्मप्रतिवन्धक बन्न पुग्छ त्यो नै आशौच हो भन्ने भनाइ केहि विद्वान्को रहेको छ भने[२०] अन्य केहिको भनाइ चाहिं काल र स्नानबाट हट्ने पिण्डोदकदानादि मृतक क्रिया गर्नुपर्ने वेदाध्ययनादि कर्म गर्न नहुने निमित्तभूत पुरुषगत कुनै अतिशय विशेषनै आशौच हो भन्ने रहेको छ । आशौच भनेको अशुद्धि हो ।

शुचि शब्ददेखि अण् प्रत्यय गरी पूर्वपदको वृद्धि गर्दा आशौच रुप बन्दछ भने वृद्धि नगर्दा आशौच यस्तो रुप पनि बन्न सक्छ । आशौच सूतक र अघनामले पनि प्रसिद्ध छ । अघ यो शब्द अति अपवित्र भन्ने अर्थमा प्रयुक्त भएको देखिन्छ । अघ भिन्न आशौच कुनै एक व्यक्तिमा मात्र सीमित रहन्छ । जस्तै मूत्रपुरीषोत्सर्गादिबाट उद्भव अशुद्धि जुन शुद्धिको निम्ति केवल स्नानाचमनादिको अपेक्षा रहन्छ । अघात्मक आशौच चाहिं कुलव्यापी हुन्छ । जो लोकमा जूठो सूतकको नामले प्रख्यात छ । जुन शुद्धिको लागि काल र स्नान दुवैको अपेक्षा रहेको हुन्छ ।

आशौचको उत्पत्ति

जन्म , मरण , अभक्ष्य-भक्षण, अगम्यागमन र अपेयपानादि विविध कारणबाट सनातन धर्मानुयायीहरुमा आशौच (अशुद्धि) उत्पत्ति हुन्छ । ती सबैबाट आशौच कसरी उत्पत्ति हुन्छ भन्ने कुराको विवेचना यहाँ सम्भव छैन । यस निबन्धमा त केवल जन्म र मरणबाट आशौचको उत्पत्ति कसरी हुन्छ भन्ने कुरा मात्र देखाइन्छ ।

यस दिन यस बेला पर्न आउँछ भन्ने खास निधो नभएको अकस्मात् पर्न आउने घटना वा कार्य विशेषलाई निमित्त भनिन्छ । जस्तै जन्मनु वा मर्नु । कसको कुन दिन कुन बेला जन्म वा मरण हुन्छ भन्ने कुरा कसैलाई पनि थाहा

---

१७. क) तावत्तत्सूतकं गोत्रे चतुर्थ पुरुषेण तु ।
दायाद्विच्छेद मानोति पञ्चमे वात्मवंशजः ॥ परा.३।८
ख) सापिण्डता तु पुरुषे सप्तमे विनिवर्तते ।
सजातियेषु वर्णेषु चतुर्थे भिन्न जातिषु ॥

१८. क) यद्येकजाता बहवः पृथक् क्षेत्रा पृथग्जनाः ।
एकपिण्डाः पृथक् शौचाः पिण्डस्त्वावर्तते त्रिषु ॥ वृ परासरः
ख) क्षत्रविट् शूद्रजातीनां सापिण्ड्यं तु त्रिपुरुषम् । शु च (प ६३)

१९. वेदबोधितचातुर्वर्ण्योचितकर्मफलसिद्धिप्रतिवन्धकोऽ मेध्यत्वलक्षणो जननमरणादिजन्यापूर्वविशेषो ऽ घमित्याख्यायते । आ प पृ ३

२०. कालस्नानाद्यपनोद्यः पिण्डोदकदानादि विधेः अध्ययनादिपर्युदासस्यच निमित्तभूतः पुरुषगतः कश्चनातिशयः कथ्यते मिता। (या.प्रा.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदैन, तापनि लोकमा यस्तो सुखद एवं दुखद घटना प्रायः सबैले भोग्नु परेकै हुन्छ । त्यसैले यस्तो घटनालाई शास्त्र प्रयोजकहरुले नैसर्गिक निमित्तको संज्ञा दिएका छन् । आफ्नो कुलमा यस्तो अति आनन्दप्रद र अतिशय दुःखप्रद निमित्त पर्न गएमा सपिण्डादि बान्धव आशौची हुन्छन् । उनीहरुको वाहिरी शरीरमात्र होइन अन्तरात्मा पनि अशुचित्वमा प्राप्त हुन्छ ।

अभक्ष्य-भक्षण, अगम्यागमन, अपेय-पान, अस्पृश्य-स्पर्श आदि जति पनि निषिद्ध कर्म छन् तिनले ती कर्म गर्नेलाई मात्र अशुद्ध गराउँछन् न पुत्रादि सपिण्ड सगोत्रलाई न त असगोत्र बन्धु बान्धवलाई नै । यस्तै हाम्रो 'शरीर' भित्र हामीलाई अशुद्धतामा पुऱ्याउन सक्ने मलमूत्र शुक्रशोणित आदि विभिन्न पदार्थ रहेका छन् । तर ती हाम्रो देहभित्र रहुन्जेल हामीलाई अपवित्रतामा पुऱ्याउन सक्दैनन् । जव ती पदार्थ हाम्रो शरीरबाट वहिर्भूत हुन्छन् त्यस वखत हामी अशुद्ध हुन्छौं । अर्थात जो जो व्यक्तिको देहबाट ती पदार्थ अलग भएका छन् त्यो त्यो मात्र अशुद्ध हुन्छ, अरु हुँदैनन् । जन्म र मरणबाट हुने अशुद्धिले भने कुललाई नै ढाकि दिन्छ । बालक आमाको गर्भमा रहेसम्म त्यस्तै प्राणरुप आत्मा शरीरभित्र रहेसम्म हामी कसैमा पनि अशुचित्व पैदा हुँदैन । जब बच्चा आमाको शरीरबाट भिन्न हुन्छ वा जन्मन्छ, एवं प्राण शरीरवाट अलग हुन्छ वा मृत्यु हुन्छ त्यस वखत वंशज केहीमा शुक्रशोणितको सम्बन्ध साक्षात् हुन्छ भने केहीमा परम्परागत सम्बन्ध हुन्छ, केहीमा सोदकताको सम्बन्ध हुन्छ भने केहिमा सगोत्रताको, त्यस्तै अरु नाता गोता केहीमा योनिसम्बन्ध केहीमा द्वारसम्बन्ध रहेको हुन्छ । अन्य केहीमा विद्या, यज्ञ र मित्रादिको सम्बन्ध पनि रहेको हुन्छ । त्यस्ता आत्मीयताका द्योतक सम्बन्धद्वारा आबद्ध व्यक्तिको जन्म र मरणमा हर्ष र विषादको उत्पत्ति हुनु स्वभाविक हुन्छ । हर्ष र विषादबाट वाहिरी शरीरमा मात्र होइन भित्री मनमा पनि विकृति पैदा हुन्छ । अलाप विलाप गर्नु, रुनुकराउनु, हातगोडा नलाग्नु, स्पष्टसँग बोलचाल गर्न नसक्नु, आँखाबाट आँसुका धारा बग्नु, नाक र मुखबाट राल सिंगान आउनु, शरीर काम्नु, लरबराउनु वा शिथिल हुनु जस्ता वाहिरी शरीरमा आउने विकृति हुन् भने चित्त चञ्चल, उद्विग्न, किंकर्तव्य विमूढ, अव्यवस्थित, अत्यन्त क्षुब्ध, सन्तप्त र आकुल व्याकुल हुनु जस्ता मनमा उब्जने विकृति हुन् । यस्ता हर्ष र विषादजनित असामयिक विलक्षणले गर्दा नाता लाग्नेजति सबैको शरीर र मन पनि काम कर्तव्य र व्यवहारमा संगत हुन सक्दैन, त्यसैले तिनीहरुमा तन्निमित्तक आशौच उत्पत्ति हुन्छ ।

मरणमा त अतिशय वेदनाले गर्दा शरीर र मन दुवै विकृत अवस्थामा पुग्दछन् । कार्यानुकुल हुँदैनन् र त्यस निमित्तक आशौच पैदा हुन्छ भन्नु स्वभाविक नै हो , तर जननमा त शरीर र मनमा कुनै पनि त्यस्तो पीर बाधा हुँदैन, त्यसो हुँदा आशौच कसरी पैदा हुन्छ भन्ने भनाइ पनि कसै कसैको नभएको होइन । तर त्यसो भन्नु शास्त्रको मर्म र व्यवहारिकतालाई नबुझ्नु मात्र हो । सूक्ष्म रुपले विचार गरेको खण्डमा अत्यन्त दुःखमा जस्तै ज्यादै ठूलो आनन्द हुँदा पनि शरीर रोमाञ्चित हुनु हर्षका आँसु बग्नु जस्ता विलक्षणता देखा नपर्ने होइनन् । त्यसकारण मरणमा जस्तै जननमा पनि आशौचको उत्पत्ति भएकै हुन्छ । फरक यतिमात्र हो कि मरणशौच जति व्यापक हुन्छ जननमा त्यति हुँदैन । मरणशौच सपिण्ड, सोदक र सगोत्रका साथै असगोत्र, आत्मबान्धव, पितृबान्धव, मातृबान्धव, त्यस्तै अरु नातागोता इष्टमित्रमा र असवर्ण सपिण्डमा पनि उत्पत्ति हुन्छ भने जननाशौच केवल सवर्ण, असवर्ण सपिण्डमा, समानोदकमा र सगोत्रमा मात्र उत्पत्ति हुन्छ ।[२१]

आशौचका भेद

आशौच दुई किसिमका हुन्छन्- जननाशौच र मरणाशौच । जनन निमित्तक अशुद्धिलाई जननाशौच भनिन्छ भने मरण निमित्तक अशुद्धिलाई मरणाशौच भनिन्छ । यी पनि दुई प्रकारका हुन्छन्- अल्पकालसंग सम्बन्ध राख्ने र दिर्घकालसँग समवन्ध राख्ने ।[२२]

बाबुको घरमा विवाहिता छोरी सुत्केरी भएमा, पत्नीको गर्भ स्राव भएमा, सोदकका, सगोत्रका र असवर्ण सपिण्डका पत्नी सुत्केरी भएमा जनननिमित्तक आशौच अल्प हुन्छ । यस अतिरिक्त प्रसवनिमित्तक आशौच अधिक हुन्छ ।[२३]

मरणाशौच समानोदकको, सगोत्रको, विवाहिता छोरी, मातामह, त्रिविध वान्धव आदि असगोत्र सपिण्डको एकावास विद्या, यज्ञ, मैत्री आदि सम्बन्ध भएमा श्रोत्रीय आचार्य आदिको, असवर्ण सपिण्डको र सपिण्डको अतिक्रान्ताशौच पनि त्र्यहादि अल्पकालसँग सम्बन्धित हुन्छ । यस अतिरिक्त सपिण्डादिको आशौच दशाहादि अधिककालसँग सम्बन्ध राख्ने हुन्छ ।[२४]

---

२१. "प्रेताभिभूतत्वाच्छावमाशौचं जीवेवृद्धियोगेन कुलस्य भवति, जायमान भ्रियमाणयोः सम्बन्धिनां सन्तोपदासन्तोपदाभ्या वृद्धिक्षययोगाद् वा कुलव्याप्याशौचं भवतीत्यर्थः"
जननेमरणे नित्यमाशौचमनुधावति ।
सपिण्डांश्चैव बन्धूंश्च यत्र क्वचन गच्छति ॥ शु.च (षड १)

२२. आशौचं द्विविधं प्रोक्तं सूतकं कृतकं तथा ।
अल्पं चैवाधिकं चेति तत्पुनर्द्विविधं स्मृतम् ॥ षड २ श्लो.

२३. पुत्रीसुतौ गृहे गर्भपाते चाल्पं तु कालतः ।
तदन्यदधिकं जातं जाति भेदात्तु तन्मतम् । षड ३ श्लो

२४. श्रोत्रीयाचार्य शिष्यर्त्विग्बन्धु गोत्र मृतौ मृतम् ।
सगोत्रे निर्दशं चाल्पं महदन्यत्तु पूर्ववत् । ष. ४ श्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौचकालनिरुपण

सपिण्ड दाजुभाईको आशौच कतिदिन लाग्ने भन्ने विषयमा केही आचार्यले ब्राह्मणको दश दिन,[२५] क्षत्रियको बाह्र दिन, वैश्यको पन्ध्र दिन, शूद्रको तीस दिन र पाकयज्ञ द्विजशुश्रुषादिकर्मनिरत शूद्र छ भने त पन्ध्र दिन मात्र बारे पनि पुग्छ भनेका छन् भने [२६] महामुनि परासरले स्वकर्मनिरत शुद्ध क्षत्रियको दश दिन र वैश्यको बाह्र दिन आशौच देखाएका छन् ।[२७] त्यस्तै शातातपले एघार दिन क्षत्रियको, बाह्र दिन वैश्यको र बीस दिन शूद्रको हुन्छ भन्ने कुरा स्पष्ट गरेका छन् । यसरी ब्राह्मण बाहेक अरु वर्णको आशौचकालको सम्बन्धमा शास्त्रकारहरुमा मतैक्य पाईंदैन र उक्त पक्ष लोकमा आचरित व्यावहारिक र बहुसमर्थित पनि देखिंदैनन् । त्यसैले त्यस्ता पक्ष स्वीकार्य छैनन् । यस युगमा ब्राह्मणादि चारै वर्णको र वर्णशङ्करको पनि जननमा र मरणमा पनि बाबुआमाको बाहेक अन्य सपिण्डकोआशौच दश दिन मात्र हुने निश्चित छ ।[२८] समानोदक र सगोत्रको आशौचमा पनि विद्वानहरुले भिन्न भिन्न मत उपस्थापन गरेका छन्, तर अधिक आचार्यहरुले समानोदकको तीन दिन, सगोत्रको एक दिन र साधारण सगोत्रको सद्यः शौच हुने कुरा स्पष्ट निर्देश गरेका छन् । हामीले पनि अधिक आचार्यले भनेको कुरा नै मान्नु पर्छ ।[२९]

आशौच बार्न पर्ने र नपर्ने अवस्था

आशौच स्वस्थ शरीर, अनापद अवस्था र स्वस्थ समय भएको सामान्य परिस्थितिमा मात्र पुरा बार्नु पर्ने हुन्छ । रोगाक्रान्त शरीर, जल अग्नि विद्युत वायु आदिवाट उत्पन्न आपद् अवस्थामा भने थोरै बार्नु पर्ने र बार्नै नपर्ने पनि हुनसक्छ ।[३०]

पुनः पातित्यादि दोष दूषित अवस्थामा मर्नेको, प्रमादले मर्नेको र आत्महत्या गर्नेको आशौच, त्यस्तै अतिक्रान्ताशौच, संपाताशौच आदि आशौच पनि कम बार्न पर्ने र बार्नै नपर्ने पनि हुन सक्छ ।

उक्त अनुसार मर्ने र आशौच बार्ने दुवैको दूषित अदूषित आपद् अनापद् सबै अवस्था विचार गरी आशौच के कति दिन बार्ने भन्ने कुराको निधो गर्नुपर्छ । यस निबन्धमा यसै कुराको स्पष्ट विवेचन गर्ने यत्न गरिएको छ ।

जननाशौचमा अस्पृश्यता

ब्राह्मणी, क्षत्रिया, वैश्या र शूद्रा सबै वर्णका सुत्केरी स्त्रीहरु दश रातसम्म अस्पृश्य हुन्छन् । दशरात्र पुगे पछि स्नान गरी पञ्चगव्य प्राशन गरे पछि स्पृश्य हुन्छन् ।[३१] तिनका पतिहरुले भने छोरो वा छोरी जे पाएको होस् जन्मेको सुन्ने वित्तिकै सचैलस्नान गर्नु अनिवार्य हुन्छ । स्नान नगरेसम्म अस्पृश्य हुन्छन् । स्नान गरिसके पछि स्पर्श गर्न योग्य हुन्छन् कर्म गर्न भने हुँदैनन् ।[३२] सुत्केरीका सौताहरु पनि पति जस्तै सचैल स्नान नगरेसम्म अस्पृश्यनै हुन्छन् । अरु सपिण्ड भने हुँदैनन् । उनीहरुले सुत्केरो परेको सुन्ने वित्तिकै स्नान गर्न पनि पर्दैन । सूतिकालाई छोएमा जोसुकैले पनि स्नान पञ्चगव्य प्राशन अवश्य गर्नुपर्छ । उपनीत पुरुषले छोएमा जनै पनि फेर्नु पर्छ ।[३३]

सूतिकाको कर्ममा अयोग्यता

ब्राह्मणादि सबै वर्णका सुत्केरीहरु दशरात्र पुगे पछि स्नान पश्चात छुन योग्य हुन्छन् । दैनिक पाकादि कामकाजमा र देवपितृ आदि कर्ममा भने योग्य हुँदैनन् । सबै कर्ममा योग्यता प्राप्त गर्न छोरो पाएको भए बीस दिन र छोरी पाएको भए तीस दिन पुग्नैपर्छ । त्यति दिन पुगे पछि स्नान गर्नु अनिवार्य हुन्छ । त्यस पछि मात्र सुत्केरीहरु उक्त

---

२५. दशाहाच्छुद्ध्यते विप्रो जन्म हानौ स्वगोनिपु । मिता. (या. ३।२२)

२६. क्षत्रस्य द्वादशाहानि विशः पञ्चदशैव तु ।
त्रिंशद्दिनानिशूद्रस्य तदर्धं न्यायवर्तिनः ॥ या. ३।२२

२७. क्षत्रियस्तु दशाहेन स्वकर्मनिरतः शुचिः ।
तथैव द्वादशाहेन वैश्यः शुद्धिमवाप्नुयात् ॥ मिता. (या. ३।२२)

२८. सर्वेषामेव वर्णानां सूतके मृतके तथा ।
दशाहाच्छुद्धिरेतेषांमिति शातातपो ऽ ब्रवीत् ॥ मिता. (या ३।२२)

२९. समानोदकानां त्र्यहं गोत्रजानामहः स्मृतम् । कृ.क.तृ.प.५४

३०. स्वस्थकाले त्विदं सर्वं सूतकं परिकीर्तितम् ।
आपद्गतस्य सर्वस्य सूतके ऽ पि न सूतकम् । ध.सि.पृ.८८६ टि.२

३१. सूतिका सर्ववर्णानां दशरात्रेण शुद्ध्यति । वि.म. (परा. ३।२४)

३२. जाते पुत्रे पितुः स्नानं सचैलं तु विधियते ।
माताशुध्येद् दशाहेन स्नानात्तु स्पर्शनं पितुः । वि.म. (परा. ३।२४)

३३. सूतके सूतिका वर्जमङ्गस्पर्शो न दुष्यति ।
संस्पर्शे सूतिकायास्तु स्नानमेव विधियते । वि.म. (परा. ३।२४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पकाउने आदि सबे कमृमा अधिकार प्राप्त गर्न सक्छन् ।[३४] यस्तो शास्त्रीय व्यवस्था छँदा छँदै हाम्रो लोक व्यवहारमा कतिपय नारीहरु सुत्केरी भएको १२, १५ दिनमा नै स्नान गरी आ-आफ्नो पाचनादि दैनिक काममा लागेको वा सो काम गर्ने इच्छा वा क्षमता नहुँदा नहुँदै पनि उनीहरुलाई सासू जेठानी आदिले लगाएको पनि देखिन्छ, त्यसो गर्नु गराउनु हुँदैन ।

पशु र जलमा अशुद्धि

गाई भैंसी आदि पशु व्याए पछि दश दिनसम्म अशुद्ध हुन्छन् । शुद्ध नभएसम्म तिनको दूध, दही, घिउ पूजाआजामा लगाउन हुँदैन । त्यस्तै नयाँ कूवा इनार आदि खनी खाने पानी निकालिएको छ भने सो पानी पनि दश दिनसम्मनै अशुद्ध हुन्छ, खान र कुनै काममा लगाउन हुँदैन ।[३५]

मरणाशौचमा अस्पृश्यता

मरणाशौचका दिनलाई तीन भाग लगाई प्रथम भाग पूरा भए पछि अस्थिसञ्चयन श्राद्ध गर्नुपर्छ । सो नगरेसम्म सपिण्ड दाजुभाई स्पृश्य हुँदैनन् । आशौचको प्रथम भाग समाप्ति र अस्थिसञ्चयन दुवै स्पृश्यत्व प्राप्तिका कारण मानिन्छन् । अस्थिसञ्चयन मात्रले स्पृश्यत्व प्राप्ति हुँदैन ।[३६]

दशदिने आशौचलाई तीन भाग गरी पहिलो भाग पूरा गर्दा चारौं दिन हुन जान्छ । कलिमा ब्राह्मणदि सबै वर्णको आशौच दश दिननै हुने हुँदा अस्थिसञ्चयन श्राद्ध पनि सबै वर्णले चारौं दिनमा नै गर्नुपर्ने हुन्छ । ब्राह्मणका सपिण्ड दाजुभाई चारौं दिनमा, क्षत्रियका पाँचौं दिनमा, वैश्यका छैंठौं दिनमा र शूद्रका दशौं दिनमा स्पृश्य हुन्छन्, त्यसभन्दा अघि हुँदैनन् भनी जुन भनिएको छ त्यो ब्राह्मणको दश दिन क्षत्रियको बाह्र दिन, वैश्यको पन्ध्र दिन र शूद्रको महिना दिन आशौच मानेको खण्डमा मात्र हो । तर त्यस्तो आशौच कलियुगमा मान्य छैन ।

तीनदिने आशौचमा आशौचीहरु दोश्रो दिनबाट स्पृश्य हुन्छन् भने एकदिनेमा उसै दिन स्नान गरे पछि स्पर्शमा योग्य हुन्छन् । मृतको पुत्र र पत्नी भने सपिण्डी नगरे सम्मनै अस्पृश्य रहन्छन् । दुई वर्षभन्दा कमको बालक मरेमा अरु अस्पृश्य हुँदैनन् मृतकको बाबुआमा चाहिं आशौच अवधिभरनै अस्पृश्य हुन्छन् । त्यस्ता वालकको क्रिया गर्ने अधिकारी (कर्ता) पनि बाबुआमानै हुन्छन् । यसरी आशौचीहरु स्पृश्य गर्नमा योग्य भए तापनि कर्म गर्नमा आशौचको अवधिभरनै योग्य नहुने निश्चित छ ।

आशौचमा कर्तव्याकर्तव्य

आशौच परेको बेला सो अवधिभर नै अग्निहोत्रीले अग्निहोत्र कर्म बाहेक अन्य गृहस्थहरुले शुद्ध भएर शुद्धस्लमा गर्नुपर्ने सन्ध्योपासन वेदाध्ययन पञ्चमहायज्ञ दान जप व्रत पूजा उपवास उत्सव यज्ञयज्ञादि कुनै पनि श्रौत र स्मार्त कर्म गर्नु हुँदैन ।[३७] त्यसैले पित्रादिको र सपिण्डादि बान्धवको मरणमा आशोच बार्ने क्रिया गर्ने आदि नियमानुसार प्रायश्चित्तरुप कर्तव्य पूरा गरी श्रुतिस्मृति-विहित उक्त सबे कर्म सम्पादन गर्न योग्यता प्राप्त गर्नु आशौचि सबैको परम कर्तव्य हुनजान्छ ।

मलमूत्रादिको उत्सर्ग पछि उत्पन्न अशुद्धिमा र दुर्गन्धादि अस्पृश्य पदार्थको स्पर्शबाट हुने अशुद्धिमा माटो र पानीद्वारा तत्काल शुद्ध भई हहामी आ-आफ्नो सनातन कर्ममा योग्य हुन्छौं तर जनन र मरणबाट उत्पन्न अशुद्धि समाप्त गर्न भने काल र स्नानकोनितान्त अपेक्षा रहेकोहुन्छ । कालले दशाहादि दिनलाई र स्नानले आशौच निवर्तक स्नानलाई जनाउँछ । आशौचबाट शुद्ध भई सबै कर्ममा योग्य बन्न शास्त्रले तोकेको दशाहादि दिन पुग्नै पर्छ र आशौचका प्रत्येक दिन स्नान पनि गरेकै हुनुपर्छ । साथै आशौचीले पालन गर्नुपर्ने एकछाक लवणविनाको विशुद्धान्न भोजन र अधः शयनादि शास्त्रोदित नियम पनि अवश्य पालन गर्नुपर्छ । आशौच शुद्ध गर्न सर्वथा सक्षम काल र स्नान दुवै पुरा भएपछि आशौची

---

३४. "सूतिकां पुवती विंशतिरात्रेण स्नातां सर्वकर्मणिकारयेन्मासेन स्त्रीजननीम्र" इति । शु.च. (प.६)

३५. अजागावो महिष्यश्च ब्राह्मण्यश्च प्रसूतिकाः ।
दशरात्रेण शुद्ध्यन्ति भूमिष्ठं च नवोदकम् ॥ शु च. (प.६)

३६. (क) दशाहादि त्रिभागेन कृते सञ्चयने क्रमात् ।
अङ्गस्पर्शनमिच्छन्ति वर्णना तत्त्वदर्शिनः ॥ मिता (या. ३।१८)

(ख) "केवलास्थिसञ्चयनादूर्ध्वमङ्गस्पर्शन
कलिकालातिरिक्तविषयमुक्तम्" ॥ शु च. (प ७)

३७. (क) "शुचिना कर्तव्यम्, शुचौदेशे कर्तव्यम्" प भूमिका पृ १

(ख) पञ्चयज्ञ विधानं तु न कुर्यान्मृत्यु जन्मनोः । शु च. (प.१)

(ग) सन्धयां पञ्चमहायज्ञान्नैत्यक स्मृति कर्म च ।
तन्मध्ये हापयेत्तेषाम् दशाहान्ते पुनः क्रिया ॥ कृ क.न.पृ.२२

(घ) दानं प्रतिग्रहोहोमः स्वाध्यायः पितृकर्म च ।
प्रेतपिण्डक्रियावर्जमाशौचे विनिवर्तयेत् । कृ क त पृ.२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरु आशौचबाट निवृत्त हुन्छन् र आ-आफ्ना सन्ध्या-बन्दनादि सनातन कर्ममा योग्य हुन्छन् । "सूतके कर्मणां त्यागः सन्ध्यादीनां विधीयते"[३८] भनिएको हुँदा आशौचमा पनि कुश जल विना मानसी सन्ध्या चाहिं गर्नुपर्छ । मृतकका पुत्र र पत्नी एक वर्षसम्मनै अशुद्ध हुन्छन् । अतः सो अवधिसम्म उनीहरु पञ्च-महायज्ञादि नित्यकर्ममा र विवाह ब्रतवन्धादि मङ्गल कार्य गर्नमा पनि योग्य हुँदैनन् । अरु सपिण्डादि चाहिं मङ्गल कार्यमा तोकिएको अवधिसम्म अयोग्य हुन्छन् । सो अवधि तोक्ने काम उनीहरुकै आशौच प्रस्तुत गर्ने क्रममा गरिएको छ ।

आशौचको प्रारम्भ

जननाशौचको प्रारम्भ जन्मकालबाट नालकाटे पछि वा जन्म श्रवणकालबाट कुन बेलादेखि हुने हो भन्ने विषयमा विद्वानहरुको मतमा भिन्नता रहेको पाइन्छ । दक्षिणात्यहरु जन्मकालबाट नै आशौच प्रारम्भ हुने कुरामा दृढ छन् भने गौडहरु नाल काटे पछि मात्र आशौच सुरु हुन्छ भन्छन् । यस्तो मतभेद छ तापनि नाल काट्नु भन्दा अगाडि जातकर्म गर्नुपर्ने शास्त्रीय विधान भएको र सो कर्म गर्न आशौच नलाग्ने हुँदा[३९] हामिले व्यवहारमा पनि आशौच दिनको गणना जन्मकालबाट र आशौच बार्ने कार्यको प्रारम्भ चाहिं नाल काटिसके पछि मात्र गर्नुपर्छ ।[४०] हाम्रो परम्परा पनि यही रहिआएको छ ।

त्यस्तै मरणाशौचको प्रारम्भ पनि मर्ने वित्तिकै दाह गरे पछि वा मरण श्रवणकालबाट हुने होभन्ने बारेमा शास्त्रकारहरुमा विवाद देखिन्छ । देवलले मृत्यु हुने वित्तिकैबाट आशौच प्रवृत्त हुन्छ भन्ने कुरा गरेका छन् ।[४१] अग्निहोत्रीलाई दाहसंस्कार गरिसके पछि, अग्निहोत्र नलिने गृहस्थलाई प्राण जाने वित्तिकैबाट आशौच लाग्छ भन्ने भनाई महामुनि अङ्गिराको छ । केहि विद्वानमा यस्तो विवाद देखिए तापनि जननाशौच जन्म भएको र मरणाशौच मृत्यु भएकोकुरा स्पष्ट थाहा भए पछि मात्र लाग्छ नत्र लाग्दैन भन्ने मन्वादि धेरैको विचार भएकोले आशौच जन्मेको वा मरेको राम्रो ज्ञान भए पछि मात्र बार्नु पर्छ । स्पष्ट निधो नभएसम्म दोष लाग्दैन ।[४२] राम्रो निधो नभइकन आशौच लाग्ने भए शास्त्र बनाउनेहरुले अतिक्रान्ताशौचको व्यवस्था गर्ने नैथिएनन् ।[४३]

आशौच घटी बढी बार्न नहुने

आशौच पर्नु भनेको बाहिरी शरीर र भित्री मन पनि अशुचित्वमा प्राप्त हुनु हो । शरीर र मन दुवै अशुद्ध भईसकेपछि त्यस्ता व्यक्तिले शुद्धिको निम्ति तोकिएको प्रायश्चित अवश्य गर्नुपर्छ, नगरे दोषभागी हुनुपर्छ ।[४४] प्रायश्चित गर्दा तोकिएको अवधिभर स्नान गर्ने, खाने, बस्ने, सुत्ने र बोल्ने आदि सबै काम नियमपूर्वक गर्नुपर्छ । तोकिएको दिनसम्मनै गर्नुपर्ने अपरिवर्तनीय नियम भएको हुँदा दश दिन बार्नु पर्ने आशौच दशै दिन र तीन दिन बार्नु पर्ने आशौच तीनै दिन बार्नु पर्छ, कत्ति पनि घटी गर्न हुँदैन । यदि कसैले गर्छ भने उसले निश्चयनै पापभागी हुनुपर्छ ।[४५]

त्यस्तै आशौचका दिन बढाउन पनि हुँदैन ।[४५] तीन दिन बार्नुपर्ने आशौच यदि कसैले चार वा पाँच दिन बार्छ भने त्यसले आशौच बढाएको ठहर्छ । तोकिएको दिन भन्दा बढी बार्दा सन्धयाबन्दन, वेदाध्ययनादि नित्यकर्म लोप हुन जान्छन् । अनापद अवस्थामा स्वेच्छाले नित्यकर्म लोप गरेमा निश्चयनै प्रायश्चित भोग्नुपर्ने हुन्छ । अतः आशौच बार्ने कुरामा घटी वा बढी गर्न कदापि हुँदैन ।

आशौच शुद्धिका कारण

काल, अग्नि, कर्म, मृद्, वायु, मन, ज्ञान, तप, जल, पश्चात्ताप र निराहार यी सबै शुद्धिका कारण हुन्[४६]तापनि आशौच शुद्धिमा यी सबै कारण बन्न सक्दैनन् । यीनै मध्येका काल, कर्म र जल तीन तत्वमात्र प्रमुख कारणमा लिइन्छन् । जस्तो दशाहादि कालले, उदकदान-पिण्डदानादि कर्मले र जलस्नानले आशौचीहरु आशौचबाट शुद्ध हुन्छन् । अग्नि, ज्ञान र

---

३८. मिता. या. ३।१७

३९. प्राङ्नाभि वर्धनात्पुंसो जातकर्म विधीयते । मनुः. २।२९

४०. यावन्नछिद्यतेनालं तावन्नाप्नोति सूतकम् ।

४१. जनने मरणे नित्यमाशौचमनुधावति ।
सपिण्डांश्चैव बन्धूंश्च यत्रक्वचन गच्छति । शु.च. (ब.१)

४२. उभाभ्यामपरिज्ञाते सूतकं नैवदोषकृत् । शु.च (प.१)

४३. निर्दशं ज्ञातिमरणं श्रुत्वा पुत्रस्य जन्म च ।

४४. प्रायश्चित्तमकुर्वाणाः पापेषु निरता नराः ।
अपश्चात्तापिनः कष्टान्नरकान् यान्त्दिारुणान् ॥ या. ३।२२१

४५. न वर्धयेदघा हानि........................। मनु : ५।८४

४५. विहितस्यानुष्ठानान्निन्दितस्य च सेवनात् । या ३।२१९

४६. कालो ऽग्निकर्म मृद् वायुर्मनो ज्ञानं तपो जलम् ।
पश्चात्तापो निराहार : सर्वे ऽमी शुद्धिहेतव : ॥ या. ३।३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तप यी तीन तत्व चाहिं आशौच नाश गर्नमा सर्वथा सक्षम हुन्छन् । जस्तो अग्निहोत्र गर्ने अग्निमान्‌लाई, ज्ञानमार्ग अवलम्बन गरेका संन्यासी आदिलाई र कृच्छादितपमा लागेका व्यक्तिलाई आशौचले छुँदै छुँदैन ।

आशौचबाट शुद्ध हुनको निम्ति दशाहादि कालनै मूख्य कारण हो पिण्डदानादि कर्म चाहिं गौण हो भन्ने भनाई केहि विद्वाको छ भने अन्य केहि कर्म मुख्य होकाल गौण हो भन्छन् । विद्वानहरुमा यस्तो मतभेद रहेता पनि दशौं दिन विहानै दशगात्रादिकर्म (दशदिन सम्मको पिण्ड दिने काम) समाप्त हुन्छ, तर आशौचको समाप्ति चाहिं दश रात पुरा नभइकन हुँदैन फेरी सपिण्ड दाजुभाइले पिण्डदान क्रिया गर्नै पर्दैन तापनि उनीहरु दिन पुगेपछि स्वतः शुद्ध हुन्छन् । त्यसो हुँदा आशौच शुद्धिको मुख्य कारण कर्मलाई होइन काललाई नै मान्नु पर्छ । पिण्डदानादि कर्म आफ्ना मृतक पित्रादिको तृप्ति, सुखशान्ति र समुन्नति (प्रेतत्व निवृत्ति)को लागि अनिवार्य गर्नुपर्छ । यो कर्म आशौची मध्येका पुत्रादि क्रियाकर्ताको मात्र कर्तव्य भित्र पर्न जान्छ सबैको कर्तव्यमा पर्दैन । काल र स्नान चाहिं आशौच परेका सपिण्डादि सबैको आफ्नो शुद्धिको निम्ति हो । कालले पित्रादिको मरणबाट पिडित, दु :खित र चिन्तित भई अशुचित्वमा प्राप्त अन्तरात्मालाई शुद्ध गर्छ भने स्नानले सपिण्डादिको मरणशोकबाट निस्केका आँसू, राल, सिंगान आदिबाट अशुद्ध बाहिरी शरीरलाइ शुद्ध गर्छ ।

प्रेतसंसर्ग

मृतकको उद्धेश्य गरी रुनु, लाश छुनु, लास अलंकृत गर्नु, लाशको पछि लागेर मलाम जानु, लाश बोक्नु, लाश जलाउने काम गर्नु, जलाञ्जलि दिनु र पिण्ड दिनु यी आठ वटा काम गरेमा प्रेत संसर्ग गरेको मानिन्छ । यस्ता संसर्गीहरुमा पनि आशौच संक्रमण हुन्छ ।[४७] यस्तो आशौच संसर्गको आधारमा घटी वढी हुनसक्छ । कुन संसर्ग गर्नेलाई कति र कस्तो आशौच हुन्छ भन्ने कुरा विविध क्रियाशौच शिर्षकमा विस्तृत विवेचना गरिएको छ ।

आशौचीसँगको संसर्ग

एउटै आछ्यानमा सुत्नु, एउटै आसनमा बस्नु, एकै पङ्तीमा वसेर खानु, आशौचीले छोएकोखानु, एउटै भाँडामा खानु, आशौचीकहाँ यज्ञ गराउनु, आशौचीलायृ पढाउनु र आशौची स्त्री गमन गर्नु यी आठ प्रकारका काम गरेमा आशौचीसँग संसर्ग गरेको ठहरिन्छ ।[४८] संसर्गबाट निश्चयनै आशौच पैदा हुन्छ । एउटै ओछ्यानमा सुत्नु देखिका चार संसर्गबाट स्वल्पकालाशौच उत्तपत्ति हुन्छ भने एउटै भाँडामा खानु देखिका चारले दिर्घकालाशौच पैदा गर्छन् ।

मुण्डन विचार

कपाल खौरनुलाई मुण्डन भनिन्छ । पुत्रादि क्रियाकर्ताले मुण्डन गरेर मात्र मृतक पित्रादिको दाहससंस्कार गर्नुपर्छ । अरु सपिण्डादि आशौचीहरुमा कसैले आशौचको अन्त्यमा मुण्डन गरेको पाइन्छ भने कसैले सुरुमा गरेको देखिन्छ । सुरुमा वा अन्त्यमा आफ्नो कुलमा जहिले गर्ने गरेको छ त्यही वेला गर्नुपर्छ । ब्रह्मपुराणको वचनले क्रियाकर्ता बाहेक आशौची सबैले अन्त्यमा मुण्डन गर्नुपर्ने कुरा देखाएको छ ।[४९] मिताक्षराकारले महर्षि आपस्तम्बको मत अनुसार मृतक भन्दा कम उमेरका आशौचीले मात्र मुण्डन गरे हुन्छ बढी उमेर भएकाले गर्नु पर्दैन भनेका छन् ।[५०] शास्त्रकर्ताहरुमा यस्तो मतभेद रहेको हुँदा आशौचीहरुले आफ्नो परम्परा अनुसार गर्नु राम्रो हुन्छ । क्रियाकर्ताले भने पहिलो दिनकोसार्थ दशौं दिनको पिण्ड दिई ढिकुरो फुटाइ सकेपछि पनि मुण्डन गर्नुपर्छ । दशौं दिनमा मुण्डन गर्नपर्नुका दुई कारण छन्- आशौचको समाप्ति र एकादशाहमा आद्यादिषोडश श्राद्ध आगमन । श्राद्ध गर्नु भन्दा अघिल्लो दिनकपाल खौरनै पर्ने शास्त्रीय विधान छ । त्यसो हुँदा पनि दशौं दिनमा कपाल खौरनु पर्ने भएको हो ।[५१]

रातमा जन्म वा मरण भएमा

रातमा स्त्रीजातिहरु रजश्वला भएमा र कसैको जन्म वा मरण भएमा पनि रातको कुनवेलासम्म अघिल्लो र कुनवेलादेखि पछिल्लो दिन मान्ने भन्ने विषयमा मिताक्षरामा तीनवटा पक्ष देखाइएका छन् । रात्रीका घडिपलालाई तीन भाग गरी पहिलाका दुई भागमा भए अघिल्लो दिनको लेखो लगाउनु पर्छ । पछिल्लो भागमा भएको छ भने पछिल्लो दिनको लेखो लगाउनु पर्छ । यस्तो व्यवस्थालाई पहिलो पक्षको रुपमा लिईएको छ । आधारातभन्दा अगाडि भए अघिल्लो

---

४७. रादनं स्पर्शनमलङ्करणमनुगमनं. .... । आ प पृ.३४

४८. आलापस्पर्शनिश्वासात् सहयानासनाशनात् ।
याजनाद्ध्यापनाद् यौनात् पापं संक्रमतेनृणाम् ॥ आ.प.पृ.३४

४९. समाप्य दशमं पिण्डं यथाशास्त्रमुदाहृतम् ।
स्मश्रुकेशनरवानाञ्च यत् त्याज्यं तज्जह्नात्यपि ॥

५०. "अनुभाविनां च परिवापनम्" मिता. (या. ३।१७)

५१. यानिकानि च पापानि ब्रह्महत्या समानि च ।
केशानाश्रृत्य तिष्ठन्ति तस्मात् केशान् वपाम्यहम् ॥ अ.क.दी.पृ. १६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन र पछाडि भए पहिल्लो दिन मान्ने व्यवस्था पनि छ । यसलाई दोश्रो पक्ष मानिएको छ । सूर्योदय हुनुभन्दा अगाडि भए अघिल्लो दिन र पछाडि भए पछिल्लो दिन मान्ने यस्तो पनि छ । यो पक्ष तेश्रो हो । । यी तीन पक्षमा आफ्नो देशाचार अनुसार जुन मान्ने गरेको छ, त्यही मान्नु भनिएको छ । हाम्रो देशाचार पहिलो पक्षनै मान्ने हो । त्यसो हुँदा हामीले त्यसैलाई सर्वथा स्वीकार गर्नुपर्छ । तर हाम्रै देशका कतिपय ठाउँमा धेरै स्त्रीहरुले आफु रजस्वला हुँदा तेश्रो पक्षलाई मानेको पाइन्छ, अर्थात् स्त्रीहरु विहानीपख मिर्मिरेमा रजश्वला भए भने उज्यालो हुँदा दुई दिन भयो भन्छन्, त्यसो गर्नु शास्त्रीय मर्यादा नाघ्नु हो । बालक जन्मेकोमा जन्मपत्रिका आदि लेख्ने काममा भने तेश्रो पक्षलाई नै लिनुपर्ने हुन्छ । जन्म मरण र रजश्वला हुँदाको दिन गणना गर्दा भने पहिलो पक्ष अनुसारनै गर्नुपर्ने देखिन्छ ।[५२]

अनुलोमसङ्कर र तिनको आशौच

माथिल्ला जातिका पुरुषद्वारा तल्ला जातिका स्त्रीमा जन्माइएका सन्तानलाई अनुलोम भनिन्छ । अनुलोम जाति निन्दित मानिदैनन् । वैदिक संस्कार गर्न लायक र सनातन धर्म कर्ममा योग्य मानिन्छन् । यी ६ प्रकारका हुन्छन् । जस्तै- ब्राह्मणले विशुद्ध क्षत्रियकन्या वैदिक विधि अनुसार विवाह गरी तिनैमा जन्माइएको मूर्धावसिक्त नामको पुत्र हुन्छ भने त्यसैगरी वैश्य कन्यामा अम्वष्ठ र शूद्रकन्यामा जन्माइएको निषाद नामक पुत्र हुन्छ । त्यस्तै क्षत्रिय पुरुषद्वारा विशुद्ध वैश्य कन्यामा र शूद्रकन्यामा जन्माइएका क्रमश : माहिष्य र उग्र नामका पुत्र हुन्छन् । वैश्यद्वारा शूद्रामा जन्माइएका करण नामक पुत्र हुन्छ । मूर्धावशिक्त क्षत्रिय जातिमा लिइन्छ भने अम्वष्ठ र माहिष्य वैश्य जातिमा गनिन्छन् । निषाद, उग्र र करण यी तीन शूद्र समान जातिका हुन्छन् ।[५३] क्षत्रिय र वैश्य जातिमा लिइनेको उपनयनादि सबै संस्कार गर्नुपर्छ । उक्त सबै जातिको आशौच कलिमा दश दिननै हुने कुरा सर्वसम्मत छ ।

यस्ता अनुलोम जातिका विशुद्ध कन्या वैदिक विधिपूर्वक विवाह गरी तिनीहरुमा अनुलोम पुरुषद्वारा नै जन्माइएका सन्तानलाई वर्णसङ्कर भनिन्छ । यो अनुलोम वर्णसङ्कर जाति पनि वैदिक धर्मकर्माहं उपनयनादि संस्कार प्राप्त हुन्छन् । यी जाति अनन्त हुन सक्छन् । ती सबैको उपस्थापन गर्नु यहाँ सम्भव छैन । यहाँ त केवल उदाहरणको लागि एक जातिको मात्र उल्लेख गरिन्छ । क्षत्रिय पुरुषद्वारा स्पृश्या शूद्र कन्यामा जन्माइएकी करणी नामकी पुत्री हुन्छिन् । ती करणीमा माहिष्यले जन्माएको रथकार नामको जाति हुन्छ ।[५४] यसको उपनयनादि सबै गर्नुपर्छ । त्यस्तै मूर्धावसिक्त माहिष्य आदिबाट पनि असंख्य वर्णशङ्कर उत्पन्न भएका छन् र हुन सक्छन् पनि । ती सबै द्विज जातिमा नै गनिने र उपनयनादि संस्कारद्वारा सुसंस्कृत पनि हुने हुँदा प्रशंसनीय नैं हुन्छन् ।[५५] यस्ता जाति पनि अनुलोम वर्णसङ्कर हुनसक्छन् ती सबैको जननाशौच र मरणाशौच पनि दश दिन नै तोकिएको छ ।

प्रतिलोमसङ्कर र तिनको आशौच

तल्ला जातिका पुरुषद्वारा माथिल्ला जातिका अविवाहिता कन्या वा विवाहिता स्त्रीमा जन्माइएका सन्तान प्रतिलोम हुन्छन् । जस्तै- ब्राह्मणीमा क्षत्रियद्वारा जन्माइएको सूत नामको जाति हुन्छ भने वैश्यद्वारा जन्माइएको वैदेहक र शूद्रद्वारा जन्माइएको चण्डाल नामको अधम जाति हुन्छ । त्यस्तै क्षत्रिया स्त्रीमा वैश्यबाट जन्मेको मागध र शूद्रबाट जन्मेको क्षत्तार नामको जाति हुन्छ । यसरी नै वैश्या स्त्रीमा शूद्र पुरुषबाट जन्मेको आयोगव नामको जाति हुन्छ ।[५६] यी ६

---

५२. उदिते तु यदा सूर्ये नारिणं दृश्यते रज : ।
जननं वा विपत्तिर्वा यस्याहस्तस्य शर्वरी ॥
अर्धरात्रावधि : काल : सूतकादौ विधीयते ।
रात्रिं कुर्यात् त्रिभागांतु द्वौ भागौ पूर्व एव तु ॥
उत्तरांश : प्रभातेन युज्यते ऋतु सूतके ।
रात्रावेव समुपतके ॥ मिता. (या. ३।२०)

५३. विप्रान्मूर्धावसिक्तो हि क्षत्रियायां विश : स्त्रियाम् ।
अम्वष्ठ : शूद्रयां निषादो जात : पारशवो ऽपि वा ॥ या. १।९१
वैश्याशूद्रयोस्तु राजन्यान्माहिष्योग्रौ सुतौ स्मृतौ ।

५४. वैश्यात्तु करण : शूद्रयां विन्नास्वेष विधि : स्मृत : ॥ या. १।९२
माहिष्येण करण्यां तु रथकार प्रजायते ।
असत्सन्तस्तु विज्ञेया : प्रतिलोमानुलोमजा : ॥ या. १।९५

५५. क्षत्रियवैश्यानुलोमान्तरोत्पन्नो यो रथकारस्तस्येज्या दानोपनयनसंस्कारक्रिया अश्वप्रतिष्ठारथसूत्रवास्तुविद्याध्ययन वृत्तिता च, इति । एवं ब्राह्मणक्षत्रियोत्पर्धावसिक्त माहिष्यादतुलोमसकरे जात्यन्तरता उपनउनादि प्राप्तिश्च वेदितव्या :, तयोर्द्विजातित्वात् । मिता. (या. १।९५)

५६. ब्राह्मण्यां क्षत्रियात्सूतो वैश्याद्वैदेहकस्तथा ।
शूद्राज्जातस्तु चण्डाल : सर्वधर्मबहिष्कृत : ॥ या. १।९३
क्षत्रिया मागधं वैश्याच्छुद्रात्क्षत्तारमेव च ।
शूद्रादायोगवं वैश्या जनयामास वै सुतम् । या. १।९४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकारका जाति प्रतिलोम मानिन्छन् । त्यस्तै ब्राह्मणद्वारा क्षत्रियामा जन्माइएकी कन्या मूर्धावसिक्ता हुन्छिन् । तीनमा क्षत्रिय, वैश्य र शूद्रद्वारा जन्माइएका सन्तान, ब्राह्मणद्वारा वैश्यामा जन्माइएकी अम्बष्ठा नामकी कन्यामा वैश्य र शूद्रद्वारा जन्माइएका सन्तान र ब्राह्मणद्वारा शूद्रामा जन्माइएकी निषादी नामकी कन्या हुन्छिन् । तिनमा शूद्रद्वारा उत्पादित सन्तान पनि प्रतिलोम नै हुन्छन् ।[५७] यसरी प्रतिलोम जातिहरु असंख्य हुन सक्छन् । ती प्रतिलोम जातिका कन्यामा प्रतिलोम जातिकै पुरुषद्वारा परस्परमा जन्माइएका सन्तान प्रतिलोमसङ्कर हुन्छन् । यस्ता सङ्करहरु अनन्त हुनसक्छन् र छन् पनि । यी प्रतिलोम जाति र प्रतिलोमसङ्कर जातिहरु निकृष्ट, तुच्छ, अधम, हीन,अधर, अपध्वंस र असत् पनि मानिन्छन् । त्यसैले यिनीहरु समस्त वैदिकधर्मबाट वहिष्कृत हुन्छन् । वैदिक धर्मकर्म हीनहरुलाई जनन र मरण निमित्तक आशौच हुँदैन । यिनीहरु त सदा आशौची (अशुद्ध) नै हुन्छन् भन्ने भनाइ केही शास्त्र प्रयोजकको रहेको छ भने अन्य केहीले यिनीहरु वैदिक धर्महिन हुने हुँदा सदैव अशुद्ध हुन्छन् तापनि यिनीहरुलाई शूद्र सधर्मानै मान्नु पर्छ भनेका छन् । त्यसो हुँदा यिनीहरुमा जनन र मरण हुँदा तन्निमित्तक आशौच शूद्रको जस्तै दश दिननै हुने देखिन्छ र यिनीहरुले दशै दिन वार्नुपर्छ पनि ।[५८]

व्रात्यादिवर्णसङ्कर र तिनको आशौच

ब्राह्मणको सोह्र, क्षत्रियको बाईस, वैश्यको चौविस वर्ष सम्म व्रतवन्ध गर्नुपर्छ । सो अवधि भित्र यिनको व्रतवन्ध नभएमा यिनीहरु आफ्नो जातिवाट च्युत हुनुको साथै सावित्री पतित आर्यजन विगर्हित पनि हुन्छन्, यस्तालाई व्रात्य भनिन्छ ।[५९] ब्राह्मणादि तीनै वर्णका व्रात्यलाई र तिनीहरुबाट जन्मेका भूर्जकण्टक, शीख, निश्चिवि (लिच्छवि), नट ,खस, द्रविड, कारुष, सात्वत आदि जातिलाई ।[६०] त्यस्तै व्यभिचारवाट जन्मेका ब्राह्मणदि सवै वर्णका कुण्ड, गोलक, कानीन आदिलाई[६१] पनि शास्त्र प्रणेताले वर्णसङ्कर नै मानेका छन् ।[६२] यस्ता जातिहरुको आशौच पनि दश दिन नै हुन्छ ।

सपिण्डादिमा बिवाह गर्नेको आशौच

सपिण्डिभित्रमा, सगोत्रमा, प्रवरमिल्नेमा, मातृगोत्रमा, अत्रि र आत्रेयमा, कश्यप र काश्यप गोत्रमा गरिएको विवाहलाई शास्त्रप्रवर्तकहरुले अति निन्द्य मानेका छन् ।[६३] यस्तो विवाह गर्नेलाई र सो विवाहवाट जन्मेका सन्तानलाई पनि उनीहरुले शूद्रको स्थानमा राखेका छन् । त्यसो हुँदा तिनीहरुको आशौच पनि शूद्रको जस्तै हुन्छ ।

पक्षिणी शब्दको अर्थ

सामान्यतया दुई दिन एक रात वा दुई रात एक दिन, (३६ घण्टा) पक्षिणी हुन्छ । मृत्युको खवर दिनमा सुनेमा त्यही दिन त्यही रात र भोलि पल्ट दिन तारा नउदाएसम्म पक्षिणी मान्नुपर्छ । रातमा सुनेमा त्यही रात र भोलिपल्टको

---

५७. यथा मूर्धावसिक्तायां क्षत्रियवैश्यशूद्रैरुत्पादितस्तथाम्वष्ठायां वैश्यशूद्राभ्यां निषाद्यां शूद्रेणोत्पादिता अधरा : प्रतिलोमजा : । मिता. (या.१।९६)

५८. शूद्राणां तु सधर्माण : सर्वे ऽपध्वंसजा : स्मृता : । मनु : १०।४१
शौचाशौचं प्रकुर्वीरन् शूद्रवद्वर्णसङ्करा : । शु.च. (ग.शी.१३)

५९. आषोडशाद् ब्राह्मणस्य सावित्री नातिवर्तते ।
आद्वाविंशात् क्षत्रवन्धोराचतुर्विंशतेर्विश : ॥ मनु : २।३८
अतऊर्ध्वं त्रयो ऽप्येते यथाकालमसंस्कृता : ।
सावित्री पतिता व्रात्या भवन्त्यार्यविगर्हिता : ॥ मनु : २।३९

६०. व्रात्यात्तु जायते विप्रात्पापात्मा भूर्जकण्टक : ।
कारुषश्च विजन्मा च मैत्र : सात्वत एव च ॥ मनु : १०।२१-२३

६१. अमृते जारज : कुण्डो मृते भर्तरी गोलक : । अ.को.२।६।३६
अर्थात् पति जीवित छँदै जारबाट जन्मेको कुण्ड नामको पुत्र हुन्छ भने पति मरे पछि व्यभिचारबाट विधवामा जन्मेको गोलक नामको पुत्र हुन्छ ।
कानीन : कन्याकाजात :.......................................। इा. २।१२९

६२. व्यभिचारेण वर्णनामवेद्यावेदनेन च ।
स्वकर्मणां च त्यागेन जायन्ते वर्णसङ्करा : ॥ मनु : १०।२४

६३. (क) अरोगिणीं भ्रातृमतीमसमानार्षगोत्रजाम् ।
पञ्चमात्सप्तमादूर्ध्वं मातृत : पितृतस्तथा ॥ या १।५३
(ख) पञ्चानां त्रिषु सामान्यादविवाहस्त्रिषु द्वयो : ।
भृग्वङ्गिरो गणेष्वेवं शेषेष्वेको ऽपिवारयेत ॥ नि.सि.पृ.३८१
(ग) मातुलस्य सुतामूढ्वा मातृगोत्रा तथैव च ।
समानप्रवरां चैव त्यक्त्वा चान्द्रायणं चरेत् ॥ नि.सि.पृ. ३७३
मातृतर्फ पांच पुस्ता र पितृतर्फ सातपुस्ता नाघे पछि मात्र सापिण्ड्य निवृत्ति हुन्छ । सो निवृत्ति नभइकन विवाह गर्न हुँदैन । त्यस्तै गोत्र र प्रवर मिल्नेहरुमा पनि विवाह निषेध छ । प्रवर पनि पांच हुनेमा तीन र तीन प्रवर हुनेमा दुई प्रवर मिल्न हुँदैन । यो नियम भृगु र अङ्गिराको गणमा मात्र लागु हुन्छ । यस अतिरिक्त अरु गोत्र हुनेहरुमा विवाह गर्दा एक प्रवर मात्र पनि मिल्न हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन रात पक्षिणीमा गन्नुपर्छ ।[६४] पक्षिणी भनेको सामान्य हिसावमा ३६ घण्टा हुनुपर्ने हो तापनि उक्त अनुसार दिनको वा रातको अन्तिम घडितिर जुठो सुन्दा पनि पुरै दिन मानिने भएको हुन्दा ३६ घण्टा नपुग्न पनि सक्छ ।

मध्यमषोडशी

सूत्र ग्रन्थ र स्मृति ग्रन्थ प्रणेताले मध्यम षोडशीको विधान नगरेकाले यो नगर्दा पनि खास दोष लाग्ने चाहिं होइन तापनि पुराण प्रतिपादित विषय भएकोले धेरै मान्छे यसप्रति आकृष्ट भएको पाइन्छ । यो नगरी मलिन र उत्तमषोडशी मात्र गर्दा केवल बत्तीस पिण्ड हुन्छन्, सपिण्डनाधिकार प्राप्त गर्न अठ्चालिस पिण्ड पुऱ्याउनै पर्ने गरुड पुराणको दावी रहेको छ । अतः सपिण्डीकरण गर्नुभन्दा अगाडि मध्यम षोडशी समेत गरी अठ्चालीसै पिण्ड पुऱ्याउनु राम्रै हुन्छ ।[६५]

६४. (क) आगामिवर्तमानाहर्युक्ताया निशि पक्षिणी । अ.को. १।४।५

(ख) द्वावन्हा वेकरात्रिश्च पक्षिणीत्यभिधीयते ।

(ग) दिवा श्रवणे तदहरन्तरारात्रिरपरेद्युश्चाह : । रात्री श्रवणे सारात्रि रपरेद्युरहोरात्र, इति । शु.च. (ष.३४)

६५. ग.पु.प्रे.क.२५।२५-४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२ - आशौच प्रकरण

जननाशौच

छोरी सुत्केरी भएमा

विवाहिता छोरी माइत गएको वखत वावुको मुख्य घर वाहेक गोठ धनसार आदि अरु कुनै ठाउँमा सुत्केरी भएमा वावु आमा र सौतेनी आमालाई तीन दिन,[१] सहोदर र सापत्न दाजुभाई पक्षिणी, भिन्न नभई त्यसै घरमा वसेका वावुका सहोदर जेठा कान्छा वावु आदि अरु कोही रहेछन् भने उनीहरुलाई अहोरात्र आशौच लाग्छ ।[२] वावुको खाने वस्ने पाठपूजा गर्ने मुख्यघरमा नै सुत्केरी भएमा वावु आमा र सोतेनी आमालाई दश दिन, सहोदर र सौताने दाजु भाईलाई तीन दिन,[३] तद्‌गृहवर्ती काका काकी आदिलाई अहोरात्र आशौच हुन्छ । माइतमा वाहेक अन्यत्र सुत्केरी भएमा पितृपक्षलाई आशौच लाग्दैन ।[४]

गर्भस्राव भएमा

गर्भधारण गरेदेखि चार महिनासम्मको गर्भ प्राय : तरलनै मान्नुपर्छ भन्ने शास्त्रको धारणा रहेको छ । त्यसो हुँदा त्यस्तो तरल रुपमा रहेको गर्भ तुहिनुलाई शास्त्रकारहरुले स्रावको संज्ञा दिएका छन् ।[५] गर्भस्राव भएमा जति महिनाको गर्भस्राव हुन्छ त्यतिनै दिन रजोनिमित्तक सूतक आमाले मात्र वार्नु पर्छ, वावुले स्नान मात्र गर्दा हुन्छ । अरु वान्धवहरुले स्नान पनि गर्नु पर्दैन ।[६]

गर्भपात भएमा

पाँचदेखि छ महिनासम्मको गर्भ प्राय : हस्तपादादि इन्द्रिययुक्त कठिन मासपिण्ड मनुष्याकार वनिसकेको हुन्छ । यस्तो गर्भ तुहिनुलाई शास्त्र प्रणेताले पातको संज्ञा दिएका छन् ।[७] पांच महिनाको गर्भपात भएमा पाँच दिन र छ महिनाको भएमा छ दिन आमालाई आशौच लाग्छ भने वावुलाई पाँछ वा छ जुन महिनाको भए पनि तीन दिन लाग्छ ।[८] स्राव र पातमा व्राह्मणादि सवै वर्णमा यही नै नियम लाग्छ ।

पूर्ण जननाशौच

सातौं महिनादेखिको गर्भ सबै अङ्गप्रत्यङ्गले र प्राणले समेत युक्त पूर्ण मानव देह सम्पन्न हुन्छ । यस्तो देह नि:सरण हुनुलाई जन्म भनिन्छ । जन्म हुँदा वावु, आमा र सपिण्डलाई पूर्ण दश दिन आशौच लाग्छ । समानोदक, सगोत्र र साधारण सगोत्रलाई क्रमश : तीन दिन, एक दिन र सद्य : शौच हुन्छ ।[९] सबै वर्णले यही नियम मान्नु पर्छ ।

नाल काट्नु भन्दा पहिला बालक मरेमा

मरेकै जन्मेमा वा जन्म भइसके पछि नाल काट्नु भनदा पहिले बालक मरेमा जनन निमित्तक सूतक आमालाई दश दिन वावु र अरु सपिण्डलाई तीन दिन लाग्छ ।[१०]

---

१. सूयते चेत्पितुर्गेहे जातं पित्रोस्त्रिरात्रकम् । ष.शी.श्लो.८

२. दत्ता नारी पितुर्गेहे सूयते म्रियते ऽ थ वा ।
तद्वन्धुवर्गस्त्वेकेन शुध्यते जनक स्त्रिभि : ॥ शु.च.(ष.शी.श्लो ४७)

३. "प्रसवे पितु : पूर्णम्, बन्धूनां त्र्यहम् ।" शु च.(ष.शी.श्लो.८)

४. वार्नै नपर्ने आशौच पनि यसरी वार्नुपर्ने हुनसक्छ त्यसो हुंदा विवाहिता छोरीलाई माइतमा सुत्केरी हुनवाट सकभर वञ्चित गर्नुपर्ने हुन्छ ।

५. आचतुर्थाद् भवेत् स्राव : पात : पञ्चमषष्ठयो : । परा ३।१६

६. गर्भस्रावे मासतुल्या निशा : शुद्धेस्तु : कारणम् । या ३।२०

७. पञ्चमे मासि षष्ठे वा पात : स्याद्गर्भनिर्गम : । ष शी श्लो ९

८. पञ्चमे पञ्च षष्ठे षष्ट् दिवसा : पातसृतकम् ।
मातुरिष्टमतो ऽ न्येषां पितुश्च त्रीदिनं समम् । ष शी श्लो १०
रात्रिभिर्मासतुल्याभिर्गर्भस्रावे विशुद्ध्यति । मनु : ५।६६

९. (क) आचतुर्थाद् भवेत् स्राव : पात : पञ्चमषष्ठयो : ।
अत ऊर्ध्व प्रसुति : स्याद्दशाहं सूतकं भवेत् । परा ३।१६
(ख) एकोदकानां तु त्र्यहो गोत्रजानामह : स्मृतन् । मिताक्षरा (या ३।२४)

१०. नाभिकर्तनत : पूर्व शिशौ प्रेते च सूतकम् । मातु : पूर्णमतो ऽ न्येषा पितुश्च त्रिदिनं समम् । ष श्लो १२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौच विवेचना

नाल काटिसके पछि बालक मरेमा

नाल काटिसके पछि न्वारन नगर्दे बालक मरेमा बाबु आमा र सपिण्ड दाजुभाइ सबैलाई जननाशौच दश दिन लाग्छ । मरणशौच कसैलाई पनि लाग्दैन । बाबुआमाले भने मरण निमित्तक स्नान गर्नुपर्छ । दान प्रदान हवनादि केही गर्नु पर्दैन ।[१]

जननाशौचमा संपाताशौच

समान सुत्केरी खापिएमा

दश दिने सुत्केरोको बीचमा दशौ दिन लाग्ने वा तीन दिनेको बीचमा तीन दिनेनै सुत्केरो परेमा दाजुभाइहरु पहिलो सुत्केरोको बाँकि दिनले शुद्ध हुन्छन् ।[२] पहिला जन्मने बच्चाको नाम कर्म भने दोश्रो सुत्केरो सकिए पछि मात्र गर्नुपर्छ । नामकर्मको अर्को गति भएको हुँदा अर्को गति नभएकोले जातकर्म र छैटी गर्न भने कुनै रोकतोक हुँदैन । आ-आफ्नो समयमा गर्नुपर्छ ।[३]

असमान सुत्केरो खापिएमा

बढी दिन लाग्ने सुत्केरोमा घटी दिन लाग्ने सुत्केरोको बीचमा त्यो भन्दा घटी दिन लाग्ने तीन दिने वा एक दिने सुत्केरो खापिएमा आशौचीहरु पहिलो सुत्केरोको बाँकि दिनले शुद्ध हुन्छन्, तर घटी दिन लाग्ने सुत्केरोको बीचमा बढी दिन लाग्ने सुत्केरो पर्न गयो भने अर्थात् एक दिनेमा तीन दिने, तीन दिनेको बीचमा दश दिने सुत्केरो पर्न गएमा दाजुभाइहरु पहिलो सुत्केरोको बाकी दिनले शुद्ध हुँदैनन्, दोश्रो सुत्केरो पुरै बार्नुपर्छ ।[४]

सपिण्ड जननमा स्वपुत्र जनन भएमा

सपिण्ड समानोदक वा सगोत्र दाजुभाईकी पत्नी सुत्केरी भएको बीचको अवस्थामा आफ्नी पत्नी सुत्केरी भएमा त्यस्तो सुत्केरोलाई शास्त्रकारले अधवृद्धिमत भनेका छन् । त्यस्तो सुत्केरो पहिलो सुत्केरोको शेष दिनले शुद्ध हुँदैन, आफ्नै कालले शुद्ध हुन्छ अर्थात् पति पत्नी दुवैले दश दिन पुरै बार्नुपर्छ ।[५]

एउटा सुत्केरो सकिन एकरात वा एक प्रहर मात्र बाँकी छँदा अर्को सुत्केरो परेमा

परिरहेको सुत्केरो सकिन एक रात पुरै बाँकी हुँदा अर्को समान सुत्केरो पर्न गयो भने दुई दिन बढी बार्नुपर्छ । एक प्रहर मात्र बाँकी हुँदा पर्न गएमा तीन दिन बढी बार्नु पर्ने हुन्छ ।[६] यो नियम दश दिनेमा दशौ दिने पर्दा मात्र लागु हुन्छ । दश दिनेमा सो भन्दा कम लाग्ने तीन दिने आदि पर्दा भने हुँदैन भन्ने भनाइ सिन्धुकारकोरहेको छ । षडशीतिकारले भने दश दिनेमा दशौ दिने र सोभन्दा कम लाग्ने पर्दा पनि उक्त नियम लागु हुन्छ भन्ने कुरा देखाएका छन् ।[७] दश दिनेमा तीन दिने आदि पर्दा यसरी बढी बार्ने हो भने पक्षिणी र एक दिने पर्दा पनि दुई र तीन दिन बढी बार्नु पर्ने हुन जान्छ । बार्नै नपर्ने आशौच बार्दा प्रायश्चित्त भोग्नु पर्ने हुन्छ । अतः षडशीतिकारको भनाइलाई कमलाकर लगायतका धेरै निबन्धकारले तुच्छ मानेका छन् । त्यसो हुँदा हामीले व्यवहारमा पनि षडशीतिकारको मत स्वीकार नगरी सिन्धुकारादिको मतलाई मान्नु पर्ने हुन्छ ।

---

१. दशाह्नाध्यन्तरे बाले प्रमितेतस्य वान्धवै : ।
शावा ऽऽ शौचं न कर्तव्यं सूत्याशौचं विधियते । शु.च. (ष.१२)

२. अन्तरा तु दशाहस्य पुनर्मरणजन्मनी ।
तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम् । परा. ३।२९

३. नामकर्मादि जातर्मेत्यर्थ :, तस्यैवानन्यगतिकत्वात्,
नामकरण तिष्क्रमणादेस्तु सावकाशत्वात् ॥ शु.च. (ष.शी.१९)

४. (क) सूतिमध्ये यदा सूतं पूर्वा ऽ नधिकमापतेत् ।
तत्र पूर्वेण शुद्धि : स्यादधिकं तु स्वकालत : ॥ ष.शी.श्लो.१९
(ख) स्वल्पाशौचस्य मध्ये तु दीर्घाशौचं भवेद्यदि ।
न पूर्वेण विशुशद्धि : स्यात्स्वकालेनैव शुद्धयति ॥ विद्वन. (परा.३।२९)

५. अधर्वाद्धिमदाशौचं पश्चिमेन समापयेत् । मिता (या ३।२०)

६. रात्रिशेषे द्वयहाच्छुद्धि यमिशेषेत्र्यहाच्छुचि : । नि सि पृ.७१६

७. रात्रिशेषे यदा सूते : पूर्वानधिकमापतेत् ।
उर्ध्वं दिनद्वयं पूर्वायामशेषे दिनत्रयम् । ष शी २०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौच विवेचना

मरणाशौचमा संपाताशौच

मरणाशौच खापिएमा

सपिण्ड मरणशौचको बीचमा तुल्यकाल वा न्युनकाल बार्नुपर्ने अर्को मरणाशौच पर्न गएमा आशौचीहर पहिलो आशौचको बाँकी दिनले नै शुद्ध हुन्छन्, दोश्रो आशौच बारिरहनु पर्दैन ।[१] सपिण्डाशौच सकिन एक रात मात्र बाँकी छँदा अर्को सपिण्डाशौच नै पर्न गयो भने दुई दिन, एक प्रहर मात्र बाँकी हुँदा पर्न गएमा तीन दिन बढी बार्नुपर्छ ।[२] दश दिने आशौचमा दश दिने नै पर्दा मात्र यो नियम लाग्छ । दश दिनेमा तीन दिने र त्यो भन्दा घटी दिन लाग्ने आशौच पर्दा भने यो नियम लाग्दैन । वढाइएका दुई वा तीन दिनका बीचमा पुन : अर्को दश दिने सपिण्डाशोच पर्न गयो भनेत सो आशौच पुरै बार्नुपर्छ ।[३]

अल्पाशौचमा दीर्घाशौच परेमा

दश दिनेआशौचको अपेक्षा तीन दिने आशौच अल्प मानिन्छ । यस्तो अल्पाशौच परिरहेको बखत दश दिने दीर्घाशौच पर्न गयो भने आशौची बन्धुहरु पूर्वाशौच शेष दिनले शुद्ध हुँदैनन् । दोश्रो आशौच पुरै बार्नुपर्छ ।[४] एक दिनेमा पक्षिणी आशौच पर्दा र पक्षिणीमा तीन दिने पर्दा पनि यस्तै हुन्छ ।

प्रेतपुत्रादि पूर्वाशौच शेषले शुद्ध नहुने

सपिण्डाशोचमा सपिण्डकै आशौच वासमानोदकादिको आशौच पर्दा आशौची सपिण्डहरु पूर्वाशौच शेषले शुद्ध हुन्छन्, तर त्यसरी शुद्ध हुने व्यक्ति नै प्रेतपुत्र, प्रेतपत्नी, दाहकर्ता, सूतिका वा सूतिकाको पति रहेछन् भने पूर्वाशौच शेषले शुद्ध हुँदैनन् । आदित्याचार्यले यही भनेका छन् ।[५]

सपिण्डहरु पूर्वाशौच शेषले शुद्ध नहुने

सपिण्ड दाजुभाईको मृत्यु भएको कुरा निश्चित भयो तर खोलाले बगाउने, पहिरोमा पुरिने, कसैले वेपत्तागर्ने आदि विविध कारणबाट लाश फेला पनृ सकेन भने पर्णशर दाह गरी आशौच बार्नुपर्छ, यस्तो दाह गरेको दश दिन भित्रमा नै गर्न पाययो भने पुत्र पत्नी सपिण्डादि सबै बाँकी दिनले शुद्ध हुन्छन् । दश दिन वितिसके पछि देहदाह वा पर्णशरदाह जे गरे पनि छोरा र पत्नीले दाह गरेको दिनदेखि पुरै दश दिन आशौच बार्नुपर्छ । अरु सपिण्ड दाजुभाइले भने तीन दिन मात्र बार्दा पुग्छ ।[६]यस्तो जुठो बारिरहेको बखत अर्को सपिण्डाशौच पर्न गयो भने पूर्वाशौच शेषले दाजुभाइ शुद्ध हुँदैनन् दोश्रो आशौच पुरै बार्नुपर्छ ।

सपिण्डाशौचमा अधवृद्धिमत् आशौच परेमा

वाबु आमा र पतिको आशौचलाई अधवृद्धिमत् आशौच भनिन्छ । दश दिन बार्नु पर्ने सपिण्ड दाजुभाइको आशौच परिरहेको बखतमा अधवृद्धिमत् आशौच पर्न गएमा त्यस्तो आशौच पूर्वाशौच शेषले शुद्ध हुँदैन, बाह्र दिन पुरै बार्नुपर्छ ।[७]

मरणाशौचमा जननाशौच परेमा

दश दिने मरणशौचमा दशै दिन लाग्ने वा त्यो भन्दा कम दिन लाग्ने जननाशौच परेमा जननाशौच बारिरहनु

---

१. (क) अन्तर्दशाहे स्यातां चेत्पुशनमंरणजनमनी ।
तावत्स्यादशुचिर्विप्रो यावत्तत्स्यादनिर्दशम् । मनु : ५।७९
(ख) अन्तरा जन्ममरणे शेषाहोभिर्विशुद्ध्यति । या. ३।२०

२. (क) रात्रिशेषे द्वाभ्याम्, प्रभाते तिसृभि : । गौ.ध.सू. २।५।६-७
(ख) रात्रिशेषे द्वयहाच्छुद्धिर्यामशेषे त्र्यहाच्छुचि : । शु.च.ष.२०

३. पूर्वाशौचान्तरवर्धित द्वित्रिदिनमध्ये ऽ धिकाशौचान्तरपाते तु वर्धितस्याल्पत्त्वादधिकेनैव शुद्धि : ।

४. शावे ऽ पि तुल्यं न्यूनं वा शावं पूर्वेण शुद्धयति ।
अधिकंतु स्वकालेन रात्रिशेषादि पूर्ववत् । प.श्लो. २१

५. (क) पूर्वशेषेण या शुद्धि : सूतिनांमृतिनां तथा ।
सूतिकामग्निदं हित्वा प्रेतस्य च सुतानपि ॥ प.श्लो. २२
(ख) सपिण्डानांतु य : कश्चिद्दहेता ऽ थ दहेत वा ।

६. अन्तर्दशाहदाहे तु शेषत : शुचयो ऽ खिला : ।
बहिर्दशाहदाहे तु दाहादित्रिदिनं स्मृतम् । पड श्लो ६०

७. तथा सपिण्डमरणात् पित्रोर्भर्तुश्च मरण मधवृद्धिमत, तेषां महागुरुत्वेन द्वादशरात्राशौचाभिधानात्, तथा प्रक्रान्ताशौचे ऽ अधवृद्धिमत : पाते स्वकालनैवशुद्धिर्न पूर्वशेषणेति । शु.च. (प.श.श्लो १९)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्दैन मरणाशौचले नै जननाशौच शुद्ध गर्छ ।[1] प्रेतक्रिया यथावत् गर्ने र आफ्नै समय पुगेको दिन समाप्त गर्ने । न्वारन पनि आफ्नै दिन पुगेको दिन गर्ने ।

जननाशौचमा मरणाशौच परेमा

दश दिने जननाशौचको बीचमा दशै दिन लाग्ने मरणाशौच पर्न गएमा मरणाशौच पुरै दश दिन बार्नुपर्छ ।[2] नामकर्म मरणाशौच सकिए पछि मात्र गर्नुपर्छ ।

अल्पमरणाशौचमा दीर्घजननाशौच परेमा

तीन दिन पक्षिणी आदि थोरै दिन लाग्ने मरणाशौचको बीच दश दिन आदि धेरै दिन लाग्ने जननाशौच परेमा त्यस्तो जननाशौच पुरै बार्नुपर्छ । अल्पमरणाशौचले दीर्घ जननाशौच शुद्ध गर्न सक्दैन । दीर्घजननाशौच अल्पमरणाशौच शुद्ध गर्न सक्षम हुन्छ ।[3]

आमाको आशौचमा बाबुको आशौच परेमा

आमाको आशौचको बीचमा बाबुको मरण हुन गएमा बाबुको क्रिया सरासर गर्नुपर्छ ।[4] आमाको दश दिनसम्मको पिण्ड दिएर छाड्नुपर्छ । एघारौं बाह्रौ भने बाबुकै दिनमा आमाको पनि गर्नुपर्छ । दश दिनसम्मको पिण्ड दिने ढिकुरो आमाबाबु दुवैको एउटै गर्नुपर्छ । कसै कसैले छुट्टा छुट्टै स्थण्डिल बनाईपिण्ड दिएको कुरा पनि सुनिएकोछ तर त्यसो गर्न शास्त्रसम्मत हुँदैन । पिण्डदानादि क्रिया गर्दा आमाको मृत्यु पहिला भएको हो तापनि पहिला बाबुको गरेर र मात्र आमाको गर्नुपर्छ ।

बाबुको आशौचमा आमाको आशौच परेमा

बाबुको मृत्यु भएको दश दिनको दिन वेलुकासम्मका कुनै पनि दिनमा आमाको मरण हुन गएमा बाबुको दशरात पुगिसके पछि आमाको पक्षिणी आशौच बढी बार्नुपर्छ ।[5] बाबुको आशौच सकिन एकरात (दशौंरातको चौथो भाग) मात्र बाँकी हुँदा मृत्यु भएमा भने तीन दिन बढी बार्नुपर्छ ।[6] पिण्ड दिनेक्रम चाहिं निम्नानुसार हुनुपर्छ-

बाबुको मरण भएको दशौं दिनको बिहानसम्मका जुनसुकै दिनमा बाबुको पिण्ड दिनको निम्ति उठाइएको ढिकुरो नफोर्दै आमाको मृत्यु भएको छ भने त्यसैमा आमालाई दिनुपर्ने दशापिण्ड पनि दिनको हिसाब मिलाई दिइसक्नु पर्छ र बाबुको दश दिन पुगेको दिन ढिकुरो फुटाउनुपर्छ । आमाको पक्षिण्यादि आशौच बाँकी छ भने ढिकुरो नफुटाई राख्दा बाबुको एघारौं गर्न मिल्दैन । अत : बाबुको एकादशाहमा आद्यश्राद्धादि गर्न पिण्डवेदी (ढिकुरो) फुटाउनै पर्छ । फुटाइसके पछि अर्थात् दशौं दिनको दिउँसो मृत्यु भयो भने पक्षिणी आशौचको कारण भोलिपल्ट (बाबुको एघारौंको दिन) भ्याउन सकेमा पुन : अर्को ढिकुरो उठाई आमाको नौ दिनसम्म गरिने पिण्डदानादि सबै क्रिया र बाबुको एकादशाह पनि गर्ने र त्यसको भोलि पल्ट दशौं दिनको काम गरी ढिकुरो फोर्ने । यदि बाबुको एघारौं गर्नु परी भ्याउन नसक्ने स्थिति भएमा बाबुको एघारौं गरेको भोलिपल्ट ढिकुरो उठाई दश दिनसम्म गरिने पिण्डदानादि सबै क्रिया त्यसै दिन गरी ढिकुरो फुटाउनु पर्छ । दशौं दिन विते पछि सोही दिनको रात(दशौं रात) को तेश्रो प्रहरसम्म मृत्यु भयो भने दुई दिन वढी आशौच बार्नु पर्ने हुँदा पिण्डदानादि क्रिया पक्षिणी आशौचम गरे जस्तै गरी गर्ने । दशौं रातको चौथो प्रहरमा मृत्यु भयो भने दाहादि सबै क्रिया गरी त्यसै दिन ढिकुरो उठाई एक वा तीन पिण्ड ६ अञ्जलि ६ तिलतोय पात्रदान, दोश्रो दिन चार पिण्ड बाईस अञ्जलि र बाईस नै तिलतोय पात्रदान, तेश्रो दिन पाँच वा तीन पिण्ड सत्ताईस अञ्जलि त्यत्तिनै तिलतोय पात्रदान गरी ढिकुरो फुटाउनु पर्छ । यदि बाबुको एघारौंको कारण ढिकुरो उठाई एक वा तीन पिण्डदान आदि क्रिया गर्न नभ्याउने भएमा दोश्रो दिन ढिकुरो उठाउने र तेश्रो दिन फोर्ने गरेपनि हुन्छ । त्यसो गर्दा ढिकुरो उठाएकै दिन नौ दिनसम्मको क्रिया र फोर्ने दिन दशौं दिनमा गरिने क्रिया गर्नुपर्छ । आमाको मरणबाट बाबुको एकादशहमा गरिने

---

१. शावादल्पा समा वापि सूति : शावेन शुद्ध्यति । ष.श्लो.१६

२. शावेन शुद्ध्यते सूति र्न सूति : शावशोधनी । शु.च. (ष.श्लो.१७)

३. स्वभाव बहुसूतिस्तु न्यूनशावविशोधिनी । ष.श्लो.१७

४. मार्तयग्रे प्रमीतायामाशुद्धौ म्रियते पिता ।
पितु शेषेण शुद्धि : स्यान्मातु : कुर्यात्तु पक्षिणीम् । मिता। (या. ३।२०)
अस्यायमर्थ :- मातरि पूर्व-मृतायां तन्निमित्ताशौच मध्ये यदि पितुरुपरम : स्यात्तदा न पूर्वशेषेण शुद्धि :, किन्तु पितु : प्रयाणनिमित्ताशौचकालेनैव शुद्धि : कार्या ।

५. (क) पित्राशौचमध्ये मातृमृतौ पित्राशौचान्ते मातु : पक्षिणीमधिकां कुर्यादिति । नि.सि.पृ.७१८
(ख) तथा पितु : प्रयाणनिमित्ताशौचमध्ये मातरी स्वर्यातायामपि न पूर्वशेषमात्राच्छुद्धि : किन्तु पूर्वाशौचं समाप्य उपरि पक्षिणी क्षिपेत् । ध.सि.पृ. ८७६ टी. ४

६. दशमरात्रौ तद्रात्रि चतुर्थयामे वा मातृमरणादौ तु द्विरात्र त्रिरात्रावेव न पक्षिणी । ध.सि.पृ. ८७७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आद्यश्राद्ध, शय्यादान र वृषोत्सर्ग आदि कुनै पनि क्रिया रोकिँदैनन् ।[1] आमाको एकादशाह पक्षिण्यादि आशौच सकिएको भोलिपल्ट र सपिण्डीकरण त्यसको भोलिपल्ट बाबु आमा दुवैको एकै दिन गर्नुपर्छ । क्रियाकर्ता दुवैको एउटै हुने हुँदा आमाको दशाहादि र बाबुको एकादशाहादि क्रिया कर्मकाल मुख्य र गौण मिलाएर गर्नुपर्ने हुन्छ । पातित्य र आत्महत्यादि दोष-दुषित बाबुको मरण भएको दशरात्र भित्र दोषहीन अवस्थाकी आमाको मृत्यु भएमा भने पक्षिणी र द्विति रात्रको नियम लाग्दैन पुरै बार्नुपर्छ ।[2]

बाबुआमाको एकै दिन मृत्यु भएमा

बाबु आमाको एकै दिन मृत्यु भयो र एकै पटक जलाउन मिल्ने स्थिति भयो भने एउटै चितामा जलाईदिंदा पनि हुने नै देखिन्छ । सङ्कल्प मन्त्रादिमा भने द्विवचन नै पार्नुपर्छ । अग्नि दुवैलाई उही हुन्छ । पिण्डदान उदकदानादि अलग अलग गर्नुपर्छ । पिण्डवेदी एउटै हुन्छ ।[3]

बाबुआमाको आशौचमा सपिण्डाशौच परेमा

बाबु वा आमाको आशौचको बीचमा सपिण्ड दाजुभाईको आशौच पर्न गएमा आफ्ना बाबु वा आमाको एघार दिनसम्मको क्रिया सरासर गर्नुपर्छ रोक्न हुँदैन । कसै कसैले दश दिनसम्मको क्रिया गर्ने एघार दिनदेखिका क्रिया भने सपिण्डाशौच सकिएपछि मात्र गर्ने गरेको पनि पाइएको छ तर त्यसो गर्नु शास्त्र अनुकुल हुँदैन । शास्त्रले अशुद्ध नै भएपनि आद्यश्राद्ध एघारै दिनको दिन गर्नुपर्ने स्पष्ट विधान गरेको छ ।[4] आद्यश्राद्ध एघारै दिनमा गर्नुपर्ने भएपछि त्यस दिनमा गरिने सय्यादान वृषोत्सर्गादि सबै क्रिया त्यसै दिन हुने नै देखिन्छ । द्वादशाह (सपिण्डी) र त्रयोदशाह भने सपिण्डाशौच सकिए पछि मात्र गर्नुपर्छ ।

बाबुको आशौचमा आमा सुत्केरी भएमा

बाबुको आशौच भित्र आमा सुत्केरी भइन भने दश दिनसम्मकोक्रिया सरासर गर्नुपर्छ ।एकादशाह द्वादशाहादि क्रिया भने सूतक चोखिए पछि मात्र गर्नुपर्छ भन्ने कुरा महर्षि वसिष्ठले ठोकुवा नै गरेका छन् ।[5] त्यस्तो परेमा हामीले व्यवहारमा पनि त्यसै गर्नुपर्ने हुन्छ ।

बाबु आमाको आशौचमा पत्नी सुत्केरी भएमा

बाबु वा आमाको क्रिया गर्न लागेको बखत पत्नी सुत्केरी भइन भने पिण्डदानादि क्रिया अरु छोराले गर्नुपर्छ ।[6] अरु छोरा नभएमा प्रतिनिधिद्वारा गराउँदा पनि शास्त्रसम्मत नैहुने देखिन्छ । अरु छोरा नभएको र पत्नी सुत्केरी हुने वा अरु नै कुनै कारणबाट रोकतोक हुन सक्ने सम्भावना रहेमा एक्लो क्रियापुत्रीले क्रियाको शुरुमा नै अर्को कुनै साथी लिएर क्रिया बस्नु वेश हुन्छ । बीचमा क्रियाकर्ता माथि पत्नी सुत्केरी हुने वा आफैं अस्वस्थ हुने जस्ता कुनै विघ्न वाधा

---

१. आशौचस्य ह्रासेपि पिण्ड दद्यात्दशैव तु ।
त्र्यहाशौचे प्रदातव्य : प्रथमेह्नयेक एव हि ।
द्वितिये ऽ हनि चत्वारस्तृतीये पञ्च चैव हि ॥
त्र्यहाशौचे ऽ पि दातव्या स्त्रय : पिण्डा : समाहितै : ।
द्वितिये चतुरों दद्यादस्थि सञ्चयनं तथा ॥
स्त्रींस्तु दद्यात् तृतियेह्नि वस्त्रादि क्षलयेत्तत : । नि.सि.पृ. ७७६, ७७७
(क) आद्यं श्राद्धमशुद्धो ऽ पि कुर्यादेकादशे ऽ हनि ।
कर्तुस्तात्कालिकी शुद्धिरशुद्ध : पुनरेव स : ॥ मिता. (या. १।२५६)
(ख) उवं वृषोत्सर्गशय्याादानादावपि देवयाज्ञिकेन त्वाशौचान्तरेपि भवत्येवेत्युक्तम् । नि.सि.पृ. ७२०
मातृयां ऽ धिका पक्षिणी तन्मध्ये पितुर्महैको दृष्टश्राद्धं वृषोत्सर्गं शय्यादानादिकं च कुर्यात् । ध.सि.पृ. ८७८
(ग) आद्यश्राद्धको साथै वृषोत्सर्गादि पनि गर्न हुन्छ भन्ने कुराको अन्य प्रमाण "एघारौमा अर्को आशौच परेमा" शिपृकमा पनि दिइएको छ ।

२. अत्राशुद्धवित्युक्तं रात्महादे : पितुराशौचाभावान्मातृमरणे नपक्षिणी, किन्तु पूर्णमेवाशौचम् । नि.सि.पृ. ७१८

३. मृतेभर्तरी तद् दाहात्पप्राक् पत्नी म्रियते यदि । पत्न्यां वा प्राक् प्रमिताया दाहादर्वाक् पतिर्मृत : ॥
तत्र तन्त्रेण दाह : स्यान्मन्त्रेषु द्वित्वमूह्यते । नि.सि.पृ.७७०

४. आद्य श्राद्धमशुद्धो ऽ पि कुर्यादेकादशे ऽ हनि । नि.सि.पृ.७८९

५. पितुर्दशाहमध्ये तु मातु : स्यात्प्रसवो यदि ।
पिण्डोदकक्रियां कुर्याच्छ्राद्धं चात्रविवर्जयेत् ।
श्रादम्-एकादशाहादिकम् । शु.च. (प.श्लो.१८)

६. पित्रोर्दशाहमध्ये तु भार्याया : पैशवो यदि ।
इतरेण च पुत्रेण कर्तव्याश्चोदकक्रिया : ॥ शु.च. (प.श्लो. १८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिहालेमा प्रतिनिधिको रुपमा उसैद्वारा क्रिया गराउन सकिन्छ । जसले दाहसंस्कार गर्छ त्यसैले पिण्डदानादि सबै क्रिया पनि गर्नुपर्छ भनिएको हुँदा[1] प्रतिनिधिद्वारा कसरी ? भन्ने प्रश्न पनि यहाँ उठ्न सक्छ तर सामान्य स्थितिमा मात्र यो वचन सार्थक हुने हो पतनी सुत्केरी हुने जस्ता विशेष परिस्थिति पर्न गएमा प्रतिनिधिबाट पनि गराउन सकिने शास्त्रीय निर्णय रहेकोछ ।[2]

अतिक्रान्ताशौच

दश दिन वितिसके पछि जननाशौच सुनेमा

जननाशौच होसर वा मरणाशौच दश दिन वितिसके पछि सुनियो भने त्यस्तो आशौचलाई अतिक्रानताशौच भनिन्छ । जननमा अतिक्रान्ताशौच कसैले पनि बार्नु पर्दैन । पत्नी सुत्केरी भएमा भने पतिले दश दिन वितिसके पछि पनि जहिलेसुकै सुने तापनि छोरा वा छोरी जे जन्मेको भए पनि जनन निमित्तक सचैल स्नान गर्नैपर्छ ।[3]

बाबु आमाको अतिक्रान्ताशौच

दश दिन भित्र बाबु आमाको आशौच सुनेमा छोराहरु बाँकी दिनले शुद्ध हुन्छन् । पिण्डोदकदानादि दशगात्र क्रिया पनि तिनै बाँकी दिनमा सक्नुपर्छ ।[4] दश दिन वितिसके पछि सुनेमा भने सुनेकै दिनदेखि दश दिन पुरै बार्नुपर्छ । दशाहादि क्रिया अरु छोराले गरिसकेको रहेछ भने पछि थाहा पाउनेले पुन : दोहोऱ्याएर गर्न हुँदैन । ठाडो आशौच मात्र बार्नुपर्छ । यदि कसैले पनि क्रिया गरेको रहेनछ भने दशगात्रादि, एकादशाहादि सबै क्रिया गर्नुपर्छ । अरु छोराले सपिण्डीसम्मका सबै क्रिया गरिसके पछि जेठो छोराले थाहा पायो भने दश दिनसम्म अञ्जलि दान मात्र दिई आशौच वार्ने र एघारौंको दिन पुन : सपिण्डी गर्नुपर्ने शास्त्रीय व्यवस्था छ । एघार दिनसम्मका क्रिया भने दोहोऱ्याउन हुँदैन । उदकदान दिंदा र पुन : सपिण्डी गर्दा प्रेत शब्दको उच्चारण गर्न पाईदैन ।[5]

पति पत्नीको अतिक्रान्ताशौच

पतिको पत्नीले पत्नीको पतिले परस्परमा मृत्यु भएको दश दिन बितिसके पछि सुने पनि बाबु आमाको जस्तै सुनेको दिनदेखि दश दिन पुरै वार्नुपर्छ । त्यस्तै सवर्ण सौताको पनि ।[6]

सौतिनी आमाको अतिक्रान्ताशौच

सवर्णा सौतिनी आमा मरेको दश दिन भित्र सुनेमा बाँकी दिनले र दश दिन वितिसके पछि जहिले सुकै सुने तापनि सापत्न पुत्रहरु तीन दिनले शुद्ध हुन्छन् ।[7]

औरस छोराको अतिक्रान्ताशौच

उपनीत औरस छोराको मृत्यु भएको दश दिन पछि जहिले सुने पनि उसको मरण निमित्तक आशौच बाबु आमाले तीन दिन बार्नु पर्ने हुन्छ ।[8]

---

१. यश्चाग्नि दाता प्रेतस्य पिण्डं दद्यात् स एवहि ।

२. एवं क्रिया प्रवृतानां यदि कश्चिद् विपद्यते ।
तद् वन्धुना क्रियाकार्या सर्वै वां सहकारिभि : ॥ नि.सि.पृ. ७७६

३. निर्दशं ज्ञातिमरणं श्रुत्वा पुत्रस्य जन्म च ।
सवासा जलमाप्लुत्य शुद्धो भवति मानव : ॥ मनु : ५।७७

४. विगतं तु विदेशस्थं श्रृणुयाद्योह्यनिर्दशम् ।
यच्छेपं दशरात्रस्य तावदेवाशुचिर्भवेत् । मनु : ५।७५

५. (क) दशरात्रे व्यतिते तु तया चैवौर्ध्वदेहिकम् ।
पुत्र : कुर्यादशौचं तु दशरात्रमिति स्थिति : ॥ शु.च. (ष श्लो ३३)
(ख) विदेशस्थेन ज्येष्ठेन पुन : कार्यम्- यवीयसा कृतं कर्म प्रेतशब्दं विहाय तु ।
तज्जायसापि कर्तव्यं सपिण्डीकरणं पुन : । नि.सि.पृ. ८१२
(ग) अतो ऽनधिकारिणा भ्रात्रादिना कृतमप्यकृतमेवेति पुनरावर्तनी यम् । अतस्तदपि कनिष्ठककृतमावर्तते । नि सि पृ ५०४

६. मातृपितृमरणे दूरदेशे ऽ पि संवत्सरोर्ध्वमपि पुत्रो दशाहादिकं पूर्णमाशौचं कुर्यात् । स्त्रीपुसयो : परस्परं सपत्नीषु चैवम्, इति । ध.सि.पृ. ८७० टि. १

७. सापत्नमातुर्मरणे पुत्रस्य दशाहोर्ध्वं देशकालानपेक्ष त्रिरात्रम् । ध.सि.पृ ८।८६९

८. औरस पुत्रमृतौ मातापित्रोर्वत्सरान्तरे ऽ पि त्रिरात्रम् । ध सि पृ ८६९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवाहिता छोरीलाई बाबु आमाको अतिक्रान्ताशौच

विवाहिता छोरीले बाबु आमाको आशौच तीन दिन बार्नु पर्ने हो । बाबु आमाको मृत्यु भएको तीनदिन बितिसके पछि छोरीको निम्ति सो आशौच अतिक्रान्त हुन्छ । तथापि दश दिन भित्र सुनेमा पनि तीन दिन नै बानुपर्छ । दश दिन पछि जहिले सुने पनि पक्षिणी बार्नु पर्ने कुरा धर्म सिन्धुकारले स्पष्ट उल्लेख गरेका छन् ।[१]

अनुपनीतादि सपिण्डको र मातुलादिको अतिक्रान्ताशौच

सपिण्डी भित्रका बालबालिकाको, त्यस्तै विवाहिता दिदीबहिनी उनका सहोदर र सापत्न दाजुभाइ, मातुल मातुली, भानिज भाञ्जी, मातामह मातामही, दौहित्र दौहित्री, आत्मबान्धव, पितृबान्धव, मातृबान्धव आदि सम्पूर्ण असगोत्र सवर्ण सपिण्डको र गुरु शिष्य आचार्य मित्र श्रोत्रिय आदि परगोत्रीहरुको पनि अतिक्रान्ताशौच लाग्दैन ।[२] माथिका नातेदारहरुमा तीन दिन पक्षिणी आदि जसको जति दिन आशौच हुने हो मृत्यु भएको दिन देखि त्यति दिन नाघेमा आशौच अतिक्रान्त हुन जान्छ , जस्तै भानिजलाई साधारणतया मामाको आशौच तीन दिन लाग्ने हो, तर सो आशौच मरण भएकै दिन सुनेमा मात्र तीन दिन पुग्ने हो, यदि मरेको दोश्रो दिनमा सुनेमा दुई दिन र तेश्रो दिनमा सुनेमा एक दिन मात्र बार्दा पुग्ने हुन्छ, तेश्रो दिन पनि बितिसके पछि सुनेमा त बार्नै पर्दैन । मरण निमित्तक स्नान भने गर्नै पर्ने हुन्छ । तीन दिन पक्षिणी र एक दिन आशौच लाग्ने सबैमा आतिक्रान्ताशौचमा यही नै नियम लाग्ने कुरा निर्विवाद छ ।

सोदक र सगोत्रको अतिक्रान्ताशौच

सोदकको तीन दिन र सगोत्रको एक दिन आशौच हुने हो, मरेको दिन देखि उक्त दिन भित्र भएमा मात्र सो आशौच हुन्छ । उक्त दिन नाघे पछि दश दिन भित्रै भए पनि बार्नु पर्दैन । स्नान मात्र गरे पुग्छ ।[३]

सपिण्डको अतिक्रान्ताशौच

सपिण्डी भित्रका दाजुभाइको आशौच मृत्यु भएकै दिन सुनेमा दश दिन बार्नु पर्ने हुन्छ भने बीचमा सुनेमा बाँकी दिन मात्र बार्दा पुग्ने हुन्छ । दश दिन बितिसके पछि तीन महिना भित्र सुनेमा तीन दिन, तीन महिना पछि छ महिना भित्र पक्षिणी, छ महिना पछि नौ महिना भित्र सुनेमा एक दिन बार्नुपर्छ । नौ महिना बितिसके पछि जहिले सुने पनि स्नान मात्र गरे हुन्छ ।[४] यो आशौच स्वदेशमा मृत्यु भएमा मात्र हो । देशान्तरमा मृत्यु भएको छ भने त तीन महिना भित्रै भए पनि स्नान मात्र गर्दा पुग्ने हुन्छ ।[५]

तीन दिन बार्नु पर्ने अतिक्रान्ताशौच

सपिण्ड दाजुभाइको मरण भएको कुरा दश दिन बितिसके पछि सुनियो, तर कारणवश लाश जलाएको रहेनछ भने जहिले जलाए पनि जलाएको दिन देखि तीन दिन आशौच बार्नुपर्छ ।[६] लाश नपाई दश दिन पछि पर्णशरदाह गरे पनि जूठो तीन दिननै हुन्छ । लाश नजलाएको स्थितिमा तीन महिना भित्र सुनेमा तीन दिन, छ महिना भित्रमा पक्षिणी, नौ महिना भित्रमा एक दिन भन्ने माथिको नियम लाग्दैन ।

देशान्तरमा मृत्यु हुंदा पनि अतिक्रान्ताशौच कम नहुने

देशान्तरको परिभाषा भित्र पर्ने तर अगम्य चाहिं नभएको देशमा मर्नुलाई कुनै दोष मानिदैन तापनि टाढा भएको कारणले काशी प्रयागादि तीर्थमा मर्ने उद्धेश्यले गएको भए पनि सपिण्डको अतिक्रान्ताशौच बार्नै नपर्ने स्नान मात्र गर्दा पुग्ने हुन्छ, यो कुरा माथि नै स्पष्ट देखाइसकिएको छ । तर बाबु, आमा, सौतेनीआमा, पति, पत्नी, सौता र उपनीत औरस

---

१. तत्रोढकन्याया : पित्रोर्मरणे त्रिरात्रे ऽ तिक्रान्ते ऽ पि दशाहान्तस्त्र्यहम्, तदूर्ध्वं वत्सरान्तरे ऽ पि पक्षिणीत्युक्तम् । ध सि पृ.८६८

२. मृताशौचे ऽ प्यनुपनीतमरणादिनिमित्तेषु त्रिरात्रैकरात्रेषु मातुलादिपरगोत्रीयमरणनिमित्तकेषु पक्षिणी त्रिरात्रादिषु चातिक्रान्ताशौचं नास्ती । ध.सि.पृ ८६८

३. एवं सोदकादिविषये त्रिरात्रादिष्वतिक्रान्ताशौचं न । त्रिरात्राद्युत्तरं तु दशाहन्यूनाशौचानां दशाहमध्ये ज्ञाने ऽ पि नातिक्रान्ताशौच किन्तु स्नानमात्रम् । ध नि.पृ. ८६९

४. (क) मासत्रये त्रिरात्रं स्यात्षण्मासात्पक्षिणी भवेत् ।
अहस्तु नवमादर्वागूर्ध्वं स्नानेन शुद्ध्यति । मिता (या ३।२१)
(ख) अतिक्रान्ते दशाहे च त्रिरात्रअशुचिर्भवेत् ।
संवत्सरे व्यतितेतु स्पृष्टैवापो विशुद्ध्यति ॥ मनु : ५।७६

५. देशानतरगत : कश्चित् सगोत्र : श्रूयते यदि ।
न त्रिरात्रमहोरात्रं सद्य : स्नात्वा शुचिर्भवेत् ॥ परा. ३।११, ष.शी. ६१

६. आशौचस्य ग्रहो येषां पूर्वं ना ऽ भूत्तु गोत्रिणाम् ।
अनेकाब्दान्तराये ऽ पि दाहादि त्रिदिनं समम् । ष.शी. ६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोराको मृत्यु भने देशान्तरमानै हुंदा पनि अतिक्रान्ताशौच कम हुँदैन । माथि उनीहरुको अतिक्रान्ताशौचमा उल्लेख अनुसारनै बार्नुपर्छ ।[1]

देशान्तर लक्षण

केही आचार्यले भाषा फरक भएमा देशान्तर मात्रु पर्ने कुरा गरेका छन् भने केहीले समुद्रसँग सीधै सम्वन्ध भएका महानदीले व्यवधान गरेमा देशान्तर हुन्छ भनेका छन्, अन्य केहीले ठूलो पर्वतले छेकेमा वा तीस योजन (१२० कोश) टाढा भएमा देशान्तर हुने धारणा राखेका छन् । कसैले देशान्तर हुनको निम्ति उक्त सवै कुरा मिल्नु पर्छ भनेका छन् भने कसैको चाहिं उक्त भाषा भेदादिमा दुई कुरा मिल्नै पर्ने भन्ने आशय रहेको पाइन्छ । त्यस्तै दूरीको विषयमा पनि कोही साठी, कोही चालीस, 'कोही तीस योजन हुनुपर्छ भन्छन् । यसो हुँदा देशान्तरको वारेमा शास्त्र प्रयोजकहरुले मतैक्य देखाएको पाईंदैन तापनि हामीले देशान्तरको निधो गर्दा साठी योजन (२४० कोश) टाढा र अर्काको देश पनि हुनुपर्ने कुरालाई नै लिनुपर्छ ।[2]

वालाशौच

दाँत नउम्रदैको शिशु मरेमा

नामकर्म गरिएको दाँत नउम्रदैको शिशु मरेमा त्यसलाई शुद्ध स्थलमा लगी गाड्नुपर्छ । लास छुनेले स्नान गर्नुपर्छ । यस अवस्थाको बालकको आशौचको सम्वन्धमा शास्त्रकारहरुले एकमत देखाएका छैनन् तापनि शास्त्रको आशय बुझ्दा बाबु आमाले अहोरात्र बार्दा र सपिण्डले स्नान मात्र गर्दा पुग्ने देखिन्छ ।[3] मृत्यु भएको दोश्रो दिनमा गृहशुद्धि गरी मृतबालकको निमित्त उपयुक्त वस्त्रादिको साथै दूध दान गर्नुपर्छ । उदक दानादिहरु केही गर्नु पर्दैन ।[4]

दाँत आइसकेको दुई वर्ष ननाघेको बालक मरेमा

दाँत उम्रिसकेको दुई वर्ष भने ननाघेको बालकको मृत्यु हुँदा दाहसंस्कार गर्ने र नगर्ने दुवै विधान पाइन्छ । पहिलो वा तेश्रो वर्षमा चूडाकर्म गर्नु पर्ने शास्त्रीय विधान छ तापनि हाम्रो नेपालमा सो अवधिमा चूडाकर्म गर्ने चलन त्यति देखिदैन, एकैचोटी उपनयन कालमानै गर्ने गरेको पाइन्छ । त्यसो हुँदा पहिलो वर्षमा चूडा नगरिएको दुई वर्षसम्मको वालक मरेमा दाह गर्नु पर्दैन, शुद्ध भूमिमा गाडिदिनु पर्छ ।[5] यस्ताको आशौच बाबु आमाले तीन दिन बार्नुपर्छ, सपिण्डले केवल स्नान गरे हुन्छ । पिण्डोदकदानादि केही गर्नु पर्दैन ।[6] बालक जीवित छँदा उसको निम्ति चाहिने भक्ष्यभोज्यपेयादि पदार्थ र वस्त्राभूषणादि दान गर्नुको साथै गृहशुद्धि गर्नुपर्छ । मृत बालक समान उमेरका विप्रबालक बोलाई दानदक्षिणा दिई भोजन गराउनु बेश हुन्छ ।

दुई वर्ष माथिको बालक मरेमा

दुई वर्ष पुगेर तीन वर्ष लागेको व्रतबन्ध नगरेसम्मको बालक मरेमा चूडाकर्म गरेको होस् वा नगरेकै भए पनि दाहसँस्कार (जलाउने काम) गर्नै पर्छ । जलाई सके पछि पिण्डदान अञ्जलिदान आदि क्रिया पनि गर्नै पर्ने हुन्छ । क्रिया गर्दा मन्त्र र कुश बिना गर्नुपर्छ ।[7] बालक जीवित छँदा उसको निमित्त आवश्यक पर्ने खाने पिउने लगाउने ओढ्ने

---

१. (क) देशकालादि भेदे ऽ पि माता पित्रोर्मृति श्रुतौ ।
श्रवणादि दशाहान्तं निर्दशत्व इति स्थिति : ॥ ष.शी. ३६
(ख) सम्बत्सरेव्यतिक्रान्ते सवर्णस्त्रीमृति श्रुतौ ।
भर्तु : सम्पूर्णमाशौचं सपत्न्योश्च परस्परम् ॥ शु.च. (ष.३६)

२. (क) भाषाभेदो महानद्या व्यवधान मथा ऽ द्रिणा ।
त्रिंशद्योजन दूरं वा प्रत्येकं देशभेदका : ॥ ष.शी.३७
(ख) महानद्यन्तरं यत्र गिरिर्वा व्यवधायक : ।
वाचोयत्र विभिद्यन्ते तद्देशान्तर मुच्यते ॥
देशान्तरं वदन्त्येके षष्टियोजनमायतम्
चत्वारिंशद् वदन्त्यन्ये त्रिंशदन्ये तथैव च ॥

३. "एकाहो दन्तजन्मन : प्राक् अजातदन्ते बाले प्रेते सद्य एव, नस्यादग्निसंस्कारो नोदकक्रिया" इति । शु.च. (ष.४१)

४. गर्भे नष्टे क्रिया नास्ति दुग्धं देयं शिशौ मृते । ध.सि.पृ. ८५९ टि. २

५. उनद्विवर्ष निखनेन्नकुर्यादुदकं तत : । या. ३१

६. उनद्विवार्षिकं प्रेतं निदध्युर्बान्धवा वहि : ।
अलङ्कृत्य शूचौ भूमावस्थिसञ्चयनादृते ॥
नास्यकार्यो ऽ ग्नि संस्कारो नापिकार्योदवकक्रिया ।
अरण्ये काष्ठवत्त्यक्त्वा क्षिपेयुस्त्र्यहमेव तु ॥ मनु : ५।६८-६९

७. तूष्णीमेवोदकं कूर्यात्तूष्णी संस्कारमेव च । ध.सि.पृ. ८५७ टी १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओच्छ्याउने आदि सबै कुरा यथाशक्ति दान गर्नुपर्छ । समान उमेरका ब्राह्मण बालकलाई दक्षिणा दिई भोजन गराउनु राम्रो हुन्छ । यस्ताको आशौच बाबु आमालाई तीन दिन,[१] सपिण्डलाई एक दिन लाग्छ । चूडा गरेको रहेछ भने सपिण्डले पनि तीन दिन नै बार्नुपर्छ । सोदकले स्नान मात्र गरे हुन्छ । नामकर्म गरेदेखि व्रतवन्ध नगरेसम्मका ब्राह्मणादि तीनै वर्णका बालकको मृत्युमा दान प्रदान र आशौचमा पनि कुनै फरक पर्दैन, सबैको उस्तै हुन्छ । शूद्रबालकको मरणमा भने केही फरक हुन्छ, सो तल देखाइने छ ।

बालिकाको मृत्यु भएमा

न्वारन गरेपछि दाँत नउम्रदैका द्विज जातिका बालिकाको मृत्यु भएमा बाबु आमालाई एक दिन आशौच लाग्छ, सपिण्डलाई लाग्दैन । दाँत उम्रेका तीन वर्ष ननाघेका कन्याको आशौच बाबु आमालाई तीन दिन लाग्छ भने सपिण्डले स्नान मात्र गर्नुपर्छ ।[२] कन्याको सापिण्ड्य पितृपक्षमा तीन पुस्तासम्म मात्र हुने हुँदा तिनलाई मात्र आशौच लाग्छ ।[३] तीन वर्ष नाघेका जतिसुकै वर्षका भए पनि अविवाहिता द्विजकन्या मरेमा दाहसँस्कार उदकदान पिण्डदानादि सबै क्रिया गर्नुपर्छ । क्रिया गर्दा मन्त्रोच्चारण र कुशको प्रयोग भने गर्न हुँदैन । यस्ता कन्याको आशौच बाबु आमाले तीन दिन र सपिण्डले एक दिन बार्नुपर्छ ।[४] दान प्रदान बालक मरेमा जस्तै उमेरको आधारमा सबै गर्नुपर्छ । भोजन भने पाएसम्म उमेर मिल्ने कन्यालाई नै गराउनु राम्रो हुन्छ ।

वाग्दत्ता कन्या मरेमा

वाग्दान गरेको विवाह भने गर्न नभ्याएको अवस्थामा कन्याको मृत्यु भएमा पितृपक्षका र वरपक्षका सपिण्ड र बाबु आमा सबैलाई तीन दिन आशौच लाग्छ ।[५] त्यस्ती कन्याको सापिण्ड्य पितृपक्षमा तीन पुस्तासम्म[६] र वरपक्षमा सातपुस्तासम्म नै हुन्छ । दाहादि सम्पूर्ण और्ध्वदेहिक क्रिया भने वाग्दत्ता कन्यामा वरपक्षको गोत्र प्राप्ति भइनसक्ने भएकोले पितृपक्षले नै गर्नुपर्ने हुन्छ ।

शूद्रबालक मरेमा

तिन वर्षसम्मको शूद्रबालकको मृत्यु भएमा उसको आशौच बाबु आमा र सपिण्डलाई द्विज बालकको जस्तै हुन्छ । शूद्रको उपनयन नहुने हुँदा उपनयन स्थानिय सँस्कार विवाहलाई नै मान्नु पर्छ । तीन वर्ष नाघेको विवाह नगरेसम्मको वा सोह्र वर्ष नपुगेसम्मको शूद्र मरेमा बाबु आमा र सपिण्ड सबैले तीन दिन आशौच बार्नुपर्छ । शूद्रको विवाह गर्ने अन्तिमकाल सोह्र वर्ष नै हो सो अवधि पुगेपछि विवाह गरेको होस् वा नगरेकै भए पनि जात्याशौच मान्नुपर्छ । शूद्र जातिको आशौच युगान्तरमा एक महिनाको हुने हो, तर कलिमा सबै वर्णको आशौच समान हुने हुँदा शूद्रको पनि दश दिन नै हुन्छ ।[७]

असगोत्र सपिण्डाशौच

विवाहिता छोरीको आशौच

विवाहिता छोरीको मरण बाबुको खाने बस्ने पाठपूजा गर्ने मुख्य घरमानै भएमा उनको आशौच बाबु, आमा र सौतिनी आमालाई दश दिन, सहोदर र सौताने दाजु भाइलाई तीन दिन, भिन्न भई त्यसै घरमा बसेका जेठा कान्छा बाबु र जेठी कान्छी आमा आदि सपिण्डलाई अहोरात्र लाग्छ ।[८] माइत गएको बखत बाबुको मूख्य घर बाहेक अन्यत्र मृत्यु भएमा बाबु आमा र सौतिनी आमालाई तीन दिन,[९] सहोदर र सापत्न दाजुभाइलाई पक्षिणी, बाबुको सहोदर दाजुभाइ र उनका पत्नीहरुलाई अहोरात्र आशौच लाग्छ ।[१०] माइतमा बाहेक अन्यत्र जहाँ सुकै मरे तापनि बाबु, आमा र सौतेनी

---

१. दन्तजाते ऽ नुजाते च कृतचूडे च सस्थिते ।
अग्निसंस्करणे तेषां त्रिरात्रमशुचिर्भवेत् । पारा. ३।१७

२. आजन्मर्नस्तु चौलान्तं कन्यायदि विपद्यते ।
सद्य : शौचं भवेत्तत्र सर्ववर्णेषु नित्यश : । ध.सि.पृ. ८५९ टी. ३

३. अप्रत्तानां तु स्त्रीणां त्रिपुरुषी विज्ञायते, इति। सापिण्ड्यं च कन्यानां त्रिपुरुषपर्यन्तमेव । मिता. (या. ३।२४)

४. कन्याया वर्षत्रयानन्तरं वाग्दानात् प्राङ्मरणे त्रिपुरुषसपिण्डानामेकाह :, मातापित्रोस्त्रिदिनम् । ध.सि.पृ. ८५९

५. वाग्दानोत्तरं विवाहात् पाक् कन्यामरणे पितृसपिण्डानां भर्तृसपिण्डानाञ्च त्रिदिनम् । ध.सि.पृ. ८५९

६. विवाहात् प्राक्तु सापिण्ड्यं त्रिपुरुषमितिस्थिति : । प.शी. ४६

७. (क) तथा च त्रिवर्षोर्ध्व विवाहपर्यन्तं तदभावे षोडश वर्षपर्यन्तं वा शूद्रस्य मरणे त्रिदिनं तदूर्ध्वं जात्याशौचम् । ध.सि.पृ.८५९
(ख) अनूढभार्य : शूद्रस्तु षोडशाद्वत्सरात्परम् ।
मृत्युंसमधिगच्छेच्चेन्मासाच्छुद्ध्यन्ति बान्धवा : ॥ प.श्लो. ६४

८. प्रधानगृहमरणेतु पित्रो : सम्पूर्णम्, भातृणां त्रिरात्रम्, अन्येषामहोरात्रमिति । शु.च. (प।श्लो. ४७)

९. गृहेमृतासु दत्तासु कन्यकासु त्र्यहं तथा । कृत्य. त.शु. का.पृ. ४०

१०. दत्तानारी पितुर्गेहे सूयते म्रियते ऽ थ वा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमाले तीन दिन आशौच बार्नुपर्छ ।[1]

विवाहिता छोरीलाई बाबु आमाको आशौच

विवाहिता छोरीले बाबु आमा र सौतिनी आमाको आशौच तीन दिन बार्नुपर्छ ।[2] बाबु आमाकै घरमा बसेकी भए वा आशौच परेको समयमा मात्र बस्ने खाने गरेकी भए पनि त्यस्ती छोरीले दशै दिन बार्नुपर्छ ।[3] जेठा कान्छा बाबु आदि आफ्ना बाबुका सहोदरको र उनीहरुकका पत्नीहरुको आशौचमा भने विवाहिता भतिजीले स्नान मात्र गरे पुग्छ, त्यस्तै भतिजीको मृत्युमा उनीहरुले पनि ।[4]

दिदी बहिनी र दाजुभाइमा आशौच

दाजुभाइको घरमा दिदी बहिनीको मृत्यु भएमा दाजुभाइ र भाउजू बुहारीलाई पनि तीन दिन, त्यस्तै दिदी बहिनीको घरमा दाजुभाइको मरण भएमा पनि दिदी बहिनी र भिनाजु ज्वाईलाई पनि तीन दिन नै आशौच लाग्छ ।[5] अन्यत्र मरेमा भने दिदी बहिनीको दाजुभाइलाई र दाजुभाईको दिदी बहिनीलाई परस्परमा पक्षिणी आशौच लाग्छ ।[6] यिनको मृत्यु देशानतरमा भएमा परस्परमा एक दिन । यिनीहरु अत्यन्त निर्गुण र निर्दयी छन् भने एकै गाउँमा भए पनि एकले अर्काको आशौचमा स्नान मात्र गर्दा पनि हुने देखिन्छ । सौताने दाजुभाई र दिदी बहिनीमा आफ्ना दिदी बहिनी र सापत्न दिदी बहिनीमा पनि आशौच पक्षिणी हुन्छ । यिनीहरुको मरण देशान्तरमा भयो भने परस्परमा एक दिन । यी अति निर्दयी र गुणहिन छन् भने एकै गाउँमा मृत्यु भए पनि एकले अर्काको आशौचमा स्नान मात्र गर्दा हुन्छ ।[7]

मामा भानिजको आशौच

उपनीत मामाको भानिज भाञ्जीलाई तीन दिन, अनुपनीत र देशान्तरमा मर्ने मामाको एक दिन, उपनीत सौताने मामाको पक्षिणी, अनुपनीत र विदेशमा मर्नेको एक दिन आशौच लाग्छ । उपनति भानिजको मामा माइजुलाई तीन दिन, अनुपनीत* आफ्नै र उपनीत सापत्न भानिजको पक्षिणी आशौच हुन्छ । विवाहिता भाञ्जीको मरणमा भने मामा माइजूले स्नान मात्र गर्दा पनि हुने नै देखिन्छ ।[8]

मातामहादिको आशौच

मातामह र मातामहीको आशौच दौहित्र र दौहित्रीलाई नजिकमा भए तीन दिन, टाढा भए पक्षिणी लाग्छ ।[9] उपनीत दौहित्रको मातामह मातामहीलाई तीन दिन, अनुपनीत को पक्षिणी आशौच तोकिएको छ ।[10] पितामह र पितामहीको विवाहिता नातिनीलाई तीन दिन आशौच हुन्छ । दौहित्रीको मातामह मातामहीलाई र नातिनीको पितामह पितामहीलाइ् लाग्ने आशौचको सम्बन्धमा भने शास्त्र प्रयोजकहरु त्यति स्पष्ट भएको देखिंदैन, तापनि ती दुवैमा शुक्रशोणितको नजिकको सम्बन्ध रहेको हुन्छ । अत : तिनीहरुको मृत्युमा एक दिन मात्र भने पनि आशौच बार्ने पर्ने हुन्छ ।[11]

---

१. वैजिका दभिसम्बन्धादनुरुध्नयादघं त्र्यहं । मनु : ५।६३

२. पित्रोरुपरमे स्त्रीणामूढानां तु कथं भनेत् ।
त्रिरात्रेणैव शुद्धि : स्यादित्याह भगवान् यम : । नि.सि.पृ. ६९९

३. विवाहिता छोरलाई बाबु आमाको आशोच दश दिन लाग्ने होइन, तापनि आशौच परेकै भरमा बस्ने खाने गरेमा दश दिन भनिएको हो । आशौच परेको घरमा बस्ने त्यसै घरको अन्न खाने आशौचीसंग सम्पर्क गर्ने गरेमा जोसुकैलाई पनि पूर्णाशौच हुन्छ ।
यदन्नमत्तितेषां तु दशरात्रेण शुद्धयति । मनु : ५,१०२

४. पितृव्ये स्नानमात्रमाहु : । नि.सि.पृ. ६९९

५. गृहे तस्य मृत : कश्चिदसपिण्ड : कथंचन । तस्या ऽ प्यशौचं विज्ञेयं त्रिरात्रं नात्रसंशय ॥ शु.च. (प.श्लो.५०)

६. भ्रातुर्भगिनी गृहे तस्या वा तदृगृहे मृतौ त्रिरात्रम्, अन्यत्रतु पक्षिणी भवेत् । नि.सि.पृ. ६९९

७ ग्रामान्तरे गृहे त्वेकाह :, अन्त्यन्त निर्गुणत्वे एकग्रामे ऽ पिस्नानम् । एवं सापत्नभ्रातृभगिन्योरपि । भगिनी मृतौ मगिन्या अप्येवमेवेतिभाति । ध.सि.पृ. ८६१

* "अनुपनीत" यो शब्दले उपनयन गर्ने अवस्था भइसकेको गर्न नभ्याएको भन्ने बुझाउँछ ।

८. मातुल मरणे भगिनी पुत्रस्य.... । उपकारमातुल मरणे स्वगृहे मातुल मरणे च त्रिरात्रम् उपनीत भागिनेय मरणे त्रिरात्रम् । भागिनेयी मरणे तु स्नान मात्रमिति भाति । ध सि.पृ. ८६१

९. त्र्यहंमातामहाचार्य श्रोत्रियेषु शुचिर्नर : कृ.क.शु.का.प. ४३

१०. संस्थिते पक्षिणी रात्रिं दौहित्रे भगिनीसुते ।
संस्कृते तु त्रिरात्रं स्यादिति धर्मो व्यवस्थित : । ध सि पृ. ८६२ टि. १

११. यथा मातामहाशौचं दोहित्रीणां विधियते । सम्बन्धसाम्यात्पौत्रीण तत् पितामहयो रपी अनेन च पौत्री मरणे ऽ पि दौहित्री मरणवदेवाशौचमुक्तं भवति । शु.च. (प.श्लो. ५३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सानीमा ठूलीआमा आदिको र त्रिविध बान्धवको आशौच

आफ्ना सानीमा, ठूलीआमा र फुपूहरुको, बाबुका सानीमा ठूलीआमा र फुपूहरुको, त्रिविध बान्धवको (आफ्ना सानीमा, ठूलीआमा र फुपूका छोराहरु, बाबुका सानीमा, ठूलीआमा र फुपूका छोराहरु, आमाका सानीमा, ठूलीआमा र फुपूका छोराहरु, आफ्ना मामाका छोराहरु, बाबुका मामाका छोराहरु, आमाका मामाका छोराहरु नै त्रिविध बान्धव हुन् । * मायाँ र उपकार नगर्ने आफ्ना मामाको, बाबुका मामाको र आमाका मामाको, आफ्ना, बाबुका र आमाका माइजूहरुको, आफ्नै सापत्न मातामहीको, बाबुको मातामहीको र आमाको मातामहीको पनि पक्षिणी आशौच बार्नुपर्छ । आफ्नो घरमा आएको बखत यिनीहरुको मृत्यु हुन गयो भने त तीन दिन बार्नुपर्छ ।[१]

सासू ससूरा आदिको आशौच

सासू ससूराको आशौच छोरी ज्वाइँलाई नजीकमा भए तीन दिन, टाढा भए एक दिन, पत्नीको मृत्युबाट सम्बन्ध टाढा हुन पुगेकाको पक्षिणी हुन्छ ।[२] छोरी ज्वाइँको, बहिनी ज्वाइँको, भिनाजुको, उपनीत शालाको, जेठानको, विवाहिता शालीको र जेठीसासूको एक दिन आशौच हुन्छ । पत्नीको मरणबाट टाढिन पुगेका शाला-जेठान, अनुपनीत शाला र शाला-जेठानको उपनीत छोराहरु यी सबैको मरणमा स्नान मात्र गरे हुन्छ ।[३] अनुपनीत त्रिविध बान्धवको, सौताने सासूको, फुपूका, सानीआमा ठूलीआमाका र मामाका विवाहिता छोरीहरुको जूठो एक दिन बार्नुपर्छ । सौताने फुपुको, भदाको, फुपुका, सानीमा ठूलीआमाका र मामाका विवाहिता छोरीहरुलाई त्रिविध बान्धवको सद्य : शौच हुन्छ ।[४]

धर्मपुत्रको आशौच

दत्तक छोराको अर्को नाम धर्मपुत्र हो । असगोत्रबाट लिइएको धर्मपुत्रको पूर्वापर बाबुआमालाई र पूर्वापर बाबुआमाको धर्मपुत्रलाई तीन दिन जूठो लाग्छ ।[५] पूर्वापर सपिण्डलाई धर्मपुत्रको र धर्मपुत्रका छोरा नातिको, धर्मपुत्रका छोरा नातीलाई पूर्वापर सपिण्डको पनि एक दिन जूठो लाग्छ ।[६] सवर्ण सपिण्डबाट लिइएको भए परस्परमा दुवैथरीलाई पूर्णशौच हुन्छ । सोदकबाट भए परस्परमा तीन दिन । दत्तक (धर्मपुत्र) लेनै बाबुआमाको दाहादि और्ध्वदेहिक क्रिया गरेमा उसलाई कर्माङ्गाशौच दश दिन नै लाग्छ ।

आचार्यादिको आशौच

व्रतबन्ध गराई वेद पढाउने आचार्य हुन्छन् भने गर्भाधानदेखि उपनयनसम्मका सबै क्रिया गराई वेद पढाउने वा गायत्री मन्त्र दिने गुरु मानिन्छन् ।[७] यी दुवैको मरणाशौच नजीकमा भए तीन दिन, टाढा भउ पक्षिणी हुन्छ । आचार्यका पत्नी र पुत्रको एक दिन ।[८] श्रोत्रियको नजीक भए तीन दिन, टाढा भए पक्षिणी । अध्ययनरत शिष्यको तीन दिन, अध्ययनबाट निवृत्तको पक्षिणी । यज्ञमा संलग्न ऋत्विजको तीन दिन, यज्ञ निवृत्तको पक्षिणी आशौच लाग्छ ।[९] व्याकरण

---

* त्रिविध बान्धव- आत्मपितृष्वसु : पुत्रा आत्ममातृष्वसु : सुता : ।
आत्मंमातुलपुत्राश्च विज्ञेया आत्मबान्धवा : ॥
पितु : पितृष्वसु : पुत्रा : पितुर्मातृष्वसु : सुता : ।
पितुर्मातुलपुत्राश्ंच विज्ञेया पितृबान्धवा : ॥
मातु : पितृष्वसु : पुत्रा : मातुर्मातृष्वसु : सुता : ।
मातुर्मातुलपुत्राश्च विज्ञेया मातृबान्धवा : ॥ ध.सि.पृ. ८६३

१. एवं पित्रोर्भगिन्यौ ये ये पितामहयो स्तथा : ।
ये मातामहयोश्चैव भगिन्यौ तत्प्रजाश्च या : ॥
मातुला : स्वस्य पित्रोश्च पत्न्यश्चैषां प्रजाश्चया : ।
मातरश्चेति सर्वेषु दक्षिणी स्वगृहेत्र्यहम् । प श्लो ५३-५४

२. श्वशुरयोर्भगिन्यांच मातुलान्यां च मातुले ।
पित्रो : स्वसरि तद्वच्च पक्षिणी क्षपयेत्रिशाम् ॥ मिता (या ३।२४)

३. शालके तत्सुते चैव सद्य : स्नानेन शुद्ध्यति । मिता (या ३।२४)

४. श्वश्रूश्वशुरयोर्मरणे जामातु : सन्निधौ त्रिरात्रम्, असन्निधौ तु पक्षिणी, उपकारकयोर्मरणे ...... । ध सि पृ ८६२-८६४

५. क्षेत्रजादिषु पुत्रेषु जातेष्वथ मृतेषु च । आशौचं तु त्रिरात्रं स्यात् समानामितिनिश्चय : । कृत्यक श का.पृ ५५

६. यदा तु पितुस्त्रिरात्रं तदासपिण्डानामेकरात्रम् । मिता (या ३।२५)

७. स गुरुर्य : क्रिया : कृत्वा वेदमस्मै प्रयच्छति ।
उपनीय ददद्वेदमाचार्य : स उदाहृत : ॥ या १।३४

८. त्रिरात्रमाहुराशौचमाचार्ये संस्थिते सति ।
तस्य पुत्रे च पत्न्यां च दिवारात्रमितिस्थिति : ॥ मनु : ५।८०

९. श्रोत्रिये तूपसम्पन्ते त्रिरात्रमशुचिर्भवेत् ।
मातुले पक्षिणीं रात्रिं शिष्यर्त्विग्बान्धवेषुच ॥ मनु : ५।८१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्याय, धर्मशास्त्र, ज्योतिष आदि शास्त्र पढाउने गुरुको एक दिन । सहपाठीको र सवर्ण यजमानको पक्षिणी ।[1] सवर्ण मित्रको एक दिन । कुनै असगोत्र सवर्ण आफ्नो घरमा आएको बखत मरेमा तीन दिन आशौच बार्नुपर्ने हुन्छ ।[2] ग्रामाधिपति र देशाधिपतिको मृत्युमा पनि सज्योति आशौच बार्नुपर्ने शास्त्रको निर्देश रहेको छ ।[3]

युद्धमा मर्नेको आशौच

युद्धमा पराङ्मुख नभई शूरता एवं वीरताकासाथ लडिरहेका सैनिकको शत्रुपक्षको शस्त्रास्त्र प्रहारबाट तत्काल घटना स्थलमा नै मृत्यु हुन गएमा त्यस्ता युद्धरुप यज्ञमा प्राणाहुति दिने वीर सैनिकहरु ज्योतिष्टोमादि अत्युत्कृष्ट यज्ञबाट जुन अत्युत्तम पुण्यफल प्राप्त हुन्छ त्यहीनै फलले युक्त हुन पुग्दछन् ।[4] यस्ता उच्चतम पुण्य (वीरगति) प्राप्त गर्ने सैनिकको आशौचको र और्ध्वदेहिक क्रियाको सम्बन्धमा शास्त्रप्रणेता महर्षिहरुमा मतैक्य पाईदैन तापनि हामीले बहुसमर्थित मतलाई नै आधार मान्नु पर्ने हुन्छ जस अनुसार युद्धभूमिमा नै तत्काल मर्नेको आशौच सपिण्डसमानोकादि दाजुभाइले बार्नु पर्ने देखिंदैन, स्नान मात्र गरे पुग्छ । घाइते व्यक्ति तीन दिन भित्र मरेमा एक दिन, तीन दिन पछि सात दिन भित्र मरेमा भने तीन दिन बार्नु पर्ने हुन्छ । घायल भएको सात दिनपछि त्यसै घाउको कारणबाट मरे तापनि पुरै आशौच बार्नुपर्छ । छोरा र पत्नीलाई भने यो नियम लाग्दैन, उनीहरुले युद्धमा मर्ने आफ्ना बाबु वा आमाको आशौच पुरै बार्ने र दशाहादि सबै क्रिया गर्नुको साथै यथाशक्ति दानप्रदानादि पनि गर्नुपर्छ । महाभारत युद्धमा मर्ने कर्ण, दुर्योधनादिकोपनि और्ध्वदेहिक क्रिया र दानादि सबै गरिएको स्पष्ट उल्लेख पाइन्छ ।[5]

गाउँ अशुद्ध हुने अवस्था

गाउामा कसैको पनि मृत्यु हुँदा लाश रहेसम्म त्यो गाउँनै अशुद्ध हुन्छ, त्यहाँ कुनै पनि मङ्गल कार्य गर्न हुँदैन. गाउँबाट लाश निकाले पछि भने सो गाउं स्वत : शुद्ध हुन्छ ।६ सहरमा भने यस्तो नियम लागु हुँदैन ।

गाई आदि पशु मरेमा

घरमा गाई आदि पशु मरेमा मरेको लाश रहेसम्म आशौच हुन्छ । द्विजजातिको घरमा कुकुर मरेमा त्यो घर दश दिनसम्म अशुद्ध हुन्छ ।[7]

घरमा शूद्रादिको मृत्यु भएमा

ब्राह्मण, क्षत्रिय र वैश्य द्विज जाति हुन् । यिनहिरुको घरमा शूद्रजातिको मृत्यु हुन गएमा एक महिना, पतित मरेमा दुई महिना, म्लेच्छ जाति मरेमा चार महिना आशौच हुन्छ भने चाण्डाल श्वपाक आदि जाति अन्त्य जाति मरेमा मृत्यु भएको घरनै छाडिदिनु पर्छ भन्ने शास्त्रको धारणा रहेको पाइन्छ । त्यसो हुँदा अन्त्य जाति कसैलाई पनि आफ्नो घरमा मर्न दिन हुँदैन ।[8]

---

१. पक्षिणीमसपिण्डे योनिसम्वन्धे सहाध्यायिनि च । गौ.ध.सू. २।५।१७-१८

२. त्रिरात्रमसपिण्डेषु स्वगृहे संस्थितेषु च । मिता. (गौ.ध.सू. २।५।२०)

३. प्रेते राजनि सज्योनिर्यस्य स्याद्विषये स्थित : । मनु : ५।८२
दिनमा मृत्युको खबर सुनेमा सूर्य नअस्ताएसम्म र रातमा सुनेमा उज्यालो नभएसम्म सज्योति हुन्छ । गाउंको मालिकको मरणमा सबै गाउंलेहरुले र देशको मालिकको मरणमा सम्पूर्ण देशवासीहरुले नै सज्योति आशौच बार्नुपर्ने कुरा विद्वानहरुले गरेका छन् ।

४. (क) उद्यतैराहवे शस्त्रै : क्षत्रधर्महतस्य च ।
सद्यः संतिष्ठते यज्ञ स्तथाशौचमिति स्थिति : ॥ मनु : ५।९८
(ख) द्वाविमौ पुरुषौलोके ....। परं स्थानं प्रयास्यति ॥ परा. ३।३१-३३।३।३४-३९

५. आहवेषु विपन्नानामेकरात्रमशौचकम् । परा. ३।३०
क्षतेन म्रियते यस्तु तस्याशौचं भवेद्विधा ।
आसप्ताहात्त्रिरात्रं स्याद्दशरात्रमत : परम् ॥ नि.सि.पृ ७०४
नह्यन्नमुदकं तस्य न स्नानं नाप्यशौचकम् ॥ महाभारतको यो वचनले पिण्डदान, उदकदान, आशौच आदि केही गर्नु नपर्ने भनेको पुत्रादिको अभावमा हो । छोरा पत्नी छन् भने उनीहरुले क्रियाकाष्ठा अवश्य गर्नुपर्छ ।

६. ग्राममध्यगतो यावच्छवतिष्ठति कस्यचित् । ग्रामस्य तावदाशौच निर्गते शुचितामियात् ॥ ध.सि.पृ ८६७ टि १

७. गेहे गवादि पशुमृतौ यावच्छवस्तिष्ठेत्तावदाशौचम, द्विजगृहे शुनो मृतौ गृहस्य दशरात्रमाशौचम् । ध.सि.पृ ८६७
कुकुर अशुद्ध जन्तु भएको हुंदा द्विजजातिले यसलाई पाल्नु हुंदैन भन्ने अर्थमा यो आशौच देखाइएको हो ।

८. श्वशूद्रपतिताश्चान्त्या मृताश्चेद् द्विजमन्दिरे ।
शौचंतत्र प्रवक्ष्यामि मनुना भाषितं यथा ॥
दशरात्राच्छुनि मृते मासाच्छूद्रे भवेच्छुचि : ।
द्वाभ्यां तु पतिते गेहमन्त्ये मास चतुष्टयम् ॥
अन्यन्ते वर्जयेद्गेहमित्येवं मनुरब्रवित् ॥ ध.सि.पृ. ८६७ टि. २

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विविध क्रियाशौच

विविध क्रियामा रोदन, स्पर्श, अलङ्करण, अनुगमन, वहन, दहन, पिण्डोदकदान र अन्नभक्षण यी आठ प्कारका क्रिया पर्दछन् । यी क्रियामा जुनसुकै क्रिया गरे तापनि गर्ने व्यक्तिमा आशौचको उत्पत्ति हुन्छ ।

रोदनाशौच

सम वा उत्तम वर्णको मृत्युमा अस्थिसञ्चयन पूर्व रोएमा सचैल स्नान गर्नुपर्छ, पछि रोएमा आचमन मात्र गरे पुग्छ । हीन वर्णको मृत्युमा अस्थिसञ्चयन अगाडि सचैलस्नान, पछाडि स्नान मात्र । क्षत्रिय र वैश्यको मृत्युमा अस्थिसञ्चयनपूर्व ब्राह्मणले रुने काम गरेमा सचैल स्नान गर्नुको साथै एक दिन एक रात आशौच बार्नुपर्छ , पछि रोएमा स्नान मात्रले शुद्ध हुन्छ ।[1] वैश्यको मरणमा रुने क्षत्रियलाई पनि यही नै नियम लाग्छ । शूद्को मृत्युमा अस्थिसञ्चयन अगाडि रुने ब्राह्मणलाई तीन दिन, क्षत्रिय र वैश्यलाई दुई दिन, पछाडि रुने यी तीनै वर्णलाई एक दिन आशौच लाग्छ । शूद्रको मरणमा शूद्रलाई अस्थिसञ्चयन अघि एक दिन, पछि सज्योति आशौच हुन्छ, यदि शवस्पर्श गरेको छैन भने ।[2]

स्पर्शाशौच

सवर्णको लाश दिनमा छोएमा छुने व्यक्ति तारा उदाउ पछि शुद्ध हुन्छ, रातमा छोउमा भोलिपल्ट सूर्य उदाए पछि शुद्ध हुन्छ, । आफुभनदा माथिल्लो जातको शवस्पर्श गरेमा पनि यस्तै हुन्छ । तल्लो जातको शवस्पर्श गरेमा भने शवजातीय आशौच लाग्छ ।[3]

अलङ्करणाशौच

मृतकलाई स्नान गराइ दिनु वस्त्र पहिराइ दिनु फूलमाला सिन्दुरादि लगाइ दिनु आदि कार्य अलङ्करण क्रिया भित्र पर्दछन् । यस्तो क्रिया आशौच वार्न नपर्ने कुनै पनि असपिण्डादिले प्रेतमाथि गरेमा पादकृच्छव्रत गर्नुपर्छ । अज्ञानवाट यस्तो काम भएमा प्रायशिचत्तको निम्ति उपवास वस्नु पर्ने हुन्छ । पादकृच्छादि प्रायशिचत्त गर्न अशक्त व्यक्तिले भने स्नान पञ्चगव्य प्राशन मात्र गर्दा पनि हुने नै देखिन्छ ।[4]

अनुगमनाशौच

लाश नछोइकन लाशको पछि लागेर मात्र जानुलाई अनुगमन (शवयात्रा वा मलाम) भनिन्छ । आशौच बार्नुपर्ने सपिण्डादि कसैको पनि मलाम जाँदा मलामीले मलाम गए वापत स्नानादि कुनै विशेष क्रिया गर्नु पर्दैन, आशौचीले जति गर्नुपर्ने हो त्यत्ति नै गर्दा हुन्छ । आशौच नलाग्ने मृतकको पछि लागेर जाँदा भने सचैल स्नान गर्नुको साथै अग्नि स्पर्श घृतप्राशन गरी पुनः स्नान गर्ने र प्राणायम समेत गर्ने काम पछि लाग्नेले गर्नुपर्छ । यो पनि समान वा उच्च वर्णको पछि लागेमा हो । उच्चवर्ण हीनवर्णको पछि लागेमा भने निम्न अनुसारको आशौच हुन्छ । ब्राह्मण शूद्रको पछि लाागेर मलाम गएमा तीन दिन, वैश्यको गएमा पक्षिणी, क्षत्रियको गएमा अहोरात्र अशुद्ध हुन्छ । क्षत्रिय शूद्रको मलाम गएमा पक्षिणी वैश्यको गएमा अहोरात्र, त्यस्तै वैश्य शूद्रको पछि गएमा अहोरात्र अशुद्ध हुन्छ । आशौचका दिन पुगेपछि यिनीहरुले स्नान पञ्चगव्य प्राशनको साथै प्राणायम पनि गर्नुपर्ने शास्त्रीय विधान रहेको छ ।५

वहनाशौच

लाश बोके वापत लाग्ने आशौचलाई वहनाशौच भनिन्छ । स्नेहले सजातीय लाश बोक्ने, लाश परेकै घरमा वस्ने र खाने पनि गरेमा दश दिन आशौच लाग्छ । लाश बोक्ने र त्यही घरको अन्न खाने वा लाश बोक्ने मृतककै घरमा वस्ने अन्न चाहिं नखाने गरेमा तीन दिन । लाश वोक्यो तर वस्ने खाने केही गरेन भने एक दिन आशौच लाग्छ । धन लिएर

---

१. अस्थिसञ्चयने विप्रो रौति चेत्षत्रवैश्ययो : ।
तदा स्नात : सचैलस्तु द्वितिये ऽ हनिशुद्धयति ॥
कृते तु सञ्चय विप्रः स्नानेनैव शुचिर्भवेत् । नि.सि.पृ. ७०७

२. शूद्रस्तु सञ्चयात्प्राक् विप्रस्य त्रिरात्रम्.......। नि.सि.पृ ७०७

३. दिवा शवस्पर्शे नक्षत्रदर्शना च्छुद्धिः रात्रौ शवस्पर्शे सूर्यदर्शनाच्छुद्धिः, असजातीय शवस्पर्शे शवजात्युक्तमाशौचमनुवर्तते । आ.प.पृ ५९

४. कृच्छ्रपादो ऽ सपिण्डस्य प्रेतालङ्करणे कृते ।
अज्ञानादुपवास : स्यादशक्तौ स्नानमिष्यते ॥ ध.नि.पृ ८७९ टि. ४

५. क्षत्रियं मृतमाज्ञानाद् ब्राह्मणो यो ऽ नुगच्छति ।
एकाहमशुचिर्भूत्वा पञ्चगव्येन शुद्धयति ॥
श्वञ्चौश्यमज्ञानात्......................।
..................घृतं प्राश्य विशुद्धयति ॥ परा ३।४९-५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथिल्लो जातिको लाश तल्लो जातिले र तल्लो जातिको लाश माथिल्लो जातिले बोकेमा शवजातीय आशौचको दुईगुणा आशौच बार्नुपर्छ । कलिमा सबै जातिको आशौच दश दिन हुने हुँदा त्यसको दुईगुणा बीस दिन हुन्छ ।[1] पैसा लिएर सवर्णको लाश बोकेमा बोक्ने व्यक्ति दश दिन अशुद्ध हुन्छ । धर्मार्थ अनाथ द्विज जातिको लाश बोकेमा अश्वमेधादि यज्ञ गरेको फल प्राप्त हुन्छ, सचैल स्नान अग्निस्पर्श घृतप्राशन भने शुद्धिको निम्ति गर्नै पर्छ । धर्मको निम्ति द्विज जातिले शूद्रको लाश बोक्यो भने एक दिन आशौच हुन्छ । कोही नभएको अनाथ व्यक्तिको लाश धर्मको उद्धेश्यले बोक्दा कुनै दोष लाग्दैन, बोक्ने मान्छे स्नानादिले मात्र शुद्ध हुन्छ ।[2] आपद् अवस्थामा बाहेक सामान्य स्थितिमा द्विज जातिले शूद्र जातिको र शूद्र जातिले द्विज जातिको लाश छुने बोक्ने आदि कुनै पनि गर्न हुँदैन ।

दहनाशौच

समान वा माथिल्लो जातिको शवदाह र पिण्डोदकदानादि औधर्वदेहिक क्रिया गरेमा दश दिन, प्रेमलेदाह मात्र गरेमा एक दिन, दाह गरी त्यसै घरमा बस्ने र खाने पनि गरेमा दश दिन, खाने वा बस्ने मात्र गरेमा तीन दिन आशौच बार्नुपर्छ । तल्लो जातिले माथिल्लो जातिको दाहसंस्कार गरेमा शवजातीय आशौच हुन्छ । धन लिएर समान वर्णको दाह गरेमा दश दिन, माथिल्लो वर्णको गरेमा त्यसको दुई गुणा आशौच लाग्छ । माथिल्लो वर्णले तल्ला वर्णको दाहादि क्रिया गरेमा तज्जातीय आशौच बार्नुको साथै वर्णको आधारमा दुई, तीन र चार गुणा प्रायश्चित्त पनि गर्नुपर्ने हुन्छ । धन लिएर गरेमा भने आशौच प्रायश्चित्त दुवै कुरा वर्णको आधारमा उक्त आशौच र प्रायश्चित्तको दुई गुणा गर्नुपर्छ । धर्मको उद्धेश्यले समान वा माथिल्लो जातिको दाहादि क्रिया गरेमा क्रिया सकेर स्नान मात्र गरे हुन्छ । द्विज जातिले शूद्रजातिको क्रिया भने धर्मको उद्धेश्यले पनि गर्न हुँदैन ।[3]

अन्नभक्षणाशौच

आशौच परेको घरमा आशौच नपरेको व्यक्ति यदि भोजन गर्छ भने त्यसलाई त्यहाँसम्म आशौच लाग्छ जहिलेसम्म त्यस घरको मान्छेलाई आशौच सकिँदैन । अज्ञानले खायो भने खाने व्यक्ति आफूले खाएको अन्न पेटमा रहेसम्म अशुद्ध हुन्छ । ब्राह्मणले आशौच परेको ब्राह्मणकै भरमा भोजन गरेमा एक दिन उपवास बसी दश पटक प्राणायम गरी पञ्चगव्य खानु पर्छ । क्षत्रियको घरमा खाएमा तीन दिन उपवास र बीस पटक प्राणायम, वैश्यको घरमा भए पाँच दिन उपवास साठी प्राणायम, शूद्रको घरमा खाए सात दिन उपवास र शय पटक प्राणायम गर्नुपर्छ । पञ्चगव्य प्राशन सबै प्रायश्चित्तमा अनिवार्य हुन्छ । यो प्रायश्चित्त एक पटक भोजन गरेमा हो । दुई तीन पटक गरेमा दुई गुना गर्नुपर्छ । आपत् कालमा ब्राह्मणले ब्राह्मणकै घरमा खाएमा शय, क्षत्रियको घरमा पाँचशय, वैश्यको घरमा आठशय प्राणायम गर्नुपर्छ भने शूद्रको घरमा खाएमा आठ हजार गायत्री जप्नु पर्छ । आशौच परेको थाहा छ तर आपत् परेको छ भने त्यस्तो अवस्थाम ब्राह्मणले आशौची सवर्णको घरमा खाएमा तीन पटक अघमर्षण*मन्त्र र आठ हजार गायत्री जप्नु पर्छ । क्षत्रीयको घरमा खाएमा एक दिन उपवास बसी आठ हजार गायत्री जप गर्ने, वैश्यको आशौचमा तीन दिन उपवास र आठ कजार गायत्री जप गर्नुपर्छ । आपत् नपरेको अवस्थामा आशौच परेको जानी जानी ब्राह्मणले ब्राह्मणकै घरमा खाएकोमा सान्तपन, क्षत्रियको घरमा खाएमा कृच्छ, वैश्यको घरमा खाएकोमा महासान्तपन र शूद्रको घरमा खांएमा चान्द्रायण व्रत गर्नुपर्छ । यो व्रत एक पटक खाएमा हो, पटक पटक खाएमा मासिक, द्वैमासिक, त्रैमासिक र षाण्मासिक व्रत गर्नुपर्छ । क्षत्रियले ब्राह्मणको घरमा खाएमा पाँचशय, वैश्यले क्षत्रिय र ब्राह्मणको घरम खाएमा आठशय गायत्री जप्नु पर्छ । शूद्रले द्विज जातिको घरमा खाएमा स्नान, शूद्रको घरमा खाएमा स्नान र पञ्चगव्य प्राशन पनि गर्नुपर्छ ।[4]

---

१. अवरश्चेद्वरं वर्ण वरो वाप्यवरं यदि ।
वहेच्छवं तदाशौचं द्रव्यार्थे द्विगुणं भवेत् । नि.सि.पृ. ७०५

२. प्रेतसंस्पर्श संस्कारै ब्राह्मणो नैव दुष्यति ।
वोढाचैवाग्निदाता च सद्य : स्नात्वा विशुद्ध्यति ॥
अनुगम्य शवं बुद्धया स्नात्वा स्पृष्टवा हुताशनम् ।
सर्पि : प्राश्य पुन : स्नात्वा प्राणायामैर्विशुद्ध्यति ॥ ध.सि.पृ. ८८० टि. १

३. ब्राह्मणो हीनवर्णस्य नकुर्यादौर्ध्वदेहिकम् ।
कामाल्लोभात्तथा मोहात् कृत्वातज्जातिता व्रजेत् ॥
व्रात्यानां याजनं कृत्वा परेपामन्त्य कर्म च ।
अभिचारमहीनं च त्रिभि : कृच्छैर्व्यपोहति ॥
परेपां सर्ववर्णानां, हीनेपु द्वैगुण्यत्रैगुण्यचातुर्गुण्या यूह्यम् । ध.सि.पृ. ८८१ टी. १

* अघमर्पण मन्त्र- ऋतं च सत्यं च .... ।

४. नाशौचे कस्यचिदन्नमश्नीयात्, ब्राह्मणादीनामाशौचे य : सकृदेवान्नमश्नाति तस्य तावदेवाशौचं यावत्तेषाम्, शूद्र : शूद्राशौचे स्नात : पञ्चगव्यं पिवेत् । विष्णु : २२।७-१८, नि सि पृ.७१८, ध.सि.पृ.८८३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिक्रान्ताशौचमा दोषनलाग्ने

त्रिरात्रादि अतिक्रान्ताशौच बारिरहेको व्यक्तिको घरबाट कुनै पनि द्रव्य लिई उपभोग गर्न हुन्छ आशौचको दोष लाग्दैन ।[१]

असवर्णसपिण्डाशौच

तल्लावर्णको आशौच

आफुभन्दा तल्ला वर्ण (जाति)सँग तीन पुस्तासम्म मात्र सपिण्ड्य हुन्छ भन्ने कुरा परिभाषा प्रकरण "असवर्ण सापिण्ड्यनिरुपण" शीर्षकमा देखाइसकिएको छ । त्यस्ता तीन पुस्ता भित्रका आफ्ना क्षत्रिय दाजुभाइमा जन्म वा मरण हुँदा तन्निमित्तक आशौच ब्राह्मणले छ दिन, वैश्यमा हुँदा तीन दिन स्पृश्य शूद्रमा वा अनुलोमसङ्करमाहुँदा एक दिन बार्नुपर्छ । क्षत्रियले आफ्ना तीन पुस्ता भित्रका वैश्य दाजुभाइमा जन्म वा मरण हुँदा छ दिन जूठो बार्नुपर्छ भने शूद्रमा वा अनुलोमसङ्करमा भएमा तीन दिन बार्नुपर्छ । त्यस्तै वैश्यले शूद्रको वा शूद्रसरहका अनुलोमसङ्करको जूठो सूतक छ दिन बार्नुपर्छ ।[२]

माथिल्लावर्णको आशौच

आफूभन्दा माथिल्ला वर्णसँग पनि सापिण्ड्य तीन पुस्तासम्म मात्र नै हुन्छ ।[३] यस्ता तीन पुस्ता भित्रका आफ्ना ब्राह्मण, क्षत्रिय र वैश्य दाजुभाइको आशौच शूद्रलाई र अनुलोमसङ्करलाई दश दिन लाग्छ भने ब्राह्मण र क्षत्रियको आशौच वैश्यलाई र ब्राह्मणको आशौच क्षत्रियलाई पनि दशै दिन लाग्छ ।[४]

प्रतिलोम जातिको आशौच

तल्ला जातिका पुरुषले माथिल्ला जातिका स्त्रीमा जन्माइएका सन्तान प्रतिलोम हुन्छन् । त्यस्तै प्रतिलोम जातिका कन्यामा वा विवाहिता स्त्रीमा प्रतिलोम पुरुषद्वारा नै जन्माइएका सन्तान प्रतिलोमसङ्कर हुन्छन् भन्ने कुराको विवेचना परिभाषा प्रकरणमा गरिसकिएको छ । यस्ता प्रतिलोम जातिको, प्रतिलोमसङ्कर जातिको र प्रतिलोम यौन सम्पर्क गर्ने अर्थात् प्रतिलोम विवाह गर्ने स्त्री पुरुषको पनि जन्म वा मरणको कारण उत्पन्न हुने आशौच ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रादि अनुलोम जाति कसैले कसैले पनि बार्नु पर्दैन । केवल मलापकर्षणको निमित्त दिशा पिसाव गर्दा जुन किसिमको शौच गरिन्छ त्यस्तै गरे हुन्छ ।[५] पाठक वर्गलाई अझै स्पष्ट होस् भन्ने उद्देश्यले यहाँ एउटा उदाहरण पनि प्रस्तुत गरिन्छ, जस्तै- क्षत्रिय पुरुषले अविवाहिता, विवाहिता वा विधवा ब्राह्मणी स्त्रीमा सन्तान जन्मायो भने त्यस्ता सन्तानको , तिनै सन्तानद्वारा पुन : प्रतिलोम तरिकाबाट जन्माइएका सन्तानको र प्रतिलोम विवाह गर्ने उक्त क्षत्रिय पुरुष र ब्राह्मणी स्त्रीको पनि आशौच ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रले पनि बार्नु पर्दैन । किनभने यिनीहरु पथभ्रष्ट र धर्महीन पनि मानिन्छन् ।[५] यस्ता धर्महीन निन्दित प्रतिलोम जातिहरु हाम्रो नेपालके जनसमुदायमा अनन्त छन् र हुँदै जाने सिथि पनि देखिन्छ । यस्ता जातिको बृद्धि हुन नदिनु सनातन धर्मावलम्बी सबैको कर्तव्य हुन गएको छ ।

ल्याइता स्वास्नीको आशौच

वैदिक विधि नगरिकन परस्परको प्रेम वा मिलेमतोबाट ल्याइएकी स्वजातिकी हुन् वा विजातिकी हुन्न त्यस्ती स्वास्नीलाई पत्नी , धर्मपत्नी, सहधर्मचारिणी, सहधर्मिणी, अर्धाङ्गिनी आदि कुनै पनि पत्नीत्व दर्शाउने शब्दले बोलाउन मिल्दैन, किनभने उनीमा पत्नीत्व प्राप्त भएकै हुँदैन, सो प्राप्त हुनको निम्ति द्विज जातिले विवाह गर्दा वैदिक विधि गरेकै हुनुपर्छ । ल्याइतामा पत्नीत्व प्राप्त हुने त्यस्तो कुनै विधि गरिएको हुँदैन । त्यसैले यहाँ ल्याइतालाई पत्नी नभनि स्वास्नी भनिएको हो ।

१. अतिक्रान्ते दशाहे तु पश्चाज्जानाति चेद् गृही ।
त्रिरात्रं सूतकं तस्य न तद्द्रव्यस्य कर्हिचित् । मिता। (या. ३।१७)

२. (क) दशाहाच्छुद्ध्यते विप्रो जन्महानौ स्वयोनिषु ।
षड्भिस्त्रिभिरथैकेनक्षत्रविट्शूद्रयोनिषु ॥ मिता (या. ३।२२)

(ख) ब्राह्मणस्य क्षत्रविट्शूद्रेषुषड्रात्रत्रिरात्रैकरात्रैः क्षत्रियस्यविट्शूद्रयोः षड्रात्रत्रिरात्राभ्याम्, वैश्यस्य ...षड्रात्रेण ।
विष्णुः २२।२२-२४

३. उत्तमाधमयो : सपिण्ड्यं एकशरीरावयवान्वयरुपं , तच्च त्रिपुरुषमेव । शु.च. (ष.श्लो. ६३)

४. क्षत्रविट्शूद्रदायादा स्युश्चेद् विप्रस्य बान्धवा : ।
तेषामशौचं विप्रस्य दशाहाच्छुद्धिरिष्यते । मनु : ५।११ क्षेपक

५. (क) केवलं मृतौ प्रसवे च मलापकर्षणार्थं मूत्रपुरिषोत्सर्गवत् शौच भवत्येव । मिता. (या. ३।२२)

(ख) प्रतिलोमास्तु धर्महीना : । गौ.ध.सू. १।४।२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समान वर्णकी ल्याइता स्वास्नी सुत्केरी भएमा वा मरेमा लोग्नेले आफूसँग भएको अवस्थामा भए तीन दिन जूठो सूतक बार्नुपर्छ ।[१] सपिण्ड दाजुभाइले एक दिन देशान्तरमा भए लोग्नेले एक दिन, सपिण्ड बार्नु पर्दैन । असमान वर्णकी अर्को पुरुषले विवाह गरिसकेकी वा विवाह नगरेकी भए पनि गोप्यरुपले क्षतयोनी भइसकेकी वा स्वेच्छाचारिणी वा कन्यानै भए पनि ल्याएमा, अर्थात् ब्राह्मणले क्षत्रिया, वैश्या वा शूद्रा, क्षत्रियले वैश्या वा शूद्रा, वैश्यले शूद्रा स्वास्नी ल्याएमा त्यस्ती तल्लो जातकी ल्याइता स्वास्नी सुत्केरी भएमा वा मरेमा माथिल्लो जातका उसको लोग्ने लगायतका कसैले पनि जूठो सूतक बार्नु पर्दैन ।[२] त्यस्ती ल्याइताको छोराले भने आफ्नी आमाको जूठो पुरै बार्नुको साथै सपिण्डी बाहेकका क्रिया पनि गर्नुपर्छ । समान वर्णका पितृ नपाइने हुँदा सपिण्डी गर्न चाहिं मिल्दैन । यसको विस्तृत विवेचना "तल्लाजातको सपिण्डी" शीर्षकमा गरिएको छ ।

पोइल गएकी स्वास्नीको आशौच

वैदिक विधि अनुसार विवाह गरिएकी सजातीया स्वास्नी आफूलाई छोडी समान वा माथिल्लो वर्णको पुरुषसँग पोइल गई, त्यस्ती पोइल गएकी स्वास्नी गएकै ठाउँमा सुत्केरी भएमा वा मरेमा नजिकमा भए तीन दिन, टाढा भए एक दिन आशौच बार्नुपर्छ ।[३] तल्लो जातसँग गएकी भए त्यस्तीको आशौच लाग्दैन । समान वर्णसँग पोइल गएकी स्वास्नीमा पूर्व पतिको वैवाहिक मन्त्रद्वारा स्थापित पत्नीत्व निवृत भएको हुँदैन, त्यसैले त्यस्तीको आशौच बार्नु पर्ने शास्त्रकारको धारणा रहेको छ । हाम्रो नेपालमा भने त्यस्ती स्वास्नीको आशौच बार्ने चलन देखिदैन तापनि पोइल जाँदैमा जातिबाट च्यूत भए तापनि "अस्थिभि रस्थीनी, मौसैर्मांसानि" इत्यादि वैदिक मन्त्रद्वारा स्थापित पत्नीत्व निवृत्त हुन नसक्ने भएको हुँदा शास्त्रले तोकेको उक्त अनुसारको आशौच बार्नै पर्ने देखिन्छ । नबारेमा प्रायश्चित्त भोग्नु पर्ने हुन्छ ।

अनौरस छोराको आशौच

ब्राह्मणले वैदिक विधिपूर्वक पाणिग्रहण नगरिकन परस्परको प्रेमभावबाट वा कामवासनामा निमग्न भई त्यसै ल्याएकी ब्राह्मणकै छोरीबाट जन्मेका छोरा, विधवा ब्राह्मणी ल्याई तिनीबाट जन्मेका छोरा, सधवा ब्राह्मणी ल्याई तिनीबाट जन्मेका छोरा, सवर्णबाट गृहित दत्तक कृत्रिम क्रीत आदि बाह्र किसिमक छोरा र सवर्ण जारबाट जन्मेका कुण्ड गोलक आदि पनि अनौरस मानिन्छन् । यस्ता छोराको आशौच बाबुलाई तीन दिन, सपिण्डलाई एक दिन लाग्छ ।[४] क्षत्रिय वैश्य र शूद्रमा पनि सवर्णामा यहीनै नियम सार्थक हुन्छ । असवर्णामा भने ब्राह्मण क्षत्रिय आदि कुनै वर्णमा पनि यो नियम लाग्दैन । स्वेच्छाले पोइल जाने कन्या अवस्थाकै होस् वा विवाहिता होस् असवर्णा ल्याइतामा अर्थात् ब्राह्मणले त्यस्ती अवस्थाकी क्षत्रिया, वैश्या, र शूद्रामा जन्माइएका छोरा, क्षत्रियले त्यस्तै अवस्थामा ल्याइएका वैश्या र शूद्रामा जन्माइएका छोरा, वैश्यले शूद्रामा जन्माइएका छोराको पनि बीजको सम्बन्धले गर्दा बाबुलाई मात्र तीन दिन आशौच लाग्छ अरुलाई लाग्दैन ।[५]

अक्षतयोनि ल्याइता स्वास्नीको आशौच

एउटा पुरुषसँग विवाह गरेकी तर योनि भने क्षत नभएकी अर्थात् विवाह गर्ने वा अरु कुनै पनि पुरुषद्वारा उपभोग नगरिएकी सधवा होस् वा विधवा आफ्नै जातकी (सवर्णा) लाई कुनै पुरुषले ल्यायो र त्यही पुरुषसँग राम्रो व्यवस्थित भई बसेकी पनि छ भने त्यस्ती स्वास्नी सुत्केरी हुँदा वा मर्दा लोग्नेले पाँच दिन सपिण्डले एक दिन आशौच बार्नुपर्छ ।[६] योनि क्षत नभएकी स्त्रीलाई स्वास्नीको रुपमा ल्याउँदा त्यस्तीमा सगोत्रतत्व चाहिं हुन्छ सापिण्ड्य भने हुँदैन । सापिण्ड्य पैदा हुनको निम्ती वैदिक विधिपूर्वक सवर्णा अक्षत योनि कन्या पाणिग्रहण (विवाह) गरेको हुनुपर्छ । सापिण्ड्य नहुने सगोत्र चाहिं हुने भएकोले नै पाँच दिन अर्थात् दश दिनको आशौच तोकिएको हो ।[७] सापिण्ड्य र सगोत्रत्व दुवै प्राप्त हुनेमा भने दशै दिन आशौच हुने कुरामा कुनै विवाद छैन ।

---

१. आशौचं तु त्रिरात्रंस्यात् समानामिति निश्चय : । प.पृ. ८६
२. मृतायां वा प्रसूतायां नान्येषामिति निश्चय : ।
तस्या : पत्नीत्वा ऽ भावादिति । प्र पृ ८७
३. अनुलोमा श्रितायास्तु भार्याया : प्रसवे मृतौ ।
पुत्रस्या ऽ नौरसस्या ऽ पि समिपेत्रिदिनाच्छुचि : । प श्लो ६६
४. अनौरसेषु पुत्रेषु भार्यास्वन्यगतासु च ।
परपूर्वासु च स्त्रीषु त्रिरात्राच्छुद्धिरिष्यते । विष्णु : २२।४३
५. बैजिकादभिसम्बन्धादनुरुन्धयादघं त्र्यहम् । मनु : ५।६३
६. अक्षतयोनिरन्यपूर्वा यमग्नं गत्वाश्रितवती, आश्रित्य, च व्यवस्थिता विशेषेणा ऽ वस्थिता येना ऽ वरुद्धेति यावत्, तस्या ऽ न्यस्य सा सगोत्राभवतीत्यर्थ :, ... पञ्चाहपदेन स्पष्टीकृतम् । प.पृ ८८
७. पाणिग्रहणाभावेन सापिण्ड्या ऽ भावाच्च एकमात्रनिमित्तसद्भावादर्धा ऽऽ शौचं युक्तमेव । शु च. (प श्लो ६८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घरमालिकलाई कामगर्नेको आशौच

पूर्वाचार्यहरुले तीन प्रकारका काम गर्ने मान्छेहरु देखाएका छन्- कर्मकर, भृतक र दास । पुन : कर्मकर चार प्रकारका, भृतक तीन प्रकारका र दास मनुले सात, नारदादिले पन्ध्र प्कारका मानेका छन् । जसले जसको जति प्रकार माने तापनि आखिरमा ती सबै काम गर्ने नै हुन्, उनीहरुले गर्ने काममा भने केही फरक हुनसक्छ, त्यही आधारमा नै विद्वानहरुले उनीहरुको संज्ञाभेद गरेका हुन् । कर्मकरले गर्ने काममा भोजन तयार गर्ने, वस्त्र भाँडा घर आँगन आदि सफा गर्ने, बस्तुभाउको हेर विचार गर्ने, खेतिपाति गर्ने र कुनै कलकारखाना आदिमा काम गर्ने आदि नै पर्छन् । उक्त कामहरुमा एउटा दुईटा वा सवैनै काम गरेर जो व्यक्ति त्यसै घरमा बस्ने र खाने समेत गर्दछ, त्यस्तो काम गर्ने व्यक्ति त्यसै घरमानै मरेमा वा उसको स्वास्नी सुठो सूतक वार्नुपर्छ ।[1]

काम गर्नेलाई घरमालिकको आशौच

काम गर्ने मान्छे जुन घरमा काम गरी बसेको छ त्यस घरमा जनन वा मरण भयो भने घरका मान्छे जति दिन अशुद्ध हुन्छन् आशौचीको घरमा बस्ने खाने गरे वापत (एकावास सम्बन्धको कारण) काम गर्ने मान्छे पनि त्यत्ति नै दिन अशुद्ध हुन्छ ।[2]

अर्काको घरमा काम गरेर बसेकांलाई आफ्ना दाजुभाइको आशौच

अर्काको घरमा काम गरी बस्ने कर्मकरको आफ्ना सपिण्ड दाजुभाइमा जन्म वा मृत्यु भएमा त्यो कामदार जसको घरमा काम गरि बसेको छ त्यस घरमा जन्म मरण हुँदा घर मालिकलाई कति दिन आशौच हुन्छ त्यतिनै दिनले कामदार शुद्ध हुन्छ ।३ कामदारले भात पकाउने भाँडा माझ्ने आदि जुन काम गरेको छ त्यो काम अरुद्वारा हुन सक्दैन भने त्यस्तो काम गर्नको निम्ति कर्मकर स्नान गरे पछि शुद्ध हुन्छ ।[4] काम गर्ने स्वास्नी मान्छे छ र उ आफैं सुत्केरी भएमा भने दश रातसम्म स्पर्श गर्नमा र एक महिनासम्म कर्म गर्नमा योग्य हुन्न ।[5]

आशौचापवाद

सामान्य नियमको बाधकको रुपमा रहेको जुन विशेष नियम हुन्छ त्यसलाई नै अपवाद भनिन्छ । आशौच सम्वन्धमा जति पनि सामान्य नियम उपस्थापित भएका छन् ती नियम यहाँ नमिल्ने हुन्छन् । त्यसैले आशौचापवाद भनिएको हो । आशौचका सामान्य नियम नमिल्नुका पाँचवटा कारण शास्त्र दर्शित छन् ती यस प्रकार छन्- (१) कर्ताको भेदले (२) कर्मभेदले (३) द्रव्यभेदले (४) मरणदोषले (५) विधानले ।

यी कारण हुँदा आशौचका सामान्य नियम निरर्थक हुन जान्छन् र पूरा बार्नु पर्ने आशौच पनि कम बार्नु पर्ने वा बार्नै नपर्ने पनि हुनसक्छ । यस्तो स्थितिको उत्पत्ति गर्ने उक्त कारणहरुको स्पष्ट विवेचना गर्ने चेष्टा यहाँ गरिएको छ ।

कर्तृभेदाशौच

ब्रह्मचारी आदिलाई आशौच

आशौच बार्नु गृहस्थको मात्र धर्म एवं कर्तव्य मानिने हुँदा गृहस्थाश्रममा प्रवेशनै नगरेका ब्रह्मचारीलाई कसैको पनि आशौच नबार्दा खास कुनै दोष लाक्ष्दैन तापनि आफ्नो सन्ध्यावन्दनादि नित्यकर्म नछोडिकन वावुरु, आचार्य, उपाध्याय र मातामहको वहनदहन पिण्डोदक दानादि क्रिया गर्ने र आशौच बार्ने गर्न सक्छ । यो काम गर्दा उ ब्रह्मचर्य व्रतवाट च्युत हुँदैन । यी व्यक्ति बाहेक अरुको गरेमा निश्चयनै व्रतच्युत हुन्छ । यस्तो व्रतच्युत ब्रह्मचारी कृच्छ्रप्रायश्चित गरी पुन : संस्कार गरेपछि मात्र शुद्ध हुन्छ र पुन : सो व्रतमा प्रविष्ट हुन सक्छ । आफ्नो क्रिया र श्राद्ध समेत आफैंले गरी

---

१. गृहे यस्य मृत : कश्चिदसपिण्ड : कथंचन ।
तस्याप्यशौचं विज्ञेयं त्रिरात्रं नात्र स शय : ॥ कृ.क.श् का पृ. ५७

२. स्वामिन : प्रसवमरणयोर्दासानामाशौचं स्वामिजातीयमिति, तद्गृहवासतदन्नभोजन तत्सपर्ककरणत् । शु.च.पृ. ८३

३. दासान्तेवासिभृतका : शिष्याश्चैकत्रवासिन : ।
स्वामितुल्येन शौचेन शुद्धयन्ति मृतसूतके ॥ शु च पृ ८२

४. मूल्यकर्मकरा : शूद्रा दासी दासस्तथैव च ।
स्नाने शरीरसंस्कारे गृहकर्मण्यदूषिता : ॥
दास्यो दासाश्च यत्किञ्चित्कुर्वन्तयपि च लीलया ।
तदन्यो न क्षम : कर्तुं तस्मात्ते शुचय : सदा ॥ शु च पृ ८२

५. दासी दासश्च सर्वोवै यस्य वर्णस्य यो भवेत् ।
तद् वर्णस्य भवेच्छौचं दास्यामासस्तु सूतकम् । शु च पृ ८२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञानोपार्जन तर्फ लागेका व्यक्तिले पनि कसैको क्रिया गर्ने र आशौच बार्ने गर्नु पर्दैन ।[1]

त्यस्तै गृहस्थाश्रम त्याग गरी आश्रमान्तरमा प्रवेश गरेका वानप्रस्थ र संन्यासीले पनि वन्धु बान्धव कसैको पनि वहनदहनादि और्ध्वदेहिक क्रिया गर्ने र आशौच वार्ने काम गर्न पर्दैन ।[2]

असंस्कृतलाई आशौच

द्विजजातिका व्रतवन्ध नगरिएका बालकलाई र विवाह नगरिएका बालिकालाई पनि असंस्कृत भनिन्छ । यस्ता असंस्कृतले कसैको पनि आशौच बार्नु पर्दैन भन्ने भनाई केही आचार्यको रहेको छ भने अन्य केहीको मत चाहिं यस्तो छ- व्रतबन्ध गर्ने अवस्था भइसकेका तर हुन नसकेका केटाले र विवाह गर्ने समय भएका हुन भने नसकेका केटीले पनि सपिण्डादि दाजुभाइको बाहेक आफ्ना बाबुआमाको आशौच दशै दिन बार्नुपर्छ । पिण्डदानादि क्रिया चाहिं गर्न हुँदैन । ओरस छोरा उपनीत छैन अनुपनीत मात्र छ, त्यस स्थितिमा बाबु आमाको मृत्यु भएमा अनुपनीतनै (व्रतबन्ध नगरेकै) भएपनि तीन वर्ष पुगेको छ भने उसले बाबुआमाको दाहसंस्कार (दागबत्ति दिने काम) चाहिं मन्त्रपूर्वकनै गर्न सक्छ र गर्नुपर्छ पनि ।[3] अन्य पिण्डदानादि क्रिया भने अरुद्वारा नै गराउनु पर्छ । उक्त स्थितिमा हामीले पनि त्यसै गर्नु पर्ने हुन्छ ।

पतितादिलाई आशौच

ब्रह्महत्या, सुरापान, गुरुपत्नीगमनादि महापातक हुन्,[4] मातृ, पुत्री र स्नुषा गमन अतिपातक हुन्छ,[5] यस्ता पातक गर्ने पातकीहरु, सोसरहका अन्यपाप गर्ने अनुपातकीहरु,[6] अस्पृश्य शूद्रा गमन गर्नेहरु, अभक्ष्य भक्षण गर्नेहरु यी सबै पतित हुन्छन् । यिनीहरु गृहस्थ हुन् तापनि आफ्नो जात धर्म सबैबाट च्युत भएकाले यिनीहरुले आफ्नो जात र धर्ममा रहेका दाजुभाइको जूठो सूतक बार्नु पर्दैन ।

आपत्मा परेकालाई आशौच

आपत् तीन किसिमका हुन्छन्- आध्यात्मिक, आधिभौतिक र आधिदैविक । ज्वर, वात, पित्त, कफ, शूल, अतिसारदि आफ्नै शरीरबाट उत्पन्न हुने अनेक रोग व्याधि आध्यात्मिक हुन् । बाघ, भालु, सर्प आदि विविधि हिंस्रक जीवजन्तुको आक्रमण वा टोकाइबाट उत्पन्न आपत् आधिभौतिक हुन्छ । जल, अग्नि, विद्युत, वायु, भूक्षय, भूकम्पादि अनेक दैवी प्रकोपबाट उत्पन्नआपत् आधिदैविक नामले प्रशिद्ध छ । यी तीनै किसिमका आपत्मा परेका मान्छेलाई र दुर्भिक्षादि अनेक दु:खले पीडित व्यक्तिलाई पनि दाजुभाइ आदिको मरण वा जननमा जूठो सूतक लाग्दैन, स्नान गर्न सक्ने स्थिति छ भने आशौच परेको सुन्ने वित्तिकै गर्नुपर्छ, सक्दैन भने नगर्दा पनि दोष लाग्दैन । आशौचको बीचमा आपत् समाप्त भयो, आशौचका दिन बाँकी नै छन् भने बाँकी रहेका दिन बार्नु पर्ने हुन्छ । कुनै आपत् विपत्, शारीरिक कष्ट नपरेको स्वस्थ अवस्थामा मात्र आशौच बार्नु पर्ने हुँदा सुत्केरीले पनि आशौच बार्नुपर्ने देखिंदैन, सुत्केरी रक्तस्रावादि अनेक कष्टका कारण

---

१. (क) ब्रह्मचारी गृहे येषां हूयते च हुताशन : ।
सम्पर्कं चेन्न कुर्वन्ति न तेषां सूतकं भवेत् ॥ परा. ३।१९

(ख) आचार्य स्वमुपाध्यायं पितरं मातरं गुरुम् ।
निर्हृत्य तु व्रती प्रेतान्न व्रतेन वियुज्यते ॥ मनु : ५।९१

(ग) ब्रह्मचारिण : शवकर्मिणो व्रतान्निवृत्तिरन्यत्र मातापित्रो : । मिता. (या. ३।१५)

(घ) ब्रह्मचारी न कुर्वीत शवदाहादिकांक्रियाम् ।
यदि कुर्याच्चरेत् कृच्छ्रं पुन : संस्कार मेव च । नि.सि.पृ. ७०६

(ङ) बान्धवे ऽ पिमृते तस्य नैवाशौचं न विद्यते ।
सूतकञ्च नसन्देह : स्नानमात्रेण शुध्यति ॥ च.चि.प.ख.पृ. १७१४

(च) एवं कृते जीवच्छ्राद्धे स्वबान्धवे मृते नाशौचं न सूतकम् । च.चि.प.ख.पृ. १७१६

(छ) तथा कृतजीवच्छ्राद्धेन किमप्याशौचं नकार्यमिति हेमाद्रि : । नि.सि.पृ. ७२३

२. नैष्ठिकानां वनस्थानां यतीनां ब्रह्मचारिणम् ।
नाशौचं कीर्तितं सद्भी : पतिते च तथामृते । नि.सि.पृ. ७२१

३. (क) अनुपनीतस्यानूढ कन्यायाश्च मातापितृमरणे एव दशाहा शौचम्, अन्यमरणे तु न किमपि । ध.सि.पृ. ८६०

(ख) अनुपेतो ऽ पि कुर्वीत मन्त्रजत्पैतृमेधिकम् ।
यद्यसौ कृतचूंड : स्याद्यदि स्याच्चत्रिवत्सर : ॥ ध.सि.पृ. ७२८ टि १ नि.सि.पृ. ४९८

४. ब्रह्महा मद्यप : स्तेन स्तथैव गरुतल्पग : ।
एते महापातकिनो यश्च तै : सह संवसेत् । या स्मृ. ३।२२७

५. मातृगमनं दुहितृगमनं स्नुषागमनमित्यतिपातकानि । मिताक्षरा (या स्मृ. ३।२३४)

६. गुरुणामध्यधिक्षेपो................सकामाया, स्त्रिया अपि ॥ या स्मृ. ३।२२८-२३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निकै अस्वस्थतामा प्राप्त हुन्छन् ।[1] सुत्केरी भएको अवस्थामा पतिको मृत्यु भएमा भने सिदूर, टीका, चुरा, पोते, धागो आदि सोभाग्यका चिह्न सूतिकाले तत्काले त्याग गर्नुपर्छ, मरणनिमित्तक स्नान, उदकदान भक्ष्या भक्षको विचार आदि मृतकको पत्नीलेपालन गर्नु पर्ने कुनै पनि नियमको पालन छोरो पाएको भए बीस दिन र छोरी पाएको भए तीस दिनसम्म गर्नु पर्दैन ।[2] त्यस्तै रजस्वलाले पनि सौभाग्यका लक्षण वा प्रतिक सिंदूर, टीका, चुरा, पोते आदि पतिको मरण हुने वित्तिकै त्याग गरी शवको नजीक जाने शव छुने खल्गो हाल्ने आदि कुनै पनि काम नगरी कुनै एक कुनामा गई चोखो भुइमा अलग्गै बस्नुपर्छ । मृत्यु भएको दिन छाक छोड्ने र भोलिपल्ट देखि चोखो एक छाक मात्र खाने गर्नुपर्छ । पतिको मरण निमित्तक स्नान जलाञ्जलिदान आदि पूर्णरुपमा आशौच वार्ने र नयाँ शुद्ध सेतो वस्त्र धारण गर्ने काम भने रजस्वला भएको पाँचौ दिन विहान रजस्वला निमित्तक स्नान गरिसके पछि मात्र गर्नुपर्छ ।

यज्ञादिमा बसेका ब्राह्मणादिलाई आशौच

मधुपर्क गरेर वरण गरिने यज्ञमा वसेका ऋत्विज आचार्य आदि ब्राह्मणलाई र सोही यज्ञमा दीक्षित यजमानलाई पनि यज्ञको बीचमा पर्न गएको बावु, आमा, पति र सपिण्डादि कसैको पनि आशौच लाग्दैन । मधुपर्क नगरिने यज्ञ, जप, व्रत, हवन, दान, पाठादिमा बसेका ब्राह्मणादिलाई भने वावु, आमा, र पतिको वाहेक अन्य सपिण्डादिको आशोच लाग्दैन । बावु, आमा र पतिको आशौच चाहिं यज्ञादिवाट निस्केर वार्नुपर्छ र उनीहरुको दशाहादि सबै क्रिया पनि गर्नुपर्छ । यज्ञजपादिबाट निस्कने व्यक्ति यज्ञादिमा कुन कार्यमा संलग्न थियो सो काम तिनै वरण गरिएकै वा बसेकै व्यक्ति मध्येबाट चलाउनु पर्छ । उसवाट चल्न नसकेमा भने बाहिरवाट उपयुक्त मान्छे लिएर पनि यज्ञादि अविच्छिन्न रुपले सञ्चालन गर्नुपर्ने हुन्छ ।[3]

राजकार्यादिमा प्रवृत्त व्यक्तिलाई आशौच

राज्य सञ्चालन राजा बाहेक अन्य व्यक्तिवाट सम्भव हुँदैन, त्यसो हुँदा सो कार्य सञ्चालनको निम्ति अभिषिक्त राजालाई सद्य : शौच हुन्छ ।[4] त्यस्तै शिल्पकार, चित्रकार, सूपकार, डाक्टर, वैद्य, दासदासी, धोवी आदि पनि आशौच परेको सुन्ने वित्तिकै स्नान गरे पछि आ-आफ्नो काम गर्न शुद्ध हुन्छन् । उनीहरुले गर्ने काम अरु मान्छेवाट सम्पन्न हुन नसक्ने हुँदा सो काम गर्न उनीहरुलाई शुद्ध मानिएको हो ।[5]

---

१. (क) स्वस्थकाले त्विदं सर्वं सूतकं परिकीर्तितम् ।
आपद्गतस्य सर्वस्य सूतके ऽ पि नसूतकम् ॥
सद्य : शौचं समाख्यातं दुर्भिक्षे चाप्युपद्रवे । ध.सि.पृ. ८८६ टि. २ , ३
(ख) आपद्यपि च कष्टायां सद्य : शौचं विधीयते । या.स्मृ. ३।२९
(ग) उपसर्गमृते चैव सद्य : शौचं विधीयते । ल. हारीत : ९० श्लो.

२. सूतिकां पुत्रवतीं विंशतिरात्रेण स्नातां सर्वकमाणि कारयेन्मासेन स्त्रीजननीम् । शु.च. (प. ६)

३. (क) ऋत्विजा दीक्षितानां च यज्ञीय कर्म कुर्वताम् ।
सत्रिव्रतिब्रह्मचारी वातृब्रह्मविदां तथा ॥ या.स्मृ. ३।२८
(ख) गृहीत मधुपर्कस्य यजमानाच्च ऋत्विज : ।
पश्चादशाहे पतिते न भवेदिति निश्चय : ॥
तद्वद् गृहीत दीक्षस्य त्रैविद्यस्य महामखे ।
स्नानं त्ववभृथे यावत्तावत्तन्नैव विद्यते ॥
एतच्चाशौचाभावकथनं पित्राशौच व्यतिरेकेण ।
तदाह शङ्ख :-
ऋत्विजां दीक्षितानां च यज्ञीय कर्मकुर्वताम् ।
नैवाशौचं भवेत्तेषां पित्रोस्तु मरणं विना ॥ शु.च.पृ. ९४
(ग) चतुर्णां वरणपक्षे ऽ न्येषामाशौचे ऽ न्य आगमयितव्य : । नि.सि.पृ. ७२६

४. (क) राज्ञो महात्मिकेस्थाने सद्य : शौचं विधीयते ।
प्रजानां परिरक्षार्थमासनं तत्रकारणम् । म.स्मृ. ५।९४
(ख) न राज्ञां राजकर्मणि । विष्णु : २२।४८
(ग) राज्ञां च कार्यविरोधात् । गौ.ध.सू. २।५।४३
(घ) राज्ञां च सूतकं नास्ति यस्य चेच्छति पार्थिव : । पराशर : ३।२२

५. (क) शिल्पिन श्चित्रकाराद्य : कर्म यत्साधयन्त्यलम् ।
तत्कर्म नान्यो जानाति तस्माच्छुद्धा : स्वकर्मणि ॥
सूपकारेण यत्कर्म करणीयं नृपस्य हि ।
तदन्यो नैव जानाति तस्माच्छुद्धस्तु सूपकृत् ।
चिकित्सको यत्कुरुते तदन्येन न शक्यते ।
तस्माच्चिकित्सक : स्पर्शे शुद्धो भवति नित्यश : । शु च पृ ९९
(ख) न कारुणां कारुकर्मणि । विष्णु : २२।५१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मभेदाशौच

व्रतयज्ञ विवाह आदिमा आशौच

कृच्छप्राजापत्य चान्द्रायणादि व्रत, सोमयाग, रुद्रयाग आदि यज्ञ, विवाह चूडा व्रतबन्धादि संस्कार, एकोद्दिष्ट पार्वणादि श्राद्ध, लक्षहोम कोटिहोमादि हवन, अन्नद्रव्यादि दान, गायत्र्यादि पुरश्चरण, देवादिको प्रतिष्ठा, तीर्थार्थ यात्रा, हरिवंश आदिको श्रवण, ग्रहादिको जप र देवदेवीको पूजा आदि कृत्यको प्रारम्भ भइसकेको छ र बीचमा सपिण्डादिको आशौच पर्न गयो भने बार्नु पर्दैन थालिएको काम सरासर गरी पूरा गर्नुपर्छ ।[1] बाबु, आमा र पतिको भने बीचमै परे तापनि बार्नुपर्छ । आचार्यादि ब्राह्मणलाई मधुपर्क गरी शुरु गरिएको यज्ञादि भए सो अवधिभर बाबु, आमा र पतिकै पनि बार्नु पर्दैन ।

यज्ञव्रतादिको प्रारम्भ

ब्राह्मणवरणबाट यज्ञको, संकल्प भइसके पछि व्रतसत्रादिको, नान्दीश्राद्ध गरिसके पछि विवाह, व्रतबन्धको, पाकक्रिया शुरु गरे पछि श्राद्धको प्रारम्भ भएको मानिन्छ ।[2]

नान्दी श्राद्धको अवधि

यज्ञाङ्गनान्दी श्राद्ध गर्दा यज्ञ प्रारम्भ गर्नु भन्दा एक्काईस दिन अगाडि गर्न सकिन्छ भने विवाहमा दश दिन अगाडि र व्रतबन्धमा तीन दिन अगाडि नान्दीमुखी श्राद्ध गर्न सकिन्छ भन्ने उल्लेख शुद्धि मयूखमा छ । चूडामा तीन दिन र उपनयनमा छ दिन अगाडि गर्न सकिने उल्लेख पनि पाइन्छ ।[3] नान्दी श्राद्ध भइसके पछि आशौच लाग्दैन भन्ने विद्वानहरुको धारणा रहेको हुँदा आशौच पर्न सक्ने सम्भावना भएमा यज्ञ विवाहादि गर्नुभन्दा केही दिन अगाडिनै नान्दीश्राद्ध गर्ने चलन हाम्रो व्यवहारमा पनि चलेको पाइन्छ ।

श्रौतस्मार्तादि कर्ममा आशौच

अग्निहोत्र दर्शपूर्णमासादि कर्मलाई श्रौतकर्म भनिन्छ । यस्ता कर्म आशौचमा पनि गर्नुपर्छ, नगरेमा प्रायश्चितभागी हुनुपर्छ ।[4] भूतयज्ञ, पितृयज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ, मनुष्ययज्ञादि जति पनि गृहस्थले गर्नुपर्ने स्मार्तकर्म छन्, त्यस्ता कर्म भने आशौचमा गर्न हुँदैन ।[5] सन्ध्या, कुश र जल विनाको मानसी मात्र गर्नुपर्छ, पूर्णसन्ध्या गर्न हुँदैन ।[6] ग्रहणमा गरिने स्नानदानादि कृत्य आशौच परेको बेलामा पनि गर्नु पर्ने हुन्छ ।[7]

दशैंमा आशौच परेमा

आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्मका दश दिनलाई दशैं वा नवरात्र भनिन्छ । नवरात्रमा अखण्डदीप प्रज्वालन, दुर्गापूजा, चण्डीपाठ, वलिदानादि विविध कृत्य गरिन्छन् । यी कृत्यको प्रारम्भ प्रतिपदामा विधिपूर्वकको

---

१. (क) व्रतयज्ञविवाहेषु श्राद्धेहोमेर्चने जपे ।
आरब्धे सूतकं नस्यादनारब्धेतु सूतकम् । शुद्धिमयूख : पृ. ८५
(ख) संप्रारब्धेषु
दानोपनयनयजनश्राद्धयुद्धप्रतिष्ठाचूडातीर्थार्थयात्राजपपरिणयनाद्युत्सवेष्वेतदर्थे । नाशौचमिति शेष : । त्रिं.श्लो १८
(ग) विवाहदुर्गयज्ञेषु यात्रायां तीर्थकर्मणी ।
न तत्र सूतकं तद्वत् कर्मयज्ञादि कारयेत् । इतिपैठीनसि, नि.सि.पृ. ७२४

२. प्रारम्भो वरणं यज्ञे संकल्पो व्रतसत्रयो : ।
नान्दीश्राद्धं विवाहादौ श्राद्धे पाकपरिक्रिया । शुद्धिमयूख : पृ. ८५

३. (क) एकविंशत्यहर्यज्ञे विवाहे दशवासरा : ।
अह्नानि त्रीण्युपनये नान्दीश्राद्धं विधीयते ॥
आशौचसंभावनाया मेकविंशत्यादि दिनमध्ये प्रधानेनानेकदिन व्यवहितमपि नान्दीश्राद्धं कार्यमिति प्रयोगरत्ने पितामहचरणा : । शुद्धिमयूख : पृ. ८५
(ख) एकविंशत्यहो य्ज्ञे विवाहे दशवासरा : । त्रिषट्चौलोपनयने नान्दीश्राद्ध. विधीयते । सत्कर्मरत्नावली भा १ पृ ६१९

४. दर्शं च पूर्णमासं च कर्म वैतानिकं च यत् ।
सूतके ऽपि त्यजेन्मोहात्प्रायश्चित्ती पतेद्द्विज : । नि सि पृ. ७२६

५. (क) सन्ध्या पञ्चमहायज्ञा नैत्यकं स्मार्तिकर्म च ।
तन्मध्ये हापयेत्तेषां दशाहान्ते पुन : क्रिया ॥ नि.सि.पृ. ७२८
(ख) पञ्च यज्ञविधानं तु नकुर्यान्मृत्युजन्मनो : । नि.सि.पृ ७२८

६. अर्ध्यान्ता मानसी सन्ध्या कुशवार्विवर्जिता । नि.सि पृ. ७२८

७. सूतके मृतके चैव न दोषो राहुदर्शने ।
तावदेव भवेच्छुद्धि यांवन्मुक्ति नं दृश्यते । नि.सि प ७२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घटस्थापनावाट हुन्छ । नवरात्र कृत्यको प्रारम्भ सूतक (जननाशौच) परेकै बखत सूतक परेको घर बाहेकका अरु सपिण्ड दाजुभाईको घरमा गर्न हुने कुराको धारणा शास्त्र प्रयोजकले राखेका छन् । तापनि व्यवहारमा भने त्यसो गर्ने चलन छैन र यदि कसैले गरिहालेमा पनि लोक विद्विष्ट मानिन्छ । स्वर्ग नहुने र लोकले निन्दा गर्ने काम धर्म्य नै भए पनि गर्न हुँदैन भनिएको हुँदा प्रारम्भ गर्न त्यति राम्रो मानिदैन, यदि प्रारम्भ भइसकेको छ र बीचमा जननाशौच पर्न गएमा भने कुनै शङ्का नै नराखी नवरात्रका बाँकी सबै कृत्य सरासर गर्न पुत्रादिक्रियाकर्ता र उनका पत्नी पुत्रादि बाहेक अन्य सपिण्डादि बान्धवले गर्न हुन्छ । किनभने कुनै पनि कृत्य प्रारम्भ गरिसकेपछि त्यसको समाप्ति गरेकै हुनुपर्छ नगरेमा प्रायश्चित भोग्नु पर्ने हुन्छ । समाप्त नगर्दा प्रायश्चित लाग्ने, गर्दा लोकले द्वेष गर्ने यस्तो स्थितिमा उपवासादि शारीरिक नियम आफैं गर्ने र पाठपूजा आदि कृत्य चाहिं आशौच नलाग्ने ब्राह्मणादि अन्य कुनै व्यक्तिवाट गराई विसर्जन गर्नु पर्ने शास्त्रकारहरुको आशय रहेको पाइन्छ ।[1]

द्रव्यभेदाशौच

फलफूल आमान्न आदिमा दोषाभाव

फल फूल मूल नून दही दूध घिउ मह मासु सागपात* झारपात काठपात औषधि जल तिल तेल ऊखु सखर लाजादि भुटेको अन्न धान चामल आदि काँचो अन्न आदि आशौचीको घरबाट आफैले झिकेर लिन हुन्छ दोष लाग्दैन, आशौचीको हातबाट भने यी कुनै पनि चीज लिई उपभोग गर्न हुँदैन । यिनै वस्तु पसलमा भए पसलेलाई आशौच परेको छ भने तापनि उसको हातबाट किनेर लिन हुन्छ तर लाजा दही र पानी चाहिं हुँदैन ।२

मरणदोषाशौच

आत्महत्या गर्नेको आशौच

आत्महत्या गर्नेको निम्ति शस्त्र अस्त्र विष वन्धन अनशन अग्नि जल वृक्ष भीर पहिरो आदि अनेक साधन छन् । यी मध्ये कुनै एकको प्रयोग वा सहाराद्वारा बुद्धि विवेक हीन केही पापात्माहरु ऋाफ्नै इच्छाले आत्महत्या गर्छन । सो गर्नु शास्त्र निषिद्ध अति निन्दनीय काम हो र ठूलो पाप पनि हो । तथापि रिसको प्रभावमा पर्नु मूर्खतावश कसैको मेख मार्ने उद्देश्य हुनु, परस्त्री गमन परपुरुषसँगको गमन चोरी डकैती जस्ता दुराचरणजनित भयमा आवद्ध हुनु, आफूले चाहेको वा इच्छा गरेको कुरा प्राप्त नहुनु आदि विभिन्न कारणले क्रोधान्ध दुर्जनहरु इस्तो अति निकृष्ट घृणित कार्य गर्दछन् । यस्ता आत्मघातीको३ त्यस्तै राजद्रोह स्तेय साहसादि शास्त्रप्रतिषिद्ध र स्वदेशप्रचलित नियम कानून विरुद्ध कुनै पनि काम गरे वापत् राजपक्ष (सरकारीपक्ष) बाट मृत्युदण्ड दिइएका व्यक्तिको, परपत्नी गमन वा हरण गरेको कारण साधुद्वारा मारिएका

---

१. (क) आश्विने शुक्ल पक्षेतु प्रारब्धे नवरात्रके ।
शावाशौचेसमुत्पन्ने क्रियाकार्या कथं बुधै : ॥
सूतकेवर्तमाने च तत्रोत्पन्ने सदा वुधै : ।
देवीपूजा प्रकर्तव्या पशुयज्ञविधानत : ॥
सूतके पूजनं प्रोक्तं दानं चैव विशेषत : ॥
देवीमुद्दिश्य कर्तव्यं तत्र दोषो न विद्यते ॥
अतश्च मध्ये आशौचपाते ऽ पि नदोष : "संकल्पो व्रतसत्रयो :" इति विष्णुशक्तेरिति । नि.सि.पृ २१९

(ख) सर्वथालोपप्रसक्तावेव ब्राह्मणद्वारा कुर्वन्ति, उपवासादिशरीरनियम : स्वयंकार्य : । ध.सि.पृ. १८५

(ग) स.र.व.भा. २ पृ. २११

* साग दश किसिमका मानिएका छन्, ती निम्न प्रकार छन्-
मूलपत्रकारीराग्र फलकांडाधिरुढका : । त्वक् पुष्पं कवकं चेति शाकं दशविधं स्मृतम् ।
कसैले सागको ६ प्रकार पनि मानेका छन्-
पत्रं पुष्पं फलं नालं कुन्दं सस्वेदजं तथा ।
शाकं षड्विधमुद्दिष्ट गुरुविद्याद्यथोत्तरम् । ध.सि.पृ. ८८९ टि. ३

२. (क) लवणे मधुमांसे च पुष्पमूलफलेषु च ।
शाककाष्ठतृणेष्वप्सु दधिसर्पि : पयस्सु च ॥
तिलौषधाजिने चैव पक्वापक्वे स्वयं ग्रह : ।
पण्येषु चैव सर्वेषु नाशौचं मृतसूतके ॥ मिता ।याज्ञवल्क्य : ३।१७

(ख) पुष्पफलमूललवणमधुमांसशाकतृणकाष्ठोदकक्षीरदधिघृतौषधतिलतद्विकारेक्षु लाजादि भर्जितान्नस्य लड्डूकादीनां चाशौचिस्वामिकानामाशौचिगृहस्थिताना च ग्रहणे दोषो न । आशौचिहस्तात्तु किमप्येतन्नग्राह्यम् । पण्ये तु वणिजादेराशौचे ऽ पितद्धस्ताल्लवणादेरामान्नस्य च क्रये न दोष : । जलदधिलाजादिकं तु क्रयेणापि तद्धस्तान्न ग्राह्यम् । ध.सि.पृ ८९०

३. (क) व्यापादयेद्य आत्मानं स्वयमग्न्युदकादिभि: । ध.सि.पृ. ८९० टि.२

(ख) शास्त्रनुज्ञां विना शस्त्राग्निविषजलपाषाणभृगुपातानशनादि बुद्धिपूर्वकं स्वेच्छयात्मघातकानां नाशौचम् । तच्चात्मघातनं क्रोधात्परोद्देशेन वास्तु स्वतएवेष्टसाधनतभ्रमेण वा । ध.सि.पृ. ८९०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान्छेको पनि पुत्र पत्नी बाहेक सपिण्ड समानोदकादि बन्धु बान्धव कसैले जूठो बार्नु पर्दैन । मृतकको पुत्र र पत्नीले भने "आत्महत्या गर्नेको और्ध्वदेहिक क्रिया" शीर्षकमा भनिए अनुसार गरी जूठो बार्ने र क्रिया गर्ने गर्नुपर्छ ।

प्रमादले मर्नेको आशौच

प्रमादले घमण्ड असावधानी लापरवाही उन्मत्तता आदिलाई जनाउँछ । प्राणनै सङ्कटमा पर्न सक्ने हुँदा त्यहाँ जान र त्यो काम गर्न हुँदैन भनी अरुले निषेध गर्दा गर्दै र त्यस कार्यमा ज्यानकै खतरा छ भन्ने कुरा आफैंले पनि जान्दा जान्दै र आत्माको रक्षा जसरी भए पनि गर्न पर्ने कुरालाई वास्तै नगरी* जो मान्छे वल बुद्धि उमेर आदिको घमण्डले ठूलठूला नदी तर्ने, गहीरा तलाउ पोखरी आदिमा पौडी खेल्ने, रुख पहाड पर्वत हिमाल आदि चढ्ने, कूवा इनार आदिमा प्रवेश गर्ने विजुली विष अग्नि आदिको सम्पर्क गर्ने वाघ भालू सर्प आदिको नजीक जाने तिनीहरुलाई चलाउने जिस्क्याउने आदि विभिन्न खतरनाक काम गर्दछ र त्यस्तो कार्य गर्दा उसको मृत्यु हुन्छ भने त्यस्ता व्यक्तिको ।[१] त्यस्तै गाई घोडा मनुष्य स्त्री आदिको हरण वा हनन गर्नमा प्रवृत्त व्यक्ति गाई भैंसी आदि सिङ् हुने, बाघभालू आदि नङ्ग्रा हुने कुकुर बँदेल आदि दाह्रा हुने जनावरबाट वा सर्प हात्ती चोर विप्र अन्त्यज आदिवाट मारिएमा त्यस्ताको पनि पुत्र पत्नी वाहेक अन्य सपिण्डादि कसैले पनि जूठो बार्नु पर्दैन ।[२] पुत्र र पत्नीले भने "प्रमादले मर्नेको और्ध्वदैहिक क्रिया" शीर्षकमा भने बमोजिम गरी जूठो बार्ने र क्रिया गर्ने गर्नुपर्छ ।

पतितादिको आशौच

अतिपातक, महापातक र अनुपातक गर्ने द्विज जातिहरु सर्वथा पतित हुन्छन् । ब्राह्मण, क्षत्रिय र वैश्य द्विजाति हुन् यी जातिलाई पतित गराउन सक्ने उक्त तीन प्रकारका पातक स्पष्ट देखाउनु सान्दर्भिक नै हुनेछ- मातृगमन, पुत्रीगमन पुत्र पत्नी (बुहारी) गमन यी तीन अतिपातक मानिएका छन् ।[३] ब्राह्मण मार्नु जाँडरक्सि खानु, ब्राह्मणको एक तोला वा त्यो भन्दा बढी सुन चोर्नु, गुरुपत्नी गमन गर्नु यी चार महापातक हुन् ।[४] यी महापातकीसँग जो मान्छे एकवर्षसम्म सँगै बस्ने खाने सुत्ने आदि गर्छ त्यो पनि महापातकी नै हुन्छ भन्ने योगीश्वर याज्ञवल्क्यको भनाइ छ,[५] तर कलिमा कर्ता नै पापपुण्यको भागी हुने हुँदा यो भनाइ मान्य देखिँदैन ।[६] अनुपातक (महापातक तुल्य) मा निम्नलिखित पातक पर्दछन्- गुरुलाई मिथ्या दोष लगाउनु, वेदनिन्दा, मित्रवध, असच्छास्त्र अध्ययनले अधीतवेद विस्मरण,[७] लशुन प्याज छ्याँपी च्याउ सुँगुर कुखुरा आदि अभक्ष्य पदार्थ जानी जानी खानु,[८] कौटसाक्ष्य, उत्कर्ष प्राप्तिको निम्ति झुटो बोल्नु, रजस्वला पत्नी गमन वा मुख चुम्बन गर्नु,[९] यज्ञमा बसेको क्षत्रिय वा वैश्यको वध, रजस्वलावध, गर्भिणीवध, ऋतुस्नातास्त्रीवध, *गर्भवध, शरणागतवध, अश्वहरण, हिरामोती आदि रत्न हरण, ब्राह्मणको भूमिहरण, धेनुहरण, मनुष्य (पुरुष वा स्त्री) हरण वा बेच बिखन, नासो फिर्ता नगर्नु, अत्याज्य त्याग, अपतितत्याग, पतित अत्याग, बाबु आमा छोरा र पत्नीत्याग, द्विज जातिको छोराले यथासमयमा व्रतवन्ध नगर्नु, समुद्रपार (अमेरिका बेलायत रुस जापान आदि म्लेच्छ देश) जानु, जेठी कान्छी आमा, मातामही, माइजू, सासू, दिदी बहिनी, सानिमा ठूली आमा, फूपु र यिनका छोरीहरु, मामाका छोरी, छोरीको सखी, आफ्नी सखी, सगोत्रास्त्री, उत्तमवर्णास्त्री, कुमारी, अस्पृश्याशूद्रा (सर्किनी, दमिनी, कमिनी आदि),

---

* "सर्वत एवात्मानं गोपायेत्" मिता. (या. ३।६)

१. अन्यैर्निषिद्धो ऽ पि गर्वान्नदीतरणवृक्षाधिरोहकूपावरोहादौ प्रवृत्तो मृतस्तस्यापि नाशौचम् । ध.सि.पृ. ८९०

२. (क) यो गवादिहरणार्थं वा प्रवृत्तो गोसर्पनखिश्रृंगिदंष्ट्रिगजचोरविप्रान्त्यजादिभिर्हतस्य नाशौचम् । ध.सि.पृ.८९०
(ख) चाण्डालादुदकात्सर्पाद् ब्राह्मणाद्वैद्युतादपि ।
दंष्ट्रिभ्यश्च पशुभ्यश्च मरणं पापकर्मिणाम् ।

३. मातृगमनं दुहितृगमनं स्नुषागमनमित्यति पातकानि । मिता. (या.३।२४२ विष्णु : ३४।१)

४. (क) ब्राह्महा मद्यप : स्तेन तथैव गुरुतल्पग : ।
एते महापातकितो यश्च तै : सहसंवसेत् । याज्ञवल्क्य : ३।२२७
(ख) ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागम : ।
महान्ति पातकान्याहु : संसर्गश्चापितै : सह ॥ मनु : ११।५४

५. एभिस्तु संवसेद्यो वै वत्सरं सो ऽ पि तत्सम : । याज्ञवल्क्य : ३।२६१

६. कलौ तु केवलं कर्ता भाजनं पुण्यपापयो : । विद्वन्मनोहरा (परा. १।२५)

७. (क) गुरुणामध्यधिक्षेपो वेदनिन्दा सुहृद्वध : ।
ब्रह्महत्यासमं ज्ञेयमधीतस्य च नाशनम् ॥ याज्ञवल्क्य : ३।२२८
(ख) कौटासाक्ष्यं राजगामि पैशुन्यं गुरोरनृताभिशंसनं महापातकसमानि । गौ.ध.सू. ३।३।१०

८. छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम् ।
पालाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद्द्विज : । मनु : ५।१९

९. निषिद्धभक्षणं जैह्मयमुत्कर्षेच वचो ऽ नृतम् ।
रजस्वलामुखास्वाद : सुरापानसमानि तु । याज्ञवल्क्य : ३।२२९

* रजस्वलामृतुस्नातामात्रेयीमाहुर्यत्रह्येतदपत्यं भवति । मिता (या. ३।२५१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरणागता, संन्यासिनी, राजपत्नी, श्रोत्रिय ऋत्विग उपाध्यायका पत्नी आदिको गमन[1] आदि । उक्त अनुसारका अतिपातक, महापातक र अनुपातक गर्ने पतित पातकीको त्यस्तै तल्लो जातको पुरुषसँग गमन गर्ने वा पोइल जाने, गर्भ पतन गर्ने, पतिको हत्या गर्ने र वेश्यावृत्ति गर्ने स्त्रीहरु पनि विशेषत: पतित नै हुन्छन् ।[2] यस्ताको पनि छोरा र पत्नी बाहेक अरु बन्धुबान्धव कसैले पनि जूठो वार्ने और्ध्वदेहिक क्रिया गर्ने आदि कुनै पनि कुरा गर्नु पर्दैन ।[3] छोरा र पत्नीले चाहिं "पतितको और्ध्वदेहिक क्रिया" शीर्षकमा भनिए अनुसार गरेर मात्र क्रिया गर्नुपर्छ ।

आत्महत्या गर्नेको, प्रमादले मर्नेको र पतितको लाश पानीमा फाल्नु पर्ने

आत्महत्या गर्नेको, प्रमादले मर्नेको र पातित्यादि दाषदूषित अवस्थामा मर्ने व्यक्तिको आशौच सपिण्डादि कसैले पनि वार्न पर्दैन भन्ने कुरा माथिनै उल्लेख भइसकेको छ । आशौचमात्र बार्न नपर्ने होइन यस्ता प्रति माया प्रेम देखाउनु चित्त दुखाउनु रुनु आँसु खसाल्नु, त्यस्तै यस्ताको लाश छुनु बाँध छाँद गर्नु फूलमाला आदिले सिंगारपटार गर्नु बोक्नु मलाम जानु जलाउनु र यस्तालाई जलाञ्जलि दिनु पिण्ड दिनु आदि प्रेततृप्ति र प्रेतत्व निवृत्तिका कुनै पनि क्रिया पुत्रपौत्र सपिण्डादि कसैले पनि गर्न हुँदैन । ज्ञानाज्ञान अभ्यास आदिको आधारमा कृच्छ्रातिकृच्छ्रा सान्तपन चान्द्रायणादि व्रत (प्रायश्चित्त) गर्नुपर्छ । लाश छोरा नाति आदि नजिकका व्यक्तिले पानीमा लगेर फालिदिनु पर्छ ।[4] पुत्र र पत्नीले भने त्यही (आत्महत्या गर्नेको, प्रमादले मर्नेको र पतितको और्ध्वदेहिक क्रिया) शीर्षकमा तोकिएको समयमा त्यहीं तोकिए अनुसारकै प्रायश्चित्त र नारायणवलि समेत गरी त्यहीं तोकिए जति मात्र क्रिया गर्नु पर्ने हुन्छ ।

आत्महत्या गर्नेको और्ध्वदेहिक क्रिया

लाश पानीमा फालेमा (मृत्यु भएको) एक वर्ष पुगे पछि मृतकका छोरा नाति आदिले आफ्ना बाबु बाजे आदिले आत्महत्या गरेवापत् गर्नु पर्ने एक चान्द्रायण र दुई तप्त कृच्छ्रव्रत (प्रायश्चित्त) र नारायणबलि समेत गरी पर्णशर दाह गर्नुपर्छ । त्यसो गरेको दिन देखिनै आशौच वार्ने र दशाहादि क्रिया गर्ने गर्नुपर्छ ।[5] अथवा लाश पानीमा नफाली जलाउने इच्छा भए तत्काल जलाउन पनि सकिने हुन्छ, तर जलाउन नहुने लाश जलाए वापतको प्रायश्चित्त तीन चान्द्रायण व्रत भने अवश्य गर्नै पर्ने हुन्छ ।[6] यसरी लाश जलाए पछि केही अस्थि (हाड) बाँकी राख्नुपर्छ । सो अस्थि एक वर्षसम्म सुरक्षित राख्ने र वर्षदिन पुगे पछि एक चान्द्रायण र दुई तप्त कृच्छ्रव्रत गरी नारायणबलि समेत गर्ने र पुन : सो अस्थि विधिपूर्वक जलाउने, अनि मात्र दशाहादि आशौच र क्रिया काष्ठा गर्ने भन्ने उल्लेख पनि शास्त्रकारहरुले गरेका छन्, तर कलिमा कसैको पनि आयुको ठेगान हुँदैन, वर्ष दिनसम्म पर्खंदा क्रियाकर्ताको नै मृत्यु हुन सक्छ वा अरु कुनै विघ्न बाधा परी क्रिया नै नहुन पनि सक्छ । क्रिया नहुँदा लोकले निन्दा गर्नु र मृतकको दुर्गति हुनुको साथै कुललमई पनि राम्रो हुँदैन । अत : वर्षदिन पछि मात्र क्रिया गर्ने भन्ने कुरा लोक व्यवहारोपयुक्त नहुने हुँदा शास्त्रकारले नै जातिवध प्रायश्चित्तको साथै दुई गुणा प्रायश्चित्त र नारायणबलि गरी तत्काल दाहादि सम्पूर्ण और्ध्वदेहिक क्रिया गर्न सकिने व्यवस्था पनि गरेका

---

१. (क) अश्वरत्नमुष्यस्त्री.......सकामाया : स्त्रिया अपि । याज्ञ. ३।२३०-२३३
(ख) गौ.ध.सू. ३।३।१,२,४,५, वौ.ध.सू. २।२।१,२,३, विष्णु : ३६।१-८, आ.ध.सू. १।७।७,८,९,११

२. (क) नीचाभिगमनं गर्भपातनं भर्तृहिंसनम् ।
विशेषपतनीयानी स्त्रीणामेतान्यपि ध्रुवम् । याज्ञ. ३।२९७
(ख) भ्रूणहनि हीनवर्णसेवायां च स्त्री पतति । गौ.ध.सू. ३।३।९

३. (क) महापातकिनां तत्संसर्गिणां च महापापितुल्यानां च पतितानां नपुंसकानां च मरणे नाशौचम् । स्त्रीणां च पत्यादिहन्त्रीणां हीनजातिगामिनीनां गर्भघ्नीनां कुलटानां च पूर्वोक्तानामात्मघातादिपापयुक्तानां च मृतौ नाशौचम् । ध.सि.पृ. ८९१
(ख) पाखण्डयनाश्रिता : स्तेन........... नाशौचोदकभाजना : । याज्ञ. ३।६
(ग) पाखण्डमाश्रिताश्चैव महापातकिनस्तथा ।. ...नि.सि.पृ. ७३०
(घ) पतितानां न दाह : स्यान्नन्त्येष्टि नास्थिसंचय : । नि.सि.पृ. ७३१

४. (क) स्वेच्छयामरणंविप्रात्.................
....................न श्राद्ध न सपिण्डनम् ॥ नि.सि.पृ ७३०
(ख) श्रृङ्गिदंष्ट्रिनखव्याल......................
.... तस्य शुद्धिर्नचान्यथा ॥ नि.सि.पृ. ७३१
(ग) आत्मनस्त्यागिनां स्नास्ति पतितानां तथा क्रिया ।
तेषामपि तथा गङ्गातोये संस्थापनं हितम् ॥
कृत्वाग्निमुदकं स्नानं स्पर्शनं वहनं कथाम् ।
रज्जुच्छेदाश्रुपातं च तप्तकृच्छ्रेण शुद्ध्यति । मिता. (या. ३।६)

५. गोब्राह्मणहतानां च पतितानां तथैव च ।
उर्ध्वं सम्वत्सरात्कुर्यात्सर्वमेवौर्ध्वदेहिकम् ॥ नि.सि.पृ. ७३८

६. दग्ध्वा शरीरं प्रेतस्य संस्थाप्यास्थिनी यत्नत : ।
प्रायश्चित्तं तु कर्तव्यं पुत्रैश्चान्द्रायण त्रयम् । नि.सि.पृ. ७४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् ।[1] जस् अनुसार दुई चान्द्रायण र चार तप्तकृच्छ व्रत गर्नुपर्छ । त्यसपछि नारायणबलि गरी लाश जलाउनु पर्छ । विधिपूर्वक लाश जलाएको दिनदेखि मात्र दशाहादि आशौच बार्ने र क्रिया गर्ने काम गर्नुपर्छ। दुर्मरण निमित्तक दान पनि गर्नु पर्ने हुन्छ, सो दान मिलेसम्म दाह गर्नु भन्दा अगाडि नमिलेमा बाह्रौं वा तेह्रौं दिनमा गर्दा पनि हुने नै देखिन्छ ।

चान्द्रायण व्रत विधिपूर्वक एक महिनासम्म[2] र तप्तकृच्छ व्रत बाह्रदिन गर्नुपर्छ भन्ने कुरा मनुले गरेका छन् ।[3] तर याज्ञवल्क्यले तप्तकृच्छ व्रत चाहिं चार दिनमात्र गर्दा हुने देखाएका छन् । धेरै ग्रन्थको परिशीलन गर्दा चार दिन नै गर्दा हुने देखिन्छ । दुई गुणा गर्नु भनिएको हुँदा एक चान्द्रायणको दुईगुणा दुई महिनासम्म र दुई तप्तकृच्छको दुईगुणा साह्रदिन हुन्छ । यसरी दुइटा व्रत अलगअलग गर्नुपर्छ । त्यसो गर्दा ७६ दिन लाग्ने हुन्छ । मान्छेको मरण भइसकेको छ लाश जलाउन पाइएको छैन यस्तो स्थितिमा यस्ता दिर्घकाल साध्य प्रायश्चित्त गर्न सम्भव हुँदैन, त्यसो हुँदा शास्त्र प्रयोजकहरुले यस्ता धैरै दिन लाग्ने कठोर प्रायश्चित्त गर्न नसक्नेहरुको निम्ति त्यस्ता प्रायश्चित्तको अनुकल्प पनि दिएका छन् । जस् अनुसार एक चान्द्रायण व्रतको सट्टामा आठ पाँच चार वा तीनवटा गाई दान गर्नुपर्छ । यी चार विकल्पमा आफ्नो शक्ति अनुसार एक लिनु पर्ने हुन्छ । एक तप्तकृच्छको सट्टामा भने तीनवटा गाई दान गर्नुपर्छ । यहाँ दुई चानद्रायण गर्नु पर्नेछ, त्यसको सट्टामा गरिने गोदानको सबैभन्दा सानु पक्ष लिंदा पनि छ वटा गाई दान गर्नै पर्ने हुन्छ, भने चार तप्तकृच्छको सट्टामा ब्राह्रवटा गाई दान गर्नुपर्छ, यसरी जम्मा अठ्ठार वटा गाई दान गर्नुपर्छ । त्यति गाई गर्न नसक्नेले "कृच्छव्रतका अनुकल्प" शीर्षकमा भनिए अनुसार गाईको मूल्यादि दान गरे पनि हुन्छ, सो गरी नारायणबलि गर्नुपर्छ, त्यति गरिसके पछि मात्र दाहसंस्कार गरी आशौच बार्ने र दशाहादि क्रिया गर्ने काम थाल्नु पर्छ ।

प्रमादले मर्नेको और्ध्वदेहिक क्रिया

प्रमादले मर्ने मान्छेको आशौच बार्ने क्रिया गर्ने आदि कुनै कुरा पनि गर्न पर्दैन, लाश पानीमा फालिदिनु पर्छ भन्ने कुरा माथिनै गरिसकिएको छ तर त्यसो गर्नु प्रायश्चित्त नगरेको खण्डमा मात्र हो । प्रायश्चित्त गरी क्रिया काष्ठा नगर्दा मृतक प्रेतत्वमा प्राप्त हुन्छ र उसको गति पनि नारकीय हुन जान्छ, मरेका आफ्ना पित्रादिको काजक्रिया नगर्ने पुत्र पौत्रादिले पनि प्रायश्चित्तभागी हुनुपर्छ । अत : पुत्रादिले आफ्ना पित्रादिको प्रमादले मरे वापतको प्रायश्चित्त गरी आशौच बार्ने र क्रिया गर्ने काम अवश्य गर्नै पर्ने हुन्छ । प्रमाद-मरण-जनित-पाप नाश गरी क्रिया गर्ने अधिकार प्राप्तीको लागि क्रिया गर्नुपर्ने पुत्रादिले एक चान्द्रायण व्रत र दुई तप्तकृच्छ व्रत गर्नुपर्छ । त्यसपछि नारायणबलि गरी लाश जलाउने आशौच बार्ने क्रिया गर्ने आदि सबै काम गर्नु पर्ने हुन्छ ।[4] आशौच मरण दिनबाट नै लाग्छ ।

बाबु आमा आदिको मृत्यु भइसके पछि लाश त्यसै राखेर एक महिना लाग्ने चान्द्रायण व्रत र चार दिन लाग्ने तप्तकृच्छव्रत गर्ने तर्फ लाग्नु व्यावहारिक नहुने हुँदा आत्महत्या गर्नेको प्रायश्चित्तमा जस्तै यसमा पनि उक्त दुई प्रायशिचत्तको अनुकल्प लिनु पर्ने हुन्छ । एक चान्द्रायणको अनुकल्पमा तीन वटा र दुई तप्तकृच्छको अनुकल्पमा छ वटा समेत गरी जम्म नौ वटा गाई दान गर्नुपर्छ । गाई दान गर्न नसकेको वा गाई नै नमिलेको अवस्थामा गाईको मूल्यादि दान गर्दा पनि हुने कुरा "कृच्छव्रतका अनुकल्प" शीर्षकमा भनिएको छ, के कति मूल्य दान गर्नु पर्ने भन्ने कुरा त्यहिं हेरी निधो गर्नुपर्छ ।

मृतकको लाश दाहस्थलमा पुऱ्याई मृतक पुरुष भए मृण्डन र स्नान गराई स्त्री भए स्नान मात्र गराई केश कीट मूत्र पुरीषादि केही नभएको शुद्ध ठाउँमा सुरक्षाका साथ राख्नुपर्छ । त्यसपछि क्रिया कर्ताले क्षौर गरी स्नान गर्नुपर्छ र लाशको नजीक गई प्रमादमरण निमित्तक पापनाशको लागि गर्नुपर्ने माथि भनिएका चान्द्रायणदेखि नारायणबलिसम्मका सबै कृत्य र दुर्मरण निमित्तक दान पनि गर्नुपछ । अनि मात्र विधिपूर्वक लाश जलाउने काम गर्नुपर्छ ।

हाम्रो लोक व्यवहारमा यसरी शास्त्रीय विधि पुऱ्याई लाश जलाउने काम सबैले गरेको त्यति पाइँदैन । जो जसरी मरे तापनि कुनै प्रायश्चित्तनै नगरी त्यत्तिकै जलाइ दिने गरिन्छ, त्यसो गर्नु निकै ठूलो भूल हो । प्रमादले मर्नेहरुको दुर्गति

---

१. आत्मनो घातशुद्धयर्थ चरेच्चान्द्रायणं द्वयम् ।
तप्तकृच्छं चतुष्कं च त्रिंशत्कृच्छ्राणि वा पुन : ॥
अर्वाक् संवत्सरात्कुर्याद्दहनादि यथोदितम् ।
कृत्वा नारायणबलिमनित्यत्वा त्तदायुष : ॥ नि.सि.पृ. ७४०

२. मनु : ११।२१६ याज्ञवल्क्य : ३।३२३,३२४

३. मनु : ११।२१४, २१ - याज्ञवल्क्य ३।३१७

४. (क) प्रमादादपि नि : शङ्कस्त्वकस्माद्विधि चोदित : ।
श्रृङ्गिदंष्ट्रिनखिव्यालविष विद्युज्जलादिभि : ॥
चाण्डालै र्ब्राह्मणश्चौरै र्निहतो यत्र कुत्रचित् ।
तस्यदाहादिकं कार्यं यस्मात्र पतितस्तु स : ॥ शु.च.(पृ. ८२)

(ख) चान्द्रायणं तप्तकृच्छ द्वयं तस्य विशुत्वा तु विधिना दहेत् । नि.सि.पृ. ७४०

(ग) अथ कश्चित्प्रमादेन म्रियेताग्न्युदकादिभि : ।
तस्याशौचं विधातव्यं कर्तव्या चोदकक्रिया ॥ मिताक्षरावृत्ति : (गौ.ध.सू. २।४।११)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ, त्यसो हुँदा तन्निवारक प्रायश्चित्त गर्नुपर्छ भन्ने कुरा जनसाधारणले त्यति बुझेकै हुँदैन, त्यसो हुँदा पनि यस्ता प्रायश्चित्त नगरिएका हुन सक्छन् । माथि भनिए अनुसार प्रायश्चित्त र नारायणवलि गर्न कुनै ठूलो धनराशी र लामो समय लाग्ने होइन । दान प्रदान आफ्नो शक्ति अनुसार हुन्छ भन्ने कुरा यसै निवन्धको धेरै ठाउँमा भनि सकिएको छ । अत : आर्थिक स्थिति निकै कमजोर हुनेहरुले र समय नहुनेहरुले पनि कम खर्च गरी छोटो समयमानै सबै काम समाप्त हुन सक्छ । त्यसो हुँदा सनातन धर्मानुयायी सवैले यी कुरा बुझी दुर्मरण हुनेहरुको शुद्धिको निम्ति तोकिएको प्रायश्चित्त गरेर मात्र दाहादि सबै क्रिया गर्नु अनिवाइ्र हुन्छ । दुर्मरण निमित्तक दान दाह गर्नु भन्दा अगाडि गर्नु पर्ने हो, तर सो समयमा गर्न नमिले बाह्रौं वा तेह्रौं दिनमा गरे पनि हुन्छ ।

पतितको और्ध्वदेहिक क्रिया

अतिपातक, महापातक र अनुपातक यी तीन पाप गर्ने पातकी र नीच पुरुषसँग गमन गर्ने वा पोइल जाने, गर्भपात गर्ने, पतिको हत्या गर्ने र वेश्यावृत्ति गर्ने स्त्रीहरु पनि पतित हुन्छन् । यस्ता पतित मरेमा यिनको दाहसंस्कार गर्ने आशौच बार्ने क्रिया गर्ने आदि कुनै कुरा गर्न पर्दैन लाश पानीमा लगेर फालिदिए हुन्छ भन्ने कुरा माथिनै देखाइ सकिएको छ । आफ्नो आचरणमा रहेका (अपतित) छोराले पतित बाबु आमाको लाश पानीमा मिल्काई कुनै काज क्रिया नगरी त्यसै वस्दा पनि कुनै त्यस्तो खास दोष लाग्ने चाहिं देखिंदैन, तापनि बाबु आमा मर्दा क्रिया नगर्ने छोरालाई लोकले निन्दा गर्ने र क्रिया गर्न नपाउंदा आफैंलाई पनि खल्लो लाग्ने र चित्त दुख्ने हुन्छ । आफ्ना बाबु आमालाई दुर्गतिबाट बचाई सद्गतिमा पुऱ्याउनु छोराहरुको परम कर्तव्य पनि हुन जान्छ । त्यसो हुँदा छोराहरुले सकेमा अरु दाजुभाइको बाहेक आफ्नै बाबु आमाको मात्र लाश पानीमा फालेको एक वर्ष पुगे पछि जलाशयको नजीकमा गई सोह्र प्राजापत्य कृच्छ्र प्रायश्चित्त वा "कृच्छ्र व्रतका अनुकल्प" शीर्षकमा भनिए अनुसारको अनुकल्पको अनुसरण गरी नारायणवलि गर्नुपर्छ। त्यसपछि त्यसै ठाउँमा पर्णशर दाह गरी सपिण्डीकरण बाहेक अरु दशाहादि क्रिया र दानप्रदान गर्नु क्रिया गर्ने र मर्ने दुवैको निम्ति राम्रो हुन्छ ।[1]

पतितको वर्गीकरण

द्विजजातिका पतितहरुलाई उनीहरुले गरेको पाप अनुसार गर्नु पर्ने शास्त्रले तोकेको प्रायश्चित्तको आधारमा दुई श्रेणीमा विभाजन गर्न सकिन्छ- मर्ने वित्तिकै क्रिया गर्न सकिने पतितहरु र मरेको एक वर्ष पुगे पछि क्रिया गर्न सकिने पतितहरु । यीनीहरुमा केही मात्र तल दिइन्छन् ।

मर्ने वित्तिकै क्रिया गर्न सकिने पतितहरु

गुरुलाई मिथ्या दोष लगाउनु, वेदको निन्दा गर्नु,लशुन प्याज छ्यापी च्याउ कुखुरा सुँगुर आदि अभक्ष्य भक्षण गर्नु, अश्व रत्न मनुष्य स्त्री भू धेनु आदिको हरण गर्नु आदि पाप गर्नेहरुलाई महापातकी समान मानिएको छ । " लोके राजसमो मन्त्री" भनिएको हुँदा लोक व्यवहारमा मन्त्री पनि राजा समान नै हुन्छ भन्ने गरिन्छ, तापनि राजा समान मन्त्री कदापि हुन सक्दैन र समान मात्र पनि सहिंदैन, त्यस्तै समान भनिएका पातकहरु पनि तत्समान हुन सक्दैनन्, केही कमनै हुन्छन् । त्यसो हुँदा प्रायश्चित्त पनि महापातकीले गर्नु पर्ने भन्दा तत्समपातकीले केही कम नै गरे हुन्छ ।[2] लशुन प्याज छ्यापी च्याउ कुखुरा र सुँगुर जानी जानी द्विज जातिले बारम्बार खायो भने पतित नै हुन्छ भन्ने कुरा मनुले ठोकुवा नै गरेका छन् ।[3] यस्ता पातित्यजनक लशुन प्याज आदि ६ वटा पदार्थलाई प्राय: सबै शास्त्र प्रयोजकले जाँडरक्सि समान मानेका छन् । सुरासमान मानिएका य़स्ता पदार्थ खाएमा सुरापान प्रायश्चित्तको आधा प्रायश्चित्त गरे हुन्छ भन्ने कुरा

---

१. (क) गोव्राह्मणहतानां च पतितानां तथैव च ।
उर्ध्वं संवत्सरात्कुर्यात्सर्वमेवौर्ध्वदेहिकम् । मिता. (या. ३।६)
(ख) पाखण्डमाश्रिताश्चेव महापातकिनस्तथा ।
स्त्रियश्च व्यभिचारिण्य आरुढपतितास्तथा ॥
न तेषांस्नान संस्कारो न श्राद्धं न सपिण्डनम् । नि.सि.पृ. ७३०
(ग) पतितेच मृते शुद्धौ प्राजापत्यांस्तु षोडश । नि.सि.पृ. ७३९
(घ) घटस्फोटेन वहिष्कृतस्यापि पित्रोरब्दान्ते नारायणवलि :
केचित्तु नारायणबलौ कृतेप्यन्त्यकर्म सपिण्डनवर्ज कार्यम् ।
गोव्राह्मण हतानाञ्च पतितानां तथैव च ।
व्युत्क्रमाच्च प्रमीतानां नैवकार्यं सपिण्डनम् । नि.सि.पृ. ७४२

२. तच्च प्रायश्चित्तं "सम" शब्देनोपदिश्यमानं ब्रह्महत्यादिप्रायश्चित्तेभ्य : किंचिन्न्यूनमेवोपदिश्यते । "लोके राजसमो मन्त्री" इतयादि वाक्येषु "सम" शब्दस्य किंचिद्धिने प्रयोगदर्शनात्, महत : पातकस्येतरस्य च तुल्यत्वस्यायुक्तत्वाच्च । मिता. (या.३।२३१)

३. छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम् ।
पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद्द्विज : ॥ मनु : ५।१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिताक्षरामा छ ।[1] महर्षि बौधायनले अमेरिका बेलायत आदि समुद्रपारका देशमा जानु, शूद्रसेवा गर्नु, शूद्रको जस्तै आचरण गर्नु, स्पृश्या शूद्रामा सन्तान जन्माउनु आदि पनि पातित्यजनक नै मानेका छन् । यिनीहरु र यस्तै अरु पनि पातकबाट पतित भएका व्यक्तिले आफ्नो जातित्व प्राप्त गर्न शास्त्रीय प्रायशितत्त अवश्य गर्नैपर्छ । तर कसैको प्रायश्चित्त नगरिकन मृत्यु हुन्छ भने त्यस्ता व्यक्तिको लाशलाई छोराहरले दाहस्थलमा लगी चोखो ठाउँमा राख्ने र त्यसै लाशको नजीकमाविधिपूशर्वक महापातकबाट पतित भएका व्यक्तिको मरणमा गर्नुपर्ने प्रायश्चित्तको आधा (आठ) प्राजापत्य कृच्छ व्रतको "कृच्छव्रतका अनुकल्प" शीर्षकमा भनिए अनुरुपको अनुकल्प गरी नारायणवलि गर्ने र मन्त्रपूर्वक लाश जलाउने गर्नुपर्छ । त्यस पछि मात्र दशाहादि सबै क्रिया गर्न सकिने हुन्छ ।

मृत्यु भएको एकवर्ष पछि मात्र क्रिया गर्न सकिने पतितहरु

महापातक र अतिपातक गर्नेहरु, त्यस्तै अनुपातक पर्ने मध्येका मित्रपत्नी, उत्तम जातिकी कन्या, दिदी बहिनी, अन्त्य जातिका स्त्रीहरु (सर्किनी दमिनी कमिनी आदि), सपिण्ड, समानोदक र सगोत्रका स्त्रीहरु, सानमिा ठूशलीआमा, फूपु, माइजू र उनीहरुका छोरीहरु, सौतेनी आमा र उनका छोरीहरु, आचार्य पत्नी र सासू आदिसँग गमन गर्नेहरु (जसलाई हाम्रो जनसमाजमा हाडफोरा भनिन्छ) त्यस्तै तल्लो जातिको पुरुषसँग पोइल जाने, पतिको हत्या गर्ने र वेश्यावृत्ति गर्ने स्त्रीहरु पनि अति निकृष्ट पातकीको रुपमा लिइन्छन् ।[2] यस्ताले प्रायश्चित्त पनि अति क्लिष्ट (गुरुतर) नै गर्नुपर्छ । यिनै र यस्तै पातकी मरेमा मात्र मरेको एक वर्ष पछि "पतितको और्ध्वदेहिक क्रिया" शीर्षकमा भनिए अनुसारको प्रायश्चित्त गरी क्रिया गर्न सकिने हुन्छ ।

पतितको क्रिया-केही उदाहरण

द्विजजातिका पतितको क्रिया गर्ने विषयमा हाम्रो हिन्दू जनसमाजमा पर्ने गरेका र पर्न सक्ने खालका समस्याको समाधान गरिएका केही उदाहरण तल दिइएका छन् ।

पहिलो उदाहरण- कुनै द्विज जाति (ब्राह्मण, क्षत्रिय वा वैश्य) को विवाहिता सवर्णा धर्मपत्नी छिन्, तिनीबाट जन्मेका औरस छोरा पनि छन्, त्यस्तो स्थितिमा त्यो द्विजले कुनै अस्पृश्या शूद्रा (सर्किनी दमिनी कमिनी आदिमा कुनै एक) स्वास्नीको रुपमा ल्यायो, त्यही ल्याइतासँग आफ्ना पत्नी र छोरालाई छोडी कुनै ठाउँमा गई रमाएर बसेको छ, ल्याइता पट्टि छोरा जन्मेका छैनन्, त्यस्तो अवस्थामा त्यस पतितको मृत्यु भयो भने तिनै पहिली पत्नीका छोराले मृतकको लाश पानीमा लगेर फालिदिनु पर्छ लाश छोए वापत स्नान गर्ने र एक छाक छोड्ने चाहिं गर्नुपर्छ, वर्ष दिनसम्म अरु केही गर्न पर्दैन, उनीहरु अशुद्ध पनि हुँदैनन् । जब लाश पानीमा फालेको एक वर्ष पुग्छ त्यस बखतसम्म पनि मृतकको दशाहादि क्रिया हुन नसकेमा तिनै छोराले माथि लेखिए अनुसार सबै प्रायश्चित्त रपर्णशरदाह गरी सपिण्डी वाहेकका अरु सबै क्रिया गर्नुपर्ने हुन्छ, पहिली पत्नीले विधवाको रुप पनि त्यसै बखत (पर्णशरदाह गरेपछि) लिनु पर्ने हुन्छ । यदि त्यो पतितको ल्याइता स्वास्नी पट्टि पनि छोरा छन् भने त्यसको क्रिया तिनै छोराले शूद्रको विधि अनुसार तत्काल गर्छन्, तिनीहरुले गरेको खण्डमा पहिली पत्नी पट्टिका छोराले गर्न मिल्दैन, उनीहरले त्यसैबखत दश दिनसम्म केवल स्नान गरी एक छाक चोखो खाई बसे हुन्छ, अञ्जलिदान पिण्डदान आदि कुनै पनि क्रिया गर्न पर्दैन । यस्तो क्रियालाई लोकमा ठाडो क्रिया भन्ने गरेको पाइन्छ । पहिली पत्नीले पनि विधवाको रुप लिई छोराले जस्तै गरी छोरासँगै बसे हुन्छ । क्रिया गर्न नमिले पछि पहिली पत्नीले विधवा पनि हुन पर्दैन भन्ने कुरा केही बुझेकै मान्छेले पनि गरेको सुनिन्छ तर लोग्नेसँग देह सम्बन्ध हुन्छ उसको देह नै नरहे पछि स्वतः नै विधवा हुने कुरा निर्विवाद छ, विधवा भनेकै लोग्ने नहुनु हो ।

यसरी आफ्नो लोग्ने वा बाबुको मृत्यु हुँदा पनि बाबुको दुष्कर्मको कारण पत्नी वा छोराले आफ्नो वैदिक परम्परा अनुसारको क्रिया गर्न नपाउने स्थिति आउने हुँदा शास्त्र प्रवर्तकहरुले त्यस्ता दुष्कर्मी (पतित) लाई घटस्फोट विधिका[3] साथ बहिष्कार गर्ने व्यवस्था गरेका छन् । त्यस्ता बहिष्कृतसँग द्विज कसैले पनि संपर्क बोलचाल लेनदेन आदि कुनै कुरा गर्न नहुने पनि बताएका छन् । पतितलाई शास्त्रकारले यसरी अति निन्दा गरेकाले त्यस्ता निन्दित व्यक्तिहर प्रायः अहिले पनि आफ्नो छोडी भाग्ने वा डाँडो काट्ने गर्छन र आफ्ना स्वास्नी छोराछोरी दाजुभाइ इष्टमित्र कसैले पनि सकभर नदेख्ने

---

१. सुरापानसमेषुतु निषिद्ध भक्षणादिषु सुरापानप्रायश्चित्तार्धमित्युक्तम् । मिता. (या.३।२५६)

२. माता मातृष्वासा..............नान्यो दण्डो विधीयते । मिता. (या.३।२३३)

३. घटस्फोट विधि-पतितलाई वहिष्कार गर्ने विधिलाई घटस्फोट विधि भनिन्छ । आफ्नो कुलमा कोही पतित भयो भने त्यस कुलका सपिण्डसमानोदकादि जूठो लाग्ने जति प्राय : सबै बन्धु बान्धव जम्मा भई पतितलाई साथै लिई त्यसलाई निन्दा एवं घृण गर्ने गाउँदेखि बाहिर जानुपर्छ र कुनै ठाउँमा बसी दासीलाई माटाको जलपूर्ण घट ल्याउन लगाउनु पर्छ र त्यसै दासीलाई दक्षिणाभिमुख गराई त्यस घटलाई लात्ताले हान्न लगाउनु पर्छ, जुन काम गरे पछि घट फुटी जल रहित होस् । यो विधि ज्ञाति ऋत्विग्गुरु पुरोहितादिको सन्निधिमा रिक्तादि तिथि भएको निन्दित दिनको सायंकालमा गर्नुपर्छ । यति गरी पतितलाई बहिष्कार गरेपछि त्यो पतित मर्दा जूठो बार्नु पर्ने जति दाजुभाइ सबैले त्यसै विधि गरेको दिनदेखि एक दिन एकरात त्यस ज्यूँदो पतितको जूठो बार्नुपर्छ । मु. ११।१८२-१८३ याज्ञवल्क्य ३।२९४ गौतम १९।५।७ नि.सि.पृ. ७५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र थाहा नै नपाउने देश वा विदेशको कुनै ठाउँमा गई बस्ने गर्छन् । पतित पातकीले त्यसै गर्नु उचित हुन्छ । यदि त्यसो नगर्ने हो भने दुराचारीहरुको बाहुल्य भई द्विजजातिका वैदिक परम्परा धर्म संस्कृती सबै विनाशको अवस्थामा पुग्न सक्ने सम्भावना हुन्छ, अतः यस्ता परस्त्रीगमन जस्ता दुष्कर्ममा प्रवृत्त हुन सक्ने व्यक्तिलाई त्यस्ता कर्मबाट निरुत्साहित गरी सत्कार्यमा प्रवृत्त गराई वैदिक परम्पराको रक्षा गर्नु सबैको कर्तव्य हुन गएको छ ।

दोश्रो उदाहरण- कुनै ब्राह्मणी, क्षत्रिया वा वैश्या स्त्रीको वैदिक विधिपूर्वक विवाहिता सवर्ण पति र त्यसैबाट जन्मेका छोरा पनि छन्, त्यस्ता पति र छोरालार्य छोडी आफू समान वा आफूभन्दा माथिल्लो जातिको पुरुषसँग त्यो स्त्री पोइल गई, पोइल गएको लोग्ने पट्टिबाट पनि छोरा जन्मेका छन्, त्यस्तो स्थितिमा त्यस स्त्रीको मृत्यु भयो भने उसको क्रिया तिनै पछिल्ला लोग्नेबाट जन्मेका छोराले गर्नुपर्छ । अघिल्लो लोग्नेले तीन दिन र अघिल्लो लोग्ने तर्फका छोराले दश दिन उदकदानादि केही नगरी सामान्य आशौच बार्नु पर्ने हुन्छ । पछिल्लो लाग्ने पट्टी छोरा छैनन् र क्रिया गर्ने मानिस कोही भएन भने अघिल्लो लोग्ने पट्टिका छोराले तत्काल प्रायश्चित्त स्वरुप पन्ध्र कृच्छव्रत वा त्यसको अनुकल्प र नाराणबलि समेत गरी लाश जलाउनु पर्छ । त्यसपछि दशाहादि सबै क्रिया गर्नु पर्ने हुन्छ । दुवै तर्फ छोरा छैनन् भने पछिल्लो लोग्नेले त्यस स्त्रीको क्रिया हुने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

यदि तल्लो जातिको पुरुषसँग पोइल गएको भए त्यसै पुरुषबाट जन्मेका छोराले वा त्यही लोगनेले क्रिया गर्नुपर्छ । माथिल्लो जातिको अघिल्लो लोग्ने तर्फका छोराले केही गर्नु पर्दैन, केवल दश दिन सम्म स्नान गरी चोखो खाई बस्दा हुन्छ । त्यसरी बस्दा पनि कपाल भने खौरनै पर्ने हुन्छ । पछिल्लो लोग्ने तर्फका छोरा र पछिल्लो लोग्ने दुवै नभए अघिल्लो लोग्ने पट्टिका छोराले पतित भएर मरेकी आफ्नी आमाको लाशलाई पानीमा लगेर फालिदिनु पर्छ, फालेको एक वर्ष पुगेपछि "पतितको और्ध्वदेहिक क्रिया" शीर्षकमा लेखिए अनुसार क्रिया गर्नु पर्ने हुन्छ ।

दुर्मरणमा गर्नुपर्ने दान

तल लेखिएका कारणबाट दुर्मरण हुनेहरुको शुद्धिको निम्ति तल लेखिए अनुसारकै वस्तु दान वा कार्य गर्नु पर्ने शास्त्रीय विधान छ-

१. बाघ भालू आदि हिंस्रक जन्तुबाट मृत्यु हुन गएमा विप्रकन्या दान ।
२. हात्ती गैंडा आदिबाट मरण भएमा चार निष्क परिमाणको वा यथाशक्ति सुन राखि बनाइएको हात्ती ।
३. सर्पले टोकेर मरेमा नागबलि दिनुका साथै सुनको सर्प ।
४. राजाबाट वा राजपक्षका सेना प्रहरी कर्मचारी आदिबाट मारिएकाको निम्ति सुवर्ण निर्मित पुरुष ।
५. चोर डाँका दुर्जन आदिबाट वा उनीहरुको हातमा रहेको शस्त्र अस्त्र विष बन्धन काष्ठ पाषाण आदिबाट मरण भएमा गाई ।
६. वैरी शत्रु प्रतिपक्षी वा क्रोधान्ध कुनै पनि व्यक्तिबाट मारिएमा गोरु ।
७. गोरुबाट मर्नेको निम्ति यथाशक्ति सुवर्ण ।
८. ओछ्यानमा मरेमा एक निष्क सुवर्ण निर्मित विष्णु प्रतिमा सहितको शैय्या ।
९. शौचहीन मान्छे मरेमा दुई तिष्क सुनको विष्णु प्रतिमा ।
१०. उपनयन संस्कारहीन मरेमा ब्राह्मण कुमारको उपनयन ।
११. घोडाबाट मरण भएमा तीन निष्क सुवर्ण निर्मित घोडा ।
१२. कुकुरको टोकाइबाट मर्नेको निम्ति क्षेत्रपालको स्थापना ।
१३. सुँगुर बँदेल अर्ना आदिबाट मर्नेको लागि दक्षिणान्वित राँगो ।
१४. बिच्छी खजुरो हरेउ आदि किराले टोकेर मरेमा पाँच खारी*गहुँ ।
१५. रुखबाट लडेर वा रुखले लागेर मरेमा वस्त्रयुक्त सुनको वृक्ष ।
१६. सिङ हुने कुनै पनि पशुद्वारा मारिएमा वस्त्रसहितको गोरु ।
१७. रेल मोटर मोटरसाइकल ट्रक टृयाम्पो गाडा बग्गी साइकल आदि दुर्घटनामा परी जमीनमा मृत्यु भएमा गृहसामग्री सहित द्रव्य ।
१८. भीर पहिरो पहाड पर्वत घर कौशी बार्दली आदिबाट लडी मरेमा धान्यपर्वत ।
१९. अग्नी बिजुली फोनको करेण्ट आदिबाट मरण भएमा कूवा इनार तलाउ आदि बनाई प्रतिष्ठा समेत ।
२०. काठ दाउरा आदिबाट मर्नेको निम्ति धर्मार्थ सभा ।
२१. शस्त्र अस्त्र हातहतियार कलकारखाना मिसिन आदिबाट मरेमा दक्षिणा सहितको भैंसी ।
२२. ढुङ्गामाटो पत्थर आदिबाट र पत्थरकोइला आदि कुनै खानीमा पुरिई मर्नेको निम्ति सवत्सा दुहुनी गाई ।
२३. कुनै पनि विषादि पदार्थबाट मरेमा सुवर्ण निर्मित पृथ्वी ।

* ४ पाथिको १ आढक ४ आढकको १ द्रोण १६ द्रोणको १ खारी । अ.को २१९।८८ टि. २

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२४. डोरी धागो पटुका तार आदि बनधनबाट मर्नेको लागि सुनको वानर ।
२५. असिना पानी पानी जहाज डुङ्गा आदिबाट मरेमा सुनको वरुण प्रतिमा ।
२६. झाडा वान्ताको रोगबाट मरेमा शय ब्राह्मण भोजन ।
२७. खाएको कुनै पनि वस्तु घाँटिमा अडकिइ मरेमा घृतधेनु ।
२८. दमखोकीको रोगबाट मरण भएमा आठकृच्छ्र व्रत ।
२९. अतिसारबाट मरेमा लक्षगायत्री जप ।
३०. भूत प्रेत डाकिनी शाकिनी ग्रह आदि कारणबाट मृत्यु भएमा रुद्री पाठ ।
३१. विजुली चट्याङ हुरिवतास आदिबाट मरेमा विद्यादान ।
३२. हवाइजहाज रकेट हेलिकप्टर प्यारासुट आदिबाट मर्नेको निमित्त वेदपारायण ।
३३. पतित मरेमा सोह्र कृच्छ्रव्रत ।
३४. अस्पृश्य जाति वा पदार्थले स्पर्श गरेको वखत मरेमा वेदपुराणादिको पुस्तक ।
३५. सन्तानहीन मरेमा नब्बे कृच्छ्र व्रत ।[1]

माथि भनिएका कारण मध्ये कुनै एकबाट यदि कसैको मृत्यु हुन्छ भने त्यस्तो मृत्युलाई दुर्मरण मानिएको छ । दुर्मरण हुनेहरु निश्चयनै दुर्गतिमा प्राप्त हुन्छन् । दुर्गतिमा पुगेका पित्रादि वन्धु वान्धवलाई शास्त्रले भने बमोजिम दान वा काम गरी सद्गतिमा पुऱ्याउनु पुत्रादिको परम कर्तव्य हुन जान्छ । त्यसैले सद्गति प्रदान गर्ने माथि उल्लेखित दान वा कार्य छोरा नाति आदि क्रिया कर्ताले अवश्य गर्न पर्ने हुन्छ ।

माथि दिएका दान वा कार्य केही चाँहि आत्महत्या गर्ने र प्रमादले मर्नेको लागि पनि हुन सक्छन् । तिनै साधन

---

१. व्याघ्रेणनिहते विप्रे विप्रकन्यां विवाहयेत् ।
सर्पदष्टे नागवलिर्देय : सर्पश्च काञ्चन : ॥
चतुर्निष्कमितं हैमं गजं दद्याद्गजैर्हते ।
राज्ञा विनिहते दद्यात्पुरुषं तु हिरण्मयम् ॥
चौरेणनिहते धेनुं वैरिणा निहते वृषम् ।
वृषेण निहते दद्याद्यथाशक्त्या तु काञ्चनम् ॥
शय्यामृते प्रदातव्या शय्या तूलीसमान्विता ।
निष्कमात्र सुवर्णस्य विष्णुना समधिष्ठिता ॥
शौचहीने मृते चैव द्विनिष्कं स्वर्णजं हरिम् ।
संस्कारहीने च मृते कुमारमुपनाययेत् ॥
निष्कत्रयं स्वर्णमितं दद्यादश्वं हयाहते ।
शुनाहते क्षेत्रपालं स्थापयेन्निजशक्तित : ॥
सूकरेण हते दद्यान्महिषं दक्षिणान्वितम् ।
कृमिभिश्च मृते दद्याद्गोधूमान्पञ्चखारिका : ॥
वृक्षं वृक्ष हते दद्यात्सौवर्णं वस्त्रसंयुतम् ।
श्रृङ्गिणा निहते दद्याद्वृषभं वस्त्र संयुतम् ॥
शकटेन हते दद्याद्द्रव्यं सोपस्करान्वितम् ।
अग्निना निहते कार्यमुदपानं स्वशक्तित : ॥
दारुणा निहते चैव कर्तव्या सदने सभा ।
शस्त्रेण निहते दद्यान्महिषीं दक्षिणान्विताम् ॥
अश्मना निहते दद्यात्सवत्सां गां पयस्विनीम् ।
विषणे च मृतेदद्यान्मेदिनीं हेमनिर्मिताम् ॥
उद्वन्धनेन च मृते कपिं कनकनिर्मिताम् ।
मृते जलेन वरुणं हैमं दद्याद् द्विनिष्कजम् ॥
विषूचिकामृते स्वादु भोजयेच्च शत. द्विजान् ।
घृतधेनु : प्रदातव्या कण्ठान्नकवले मृते ॥
कासरोगेण च मृते अष्टकृच्छ्रं व्रतं चरेत् ।
अतिसारमृते लक्षं गायत्र्या : प्रयतो जपेत् ॥
शाकिन्यादिग्रहग्रस्ते जपेद्रुद्रं यथोदितम् ।
विंद्युत्पातेन निहते विद्यादानं समाचरेत् ॥
अर्न्तारक्षमृते कार्यं वेदपारायणं तथा ।
सच्छास्त्रपुस्तकं दद्यादस्पृश्यस्पर्शतो मृते ॥
पतिते त मृते कुर्यात्प्राजापत्यांस्तुषोडश ।
मृतेचपत्यरहिते कृच्छ्राणां नवति चरेत् ॥
एवं कृते विधाने तु विदध्यादौर्ध्वदेहिकम् । शातातप : (२० स्मृतियां प्रथम ख.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वा कारणबाट आत्महत्या गर्ने र प्रमादले मर्नेहरुको निम्ति तोकिएको प्रायश्चित्त, नारायणवलि र दान तीनै कुरा गर्नुपर्छ भने तिनै कारणबाट भवितव्य वा दुर्घटनामा पर्नेहरुको निम्ति भने दान मात्र गर्दा पनि हुन्छ । जसको निम्ति जुन कर्म गर्नु परे पनि लाश जलाउनु भन्दा अगाडि गर्न नमिले १२ दिनमा गर्दा पनि हुने नै देखिन्छ ।

दुर्मरणमा गर्नु पर्ने प्रायश्चित्तादि गर्न नसकेमा

बाबु वा आमाले आत्महत्या गरे वा प्रमादको कारण उनीहरुको मृत्यु भयो अथवा उनीहरु पतित भए भने उनीहरुलाई शुद्ध गरी नारकीय गतिबाट मुक्त गर्नु र आफू पनि मृतक बाबु आमाको क्रिया गरी शुद्ध हुनु पुत्रको परम कर्तव्य हुन्छ । मृतकको उद्धार र आफ्नो शुद्धि दुवै कुराको निम्ति पुत्रादि क्रियाकर्ताले कृच्छ्रादि प्रायश्चित्त, दान र नारायणबलि यी तीनै वटा कार्य गर्नुपर्छ, यो कुरा माथि पनि भनिसकिएको छ । यदि छोराले प्रायश्चित्त गर्न नसकेमा दान र नारायणबलि मात्र गरेर पनि क्रिया गर्न सक्छ । अर्थाभावले गर्दा दान पनि गर्न नसके नारायणबलि मात्र गरेर क्रिया गर्दा पनि पुत्रादि सपिण्ड चाहिं शुद्ध हुन्छन् तर मृतकले भने पुत्रादिले गरिदिनु पर्ने प्रायश्चित्तादि नगरिदिएको कारण अतिशय दु:खप्रद नरकादि भोग गर्ने पर्छ ।[1]

सर्पले टोकेर मर्नेको क्रिया

सर्पबाट आत्महत्या गर्ने, प्रमादले गर्दा सर्पवाट मर्ने, सर्पको टोकाइवाट मर्ने समेत गरी सर्पले टोकेर मर्ने मान्छेहरुलाई तीन तहमा राखिएको छ । जसको क्रिया तल लेखिए अनुसार गर्नु पर्ने हुन्छ ।

सर्पबाट आत्महत्या गर्नेको क्रिया

पीर बाधा भय क्रोधादिको कारण सर्पको टोकाइवाट आत्महत्या गर्ने (मर्ने) कुत्सित भावना लिई जो मान्छे सर्पको नजीक गई चलाउने जिस्क्याउने गर्छ र उसको टोकाईबाट मर्दछ भने त्यस्तो व्यक्तिको र गाई घोडा मनुष्य स्त्रीको हत्या हरण वा चोरी गर्न जाँदा सर्पले टोकेर मर्ने व्यक्तिको पनि लाश पुत्रादिले पानीमा लगेर फाल्नुपर्छ र क्रियाकाष्ठा केही नगरी एक वर्षसम्म प्रत्येक महिनाको शुक्लपञ्चमीमा अनन्त वासुकि शङ्ख पद्म कर्कोटक कम्बल आदि बाह्र वटा पञ्चफणाले युक्त पिष्टमय नागको क्रमश: पूजा गरी ब्राह्मण भोजन गराउँदै जाने र वर्षान्तमा सुवर्ण निर्मित नागदान गोदान र नारयणबलि गरी पर्णशरदाह गरेर मात्र दशाहादि सबै क्रिया गर्नु पर्ने शास्त्रीय व्यवस्था रहेकोछ । तापनि वर्ष दिनसम्म क्रिया नगरी बस्नु लोक व्यवहारोपयुक्त नहुने हुँदा मृत्यु भएको दिन वा दश दिन भित्र दुई गुणा प्रायश्चित्त गरी अर्थात् दुई चान्द्रयाण र चार तप्तकृच्छ्र व्रत गरी अथवा त्यसको अनुकल्पमा १८ वटा गाई वा "कृच्छ्र व्रतका अनुकल्प" शीर्षकमा भनिएका मूल्यादिको दान गरी लाश जलाउने दशाहादि क्रिया गर्ने गर्दा पनि हुने नै देखिन्छ ।

प्रमादले सर्पबाट मर्नेको क्रिया

सर्पवाट ज्यान जोगाउन सकिन्छ भन्ने विश्वास राखी आत्मरक्षा जसरी भए पनि गर्नुपर्छ भन्ने कुरालाई वास्तै नगरी घमण्ड हेलचेक्र्याइँ वा मूर्खताका साथ जो मान्छे सर्पको नजीक गई उसलाई दपेट्ने जिस्क्याउने वा मार्न खोज्ने गर्दछ, त्यसो गर्दा सर्पले टोक्यो र मृत्यु हुन गयो भने मृतकको लाश दाहस्थलमा पुऱ्याउनु पर्छ र "प्रमादले मर्नेको और्ध्वदेहिक क्रिया" शीर्षकमा लेखिएका सबै विधि र सुनका सर्प दान समेत गरी दाहसंस्कार गर्नुपर्छ । अनि मात्र दशाहादि क्रिया गर्नुपर्छ ।

सर्पको टोकाईबाट मर्नेको क्रिया

सर्पले टोक्यो भने ज्यान जान सक्छ सर्पवाट जोगिनु पर्छ भन्ने भावना भएको व्यक्तिलाई उसले चलाउने जिस्क्याउने केही नगरेको अवस्थामा सर्पले अकस्मात् टोक्यो र मृत्यु हुन गयो भने मृतकको शुद्धिको निम्ति सुनको सर्प र गाई दान गर्नुपर्छ ।[2]

---

१. यदि पुत्रादि : पितुर्जलादि दुर्मरण प्रायश्चित्तं ब्रह्महत्यादि तत्तत्प्रायश्चित्तं वात्मघातप्रायश्चित्तं वा कर्तुं न शक्नोति तदोक्तदानादिविधिं नारायणबलिं च कृत्वा ऽ त्य शक्तौ नारायणबलिमात्रं कृत्वौर्ध्वदेहिकं कुर्यात्, तावतापुत्रादि सपिण्डानां शुद्धिसिद्धे : । पित्रादेस्तु पुत्रादिभिस्तत्तत्प्रायश्चित्ताकरणे नरकादिभोग : सयादेवेति बोध्यम् । ध.सि.पृ. ८९७

२. सुवर्णभार निष्पन्न सर्पदान गर्नु पर्ने कुरा महर्षि व्यासले तलको श्लोकमा गरेका छन्-
सौवर्णभरनिष्पन्नं नागं कृत्वा तथैव गाम् । विप्राय दत्वा विधिवत् पितुरानृण्यमाप्नुयात् ॥ शुद्धिमयूख पृ.३४
शय पल सुनको भार हुन्छ भनी कोशकारले लेखेका छन्- तुला स्त्रियां पलशतं भार : स्याद्विंशतिस्तुला : । अ.को. २।९।८७
शय पल सुनको सर्प बनाई दान गर्न नसक्ने मान्छेले यथाशक्ति सुन राखेर बनाएको सर्पदान गर्दा पनि हुनेनै देखिन्छ । गाई नमिलेमा गाईको मूल्य वा मूल्यको आधादान गर्ने, सो पनि नसके सोद्दपणदान गर्दा पनि हुन्छ भन्ने कुरा "कृच्छ्र व्रत अनुकल्प" शीर्षकमा भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि मात्र दाहसंस्कारादि क्रिया गर्नु पर्ने हुन्छ । दाह गर्नु भन्दा अगाडि सर्पदान र गाई दान गर्न नमिले १२ वा १३ दिनमा गर्दा पनि हुने नै देखिन्छ ।

असंस्कृतको दुर्मरण भएमा

द्विज जातिका व्रतबन्ध नगरिएका केटा र विवाह नगरिएकी केटीलाई अस्स्कृत भनिन्छ । संस्कार गर्ने समय भएका तर कारणवश हुन नसकेका यस्ता असंस्कृतको दुर्मरण भएमा के गर्नुपर्छ भन्ने कुरा तल दिइन्छ ।

दुर्मरण चार प्रकारबाट हुनसक्छ- आत्महत्या गर्नाले, पतित अवस्थामा मर्नाले, प्रमादले मरण हुनाले र दुर्घटनामा परी मृत्यु हुनाले । यस्ता दुर्मृतहरुमा आत्महत्या गर्नेको र अतिपातकादि पातकबाट पतित अवस्थामा मर्नेको त्रिक्रया गर्नु आशौच बार्नु आदि केही गर्नु पर्दैन, लाश पानीमा फालिदिनु पर्छ, लाश फाल्नेले स्नान पञ्चगव्य प्राशन गर्नुपर्ने हुन्छ । मृतकको बाबु आमाले छोरो वा छोरीको मरण निमित्तक स्नान गर्नु राम्रै हुन्छ । प्रमादले मर्नेको "प्रमादले मर्नेको और्ध्वदेहिक क्रिया" शीर्षकमा दिइएको प्रायश्चित्त गरी दाहसंस्कारादि सबै क्रिया गर्नुपर्छ । दानप्रदान र आशौच बार्नु पर्ने कुरा पनि छोड्न हुँदैन । दुर्घटनामा परी मर्नेको पहिला के कस्तो दुर्घटनामा परेको हो छुट्याउनु पर्छ र त्यस दुर्घटनामा परी मर्नेको निम्ति " दुर्मरणमा गर्नु पर्ने दान" शीर्षकमा के कस्तो दान गर्नु भनिएको छ सो गरी दाहादि सम्पूर्ण क्रिया गर्नुपर्छ र आशौच पनि तोकिएको व्यक्तिले तोकिए जति बार्नुपर्छ ।

अस्पतालमा मृत्यु भएमा

अस्पतालमा औषधोपचार भइरहेको विरामीको श्वासप्रश्वास नाडी आदिको अवस्था विचार गर्दा नबाँच्ने स्थिति देखिएमा सकभर अस्पताल बाहिर शुद्ध भईंमा सार्नुपर्छ । यदि बाहिर सार्न भ्याइएन र अस्पतालको सीटमानै मरण भयो भने निम्नानुसार गर्नुपर्छ ।

लाश दाहस्थलमा पुऱ्याई स्नान पञ्चगव्य सेचन गराउनु पर्छ, मृतक पुरुष जाति भए मुण्डन गराई तन्निमित्तक स्नान पनि गराउनुपर्छ । त्यसं पछि अस्पताल भित्र शैय्यामा मृत्यु भएको कारण गर्नु पर्ने बाह्र प्राजापत्य कृच्छ प्रायश्चित्त र सुनको विष्णु प्रतिमा सहितको शय्यादान, त्यस्तै त्यहाँ स्पर्शास्पर्शको ख्याल हुन नसक्ने भएको कारण गर्नु पर्ने तीन प्राजापत्य कृच्छ प्रायश्चित्त र वेदपुराणादिको पुस्तक समेत दान गरी विधिपूर्वक दाहसंस्कारादि सबै क्रिया गर्नुपर्छ ।[1] विष्णु प्रतिमा सहितको शय्यादान र पुस्तक दान त्यस समयमा गर्न नमिले बाह्रौं दिनमा गरे पनि हुन्छ ।

विधानत: आशौचाभाव

संन्यासी मरेमा

पराशरमाधवीय, संन्यासोपनिषद् र भिक्षुकोपनिषद् आश्रमोपनिषदादि ग्रन्थमा संन्यासी चार थरिका मानिएका छन्- कुटीचर (कुटीचक), बहूदक, हंस र परमहंस । नारदपरिव्राजकोपनिषदमा तुरीयातीत र अवधूत यी दुई समेत थप गरी छ प्रकारका देखाइएका छन् । हिजोआज लोकमा प्राय: दण्डी र दशनामी संन्यासी पाइन्छन् । यिनीहरु पनि वैदिक नै मानिन्छन् । दशनामीमा गिरी पुरी भारती सरस्वती आदि पर्छन् । विधिपूर्वक संन्यास लिई संन्यासाश्रमको धर्म पूर्णरुपमा पालन गर्ने संन्यासी जति प्रकारका भए पनि उनीहरुले त्रिदण्डधारण गरी[2] आत्मज्ञान गर्ने तर्फ लागेकै हुनुपर्छ ।

यस्ता आत्मज्ञानी त्रिदण्डी योगीजन मरेमा (ब्रह्मलीन भएमा) उनका पुशत्रादिले शव जलाशयमा लगी सेलाइ दिने वा गर्त (खाडल) तयार गरी समाधिस्थ गरि दिने दुवै विधान देखिन्छ । समाधिस्थ गर्ने हो भने अश्वत्थ वा पलाशको फेदमा वा नदीको किनारमा गर्त बनाई त्यसैमा स्नान गराई शङ्खले नारिकेल फलले मस्तक भेदन गरी शव राख्नुपर्छ र योगीले धारण गर्ने गरेका दण्ड, कमण्डलु र शिक्य पनि त्यहीं राखिदिनु पर्छ । त्यस पछि पुरुषसूक्त पाठ गर्दै लवण (नून) ले गर्त पुरण गर्नुपर्छ । सृगाल कुक्कुरादिले गर्त विदारण गर्न नसक्ने गरी मृत्तिकादिले छोप्नु पनि पर्छ । यदि जलमा सेलाइ दिने विचार भए नदीमा पुऱ्याई स्नान गराई उक्त अनुसार मस्तक भेदन गरी शवलाई पाषाणयुक्त गराई दण्ड कमण्डलु आदि त्यसै माथि राखी अगाधजलमा सेलाइ दिनुपर्छ । यी सबै क्रिया पद्धति अनुसार गर्नु पर्ने हुन्छ । उक्त क्रिया कुटीचर

---

१. (क) अस्पृश्यस्पर्शने चैव खट्वादिमरणे ऽ पि च ।
कृच्छ्रां स्त्रिषट्........। ख्ट्वामरणे द्वादश । ध.सि.पृ. ९१७
(ख) शय्यामृते प्रदातव्या शय्या तूलीसमन्विता ।
निष्कमात्र सुवर्णस्य विष्णुना समधिष्टिता ॥
सच्छास्त्रपुस्तकं दद्यादस्पृश्यस्पर्शतो मृते । शातातपस्मृ

२. त्रिदण्ड धारण गर्ने भनेर दण्ड लिनेलाई मात्र लिइदैन वचन मन र शरीर तीनै कुरा नियन्त्रण गर्नेलाई लिनुपर्छ । मनुले यही कुरा भनेका छन्-
वाग्दण्डो ऽ थ मनोदण्ड : कायदण्डस्थैव च ।
यस्यैते निहिता बुद्धौ त्रिदण्डीति स उच्यते ॥ मनु १२।१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाहेकको बहूदक हंस परमहंस र आतुर संन्यासीको हुन्छ । कुटीचरको भने दाहनै गर्नु पर्ने हुन्छ । दाह गर्दा मन्थन गरेर निकालिएको पवित्र अग्निले गर्नु पर्ने शास्त्रीय विधान छ ।[1] उक्त सवै क्रिया मन्त्रपूर्वक गर्नुपर्छ । अरु पिण्डदान उदकदानादि दशाहक्रिया र सपिण्डी पनि गर्नु पर्दैन । पुत्र पत्नीले दश दिनसम्म स्नान गरी एक छाक चोखो खाइ वस्नुपर्छ । एघारौं दिनमा पार्वण विधिले श्राद्ध गर्ने र बाह्रौ दिनमा विष्णुको महापूजा गरी पायस चढाउने र बाह्र जना विशिष्ट संन्यासी वा ब्राह्मण वा साधुजनलाई निमन्त्रणा गरी विष्णुको द्वादश नामले गन्धपुष्पाक्षतादिले पूजा गर्ने र दान दक्षिणा समेत दिई पायस हविष्यान्न भोजन गराउनु पर्छ । पुन : अर्को एकजना आत्मज्ञ जितेन्द्रिय श्रेष्ठ ब्राह्मण बोलाई पुरुषसूक्तले पाद्यार्घ्यादिद्वारा विष्णुलाई जस्तै गरी विधिपूर्वक पूजा गर्ने र यथाशक्ति वस्त्राभूषणादि दान गर्नुको साथै पायस भोजन पनि गराउनु पर्ने हुन्छ । ब्राह्मणोच्छिष्टको नजीकमा स्वधायुक्त भूर्भुव : स्व : प्रणवले बलि पनि दिनु पर्छ । यसरी जसले संन्यासीको क्रिया गर्छ त्यसले हजारौं अश्वमेध यज्ञ गरेको फल पाउनुको साथै शयौं वाजपेय यज्ञ गरेको फल पनि प्राप्त गर्दछ ।[2]

संन्यासीको रुप लिएका सबैलाई संन्यासी मान्न नसकिने

आजभोलि हाम्रो नेपाल र अन्यत्र पनि धेरै किसिमका संन्यासी (जोगी) हरु देखिन्छन् । केही विधिपूर्वक संन्यास लिई आश्रमोक्त धर्म कर्ममा निष्ठ छन् भने केही चाहिं शास्त्रीय विधि अनुसार सन्यास नलिउका, आत्मज्ञान गर्ने तर्फ नलागेका, संन्यासीको आचरणमा नरहेका शिखा सूत्र मिल्काई जात फाली जोगिको रुप मात्र धारण गरी खाने हिंड्ने बोल्ने माग्ने आदि काममा पालन गर्नु पर्ने कुनै पनि नियम पालन नगरी मनपरी गर्दै हिंडेका पनि छन् । यस्ता व्यक्तिलाई संन्यासी मान्न सकिदैन किन्तु पतित मात्र पर्छ । यस्ता पतित मरेमा छोराहरुले आशौच बार्ने क्रिया गर्ने आदि कुनै कुरा गर्न पर्दैन तापनि उनीहरुलाई आफ्ना पित्रादिको नारकीय गतिबाट उद्धार गरी आफ्नो कर्तव्य पूरा गर्ने इच्छा भएमा मरेको एक वर्ष विते पछि मात्र क्रिया गर्न सकिने पतित हो वा मर्ने बित्तिकै क्रिया गर्न सकिने पतित हो "पतितको वर्गीकरण" शीर्षकमा भनिएको आधारमा छुट्टयाई सोही शीर्षकमा भने बमोजिम छोराहरुले क्रिया गर्नु पर्ने हुन्छ ।

विविध क्रिया

नारायणबलि

जानी जानी आत्महत्या गर्नेको, प्रमादले जल अग्नि आदिबाट मर्नेको र पातित्यादि दोषदूषित अवस्थामा मर्ने व्यक्तिको शुद्धि र और्ध्वदेहिकादि योग्यता प्राप्तिके निम्ति नारायणबलि अवश्य गर्नुपर्छ । यी दुई किसिमको हुन्छ- प्रत्यक्ष

---

१. (क) कुटीचकं तु प्रदहेत्पूरयेत्तु बहूदकम् ।
हंसो जले तु नि : क्षेप्य : परहंसं प्रपूरयेत् ॥
पलाशमूले नदीतीरे ऽ न्यत्र वा..........। नि.सि.पृ.८५१, ८५२

(ख) त्रयाणामाश्रमाणां च कुर्याद्दाहादिका : क्रिया : ॥
यते : किञ्चिन्नकर्तव्यं नचान्येषां करोतिस : ॥
एकोद्दिष्टं नकुर्वीत यतीनां चैव सर्वदा ।
अहन्येकादशे प्राप्ते पार्वणं तु विधीयते ॥
सपिण्डीकरणं तेषां न कर्तव्यं सुतादिभि : ।
त्रिदण्डग्रहणादेवं प्रेतत्वं नैव जायते ॥ नि.सि.पृ. ७४५
कृत्वा विष्णोर्महापूजां पायसं विनिवेदयेत् ।
अग्नौकृत्वातु तच्छेषं व्याहृतीभि : समाहित : ॥
यतीन् गृहस्थान् साधून् वा निमन्त्र्य द्वादशावरान् ।
अभ्यर्च्य गन्धपुष्पाद्यैर्मन्त्रैर्द्वादशनामभि : ॥
संभोज्यहव्येनान्नेन दक्षिणांच निवेदयेत् । नि.सि.पृ. ७४६
वस्त्रालंकरणादीनि यथाशक्ति प्रदापयेत् ।
उच्छिष्टसन्निधौ तस्य दर्भानास्तीर्य भूतले ॥
भूर्भुव : स्व : स्वधायुक्तै स्तस्मै दद्याद्वलित्रयम् ॥
अश्वमेधसहस्रस्य वाजपेयशतस्य च ॥
तत्फलं लभते देव य : करोति यतिक्रियाम् । नि.सि.पृ. ७४६

२. (क) त्रयोदशं द्विजोष्ठमात्मज्ञं संयतेन्द्रियम् ॥
विष्णुं यथा तथाभ्यर्च्य पाद्याद्यैश्च विधानत : ।
दद्यात् पुरुषसूक्तेन गन्धपुष्पादिकं क्रमात् ॥

(ख) यतीनां चैव सर्वेषां न दाहो नोदकक्रिया ।
दशगात्रादिकं तेषां नकर्तव्यं सुतादिभि : ॥
दण्डग्रहणमात्रेण नरो नारायणो भवेत् ।
त्रिदण्ड ग्रहणात्तेषं प्रेतत्वं नैव जायते ॥ ग.पु.अ.१०।१०२-१०३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाशको अगाडि गर्ने र लाश नभएको वा नपाइएको अवस्थामा गर्ने । लाश नभएको (पर्णशरदाह गर्नुपर्ने) अवस्थामा गर्नुपर्दा दिन जुराएर अर्थात् पञ्चक त्रिपुष्करादि अनिष्टकारक योग नभएको शुद्ध दिन पारेर मात्र गर्नुपर्छ भने प्रत्यक्ष लाशको अगाडि गर्दा चाहिं दिन जुराइरहनु पर्दैन, तर पञ्चकादि अनिष्ट योग परेमा त्यसको विधि भने गर्नै पर्ने हुन्छ ।

कुनै तीर्थ, नदी वा नलाशय आदि शवदाहोचित सथलमा गई कर्ताले सर्वप्रथम क्षौर गरी स्नान गर्ने र नारायणवलि गर्न ठीक पारिएको ठाउँमा जाने[1], शुद्धासनमा बसी आचमन गर्ने र दीप बाली संकल्प गर्ने ।[2] त्यस पछि प्राजापत्य पराक चान्द्रायणादि मृतकको पाप अनुसार शास्त्रले तोकेको प्रायश्चित्त वा त्यसको अनुकल्पमा गरिने गाईदान आदि गर्ने । तदनन्तर स्वगृह्योक्त विधिले स्थापित अग्निको नजीक थापिएका पाँचवटा कलश गन्ध पुष्पादिले पूजा गर्नुको साथै ती कलशको मुखमा पाएसम्म तामाका थाली स्थापन गर्ने, तिनै थाली माथि क्रमश : रौम्य निर्मित ब्रह्माको, सुवर्ण निर्मित विष्णुको, ताम्र निर्मित शिवको, लोह निर्मित यमको र कुश निर्मित प्रेतको प्रतिमा राख्ने* र "हिरण्यगर्भ....." यो मन्त्रले ब्रह्माको, पुरुषसूक्तले विष्णुको, "नम: शम्भवाय....." यस मन्त्रले शिवको, "यमाय त्वा......." यसले परिवार सहितका यमको र नाममन्त्रले प्रेतको षोडशोपचारले पूजा गर्ने । यसरी पाँच देवताको पूजा गरिसके पछि ब्राह्मण वरण गरी सत्कर्मरत्नावलीमा दिइएका मन्त्रले अग्निमा हवन गर्नुपर्छ ।[3] पुरुषसूक्तका मन्त्रले तिल र घिउको विष्णुलाई एक हजार आहुति पनि दिनु पर्ने हुन्छ । यति गरिसके पछि ब्रह्मादि पञ्चदेवताको अगाडि कुश ओच्छ्याई त्यसै कुश माथि दश पिण्ड दिनुपर्छ । पिण्ड दिंदा " अद्यामुकगोत्रामुक प्रेत विष्णुरुप एष पिण्डो मद्दत्तस्तवोपतिष्ठताम्" यस्तो वचन भन्नुपर्छ । यसै वचनले अरु नौवटा पिण्ड पनि दिनुपर्छ पिण्ड दिनु अघि अवनेजन र प्रत्यवनेजन दिन पनि विर्सन हुँदैन । त्यस पछि पिण्डपूजा, पुरुषसूक्तले शङ्खोदकद्वारा पिण्डाभिषेचन र पिण्डदानप्रतिष्ठा गर्ने, अनि जलमा लगी पिण्ड सेलाइ दिने । पुन: स्वासनमा आई वस्ने र "सा विश्वायु :" देखिका वत्तीस ऋचा र पुरुषसूक्तका सोह्र ऋचा समेत गरी अठ्चालिस मन्त्रले "अमुकगोत्रामुकप्रेतं विष्णुरुपं तर्पयामि" भनी तिलोदकले तर्पण गर्ने ।[4] त्यस पछि ब्रह्मादि स्थापित देवताको प्रार्थना गरी बलि दिने ।[5] तत : प्रतिदैवत त्रिविध फल समर्पण गरी शर्करा मधु आदि निवेदन गर्ने ।

त्यस पछि रातभर जागरण वसी भोलिपल्ट विहान स्नानादि गरी मध्याह्नमा एकोद्दिष्ट विधिले पाँचवटा विष्णुश्राद्ध एकै पटक वचन मिलाई गर्नुपर्छ ।[6] संकल्प गर्दा "अद्यामुकगोत्रस्यामुकप्रेतस्य विष्णुरुपस्य नारायणबलौ विहितं श्राद्धपञ्चकमेकोद्दिष्ट विधिनाहं करिष्ये" भन्नुपर्छ । पाँच जना ब्राह्मण जागराम बसेकै रातमा निमन्त्रणा गर्नु पर्ने विधान छ तापनि उपयुक्त ब्राह्मण पाउन मुस्किल पर्ने हुँदा कुशको ब्राह्मणबाट काम चलाउने चलन हाम्रो लोक व्यवहारमा चल्दै आएको छ । त्यसो हुँदा यहाँ पनि कुशका ब्राह्मणनै राखी काम चलाउन सकिन्छ । कुश निर्मित पाँचवटा ब्राह्मण क्रमश: विष्णु, ब्रह्मा, शिव, यम र प्रेत रुपका (नामका) हुन्छन् । यिनीहरुलाई निमन्त्रणा गर्दा आसन दिंदा हस्तार्घ पादार्घ आदि गर्दा पनि त्यही त्यही नाम उच्चारण गरी वचन मिलाई गर्नुपर्छ । सिधा पाँच नै हुनुपर्छ, कसै कसैले भूस्वामी समेत गरी ६ वटा पनि गर्छन् । पिण्ड पनि पाँचवटा नै दिनुपर्छ । पिण्ड दिंदा स्थापित विष्णु आदि पाँच ब्राह्मणको अगाडि वेदी बनाई त्यसै माथि दिनुपर्छ । पिण्ड दिंदा तल लेखिएका वचन पार्नुपर्छ- (१) अद्य विष्णो एष पिण्ड स्तुभ्यं नम : । (२) अद्य ब्रह्मन् एष पिण्ड स्तुभ्यं नम : । (३) अद्य शिव एष पिण्ड स्तुभ्यं नम : । (४) अद्य सपरिवार यम एष पिण्ड स्तुभ्यं नम : । (५) अद्यामुकगोत्रामुकप्रेत विष्णुरुप एष पिण्डो मद्दत्तस्तवोपतिष्ठताम् । पिण्ड दिनु अघि अवनेजन र दिइसकेपछि प्रत्यवनेजन दिने जस्ता सबै काम गर्नुपर्छ । त्यस पछि ब्राह्मणहरुलाई गोभूहिरण्यवस्त्रादि यथाशक्ति दान दक्षिणा दिई विष्णुस्मरण गरी

---

१. नारायणवलि गराउन जान्ने पुरोहित आदिले हवन ब्रह्मादि देवपूजा तर्पण दशपिण्डदान श्राद्ध पञ्चकादिको निम्ति आवश्यक सबै सामाग्री तत् तत् ठाउँमा मिलाई राखेको हुनुपर्छ ।

२. संकल्प गर्दा कुन किसिमबाट दुर्मरण भएको हो र त्यसको शुद्धिको निम्ति प्राजापत्य चान्द्रायणादि कुन प्रायश्चित्त गर्नु पर्ने हो सो कुरा र नारायणबलिको कुरा समेत मिलाएर गर्नुपर्छ । जस्तै : आत्महत्या गर्नेको संकल्प गर्दा- अद्येत्याद्यमुकगोत्रस्यामुकप्रेतस्यात्महत्याजनित पापोपशमनद्वारा (दुर्मरणात्मघातजदोषनाशार्थम्) और्ध्वदेहिक संप्रदानत्व योग्यतासिद्ध्यर्थं चान्द्रायणं तत्पकृच्छ्रद्वयं च प्रायश्चित्तं नारायणवलिं च अहं करिष्ये । यसो भन्नु पर्ने हुन्छ ।

* सबैको निम्ति सुवर्णप्रतिमानै राखे पनि हुन्छ ।

३. स.र.भा. २ (परिशिष्ट पृ. ४३, ४४)

४. स.र.भा २ (परिशिष्ट पृ.४५-४९) ४८ मन्त्र चाहिनेमा ४७ मन्त्रमात्र छन्, एक मन्त्र पत्ता लागेन भन्ने भनाई स.र.का संपादकको छ

५. प्रार्थना मन्त्र- ब्रह्मविष्णुमहादेवा यमश्चैव सकिंकर : ।
बलिं गृहित्वा कुर्वन्तु प्रेतस्य च शुभां गतिम् । स.र.भा. १ पृ. ५८७

६. यो श्राद्ध (विष्णु श्राद्ध) भोलिपल्ट गर्नु पर्ने विधान रहेको छ, तीर्थ नदी वा जलाशयमा गएको अवस्थामा वस्ने श्राद्ध गर्ने आदि सबै प्रवन्ध राम्रो मिलेमा वा मिलाउन सकेमा भोलिपल्टै गर्नु वेश हुन्छ, तर दुई दिनसम्मको लागि धन जन सामग्री आदि सबै कुराको प्रबन्ध राम्रो मिलाउन नसकेको खण्डमा अघिल्लै दिन (सबै काम एकै दिन) गर्दा पनि नहुने चाहिं देखिदैन । लाश नभएको (पर्णशरदाह गर्नु पर्ने) अवस्थामा आर्थिक स्थिति मिलेमा दुवै दिन लगाई गर्दा राम्रै हुन्छ । तर प्रत्यक्ष लाशको अगाडि गर्नुपर्दा भने दुई दिनसम्म लाश दाहस्थलमा जोगाइ राख्न निकै कठिन हुन्छ, अरु व्यवस्था मिलाउन पनि मुस्किल पर्छ, त्यसैले सवे काम उकै दिन सक्ने तर्फ लाग्नु पर्ने हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्राद्ध समाप्त गर्नुपर्छ र सबै सामग्री उठाई पिण्ड सेलाउनु पर्छ ।[1] यसरी प्रायश्चित्त र नारायणवलिको सवे काम सके पछि विधि पूर्वक लाश जलाउनु पर्छ । लाश नभए सुरक्षाका साथ राखिएको अस्थि वा लाशका केही टुक्रा टाक्री, त्यो पनि नभएमा वा नपायएको अवस्थामा पर्णशर (कुशको, पलाँश पत्रको वा शमी पत्रको मृतकको मूर्ति) बनाई शास्त्रोक्त विधिले दाहसँस्कार गर्नुपर्छ । अनि मात्र दशाहादि क्रिया सुरु गर्नुपर्छ ।

पर्णशरदाह विधि

विदेशमा मरेको खोलाले बगाएको पहिरोमा पुरिएको आदि कुनै पनि कारणले मृतकको लाश फेला पर्न सकेन, मरेको कुरा चाहिं निश्चित भयो भने त्यस स्थितिमा पर्णशर (मृतकको प्रतिकृति) दाह गरी क्रिया गर्नुपर्छ ।[2]

पर्णशरदाहको लागि चाहिंने सबै सामग्री लिई दाहस्थल नदी आदिमा जानुपर्छ र कर्ताले क्षौर र स्नान गरी पर्णशरदाहाधिकार सिद्धिको निम्ति र मृतकको सद्गतिको निम्ति प्रायश्चित्तको रुपमा दुई पराक व्रत वा आठ प्राजापत्य कृच्छव्रत गर्नुपर्छ ।३ त्यस पछि मृतकको प्रतिकृति बनाई दाह गर्नुपर्छ । प्रतिकृति बनाउँदा शुद्ध स्थलमा उत्तर दक्षिण आयत हुने गरी कृष्ण मृगचर्म ओच्छ्याउनु पर्छ र त्यसमाथि कुशको पुत्तला बनाउनु पर्छ । सो बनाउँदा ४० कुशको टाउको, १० कुशको घाँटी, *५०+५०=१०० कुशका दुई हात, २० कुशको छाती, २० कुशको पेत, ३० कुशको कम्बर, ५०+५०=१०० कुशको तिघ्रा, १५+१५=३० कुशको पिंडुल्ला र ५+५=१० कुशको खुट्टाका औंला बनाउनुपर्छ । यसरी ३६० कुशको मनुष्य मूर्ति बनाइसके पछि ऊनको धागोले बेर्ने र पानीमा जउको पीठो मुछी सबै शरीरमा लेपन गर्ने । त्यसरी कुशको लाश तयार गरिसके पछि सकेमा र मिलेमा शिरमा नारिकेल फल वा डल्लो खालको लौका, मुखमा पञ्चरत्न, विह्वामा कदली फल, आँखामा कौडा, नाकमा तिलको फूल, कानमा ब्रह्मपत्र, केशको निम्ति वरको लहरा, आन्द्राको निम्ति कमलका डाँठ, वसामा मृत्तिका, धातु स्थानमा हरिताल र गन्धक, शुक्रको निम्ति पारद, पुरीषको निम्ति पित्तल, सन्धीमा तिलको पिठो, मासुको निम्ति जौको पिठो, रगतको निम्ति मह, छालाको ठाउँमा मृगको छाला, स्तनमा ज्यामिरको फल, नसामा शयपत्री, नाभिमा कमल, वृषणमा भण्टा, लिङ्गको निम्ति गाजर, परिधानको निम्ति दुकूल, रौंहरुको निम्ति ऊन राख्नुपर्छ । यसरी पूर्ण मनुष्य शरीर भइसके पछि पञ्चगव्यको साथै पञ्चामृतले पनि सेचन गर्नुपर्छ । अनि "पुनर्न : पितर :"[4] यो मन्त्र पढी प्राणप्रवेशको कल्पना गर्नुपर्छ । "शुक्रज्योतिश्च....."[5] यस मन्त्रले पारद राखी सबै शरीर स्पर्श गर्नुपर्ने हुन्छ । यति गरिसके पछि स्नान गराई चन्दन वस्त्र यज्ञोपवीत माला अलङ्कारादि लगाइ दिने र यो फलानो मान्छे हो भनी सबै शरीर, मुसार्ने र वैतरणी आदि दान गर्ने । त्यसपछि कालो मृगको छाला ओढाई चितामा चढाउने र लाश जलाए जस्तै गरी जलाउने । त्यसपछि क्रिया गर्न सुरु गर्ने ।[6] मरेको दश दिन भित्र पर्णशर दाह गरेको

---

७. (क) एकादशी समासाद्य शुक्लपक्षस्य वैतिथिम् ।
विण्णु समर्चयेद्देवं यमं वैवश्वतं तथा ॥
दर्शपिण्डान् धृताभ्यक्तान् दर्भेषु मधुसंयुतान् ।
तिलमिश्रान् प्रदद्याद्वै संयतो दक्षिणामुख : ॥
विण्णुं बुद्धौ समासाद्य नद्यम्भसि तत : क्षिपेत् ।
नामगोत्रग्रहं तत्र पुष्पैरभ्यर्चनं तथा ॥
धूपदीपप्रदानं च भक्ष्यं भोज्यं तथा परम् ।
निमन्त्रयेत् विप्रान्वै पञ्चसप्त नवापि वा ॥
विद्या तप : समृद्धान्वै कुलोत्पन्नान्समाहितान् ।
अपरे ऽ हनिसंप्राप्ते मध्याह्ने समुपोषित : ॥
विण्णोरभ्यर्चनं कृत्वा विप्रांस्तानुपवेशयेत् ।
उदङ्मुखान्यथाज्येष्ठं पितृरुपमनुस्मरन् ॥
मनो निवेश्य विष्णौ वै सर्वं कुर्यादतन्द्रित : ।
आवाहनादि यत्प्रोक्तं देवपूर्वं तदा चरेत् ॥
......नात्र कार्या विचारणा ॥ मिताक्षरा (या ३।६)
(ख) स.र.भा. १ पृ. ५८४-५९६ (ग) अ.क.दी.पृ २५-२६ (घ) नि.सि.पृ. ७४२-७४३ (ङ) ध.सि.पृ ९०१-९०३

२. अस्थ्नामलाभे पर्णानि शकलान्युक्तयावृता ।
दाहयेदस्थि संख्यानि तत : प्रभृतिसूतकम् । नि.सि.पृ ७४७

३. सो व्रत गर्न नसक्नेले "कृच्छव्रतका अनुकल्प" शीर्षकमा दिइएको अनुकल्प लिनुपर्छ ।

* पलाँशका भेट्ना सहितका पातको वा शमीका पातको वनाए पनि हुन्छ । धर्मसिन्धुमा र अन्य धेरै ग्रन्थमा पनि यही भनिएको छ-
कुर्याद्दर्भमयं प्रेत कुशैस्त्रिशतषष्टिभि : ।
पलाशीभि : समिद्भि र्वा संख्याचैवं प्रकीर्तिता ॥ ध.सि.पृ ९०४

४. पुनर्न : पितरो मनो ददातु दैव्यो जन : । जीवं व्रात सचेमहि ॥ शु.य.सं. ३।५५

५. शुक्रज्योतिश्च चित्रज्योतिश्च सत्यज्योतिश्च ज्योतिश्मांश्च । शुक्रश्च ऋतपाश्चात्य हा : ॥ शु.य.स १७।८०

६. (क) नि.सि.पृ.७४७-७४९ (ख) ध.सि.पृ.९०३-९०५ (ग) स.र.भा.१ पृ.५७९-५८० (घ) कृ.क.त.शु.का.भा.१०
(ङ) शुद्धिमयूख : पृ. ६०-६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए पुत्र पत्नी सबै बाँकी दिनले शुद्ध हुन्छन् । दश दिन पछि गरेको भए पुत्र पत्नी सौता र पतिले चाहिं दशाहादि पुरै वार्नुपर्छ, अरु सपिण्डादिले भने दश दिन भित्र वा पछि जहिले गरे तापनि तीन दिन मात्र आशौच वार्दा पुग्ने हुन्छ ।[१]

हराएको मान्छेको क्रिया

हाम्रा पूर्वज ऋषिमुनिहरुले हामी मानिसको आयु सामान्यतया शय वर्षको हुने धारणा राखेका छन् । यस आयुलाई तीन भाग लगाई पहिलो भागलाई पूर्वायु, दोश्रो भागलाई मध्यमायु र तेश्रोलाई उत्तरायु भन्ने पनि गरेका छन् । ज्योतिष शास्त्रमा पनि आयुको विभाग झण्डै यस्तै किसिमले गरेको पाइन्छ ।[२] कसै कसैले पचास वर्षसम्मलाई पूर्वायु, पचहत्तरसम्मलाई मध्यमायु र त्यस पछिको भागलाई उत्तरायु भन्ने गरेको पनि पाइन्छ । हराएको मान्छेको क्रिया गर्ने सन्दर्भमा पचास वर्षसम्म पूर्वायु मान्नुपर्छ भन्ने पक्षलाई नै लिनु पर्ने जस्तो देखिन्छ । आयुको पूर्वभागमा कोही हराउँछ भने हराउको वीस वर्ष नाघेपछि, मध्य भागमा हराएमा पन्ध्र वर्ष नाघे पछि र उत्तर भागमा हराएमा हराएको वाह्र वर्ष नाघे पछि क्रिया गर्न सकिने कुरा शास्त्रकारले गरेका छन् ।[३] तथापि हराएका मान्छेको क्रिया गर्न खोज्ने पुत्र पौत्रादिले आफ्ना वावु बाजे आदि को हराएको छ, उनी कुन उमेरमा हराएका हुन्, हराउने अवस्थामा उनको मानसिक स्थिति कस्तो थियो, हराउन पर्नुको खास कारण के हो, फर्कन सक्ने अवस्था छ वा छैन इतयादि सबै कुरा विचार गर्नुपर्छ । यसरी विचार गर्दा अब कुनै उपायबाट पनि उनको फर्केर आउन सक्ने स्थिति छैन, उनी निश्चयनै बाँचेका छैनन् क्रिया गर्न हुन्छ भन्ने लाग्छ भने मात्र क्रिया गर्न अधिकार प्राप्त व्यक्तिले जलाशयको नजीक गई क्षौरादि गरी तीन चान्द्रायण व्रत वा तीस प्राजापत्य कृच्छव्रत गरी सो गर्न नसक्नेले त्यसको अनुकल्पमा गर्नु भनिएको गाईदान आदि गरी पर्णशर दाह गर्नुपर्छ, अनि मात्र क्रिया गर्नुपर्छ ।[४]

शवदाहमा दिन शुद्धि

प्रत्यक्ष शवको दाह गर्दा खास दिन शुद्धि गरिरहनु पर्दैन तापनि पञ्चक द्विपुष्कर त्रिपुष्कर योग परेमा शास्त्रीय विधि गरेर मात्र दाह गर्नुपर्छ । आशौच भित्र दाह गर्दा पनि मिलेसम्म दिन शुद्ध पारेर नै गर्नुपर्छ, आशौचका दिन विताउन भने हुँदैन । दश दिन वितिसकेपछि वर्ष दिन भित्र गर्नुपर्दा अयन आदि मिलाउन नमिले पनि तिथिवार नक्षत्र भने मिलाएरै गर्नु पर्ने हुन्छ । वर्ष दिन पछि गर्नु पर्दा भने अस्थिदाह वा पर्णशरदाह जे गरे पनि शास्त्रले भने बमोजिम दिन जुराएर मात्र गनुपर्छ ।५ जुराउँदा उत्तरायण कृष्णपक्ष पार्नै पर्छ । त्यसमा पनि परेवा षष्ठी एकादशी त्रयोदशी चतुर्दशी र क्षय भएको तिथि वाहेक अरु तिथिमा । शुक्र, शनि, भौमलाई छोडी अरु वारमा, भरणी कृतिका आरद्रा अश्लेषा मघा जेष्ठा मूल धनिष्ठाको उत्तरार्ध शतभिषा पूर्वभाद्रा उत्तरभाद्रा र रेवती यी नक्षत्र अति निन्दित मानिन्छन्, रोहिणी मृगशीरा पुनर्वसु पूर्वाफाल्गुनी उत्तराफाल्गुनी चित्रा विशाखा अनुराधा पूर्वाषाढा उत्तरषाढा धनिष्ठाको पूर्वार्ध यी नक्षत्र शव दाहमा मध्यम मानिन्छन् । अश्विनी तिष्य हस्ता स्वाती र श्रवण यी पाँच नक्षत्र उत्तम भनिन्छन् । पाएसम्म उत्तम नक्षत्रमा उत्तम नपाएमा मात्र मध्यम नक्षत्रमा त्रिपुष्कर र द्विपुष्कर योग नपरेको दिनमा गुरु शुक्रको अस्त बालत्व र वृद्धत्व छोडी । मलमास, वैधृति व्यतिपात परिध योग र विष्टीकरण समेत छोडी कर्ताको जन्म राशीदेखि चार आठ र द्वादश स्थानमा चन्द्रमा नभएको अवस्थामा मात्र अस्थिदाह वा पर्णशरदाह गर्नुपर्छ ।

प्रायश्चित्तका भेद

सान्तपन कृच्छ, पर्णकृच्छ, तप्तकृच्छ, पादकृच्छ, प्राजापत्यकृच्छ, पराककृच्छ, सौम्यकृच्छ, चान्द्रायणकृच्छ आदि धेरै प्रकारका प्रायश्चित्त छन् । ती सबैको विवेचना यहाँ सम्भव छैन । यहाँ त यस निवन्धको निम्ति आवश्यक पर्ने

---

१. तत्र पत्नी पुत्रयो : पूर्वमगृहीता शौचयोर्दशाहाद्येव । गृहिताशौचयोस्तु त्रिरात्रम् । पत्नी मृतौ भर्तुश्चैव सपत्न्योश्चैवर्मिति स्मृत्यर्थ सारे । अन्यसपिण्डानां तु सर्वत्र पर्णशरदाहे त्रिरात्रम् । नि.सि.पृ. ७५०

२. द्वात्रिंशत्पूर्वमल्पायुर्मध्यमायुस्ततो भवेत् ।
चतु : षष्टिपुरस्तात्तु ततो दीर्घमुदाहृतम् ॥ त्रिकाल जन्मकुण्डली दपण पृ. १८४

३. तस्य पूर्ववयस्कस्य विंशत्यब्दोर्ध्वत : क्रिया ।
उध्वं पञ्चदशाब्दात्तु मध्यमे वयसि स्मृता ॥
द्वादशाद्वत्सरादूर्ध्वमुत्तरे वयसि स्मृता । नि.सि.पृ. ७४९

४. चानद्रायणत्रयं कृत्वा त्रिशत् कृच्छ्राणि वा सुतै : ॥
कुशै : प्रतिकृर्तिं दग्ध्वा कार्या : शौचादिका : क्रिया : ॥ नि.सि.पृ. ७४९

५. (क) प्रत्यक्ष शवसस्कारे दिननैव विशोधयेत् ।
आशौचमध्ये संस्कारे दिनं शोध्यं तु संभवे । ध.सि.पृ. ९०५
(ख) संशोध्यैव दिनं ग्राह्यमूर्ध्वं संवत्सरार्धाद ।
प्रेतकार्याणि कुर्वीत श्रेष्ठ तत्रोत्तरायणम् ॥
कृष्णपक्षश्च तत्रापि वर्जयेत्तु दिनक्षयम् । ध.सि.पृ. ९०६ टि. १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सान्तपनकृच्छ, तप्तकृच्छ, प्राजापत्यकृच्छ पराककृच्छ र चान्द्रायणकृच्छ यी पाँच प्रायश्चित्तको मात्र स्वरुप देखाउने चेष्टा गरिएको छ ।

यी कृच्छव्रतहरुको स्वरुपको विषयमा आपस्तम्व वौधायन मनु याज्ञवल्क्यादि शास्त्र प्रयोजकहरुमा मतैक्य पाइँदैन, सामान्य मतभेद देखिन्छ । सबैको मत उपस्थापन गरी उक्त व्रतहरुको स्वरुप प्रतिपादन गर्दा ग्रन्थकाय विशाल हुन जान्छ, अतः बहुमान्य ग्रन्थको रुपमा रहेको . याज्ञवल्क्य स्मृतिको आधारमा छोटकरीमा उक्त व्रतहरुको स्वरुप देखाइन्छ ।

सान्तपनकृच्छ- पहिलो दिन गोमूत्र, दोश्रो दिन गोमय, तेश्रो दिन गोक्षीर, चौथो दिन गोदधि, पाँचौ दिन गोघृत, छैटौं दिन कुशोदक शास्त्रद्वारा तोकिएको मात्रामा खाने र सातौं दिन उपवास बस्ने, यसरी विधिपूर्वक सात दिनसम्म गरिने व्रतलाई सान्तपन वा महासान्तपनकृच्छ भनिन्छ ।[१]

तप्तकृच्छ- तताएको दूध, घ्यू र पानी क्रमशः तोकिएको मात्रामा तीन दिन खाने र चारौं दिनको दिन उपवास बस्ने, यसरी विधि पुऱ्याई चार दिनसम्म गरिने व्रतलाई तप्तकृच्छ भनिन्छ ।[२]

प्राजापत्यकृच्छ- तीन दिन एकभक्त, तीन दिन नक्त र तीन दिन अयाचित व्रत गरी तीन दिन उपवास वस्ने, यसरी विधि अनुसार वाह्र दिनसम्म गरिने व्रतलार्य प्राजापत्यकृच्छ भनिन्छ ।[३]

पराककृच्छ- वाह्र दिन विधिपूर्वक उपवास गरिने व्रतलाई पराककृच्छ भनिन्छ ।[४]

चान्द्रायणकृच्छ- शुक्लपक्षको प्रतिपदादेखि औंशीसम्म तीस दिन शुक्लपषमा प्रत्येक दिन एक गाँस वढाउँदै लैजाने र कृष्णपक्षका प्रत्येक दिन एक गाँस घटाउँदे जाने र औंशीमा खाँदै नखाने गरी शास्त्रोक्त विधि पुऱ्याई गरिने व्रतलाई चान्द्रायणकृच्छ भनिन्छ ।[५] यस व्रतमा गाँस चाहिं मयूराण्ड जत्रा हुनुपर्छ ।

कृच्छव्रतका अनुकल्प

जल अग्नि विष बन्धन भीर पहिरो वृक्ष आदि विविध साधनवाट आत्महत्या गर्ने यिनै जल अग्नि आदिबाट प्रमादले मर्ने र पातित्यादि विविध दोषद्वारा दूषित अवस्थामा मर्ने आदिको शुद्धिको निम्ति उनीहरुको दोषको आधारमा प्राजापत्यकृच्छ तप्तकृच्छ चान्द्रायण आदि विभिन्न प्रायश्चित्त गर्नुपर्ने कुरा यस निबन्धको विभिन्न शीर्षकहरुमा भनिसकिएको छ । तोकिएका ती प्रायश्चित्त लाश जलाउनु भन्दा अगाडिनै गर्नुपर्ने हुन्छ । प्रायश्चित्त गर्दा कुनै चार दिन, कुनै सात दिन, कुनै वाह्र दिन लगाई गर्नुपर्छ भने कुनै तीस दिन लगाएर पनि गर्नु पर्ने हुन्छ । एकातिर मानिसको मृत्यु भइरहेको छ, मृतकको लाश श्मशानघाटमा पुऱ्याई यथा समयमा दाहसंस्कार गर्नुपर्ने हुन्छ, समयमा नगर्दा लाश सुरक्षाका साथ राख्न निकै कठिन पर्ने हुन्छ, यस्तो स्थितिमा यस्ता दीर्घकालसाध्य पायश्चित्त गर्न नमिल्ने र व्यवहारिक नहुने पनि हुन्छ, पुनः कर्ताको पनि रागादि विविध कारणले गर्दा त्यस्ता कठोर पायशिचत्त गर्नै नसक्ने स्थिति पनि हुनसक्छ । त्यसैले शास्त्र प्रयोजकहरुले यस्ता प्रायश्चित्तको अनुकल्प पनि दिएका छन् । जुन यस प्रकार छन्-

सान्तपन व्रत गर्न पर्नेमा दुई वटा गाई, तप्तकृच्छ व्रत गर्नपर्ने भएमा तीन वटा गाई, प्राजापत्य व्रत गर्न पर्नेमा एउटा गाई (धेनु), पराक व्रत गर्नपर्ने भएमा तीन वटा गाई र चान्द्रायण व्रत गर्नुपर्नैमा आफ्नो शक्ति अनुसार आठ वटा, पाँच वटा, चार वटा वा तीन वटा गाई ब्राह्मणलाई दान गरि दिनुपर्छ । गाई दान गर्न नसक्नेले गाईको मूल्य, सो पनि नसक्नेले मूल्यको आधा दान गर्नुपर्छ । अर्थाभावले गर्दा त्यति पनि गर्न नसक्ने भएमा एउटा गाई दान गर्नु पर्नेमा बत्तीस पणदान गरे पनि हुन्छ । यदि कसैको त्यति गर्ने क्षमता पनि छैन भने त्यस्तो व्यक्तिले त्यसको आधा (१६ पण*) मात्र दान गर्दा पनि हुन्छ भन्ने कुरा पराशर स्मृतिको विद्वन्मनोहरा टीकामा र अन्य ग्रन्थमा पनि भनिएको छ ।[६]

---

१. पृथक्सान्तपनद्रव्यै : षडह : सोपवासक : ।
सप्ताहे नतु कृच्छो ऽ यं महासान्तपन : स्मृत : ॥ या. ३।३१५

२. तप्तक्षीरघृताम्वूनामेकैकं प्रत्यहं पिवेत् ।
एकरात्रोपवासश्च तप्तकृच्छ उदाहृत : ॥ या. ३।३१५

३. एकभक्तेन नक्तेन तथैवायाचितेन च ।
उपवासेन चैवायं पादकृच्छ : प्रकीर्तित : ॥
यथाकथचित् त्रिगुण : प्राजापत्यो ऽ यमुच्यते । या. ३।३१८-३१९

४. द्वादशाहोपवासेन पराक : परिकीर्तित : ॥ या. ३।३२०

५. तिथिवृद्धया चरेत् पिण्डान् शुक्ले शिरव्यण्डसंमितान् ।
एकैकं ह्रासयेत्कृष्णे पिण्डं चान्द्रायणं चरन् । या. ३।३२३

* पण भनेको एकपैसा हो, पुरानो तामाको एकतोलाको पैसालाई "पण" भन्ने गरेको बुझिन्छ । पहिला पहिला श्राद्धादिमा प्रायश्चित्तादि गोदान गर्दा यस्तै सोह्र पैसा दुनामा राखेर गर्ने चलन थियो । यो चलन शास्त्रीयनै हो । कृत्यसार समुच्चयादि कतिपय ग्रन्थमा यही कुरा स्पष्ट लेखिएको छ- "द्वात्रिंशत्पणिका गाव :, कार्षापण : षोडशते इतिमूल्य प्रकल्पना ।" कृ.सा.स.पृ. १३९, अहिले यस्ता पुराना तामाका पैसा पाउन मुस्किल पर्ने हुँदा सो पैसाको वर्तमान काल अनुसार पर्ने मूल्य दान गर्नु पर्ने हुन्छ ।

६. (क) विद्वन्मनोहरा (पराशरस्मृति १२।६२-६३)
(ख) प्राजापत्ये ष्वशक्तस्तु धेनुं दद्यात्प यस्विनीम् । धेनोरभावे निष्कस्यात्तदर्धं पादमेववा ॥ धेनुमूल्यं वा देयम् सान्तपने गोद्वयम् । पराके तप्तकृच्छे च गोत्रयम् । चान्द्रायणे अष्टौ पञ्च चतस्र तिस्रो वा गाव : । ध.सि.पृ.३०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३-अन्त्येष्टिप्रकरण

अन्त्यकर्म

मरण समयमा र मरण भइसके पछि गरिने सबै क्रियालाई अन्त्यकर्म भनिन्छ । कर्म भनेको संस्कार पनि हो । यस संस्कारले जीवनभर ज्ञान वा अज्ञानले भएका सबै दोष नाश गरी मृतकलाई सद्‌गति प्रदान गर्दछ । परलोकको गति सुधार गर्न सर्वथा सक्षम भएको हुँदा यसलाई श्रेष्ठ संस्कारको रुपमा लिइन्छ । जसको अभावमा मृतकको दुने कुरा निश्चित छ ।

द्विजजातिका गर्भाधानदेखि लिएर श्मशानसम्मका सबै संस्कार मन्त्रपूर्वक, गर्नु पर्ने शास्त्रीय विधान रहेको छ । त्यसैले यो अन्त्य संस्कार पनि मन्त्रपूर्वक नै गर्नु पर्ने हुन्छ ।[१]

घाट लैजाने

वावु आमा आदि आफ्ना विरामीको वोली अनुहार नाडी श्वासप्रश्वास आदिको अवस्था विचार गर्दा नवाँच्ने स्थिति देखिएमा गङ्गा नदी आदि तीर्थमा लैजानु पर्छ*।[२] नभ्याएर नसकेमा भने चोटा कोठा आदि घर भित्रबाट बाहिर सार्नुपर्छ । वाहिर सार्दा तुलसीको मोठ आदिको नजीक पारी चोखो भइँमा सार्नु पर्ने हुन्छ । आफ्नो घरको आँगन, तुलसीको मोठ, मर्ने अवस्थामा आफ्नो वरिपरि वसेका छोरा पनि तीर्थ समान मानिन्छन् । त्यसो हुँदा छोराको काखमा - नजीकमा) मर्नु तीर्थमा मर्नु जस्तै हुन्छ । शास्त्रले भने बमोजिम दान प्रदा गरि दिई वावु आमाको अन्त्य अवस्था सुधार गरि दिने भएकाले नै छोराहरु तीर्थ समान मानिएका हुन् ।

ब्रतोद्यापन

बिरामीलाई घाटमा पुऱ्याइसके पछि वा बाहिर सारिसकेपछि उसले रामनवमी कृष्णाष्टमी तीज पञ्चमी आदिको व्रत गर्ने गरेको तर उद्यापन गर्न नभ्याएको रहेछ भने त्यसै बेला पुत्रादिले गरिदिनु पर्छ । उद्यापन सामग्री प्राप्त हुन नसक्ने स्थिति भएमा अनुकल्पमा व्रतपूर्तिको निम्ति सुवर्ण रजत द्रव्यादि केही दान अवश्य गरिदिनु पर्छ । सो दान गर्न पनि नभ्याउने र नसक्ने स्थिति भएमा व्रतपूर्ति भयो भन्ने ब्राह्मण वाक्य विरामीले सुन्नु पर्छ । सो वाक्य श्रवण गरेवापत ब्राह्मणलाई सुवर्णादि केही दक्षिणा दिनु पनॅ हुन्छ ।[३]

प्रायश्चित्त

ब्रतोद्यापन गरिसकेपछि मुमूर्षुवाट जीवनभर जानी जानी वा अन्जानमा इच्छाले वा अनिच्छाले एकपटक वा पटक पटक शरीर मन वचन र संसर्गद्वारा भएका वा गरिएका अतिपातक, महापातक, अनुपातक, उपपातक, पातक, सङ्करीकरण, मलिनीकरण, अपात्रीकरण र जातिभ्रंशकर जस्ता सर्वविध दोष निवारणको लागि प्राजापत्य कृच्छ प्रायश्चित्त गर्नु पर्ने हो, तर दीर्घकाल लगाएर गर्नु पर्ने अति कठिन सो प्रायश्चित्त गर्न यस्तो अन्त्य अवस्थामा सम्भव हुँदैन । त्यसो हुँदा त्यसको अनुकल्पमा दुहुनी गाई दान गर्नुपर्छ । त्यस्ती गाई पनि प्राप्त हुन नसके आफ्नो शक्ति वा काल अनुसार गाईको मूल्य,वा मूल्यार्ध दान गर्नुपर्छ । दानको संकल्प गर्दा प्राजापत्य कृच्छको अनुकल्प द्रव्य भन्ने वचन मिलाई गर्नुपर्छ ।[४] यसरी जिन्दगीभर गरेका सम्पूर्ण दोष (पाप) नाश गरी अन्त्य कालमा गरिने दशदानादि सबै दान गर्न र दाहादि समस्त

---

१. (क) ब्रह्मक्षत्रियविट्‌शूद्रा वर्णास्त्वाद्यास्त्रयो द्विजा : ।
निषेकाद्या : श्मशानान्ता स्तेषां वै मन्त्रत : क्रिया : ॥ या. १।१०
(ख) निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधि : ॥
तस्य शास्त्रे ऽ धिकारो ऽ स्मिन् ज्ञेयो नान्यस्य कस्यचित् ॥ मनु : २।१६

* यसरी लैजानुलाई लोकमा घाट वा जलजोग लैजाने भन्छन् । भ्याउने र सक्नेहरुले लैजाने गरेका पनि छन् ।

२. गङ्गायां मरणान्मुक्तिर्नात्रकार्या विचारणा ।
ज्ञानतो ऽ ज्ञानतो वापि कामतो ऽ कामतो ऽ पि वा ।
गङ्गाया च मृतोमर्त्य : स्वर्गमोक्ष च विन्दति ॥ अ.क.दि.पृ.टि.१

३. सर्वेपमप्यलाभे तु यथोक्तकरणं विना ।
विप्रवाक्यं स्मृतं शुद्ध. व्रतस्य परिपूर्तये ॥
वृथा विप्रवचो यस्तु गृह्णाति मनुज : शुभम् ।
अदत्त्वा दक्षिणां पाप: स याति नरकं ध्रुवम् । अ. कनदी पृ. २ टि. १

४. यज्ञसाधनभूताया विश्वस्याघप्रणाशिनी ।
अस्यामूल्यप्रदानेन प्रीयतां विश्वरुपधृक् ॥
प्रायश्चित्ते समुत्पन्ने निष्कृति नं कृता यदि ।
तस्य पापस्य शुद्ध्यर्थं धेनुमूल्य ददामि ते । अ क दी पृ ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

और्ध्वदेहिक क्रिया गर्न अधिकार प्रदान गर्ने प्रायश्चित्त गरिसके पछि प्रायश्चित्ताङ्ग सुवर्ण रजत द्रव्यादि दक्षिणा आमान्न दानादि पनि गर्नुपर्छ।

दशदान

(१) गाई (२) भूमि (३) तिल (४) सुन (५) घ्यू (६) वस्त्र (७) धान (८) सखर (९) चाँदी (१०) नून यी दश पदार्थ नै दशदानमा पर्दछन्। अन्त्य अवस्थामा यी वस्तु दान गर्दा मृतकले सम्पूर्ण पापबाट मुक्त भई सुख एवं शान्तीका साथ उत्तम गति (मोक्ष) प्राप्त गर्ने हुरा शास्त्रले निश्चित रुपमा भनेको छ। त्यसो हुँदा दशदान अवश्य गर्ने पर्ने हुन्छ।[१] दान गर्दा शक्ति हुने मान्छेले जुन पदार्थको जति परिमाण शास्त्रले तोकेको छ त्यति नै गर्नुपर्छ। शास्त्रले भने जति गर्न नसक्नेहरुले आफ्नो शक्ति अनुसार गर्नुपर्छ।[२] दशदानका दश पदार्थ दशैजना ब्राह्मणलाई दिनु पर्ने हुन्छ। एकजना ब्राह्मणलाई एकभन्दा बढी पदार्थ दान दिनु हुँदैन।

अष्टमहादान

गरुड पुराणमा अष्ट महादानको कुरा लेखिएको छ।[३] त्यस महादानमा तिल, फलाम, सुन, कपास, नून, सप्तधान्य, भूमि र गाई यी आठ पदार्थ पर्छन्। यी पदार्थमा तिल, सुन, नून, जमीन र गाई पाँच वस्तु चाहिं दशदानमा पनि पर्छन्। फलाम, कपास र सप्तधान्य तीन पदार्थ भने दशदानमा पर्दैनन्। कसैले दशदान र अष्टदान दुवै गर्नुपर्छ भनेका छन् भने कसैले दशदान भित्र परेका वस्तु पुनः गरिरहनु पर्दैन भन्ने कुरा पनि गरेको पाइन्छ। इच्छा भएमा र सकेमा दुवै दान गर्दा पनि राम्रै हुन्छ। नसकेमा भने दशदानमा नपरेका फलाम, कपास र सप्तधान्य[४] चाहिं गर्नै पर्ने हुन्छ

पञ्चधेनुदान

पाँच गाई दान गर्नुलाई पञ्चधेनु दान भनिन्छ।* पञ्चधेनुमा ऋणापनोदधेनु, पापापनोदधेनु, मोक्षधेनु, वैतरणीधेनु र उत्क्रान्तिधेनु पर्दछन्। जन्मजन्मान्तरका सबै किसिमका ऋणबाट मुक्तिको लागि ऋणापनोदधेनु, सर्वविध पाप नाशको निमित्त पापापनोदधेनु, मोक्ष प्राप्तिको उद्देश्यले मोक्षधेनु, सजिलैसँग वैतरणी नदी पार हुनको निमित्त वैतरणीधेनु (कालो गाई) र सुखपूर्वक प्राणोतक्रमणको निमित्त उत्क्रान्तिधेनु दान गर्नु पर्ने शास्त्रीय विधान रहेको छ। गाई नपाए गाईको सट्टामा द्रव्य राखेर पनि उक्त सबै धेनुको दान गर्नै पर्छ।[५]

---

१. उत्क्रान्त्यादीनि दानानि दशदद्यान्मृतस्य तु।
गोभूतिलहिरण्याज्यवासोधान्यगुडानि च॥
रौप्यं लवणमित्याहुर्दशदानान्यनुक्रमात्।
एतानि दशदानानि नराणां मृत्युजन्मनो:॥
कुर्यादभ्युदयार्थं तु प्रेतेपि हि परत्र वै॥ नि.सि.पृ. ५, ध.सि.पृ. ३३४, अन्त्यक दी.पृ. ५, अ.प.पृ. ९

२. गाई सवत्सा, सुशीला, रोगहीना र अङ्गभङ्ग नभएकी हुनुपर्छ।
भूमिदान गर्दा गोचर्म परिमाणको गर्नुपर्छ। दश हातको एकदण्ड, तीस दण्डको एक निवर्तन, दश निवर्तनको गोचर्म हुन्छ।
गोचर्मलक्षण- दशहस्तेन दण्डेन त्रिंशद्दण्डा निवर्तनम्। दशतान्यव गोचर्म, इत्युक्तम्।
गोचर्म परिमाणको जमीन दान गर्न नसक्नेले चारैतिर पाँच हात भएको गर्ने। सो पनि नसक्नेले जमीनदानको वचन मिलाई यथाशक्ति द्रव्यदान गर्ने। तिल दान दुई द्रोण गर्नुपर्छ। कसैले एक द्रोण मत्र गर्दा पनि हुने देखाएका छन्। सुन र चाँदी सक्नेले १० माषा, नसक्नेले ५ माषा, त्यति पनि नसक्नेले २.५ माषा मात्र गर्नु पर्ने हुन्छ। सो पनि नसके यथाशक्ति गर्ने। घ्यू ६०,४० वा १२ पल। वस्त्र ८, ६, ३ वा २ हात लम्बाई र चौडाइ पनि भएको राम्रो खालको हुनुपर्छ। सखर ६० पल। नून १ खारी। धान २ खारी हुनु पर्ने शास्त्रकारको धारणा रहेकोछ। सबै पदार्थ यथाशक्ति गर्दा पनि हुने नै देखिन्छ। ध.सि.पृ. ३४४, अ.क.दी.पृ. ५-११

३. तिला लोहं हिरण्यं च कार्पासो लवणं तथा।
सप्तधान्यं क्षितिर्गावो ह्येकैकं पावनं स्मृतम्। ग.पु. ८।३३

४. व्रीहयो यवगोधूमा मुद्गा माषा: प्रियङ्गव:।
चणका: सप्तमा ज्ञेया: सप्तधान्यमुदाहृतम्॥ ग.पु. ८।४८

* "धेनु" यो शब्दले दुहुनी गाईलार्य बुझाउँछ, अत: धेनु दान गर्नु भनेको ठाउँमा पाएसम्म सवत्सा दुहुनी गाई नै गर्नु पर्छ, हाम्रो लोक व्यवहारमा धेनु भनेको ठाउँमा गाईले मात्र पनि काम चलाउने गरिन्छ।

५. (क) ऋणधेनु मन्त्र :- ऐहिकामुष्मिकं यच्च सप्तजन्मार्जितं ऋणम्। तत्सर्वं शुद्धिमायातु गामेतां ददतो मम॥
(ख) पापधेनु मन्त्र :- आजन्मोपार्जितं पापं मनोवाक्कायकर्मभि:। तत्सर्वं नाशमायातु गोप्रदानेन केशव॥
(ग) मोक्षधेनु मन्त्र :- मोक्षं देहि हृषीकेश मोक्षं देहि जनार्दन। मोक्षधेनु प्रदानेन मुकुन्द: प्रीयतां मम॥
(घ) वैतरणीधेनु मन्त्र :- धेनुकेत्वं प्रतीक्षस्व यमद्वारे महापथे। उत्तितीर्षुरहं देवि वैतरण्यै नमोऽस्तु ते॥
(ङ) उत्क्रान्तिधेनु मन्त्र :- अप्युत्क्रान्तौ प्रवृत्तस्य सुखोत्क्रमणसिद्धये। तुभ्यं संप्रददे नाम्ना गां समुत्क्रान्ति सञ्ज्ञिकाम्॥
अन्त्यपद्धति : पृ. १५-१९, नि.सि.पृ. ७५८, अ.क.दी.पृ. १२-१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिलपात्रदान

ताम्रपात्रमा एक पाथि वा यथाशक्ति तिल र सुवर्ण प्रतिमा समेत राखी दान गर्नु अनिवार्य हुन्छ। यो दान गर्नाले सम्पूर्ण पाप नाश भई मोक्ष प्राप्ति हुन्छ।[1]

मरण अवस्थामा प्राप्तलाई मधुपर्कदान

मरणासन्न व्यक्तिलाई मधुपर्क दिनु पर्छ भनी देवयाज्ञिकले भनेका छन्। हाम्रो लोक व्यवहारमा भने यो चलन त्यति चलेको जस्तो लाग्दैन तापनि मधुपर्कको रचना नारायणवाट भएको हो, यो अमृत तुल्य मानिन्छ र सुरलोकमा पनि पूज्य छ, यसले मृतकलाई दाहकालमा शान्ति दिनुको साथै परलोकमा अक्षय सुख पनि दिन्छ भनिएको हुँदा मरणासनमा रहेका आफ्ना पित्रादिलाई सुख शान्तिको लागि पुत्रादिले तल दिइएको मन्त्र पढी मधुपर्क प्रदान गर्नु अति उत्तम हुन्छ।[2] यो चलन नचलेको भए पनि चलाउनु मृतकको निम्ति हितकर हुन्छ।

विष्णुसहस्रनामादिको श्रवण

तीर्थमा वा घर आँगनको पोतिएको शुद्ध जमीनमा तुलसीको नजीक कुश ओच्छ्याई पूर्व वा उत्तर वा छोराको काखमा शिर गराई प्राण छोड्न लागेको विरामीलाई सुताउनु पर्छ। पञ्चगव्यले सेचन गरी तुलसी रुद्राक्ष आदिको पवित्र माला लगाइ दिनु पर्छ। शालिग्राम शिला सिरान पट्टि राख्ने, गङ्गाजलादि पवित्र जल ख्वाउने, श्रीखण्डचन्दन भस्म आदि लगाइ दिने, मुखमा सुनको टुक्रा तुलसी पत्र राखि दिने जस्ता कुरा पनि गर्नु पर्छ। साथै गीता विष्णुसहस्रनाम भागवत पुरुषसूक्त आदि पनि सुनाइ दिनु पर्छ। ॐ नम : शिवाय, ॐ नमो भगवते वासुदेवाय, ॐ नमो नारायणाय जस्ता शिव विष्णुका मन्त्र वरिपरि बस्ने पुत्रादिले जप्ने र विरामीलाई पनि जप्न लगाउने वा सुनाउने गर्नु पर्छ। "ॐ" यो एक अक्षर मात्र स्मरण गर्दै वा श्रवण गर्दै प्राण त्याग गर्न सक्यो भने पनि उत्तम गति (मोक्ष) प्राप्त गर्दछ भनी भगवानले गीतामा भन्नुभएको छ। अन्त्य अवस्थामा नारायण, हरि आदि भगवान परमात्माको नाम स्मरण मात्रले पनि समस्त पाप नाश भई मुक्ति प्राप्त हुन्छ भन्ने कुरा शास्त्र प्रवर्तक धेरैले गरेका छन्, त्यसो हुँदा अरु दान प्रदान आदि कारणवश गर्न भ्याइएन भने तापनि हरिनाम अधिक मात्रामा विरामीको नजीक बस्ने सबैले जप्ने र विरामीलाई जप्न लगाउने वा सुनाउने गर्नु पर्छ।[3] शूद्र र वर्णसङ्करादिले पनि त्यस अवस्थामा भगवान राम र कृष्णको नाम स्मरण गर्नु पर्छ।

अन्त्यकर्ममा छोराको कर्तव्य

आफ्ना बाबु आमा आदिको मरण अवस्थामा गर्नु पर्ने माथि उल्लेख गरिएका प्रायश्चित्त, व्रतोद्यापन र दशदानादि संपूर्ण कर्महरु छोरा नाति आदिले सकेसम्म विरामीकै हातवाट गराई दिनु पर्छ। विरामीले गर्न नसक्ने भएमा विरामीको नजीकमा बसी पुत्रादि आफैंले वचन मिलाई गरि दिनु पर्छ। दानादि गरि दिंदा आफ्नो शक्तिले भ्याएसम्म कन्जुस्याइँ गर्न हुँदैन। उदारताका साथ गर्नु पर्ने जति सबै गरि दिई पित्रादिको परत्र सुधार गर्दिनु पुत्रादिको परम कर्तव्य हो। यो कर्तव्य पूरा गर्ने छोरा नाति आदिले गयाश्राद्ध गर्दा र शयौं अश्वमेध यश्र गर्दा मिल्ने फल भन्दा विशिष्ट फल प्राप्त गर्दछन्।[4]

यदि कोही बाबु आमाको मृत्यु कालमा गर्नुपर्ने कर्तव्य पूरा गर्दैन, मृत्युपछि गर्नु पर्ने क्रिया पनि गर्दैन, बाबुआमा

---

१. (क) ताम्रपात्रं तिलै : पूर्णं प्रस्थमात्रं द्विजाय तु।
सहिरण्यं च यो दद्याच्छ्रद्धा वित्तानुसारत : ॥
सर्वपापविशुद्धात्मा लभते गतिमुत्तमाम्। नि.सि.पृ. ७५८

(ख) तिलदान मन्त्र :- यानि कानि च पापानि ब्रह्महत्यासमानि च। तिलपात्र प्रदानेत तानि नश्यन्तु ने सदा। अ.क.दी.पृ.१४

२. दृष्टवासुविह्वलं ह्येनं यममार्गानुसारिणम्। प्रयाणकाले तु नरो मन्त्रेण विधिपूर्वकम्॥
मधुपर्कं त्वरन् गृह्य इमं मन्त्रमुदाहरेत्।
ॐ एतद्गृहाण रुचिरं मधुपर्कमाद्यं संसारनाशनकरं ह्यमृतेन तुल्यम्। नारायणेन रचितं भगवत्प्रियाणां दाहे च शान्तिकरणं सुरलोकपूज्यम्।
अनेनैव तु मन्त्रेण दद्याच्च मधुपर्ककम्। नरस्य मृत्युकाले तु परलोक सुखावहम्। नि.सि.पृ. ७५९

३. (क) म्रियमाणस्य कर्णे तु पुण्यमन्त्रान् जपेत्तत :। तुलसीं सन्निधौ कृत्वा शालग्रामशिला तथा॥ नि.सि.पृ. ७५८

(ख) शालग्रामशिला यत्र तत्र संनिहितो हरि :। तत्सन्निधौ त्यजेत्प्राणान् यातिविष्णो : परं पदम्॥
तुलसीकानने जन्तोर्यदि मृत्युर्भवेत्क्वचित्। स निर्भत्स्य यमं पापी लीलयैव हरिं विशेत्॥
प्रयाणकाले यस्यास्ये दीयते तुलसीदलम्। निर्वाणं याति पक्षीन्द्र पापकोटियुतो ऽपि स :॥ अ.क.दी.पृ.१४, १५

(ग) यस्यावतारगुणकर्मविडम्बनानि...... श्रीमद्भागवत

(घ) हरये नम इत्युच्चैर्मुच्यते सर्वपातकात्। श्रीमद्भागवत १२।१२।४६

(ङ) ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्। य : प्रयाति त्यजन्देहं स याति परमां गतिम्। श्रीमद्भगवद् गीता ८।१३

(च) अष्टाक्षरं जपेन्मन्त्रं द्वादशाक्षरमेव च। गीतासहस्रनामानि पठेद् वा श्रृणुयादपि। ग.पु. ८।७-२५

४. (क) मुमूर्षु पितरं पुत्रो यदि दानं प्रदापयेत्। तद्विशिष्टं गयाश्राद्धादश्वमेध शतादपि॥ ध.सि.पृ.९१३

(ख) ग.पु.अ. ८।२६-११८, नि.सि.पृ. ७५७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को सम्पत्तिको उपभोग चाहिं गर्दछ भने त्यस्तो व्यक्तिले वर्णवध गरे वापत गर्नु पर्ने प्रायश्चित्त गर्नु पर्छ । ब्राह्मणले आफ्नो बाबुआमाको क्रिया गर्दैन भने ब्राह्मण वध गरे वापत गर्नु पर्ने प्रायश्चित्त गर्नु पर्छ । जुन प्रायश्चित्त बाह्र वर्षसम्म वनमा बसेर अति दुःखका साथ गर्नु पर्ने हुन्छ । यही नियम अरु क्षत्रियादि वर्णमापनि लागु हुन्छ ।१

मलिन क्रिया

मर्ने बित्तिकै लाश जलाउन नहुने

मानिस मरेको तीन वा चार मुहूर्त (छ वा आठ घडी) पछिसम्म आत्मा फर्केर आई मृतदेहमा प्रवेश गर्न सक्छ र मरेको मान्छे पुन : बाँच्न सक्ने सम्भावना हुन्छ भन्ने कुराको उल्लेख धेरै ठाउँमा पाइन्छ । गरुड पुराणले पनि यस्तो हुनसक्ने कुराको सङ्केत गरेको छ ।२ गोयनका संस्कृत कलेज वाराणसीबाट प्रकाशित "मानव" पत्रिका ई. वर्ष १९५२ अङ्क २ मा र ई. वर्ष १९५३ अङ्क १० मा पनि मरेका मान्छे कोही २ घण्टा कोही ३ घण्टा र कोही ८ घण्टा पछिसम्म पनि बिउँतेको धेरै उदाहरण दिइएका छन् भन्ने कुराको उल्लेख श्राद्ध विमर्शमा डा. उमाशङ्कर त्रिपाठीले गरेका छन् ।३ त्यसो हुँदा उक्त अवधि भित्र मृतकलाई बाँध छाँद गर्ने, बाँस खट आदिमा राखी दाहस्थलमा लैजाने, जलाउने आदि कुनै कुरा गर्न पनि राम्रो हुने देखिँदैन ।

लाश दाहस्थल लैजाने

मृत्यु भएको २ वा ३ घण्टा पति (मृतकका सवै नाडिले छोडिसके प्राण अब फर्केर आउँदैन भन्ने निश्चित भएपछि) बाँस वा शुद्ध काठद्वारा निर्मित खट आदिमा ऊर्ध्वमुख गराई शव राख्नु पर्छ र श्वेत वा पीत वस्त्र ओढाई फूलमाला आदिले अलंकृत गराई सकेसम्म छोराहरुले (क्रिया गर्न अधिकार प्राप्त व्यक्तिले) मात्र शिर खुला राखी घरतिर शिर र श्मशानतिर पाउ गराई बोक्नु पर्छ र यमगाथा गाउँदै यम सूक्त स्मरण गर्दै दाहदेश (श्मशान घाट) मा लैजानु पर्छ ।[४] छोराहरुले मात्र वोक्न नसके समानवर्णका सपिण्ड सोदक र सगोत्रले पनि बोक्न हुन्छ । उनीहरुले मात्र पनि नसके अरु समान वर्णले, तिनीहरुबाट मात्र पनि सम्भव नभए द्विज जातिलाई द्विज जातिले बोक्न हुने नै देखिन्छ । तर द्विज जातिलाई शूद्रादि जातिले र शूद्रादिलाई द्विज जातिले भने कदापि छुन बोक्न हुँदैन ।[५]

क्रिया गर्नेले गर्नु पर्ने प्रायश्चित

लाश दाहस्थलमा पुऱ्यासके पछि जलको छेउ पवित्र ठाउँमा राख्नु पर्छ र दाहादि समस्त क्रिया गर्ने अधिकार प्राप्तिको लागि पुत्रादि क्रियाकर्ताले क्षौर गरी प्रायश्चित गर्नु अनिवार्य हुन्छ ।६ प्रायश्चित्तको निमित्त तीन प्राजापत्य कृच्छ गर्नु पर्ने शास्त्रीय विधान रहेको छ । ३६ दिन लाग्ने यो व्रत गरी लाश जलाउन नमिल्ने हुन्छ, अत : ३ कृच्छको अनुकल्पमा तीनवटै गाई (धेनु) दान गर्नुपर्छ अथवा "कृच्छ व्रतका अनुकल्प" शीर्षकमा दिइएको द्रव्यदान गरे पनि हुन्छ ।[७]

प्राय: अहिलेका मान्छेहरु भक्ष्याभक्ष पेयापेय गम्यागम्य स्पर्शास्पर्श आदिको त्यति विचार गर्दैनन् त्यसैले उनीहरु प्रायश्चित्तार्ह भएका हुन्छन्, कोही चाहिं अन्जानमा गरेको पापको कारण पनि प्रायाश्चित्त गर्न लायक भएका हुन्छन् । यसरी जानाजान र अन्जान दुवै अवस्थामा गरिएका भक्ष्या भक्षादि सम्पूर्ण दोष निवारणको निमित्त यो प्रायश्चित्त अनिवार्य हुन गएको हो ।

मृतकको निम्ति गरिदिनु पर्ने प्रायश्चित्त

मृतकको शुद्धिको निम्ति दशदानादि कर्म गर्नुभन्दा अगाडि जुन प्रायश्चित्त गर्नु पर्ने कुरा माथि उल्लेख गरिएको छ । त्यस समयमा त्यो प्रायश्चित्त गर्न नमिलेको वा नभ्याइएको भए यसै बखत शवलाई मुण्डन र तन्निमित्तक स्नान समेत गराई सर्वपापनाशक प्राजापत्य कृच्छ प्रायश्चित्त गरी दाह गर्नु पर्छ । यदि मृतक निष्पाप रहेका छन् भन्ने पुत्रादि

---

१. प्रेतस्य प्रेतकार्याणि अकृत्वा धनहारक : । वर्णानां यद् वधे प्रोक्तं तद् व्रतं प्रयतश्चरेत् । शु. मयूख पृ. ३६

२. ग.पु.अ. १।३९-४२

३. मरणनन्तरं त्रिभिश्चतुर्भि र्वा मुहूर्तैर्यमद्वारादागत्यात्मा पुन : स्वमृत्युगेहे तिष्ठति । इत्यमनेकान्युदाहणानि सन्ति । इमानि जीवात्मनो नित्यत्वे प्रत्यक्ष प्रमाणानीति कृत्वा अदग्धे सति देहे किञ्चित्कालानन्तरमपि पुनर्जन्म शक्यमिति भन्तव्यमेव । अत : किञ्चित्कालमपेक्ष्यैव देहदाह : कर्तव्य :, न तु शैघ्रेण तत्कालमेवेति । श्रा.वि.पृ. २६,२७ ग.पु. १।३९-४२

४. यमगाथा- अपेतो यन्तु पणय :............(शु य.सं.अ.३५)
यमसूक्त- परेयिवांसम्......................(ऋग्वेद ७६।१४।५।६)

५. (क) मृतं द्विजं न शूद्रेण निर्हरियेत्, न शूद्रं द्विजेन, पितरं मातरं च पुत्रा निर्हरेयु :, न द्विजं पितरमपि शूद्रा : । विष्णु १९।१-४
(ख) न विप्रं स्वेषु तिष्ठत्सु मृतं शूद्रेण हारयेत् । अस्वर्ग्या ह्याहुति : सास्याच्छूद्रसंपर्कदूषिता ॥ मनु : ५।१०४

६. यानि कानि च पापानि ब्रह्महत्यासमानि च । केशानश्रित्य तिष्ठन्ति तस्मात् केशान् वपाम्यहम् ॥

७. प्राजापत्येष्वशक्तस्तु धेनुं दद्यात्पयस्विनीम् । धेनोरभावे निष्कंस्यात्तदर्धं पादमेव वा ॥ ध.सि.पृ. ३०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रियाकर्तालाई निश्चित रुपमा लाग्छ भने सो प्रायश्चित्त नगर्दा पनि हुन्छ । मुण्डन भने गराउनै पर्छ । अरु दशदानादि कर्म मर्नुभन्दा अगाडि गर्न नभ्याइएको भए एघारौंको दिन गर्नु पर्ने हुन्छ भन्ने कुरा केही आचार्यले गरेका छन् भने केहीले चाहिं अन्त्यकालमा गर्नु पर्ने जे जति दानादि कर्म छन् ती सबै गरेर मात्र लाश जलाउनु पर्छ भनेका छन् । यस्तो दुई मत देखिएको हुँदा कर्तालाई जुन दिन गर्न सजिलो पर्छ त्यसै दिन गर्दा हुने बुझिन्छ ।[१]

छुन नहुनेले लाश छोएमा

शूद्रचण्डालादि अस्पृश्य जातिले द्विज जातिको लाश छोएमा तीन, सूतिका र रजस्वलाले छोएमा पन्ध्र, दिशा पिसाब आदि अपवित्र पदार्थले स्पर्श गरेमा तीन, कुकुर बिराला आदिले छोएमा लाशमा किरा परेमा तीन, घरभित्र वा बाहिर खाटमा मरेमा बाह्र, हातकडी वा नेलकडी लागेको बखत मरेमा पन्ध्र, धोबी आदि सात प्रकारका अन्त्यजले छोएको बेलामा मरेमा एकतीस देशान्तरमा मरेमा आठ, आशौच परिरहेको बेलामा मरेमा र उर्ध्वोच्छिष्ट अधरोच्छिष्ट अवस्थमा मरेमा तीन कृच्छव्रत गर्नु पर्छ । त्यस पछि लाशलाई शुद्ध जलले स्नान र पञ्चगव्यले सेचन गराउने काम गरेर मात्र जलाउनु पर्छ । अर्धदग्ध अवस्थामा चिता वा लाश अस्पृश्य जाति वा पदार्थले गरेमा पुत्रादिले तीन कृच्छ व्रत गर्नु पर्छ ।[२] शूद्रादि अस्पृश्य जातिले लाश वा जलिरहेको चिता स्पर्श गरेमा यस्तो कठोर प्रायश्चित्त गर्नु पर्ने शास्त्रको निर्देश रहेको छ । यसरी शास्त्रले निषेध गर्दागर्दै पनि कतिपय ठाउँमा द्विज जातिको शूद्रादिले छुने बोक्ने र जलाउने गरेको कुरा पनि सुनिन्छ । त्यसो गर्न दिनु निश्चय नै शास्त्रीय मर्यादा नाघ्नु हो र पापभागी बन्नु हो ।

उक्त अनुसार प्रायश्चित्त गर्नु पर्ने स्थिति भएकाको लाश यदि कसैले तोकिएको प्रायश्चित्त नगरिकन जलाउने काम गर्छ भने त्यस्तो दाहसंस्कार व्यर्थ हुन जान्छ र जल्ने जलाउने दुवैले नरक भोग गर्नु पर्ने हुन्छ ।[३]

शवदाहविधि

आवश्यक प्रायश्चित्त र दानादि सबै गरिसके पछि तीर्थ मन्त्र स्मरण गर्दै शवलाई पुन : स्नान गराउनु पर्छ[४] र नयाँरेशमी (पट्ट) वस्त्र ओढाई जनै फेराई श्रीखण्ड चन्दन गोपीचनदन तुलसीमाला आदि लगाइ दिनु पर्छ । पाएसम्म कपूर कस्तूरी कुंकुमादि सुगन्धित द्रव्य पनि सबै अङ्गमा लेपन गरि दिनु राम्रो हुन्छ । त्यसपछि झारपात केश कीटादि सबै निकालिएको शुद्ध स्थलमा कुश ओच्छयाई श्रीखण्डादि चन्दनका दाउराले उत्तर दक्षिण फैलिएको चिता बनाउनु पर्छ र त्यसै माथि उत्तर शिर उर्ध्व मुख गराई शव राख्नु पर्छ ।* शवको मुख, नाक आँखा र कान सातै छिद्रमा प्रत्येकमा सक्ने मान्छेले सुनका टुक्रा राख्नु पर्छ , नसक्नेले घिउका थोपा राखे पनि हुन्छ । त्यस पछि कर्ताले अचमन गरी शुद्ध अग्नि (क्रव्यादाग्नि) को पूजा५ गर्ने र अपसव्य भई बलेको अग्नि हातमा लिई तल दिइएको मन्त्र स्मरण गर्दै एक पटक वा तीन

---

१. उक्त-प्रायश्चित्तादिदानान्तविधिमकृत्वा पित्रादिमरणे पुत्रादिना प्रायश्चित्तं कृत्वा दाहादि कर्तव्यम् । दानान्येकादशाहे कार्याणि । पितु : पापाभावनिश्चये प्रायश्चित्तं नावश्यकम् । के चिदुत्क्रान्ति वैतरण्यौच दशदानानि चैव हि मृते ऽ पि कृत्वा तं प्रेतं दहेदित्या ह : । ध.सि.पृ.९१५

२. उर्ध्वोच्छिष्टाधरो च्छिष्टोभयोच्छिष्टे तथैव च । अस्पृश्यस्पर्शने चैव खटवादिमरणे ऽ पि च ॥
श्वानक्रव्यादिसंस्पर्शे क्रिमिकीटोद्भवे ऽ पि च । एतद्दोषानुसारेण प्रायश्चित्तं समाचरेत् ॥
कृच्छ्रांस्त्रिषट्पञ्चदशाश्चान्द्रत्रयमथापिवा । शुद्ध्यै स्तदानीं सम्पाद्य शवधर्मेण दाहयेत् ॥ ध.सि.पृ. ९१ पटि. १

३. एवमुक्त प्रायश्चित्तं विना दाहादि कृतं व्यर्थं भवेद् उभयोश्च नरक : । ध.सि.पृ. ९१७

४. स्नानकालमा स्मरणीय मन्त्र :-
गयादीनिच तीर्थानि येच पुण्या : शिलोच्चया : । कुरुक्षेत्रं च गङ्गा च यनुना च सरिद्वरा ॥
कौशिकी चन्द्रभागा च सर्वपापप्रणाशिनो । भद्रा च काशी सरयू गण्डकी तमसा तथा ॥
धैनवं च वराहं च तीर्थं पिण्डारकं तथा ॥ पृथिव्यां यानि तीर्थानि चत्वार : सागरास्तथा ॥
एतानिमनसा ध्यायन् स्नापयेत्तं मृतं सुत : । स.र.भा. १ पृ. ४९८

* शव चितामाथि राख्दा आदित्य पुराणको "दक्षिणदिक् चरणस्तु पुमान्" वचनले र शुद्धितत्वको "उत्तरशिरस्त्वं च दाहे" यो वचनले शवको शिर उत्तरतिर पार्नु पर्ने देखाएको छ भने पारस्कर गृह्यसूत्रका भाष्यकार हरिहर र विश्वनाथको मतमा दक्षिणतर्फ पार्नु पर्ने भनिएको छ । प्रा. शिवंराज आचार्यको "वैदिक धर्म मूलरुपमा" पृ. १९८ मा पूर्वतिर पार्नु पर्ने कुरा लेखिएको छ । यसरी लाशको शिर पार्नु पर्ने दिशा तोक्ने विषयमा शास्त्रकारहरुमा मतैक्य पाईदैन र लोकमा पनि चलन त्यस्तै नै रहेको देखिन्छ - कसैले उत्तर र कसैले दक्षिण । नेपालका प्रमुख दाहस्थल पशुपति आर्यघाट, चितवनको देवघाट आदिमा भने उत्तर तर्फ शिर पारेर नै लाश जलाएके पाइन्छ । प्रेतकार्य र पितृकार्य प्राय : दक्षिण तिर नै फर्केर वा फर्काएर गर्नु गराउनु पर्ने शास्त्रीय विधान भएकोले लाशको मुख पनि दक्षिण फर्काउनको लागि शिर उत्तर तिर नै पार्नु पर्ने हुन्छ, अत : उत्तर दिशातर्फ नै शिर पारेर जलाउनु राम्रो हुने देखिन्छ ।

५. अग्नि पूजन मन्त्र-
त्वं भूतकृज्जगद्योने त्वं लोक : परिपालक : ।
उक्त संहारक स्तस्मादेतं स्वर्गं मृतं नय ॥
क्रव्यादाग्नये नम : । अन्त्यक.दी.पृ.२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पटक चिता[1] प्रदक्षिणा गरी हातको अग्नि (प्रज्वलित वत्ति) मृतकको मुखमा राखि दिनु पर्छ।[2] त्यस पछि जलिरहेको चिता सात पटक प्रदक्षिणा गरी सात वटा समिधा "क्रव्यादाय नमः" भनी प्रक्षेपण गर्नु पर्छ। सात पटक नै बलिरहेको लाशलाई कुठारले वा काठले प्रहार पनि गर्नुपर्छ।[3] अर्धदग्ध भइसके पछि मस्तक भेदन गर्नु पर्ने तिलमिश्रित घृताहुति दिनुपर्ने र बेसरी रुनु पर्ने विधान पनि गरुड पुराणले गरेको छ।[4] प्रेतको सुखको निम्ति त्यसो गर्नै पर्ने पनि हुन्छ। यसरी लाश जलाउँदा निःशेष हुने गर्न हुँदैन। एउटा परेवा जत्रो शरीरको मुख्य भागको अंश बाँकी राख्नु पर्छ[5] र त्यस अंशलाई सेतो नयाँ चोखो वस्त्रमा पोको पारी "धर्माय नमः, वा "क्रव्यादाय नमः" भनी जलमा सेलाइ दिनु पर्छ।

चितापिण्ड

शरीरशेष जलमा सेलाइसके पछि दाह गरेको ठाउमा बाँकी रहेका दाउराका टुक्रा अँगार खरानी सबै राम्रोसँग उठाई जलमा फालिदिने वा खाडल खनी पुरिदिने गर्नु पर्छ। त्यस पछि दाहस्थल पखाल्ने र सेलाएपछि त्यसै ठाउँमा कुश ओच्छ्याई अपसव्य भई त्यसै कुशमाथि अवनेजनको साथै छ वटा पिण्ड दिनु पर्छ। पिण्ड दिंदा पहिलो पिण्ड "शव" नामले, दोश्रो "पान्थ" नामले, तेश्रो "खेचर" नामले, चौथो "भूत" नामले, पाँचौ "साधक" नामले र छैठौं पिण्ड "प्रेत" नामले दिनुपर्छ। यी पिण्ड क्रमशः मृत्युस्थानमा, नगर वा गाउँको द्वार (निर्गम) स्थलमा, चौवाटोमा, विश्राम स्थलमा, काष्ठ सञ्चय स्थलमा र चितास्थलमा दिनु पर्ने हो, तर सजिलोको निम्ति हामीले एकै ठाउँमा दाहस्थलमा नै दिने गरेका छौं, यसो गर्दा पनि शास्त्र विपरित हुने चाहिं देखिदैन। यी छ पिण्ड दिने विधान गृह्यसूत्रमा र मनुयाज्ञवल्क्यादि मुख्य स्मृतिमा पाइँदैन तापनि लघु स्मृतिहरुले र पुराणहरुले पनि विधान गरेकाले प्रेतको सुख एवं अभ्युदयको निम्ति दिनु नै पर्ने हुन्छ।

उक्त छ वटा पिण्डमा तीन पिण्ड चाहिं दाहस्थलको नजकिमा राखिएको शवको छेउमा दिने, चारौं पिण्ड चितामा, पाँचौ पिण्डशव चितामा राखे पछि शवको हातमा र छैठौं पिण्ड चाहिं दाह गरिसके पछि हाडका टुक्रा टाक्री जम्मा गरी त्यसै माथि दिनु पर्ने कुरा गरुड पुराणले गरेको छ।[6] तिन्यानन्दले पनि त्यही कुरा लेखेका छन् तापनि व्यवहारमा त्यती मिल्दो नहुने भएकोले दाह गरिसके पछि तयसै ठाउमा एकैपटक वचन मिलाई छ वटै पिण्ड दिने गरिन्छ। त्यही विधान सत्कर्म रत्नावलीमा पनि छ। त्यसै अनुरुप गर्दा हामीलाई पनि सजिलो पर्ने हुन्छ र हाम्रो चलन पनि प्रायः यही नै छ।[7]

---

१. चिता प्रदक्षिणा गर्ने मन्त्र-
कृत्वा तु दुष्कृतं कर्म जानता वा ऽ प्य जानता। मृत्युकालवशं प्राप्तं नरं पञ्चत्वमागतम्॥
धर्माधर्म समायुक्तं लोभमोहसमावृतम्। दहेयं सर्वगात्राणि दिव्याँल्लोकान्स गच्छतु॥ स.र.भा. १ पृ. ४९८

२. "अस्मात्वमधि जातो ऽ सि त्वदयं जायतां पुन :।
असौस्वर्गाय लोकाय स्वाहा।" (शु.य.सं. ३५।२२)

द्विज जातिका गर्भाधानदेखि मरणसम्मका सम्पूर्ण क्रिया मन्त्रपूर्वक गर्नु पर्ने हुँदा दागवत्ति पनि मन्त्रोच्चारण गरेर नै दिनु पर्ने हुन्छ भन्ने धारणा राखी केही पण्डितहरुले पनि यही "अस्मास्वमधि......" वैदिक मन्त्र उच्चारण गरी दागवत्ति दिने र दिन लगाउने गरेको पाइन्छ। तर उनीहरुले पारस्करको "तूष्णीं ग्रामाग्नि नेतरम्" यो सूत्रको ख्याले नगरेको जस्तो बुझिन्छ। यो सूत्रले अग्निहोत्र नलिने साधारण मृतकलाई दागवत्ति दिंदा चूप लागेर दिनु पर्ने कुरा स्पष्ट भनेको छ। अग्निहोत्रीलाई पनि यो मन्त्रले दागवत्ति दिने होइन घृताहुति मात्र दिने हो। अग्निहोत्र नलिएका मान्छेलाई चिता प्रदक्षिणा गर्दा उच्चारण गरिने "कृत्वा तु दुष्कृतं कर्म..." यो मन्त्र नै पर्याप्त छ। अत : दागवत्ति दिंदा "अस्मात्वमधि..." यो मन्त्र भनि रहनु पर्ने देखिंदैन।

दागवत्ति दिने अवस्थामा बलेको वत्ति (प्रज्वलित अग्नि) हातमा लिई चिता घुम्दा हाम्रो नेपालमा प्राय : दायाँपट्टिवाट नै घुम्ने चलन छ। तर राजा दशरथको दाहसंस्कार गर्दा भरतादिले र भीष्मपितामहको गर्दा धृतराष्ट्रादिले वायाँ घुमेको स्पष्ट प्रमाण रामायण र महाभारतमा भएकोले हामीले पनि वायाँ पट्टिवाट नै घुम्नु पर्ने हुन्छ।

प्रमाण-
प्रसव्यं चापितं चक्रुर्ऋत्विजो ऽ ग्निचितं नृपम्। स्त्रियश्चशोकसंतप्ता : कौसल्याप्रमुखास्तदा॥ रामायण अयोध्याकाण्ड : ७६।२०
समवच्छाद्य गाङ्गेयं प्रज्वाल्य च हुताशनम्। अपसव्यमकुर्वन्त धृतराष्ट्रमुखा नृपा :॥ महाभारत अनु.प. १५४।१४

दागवत्ति दिंदा शुद्ध अग्निले दिनु पर्ने भएको हुँदा चण्डालको घरको अग्नि, सुतिकग्नि, पतितको घरको अग्नि, चिताग्नि, अरु कुनै किसिमवाट अपवित्र भएको अग्निले दिनु हुँदैन। यसको पुष्टि देवल ऋषिले यसरी गरेका छन्-
चण्डालाग्नि रमेध्याग्नि : सूतिकाग्निश्च कर्हिचित्। पतिताग्निश्चिताग्निश्च न शिष्ट ग्रहणेचित :॥ देवल स्मृति :।

३. गच्छेत् प्रदक्षिणा : सप्तसमिद्भि : सप्तभि : सह। देया : प्रहारा : सप्तैव कुठारेणोल्मुको परि॥
क्रव्यादाय नमस्त्भ्यमिति जप्यं समाहितै :। अ.क.दी.पृ.२७ टि.१

४. (क) अर्धे दग्धे ऽ थवा पूर्णे स्फोटयेत्तस्य मस्तकम्। गृहस्थानां तु काष्ठेन यतीनां श्रीफलेन च॥ अ.क.दी.पृ २७ टि २
(ख) आस्मात्वमधि जातो ऽ सि त्वदयं जायतां पुन :। आसौस्वर्गाय लोकाय स्वाहा ज्वलतु पावक :। ग.पु.१०।५८
(ग) एवमाज्या हुतिं दत्वा तिलमिश्रां समन्त्रकाम्। रोदितव्यं ततो गाढं येन तस्य सुख भवेत्॥ ग.पु.१०।५९

५. नि :शेषस्तु न दग्धव्य : शेषं किञ्चित् त्यजेत्तत :। स.र.व.भा. १ पृ. ४९८

६. (क) स्थाने द्वारे ऽ र्धमार्गे च चितायां शवहस्तके।
अस्थि संचयने षष्ठो दश पिण्डा दशाहिका। अ.क.दी.पृ.२८
(ख) ग.पु.अ.१०,

७. स.र.व.भा. १ पृ. ४९९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बासी लाश जलाउन परेमा

दिनमा मरेको मान्छेको लाश रात परे पछि र रातमा मरेको मान्छेको लाश दिन भए पछि वासी हुनछ भनी महर्षि गालवले भनेका छन् । यस्तो वासी लाश (दिनमा मर्नेलाई रातमा र रातमा मर्नेलाई दिनमा) जलाउन पर्दा शुद्ध जलले र पञ्चगव्यले स्नान गराई पुत्रादि क्रियाकर्ताले तीन प्राजापत्य कृच्छ्र वा त्यसको अनुकल्प गरेर मात्र जलाउनु पर्छ ।[1]

रातमा क्षौर गर्न नहुने

रातमा पुत्रादि क्रियाकर्ताले र अरु कसैले पनि कपाल खौरन हुँदैन । यदि रातमा दाहसंस्कार गरिन्छ भने भोलिपल्ट मात्र क्रियाकर्ताले कपाल खौरेर क्रिया गर्न शुरु गर्नु पर्छ ।[2]

रातमा पिण्ड दिन नहुने

रातमा र खाना खाइसके पछि दिनमा नै पनि पिण्ड दिन हुँदैन भन्ने कुरा कृत्यसार समुच्चयमा लेखिएको छ ।[3] त्यही आधारमा हाम्रो लोक व्यवहारमा धेरैले दाहादिक्रिया गर्दैनन् तर केहीले भने रातमा र खाना खाए पछि दिनमै पनि दाहसंस्कार गर्ने र काँचो अन्नको चितापिण्ड भने दिने गरेको पाइन्छ । सकेसम्म त्यसो गर्नु राम्रो होइन तापनि आमान्नको चिता पिण्ड दिने कुरालाई सबै शास्त्र प्रयोजकले पूर्ण रुपमा निषेधै गरेको चाहिं पाइँदैन ।[4] सर्वथा निषेध नदेखिए तापनि रातमा र खाना खाए पछि चोखो भएर चोखो ठाउँमा गर्नु पर्ने प्रेतकर्म गर्न त्यति उत्तम भने हुँदैन ।[5] त्यसो हुँदा पुत्रादि क्रियाकर्ताले आफ्ना विरामीको अवस्था राम्रो याद गरेर मात्र खाना खान पर्ने हुन्छ । क्रिया गर्नु पर्ने व्यक्तिले खाना खाएको कारण मृतकको दाहादि क्रिया तत्काल गर्न नपाउने स्थिति आउन दिन हुँदैन । रातमा र दिनमै पनि खाना खाइसकेको व्यक्तिले दाहादि क्रिया गर्नु भन्दा लाश वासी राखी बासी राखे वापतको तीन प्राजापत्य कृच्छ्र वा त्यसको अनुकल्पमा गरिने तीन वटा धेनु (सवत्सागाई) वा त्यसको मूल्य दान गरी भोलिपल्ट दाहादि क्रिया गर्नु राम्रो हुने देखिन्छ ।

गङ्गामा अस्थि प्रक्षेपण

गङ्गामा अस्थि सेलाउन चाहनेले दाह गरिसके पछि दाहस्थलवाट अपसव्य भई पलाँशका काठले हाडका टुक्रा निकाल्नु पर्छ र गाईको दूधले पखाली पञ्चगव्य सेचन गरी क्षौम वस्त्रमा मह, घिउ, तिल र सुगन्धित द्रव्य समेत मिलार्य सो हाड पोको पारी माटाको चोखो पात्रमा राख्नु पर्छ र सो पात्र हातमा लिई दक्षिण मुख गरी "नमो ऽ स्तु धर्माय" यो मन्त्र जप्दै गङ्गाजलमा प्रवेश गर्नु पर्छ र "समे प्रीतो ऽ स्तु" यो मन्त्र उच्चारण गरी अस्थिपात्र जलमा सेलाइ दिनु पर्छ । जलबाट उत्रेर सूर्यको दर्शन गर्ने र ब्राह्मणलाई यथाशक्ति दान दक्षिण दिने पनि गर्नु पर्छ ।[6] यति गरेपछि मात्र दाहस्थल पखाल्नु पर्छ । गङ्गा टाढा भई त्यसै दिन अस्थि सेलाउन नसकिने भएमा शुद्ध ठाउँमा सुरक्षका साथ राख्नु पर्छ र दश दिन भित्र वा पछि अनुकूल मिलाई शौचपूर्वक गङ्गामा लगी सेलाउनु पर्छ । सेलाउन जाँदा बाटामा अशुचि स्पर्शको शङ्का भएमा दोषनाशक प्रायश्चित्त गरेर मात्र सेलाउनु पर्छ ।

हाम्रो नेपालमा प्रायः गङ्गा आदि नदीको किनारमा नै लाश जलाउने गरिन्छ । नदीको छेउमा जलाउनेहरुले जलेर बाँकी रहेका हाडका टुक्रा टाक्री अँगार खरानी सबै बटुली नदीमानै सेलाइ दिन्छन् । त्यसरी सेलाउनेहरुले यो अस्थि प्रक्षेपण विधि गरिरहनु पर्ने देखिँदैन । जो मान्छेहरु नदीको छेउमा लाश जलाउन र दाहशेष, हाड, खरानी आदि नदीमा सेलाउन पाउँदैनन् तिनीहरुले मात्र अस्थि लगेर गङ्गामा सेलाउनु पर्ने हुन्छ । सोभै समुद्रसँग सम्वन्ध नभएका नदीहरुमा र खोलानालामा जलाउनेहरुलार्य यदि आफ्ना मृतकको अस्थि प्रत्यक्ष समुद्रमा पुग्ने भागिरथी आदिमा सेलाउने इच्छा भएमा र सकेमा ती नदीमा लगेर सेलाउनु अति उत्तम मानिन्छ । गङ्गामा मर्नेले जुन फल प्राप्त गर्दछन् अस्थि मात्र गङ्गामा पर्नेले पति त्यही फल पाउँछन् । गुरु शुक्र अस्ताएको बखतमा र मलमासमा गङ्गामा अस्थि सेलाउन हुँदैन भनी गौतमले भनेका छन् ।[7] अतः त्यस्तो समयमा नसेलाउनु पर्ने हुन्छ ।

---

१. दिवा वा यदि वा रात्रौ शवस्तिष्ठति कर्हिचित् । तत्पर्युषितमित्याहुर्दहनेतस्य का गति : ॥
पञ्चगव्येन संस्नाप्य प्राजापत्यत्रयं चरेत् । ध.सि.पृ. ९२४ टि १

२. वपनं नेष्यते रात्रौ श्वस्तती वपनक्रिया । धर्मशास्त्रका इतिहास भा. ३ पृ. ११२९

३. पिण्डदानं न रात्रौ, नवा भोजनानन्तरं दिवसे ऽ पि । कृ.सा.स.पृ ९५

४. रात्रौ दग्ध्वा तु पिण्डान्तं कृत्वा वपनवर्जितम् । धर्मशा इ. भा. ३ पृ ११२९

५. यदि रात्रौ दहेत्तस्य समाप्तिर्दहनस्य तु । परे ऽ ह्न्युदिते सूर्ये कार्या तस्योदक क्रिया । नि सि प ७६०

६. (क) ततो यज्ञीयवृक्षोत्थां शाखामादाय वाग्यत : । अपसव्यं क्रमाद् वस्त्रं धृत्वा कश्चित् सगोत्रज : ॥
................गङ्गातोये विनिक्षिपेत् ॥ कृत्यक. तरु पृ. ११०

(ख) अ.क.दी.पृ. २९ टि २

७. (क) दशाहाभ्यन्तरे यस्य गङ्गातोये ऽ स्थि मज्जति । गङ्गायां मरणाद् यादृक् तादृक् फलमवाप्नुयात् ॥ अ.क.दी.पृ.२९ दि ?

(ख) अस्तंगते गुरौ शुक्रे तथा मासे मलिम्लुचे । गङ्गायां अस्थिनिक्षेपं न कुर्यादिति गौतम : ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपस्नान र उदकदान

मान्छेको मृत्यु भए पछि मृतकका पुत्र पत्नीले र अरु सपिण्डादि जूठो लाग्ने जतिले पनि अवश्य स्नान गर्नु पर्छ, जुन स्नानलाई "अपस्नान" भनिन्छ । यस्तो स्नान गर्नुलाई लोकमा खल्गो हाल्ने पनि भन्छन् । चितापिण्ड दिने काम सके पछि प्रेतका पुत्र पत्नी आदि खल्गो हाल्न पर्ने जति मान्छे जलको नजीक जानु पर्छ र खल्गो हाली उदकदान गर्नको निम्ति शाला जेठान आदि नातेदारसँग अनुमति माग्नुपर्छ र उनीहरुले पनि मृतक शय वर्ष नपुगेको भए "कुरुध्वं मा चैवं पुनः" भन्ने र शय वर्ष पुगेर मरेको भए "कुरुध्वम्" यतिमात्र भनी अनुमति दिनु पर्छ । अनुमति पाएका कर्ताहरुले अधोवस्त्र मात्र लगाई अपसव्य भई दक्षिण फर्की " अप नः शोशुचदधम्"[1] यो मन्त्र उच्चारण गरी वायाँ हातको साइँली औंलाले जल छुनुको साथै वायाँ पट्टिनै पन्छाई (वामावर्त गरी) डुब्नु पर्छ । अनि जलमानै उभिएर वस्त्र नफेरिकन खल्गो हाल्ने सबैले कुश, तिल, जललिई "अमुक गोत्र अमुक प्रेत चितादाहजनिततापतृषोपशमनाय एषः कुशतिलयुक्तो जलाञ्जलिर्मयादीयते तवोपतिष्ठताम्" भनी नदीको किनार भूमिमा एक अञ्जलि उदकदान दिनु पर्छ ।[2] जूठो नलाग्ने लाश छोई मलाम जाने जति अरुले पनि सचैलस्नान गर्नु पर्छ जलाञ्जलि भने दिए पनि हुन्छ नदिए पनि उनीहरुलाई दोष लाग्दैन । मलाम नगएका मृतकको घरमै बसेका पतनी पुत्रादि प्रेतका परिवारले र जूठो बार्नु पर्ने अरु सपिण्डादिले पनि यसै गरी खल्गो हाल्ने र अञ्जलि दिने गर्नु पर्छ ।

शोकापनोदान

उदकदान गरिसके पछि कर्ताले चोखो नयाँ सेतो नसिलाएको एकसरो वस्त्र लगाई शिरमा भुप्पो हाली भारी समाई मलामी सहित शुद्ध हरियो चउरमा गई वस्नु पर्छ । चउरमा बसेका शोकाकूल प्रेतपुत्रादिलाई वूढापाका गुरुपुरोहित विद्वान मित्रादिले पुराना इतिहास कथा पुराणका कुरा सुनाई मनुष्य चोला पानीको फोका जस्तै अस्थित र निःसार पनि छ भन्ने कुरा राम्रोसँग बुझाई शोक निवृत्त गराउनु पर्छ । साथै शोक गर्दा निस्केका आँसू, राल, सिंगान प्रेतले वाध्य भई खानु पर्ने हुन्छ त्यसैले शोक गर्न हुँदैन भन्ने कुरा पनि संझाई यथाशक्ति क्रियाकाष्ठा गर्ने तिर प्रवृत्त गराउनु अनिवार्य हुन्छ ।[3]

ग्रामप्रवेश (धूप काँडो)

चउरवाट उठेर श्मशानतर्फ नहेरी स्त्री, बालक र क्रियापुत्रीलाई अघि लगाई मलामीहरु घरतिर जानु पर्छ । दिनमा दाह गरेको भए तारा उदाए पछि र रातमा दाह गरेको भए सूर्य उदाए पछि मात्र मलामीहरुले गाउँमा पस्नु पर्छ । आवश्यक परे ब्राह्मणको आज्ञा लिई अगाडिनै पनि पस्न सकिन्छ । पस्नु भन्दा पहिला बीच बाटोमा वा गाउँ शुरु हुने ठाउँमा सकभर पानीको नजीक पारी पाएसम्म निमको पात चपाई आचमन गर्ने नपाए आचमन गरी पानी, धूप हालेको आगो, गोबर, सर्किउँ र तेल छोई बाटोमा कुनै पनि काँढाको हरियो हाँगो राखी त्यसलाई थिचेर राखिएको ढुङ्गामा टेकी गाउँमा पस्नु पर्छ ।[4] यसो गर्नुलाई हाम्रो नेपालका धेरै जिल्लामा धूपकाँडो गर्ने भन्छन् । यो काम क्रिया गर्ने व्यक्तिले गर्न पर्दैन । उसले क्रिया अवधिभर कसैलाई नछोई अलग्गै बस्नु पर्ने हुन्छ । लाश छुने मलामीले र मृतकका नजीकका घरमै बसेका भए पनि खल्गो हाल्न पपर्ने जति सबैले यो धूपकाँडो गर्नु पर्छ । यो नगरेसम्म आशौचीले अरु कसैलाई र कुनै चीजलाई पनि छुन हुँदैन भन्ने धारणा लोकको रहेको पाइन्छ । शास्त्रको पनि आशय यस्तै नै हो ।

क्षेत्रोपवास

क्रियापुत्रीले क्रिया गर्न शुरु गर्नु भन्दा एक दिन अगाडि बसिने उपवासलाई "क्षेत्रोपवास" भन्ने गरिन्छ । उपवास भनेको केही नखाई विहान बेलुका दुवै छाक भोकै वस्नु हो । यसरी बस्नुलाई कतै कतै "क्षेत्रवास" भन्ने गरेको पनि पाइन्छ । दिनमा आफ्ना पित्रादिको मृत्यु भएको छ र क्रियाकर्ता पुत्रादिले बिहान खाएको छैन भने त्यसै दिन उपवास हुन्छ । भोलिपल्टदेखि क्रिया शुरु गर्न पाइन्छ । रातमा मृत्यु भएको छ भने भोलिपल्टको दिन उपवास वसी पर्सिपल्टदेखि मात्र क्रिया गर्न शुरु गर्नु पर्छ ।[5] उपवास बसेको दिन बेलुका कसैकसैले काँचो मालबु केरा शुद्ध घिउमा तारेर खान्छन् भने कसैले केही पनि खाँदैनन् । केही नखानु उत्तम हो तर नखाँदा स्वास्थ्य खराव हुन्छ भने स्वास्थ्य रक्षाको निम्ति तारेको केरा, मिश्री पानी जस्ता चीज खानै पर्ने हुन्छ र चलन पनि यस्तै छ । शास्त्र प्रवर्तकहरुले पनि "आत्मानं सर्वतो गोपायेत्" भनी स्वास्थ्य रक्षा गर्नुलाई नै पहिलो प्राथमिकता दिएका छन् ।

---

१. (क) शु.य.सं. ३५।६ (ख) या.स्मृ. ३।३ (ग) वै.ध.मू.पृ.१९९

२. संयुक्तं मैथुनं वोदकं याचेरन्नुदकं करिष्यामह इति ।....................।
प्रेतायोदकं सकृत्प्रसिञ्चन्त्यञ्जलिना ऽ सावेतत्त उदकमिति ॥ पा.गृ.सू. ३।१०।१३-२१

३. (क) या.स्मृ. ३।७-११ (ख) पा.गृ.सू. ३।१०।२२ (ग) वै.ध.मू.पृ. १९९

४. (क) पा.गृ.सू. ३।१०, २३-२४ (ख) अ.क.दी.पृ.३१ (ग) वैदिक धर्म मूलरुपमा पृ. २००

५. उपवासो गुरौ प्रेते पत्न्या : पुत्रस्य वा भवेत् । अ.क.दी.पृ ३१ टि. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोराबार्ने

क्रियापुत्री क्रिया अवधिभर बस्ने सुत्ने ठाउँ बनाउनुलाई "कोरा बार्ने" भन्छन् । कोरा बार्दा लिपपोत गरिएको चोखो सुरषित छुट्टा भईँमा कुकुर बिराला आदि कुनै पनि जीवजन्तु पस्न र उनीहरुले छुन नसक्ने गरी सुकेका चोखा काठपात स्याउला झारपात पराल गुन्द्री मान्द्रा भकारी आदिले बलियो पारी बार्नु पर्छ । झ्याल ढोका बन्द गर्न मिल्ने उपयुक्त कोठा छ भने त्यसैलाई प्रयोगमा ल्याए पनि हुन्छ । यसरी कोरा तयार भईसके पछि काँचो धागोले पूरै कोरा बेर्ने चलन पनि छ । यो कोरा ब्रार्ने काम क्रियापुत्री बाहेकका अरु मान्छेले गरिदिनु पर्ने हुन्छ । क्षेत्रोपवास बसेको दिनदेखि सुकेको चोखा घाँस पराल वा राडी ओच्छ्याई क्रियापुत्री त्यसै भित्र बस्ने सुत्ने गर्नुपर्छ । शिरानपट्टि माटोको चोखा भाँडोमा सप्तधान्य स्थापन गरी त्यस माथि आकाशमा दुई माटाका भुँड्का काँचो धागोमा झुण्ड्याउन पर्छ र आशौचका प्रत्येक दिन सायंकालमा एउटामा पानी र अर्कोमा दूध, पानीले स्नान गर दुध पान गर भनी हाल्नुपर्छ । महर्षि याज्ञवल्क्य र पारस्करले पनि दूध र पानी दिने काम एक दिन मात्र गर्दा पनि हुने जस्तो देखाएका छन् तापनि हाम्रो व्यवहारमा भने आशौच भरनै दिने गरिन्छ र दिनु नै राम्रो हो । त्यसै दिनदेखि शिरानपट्टि नै धान माथि तिलको तेलमा दश दिनसम्म प्रेतहितको निम्ति दक्षिण फर्काई अखण्ड दीपदान पनि गर्नु पर्छ ।[1]

छाकछोड्ने

दिनमा मृत्यु भएको छ भने त्यसै दिन बेलुकाको र रातमा वा बिहान मृत्यु भएको भए बिहानको छाक मृतकका घरमा बाल वृद्ध र बिरामी बाहेक अरुले छोड्नु पर्छ । जूठो बार्नु पर्ने सपिण्डादि जोसुकैले पनि जूठो सुन्ने वित्तिकै सचैल स्नान गर्ने (खल्लो हाल्ने) र जूठो सुने पछि आउने छाक छोड्ने गर्नु पर्छ ।

कर्म नचलेकाको क्रिया

व्रतबन्ध नगरिएको केटो र विवाह नगरिएकी केटीलाई कर्म नचलेको भनिन्छ । ब्राह्मण, क्षत्रिय र वैश्य तीनै वर्णका दुई वर्ष पुगेका सोह्र वर्ष ननाघेसम्मका व्रतबन्ध नभएका केटा र दुई वर्ष नाघेका विवाह नभएसम्मका केटी मरेमा मर्नुभन्दा अगाडि गरिने दशदानादि दानप्रदान र मृत्यु पछि गरिने दाहसंस्कार चितापिण्ड, उदकदान, अवयवपिण्डदानादि सपिण्डी बाहेकका सबै क्रिया कर्म चलेकाको जस्तै गर्नु पर्छ । यस्ताको आशौच तीन दिन लाग्ने भएको हुँदा हस्तपादादि सबै अवयव पूर्ण शरीर प्राप्तिको निम्ति, रौरवजातिपुष्करादि अतिशय दुःखप्रद एवं डरलाग्दा नरक तर्ने क्षमता प्राप्तिको लागि र पूर्णता तृप्तता आदि प्राप्तिको लागि पनि कर्म चलेकाको निम्ति दश दिनसम्म दिनु पर्ने दशपिण्ड तीन दिनमानै दिइ सक्नु पर्छ । तीन दिन दिंदा पहिलो दिन तीन, दोश्रो दिन चार र तेश्रो दिन तीनवटा पिण्ड दिनु पर्ने हुन्छ । त्यस्तै दश दिनसम्म दिनु पर्ने पचपन्न अञ्जलि उदकदान र त्यत्तिनै तिलतोयपात्र दान पनि पहिलो दिन छ, दोश्रो दिन बाइस र तेश्रो दिन सत्ताईस गरी तीन दिनमानै दिइसक्नु पर्छ । अस्थिसञ्चयन दोश्रो दिनमा र लुगाधुने लिपपोत गरी घर चोख्याउने आदि काम तेश्रो दिनमा गर्नु पर्छ ।[2] यसरी दश दिनसमम गर्नु पर्ने सबै काम तीन दिनमा नै सकी अरु दानप्रदान चारौं दिनमा र शुद्धशान्ति पाँचौ दिनमा गर्नु पर्ने हुन्छ । अथवा सबै काम चारौं दिनमै सक्दा पनि हुन्छ । पिण्डदानादि सबै क्रिया शूद्रको जस्तै अमन्त्र पूर्वक गर्नु पर्छ । कुश र पिण्डवेदी (ढिकुरो) को आवश्यकता पर्दैन ।[3]

श्राद्धविमर्शमा गरुडपुराणको वचन उद्धृत गरी व्रतबन्ध गर्ने अवस्था भएको (पाँच वर्षको) तर हुन नसकेको बालक मरेमा मात्र सपिण्डी बाहेकका सबै क्रिया गर्नु पर्छ, पाँच वर्ष भन्दा कम उमेरको बालक मरेमा पर्दैन भन्ने कुरा उमाशङ्करले गरेका छन् ।[4] श्राद्ध विवेकमा रुद्रधरले चाहिं दुई वर्ष नाघेको छ वर्षसम्मको बालक मरेमा मलिनक्रिया (दश दिनसम्मको क्रिया) मात्र र छ वर्ष नाघेको भए एकादशाह (मध्यम क्रिया) पनि गर्नु पर्ने कुरा देखाएका छन् ।[5]

---

१. (क) क्रीतलब्धाशना भूमौ स्वपेयुस्ते पृथक् क्षितौ । या. ३।१६
(ख) मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्यु: । प्रेतात्र स्नाहीति । पा.गृ.सू. ३।१०।२८
(ग) जलमेकाहमाकाशे स्थाप्यं क्षीरं च मृन्मये । या. ३।१७
(घ) तत्रप्रेतोपकृतये दशरात्रमखण्डितम् । कुर्यात्प्रदीपं तैलेन वारिपात्रं च मार्तिकम् । अ.क.दी.पृ. ३२ टि.१
धान्योपरि दक्षिणाभिमुखं स्थापयेत् ।

२. प्रथमदिने त्रीन् पिण्डान्, षडञ्जलीन्, षट्पात्राणि च दद्यात् । द्वितीयदिने चतुर: पिण्डान्, द्वाविंशत्यञ्जलीन्, द्वाविंशति पात्राणि । तृतीयदिने पुनस्त्रीन् पिण्डान्, सप्तविंशत्यञ्जलीन्, सप्तविंशति पात्राणि च दद्यात् । "प्रथमे दिवसे देयास्त्रय: पिण्डा: समाहितै: । द्वितीये चतुरोदद्यादस्थिसञ्चयन तथा । त्रींस्तु दद्यात्तृतीये ऽह्नि वस्त्रादि क्षालयेत्तत्र: ॥" पा.गृ.सू. ३।१० (हरिहर भाष्यम्)

३. (क) असंस्कृताना भूमौ पिण्ड दद्यात् सस्कृतान कुशेषु ।
(ख) प्रेतपिण्डं वहिर्दद्याद् दर्भमन्त्रविवर्जितम् । नि.सि.पृ. ६८९
(ग) ये मृता वाप्यसंस्कारा स्तेभ्यो भूमौ प्रदीयते । स.र.भा. १ पृ. ५०३
(घ) अव्रते निधनं प्राप्ते विप्रादौ शूद्रजातिवत् । क्रिया: सर्वा: समुद्दिष्टा सपिण्डीकरण विना ॥ नि.सि.पृ. ६९१

४. जन्मत: पञ्चवर्षाणि भुङ्ते दत्तमसंस्कृतम् । भोजनं ब्राह्मणनां च स्वशक्त्या च खगेश्वर ॥ श्राद्ध विमर्श: पृ. ७०

५. असमाप्तषड्वर्षस्य मृतस्य पूर्वाक्रियामात्रम् । असमाप्तद्विवर्षस्य पूर्वक्रिया ऽपि नास्ति । श्राद्ध विवेक: पृ. ४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर दाहसंस्कार गरेपछि मलिन र मध्यम दुवै क्रिया गर्नु पर्ने धेरै शास्त्रकारको आशय रहेकोले दुई वर्ष पुगेको बालक मरेमा दाह गर्नै पर्छ, सो गरे पछि अवयव पिण्डदान (दशपिण्डदान) र शय्यादानादि अरु दानप्रदान पनि गर्नै पर्ने हुन्छ। असंस्कृतको मृत्युमा गर्नु पर्ने क्रियाकाष्ठादिको केही प्रकाश बालाशौच प्रकरणमा पनि पारिएको छ।

कर्मनचलेकाको क्रियाकर्ता

कर्म नचलेका केटा वा केटी मरेमा दाहसंस्कार उदकदान पिण्डदानादि सबै क्रिया गर्ने मुख्य कर्ता बाबु नै हुन्छ। बाबु नभएमा वा बाबुले गर्न नमिलेमा गर्न मिल्ने अरु कुनै नजीकको सपिण्ड दाजुभाईले गर्नु पर्ने हुन्छ।* क्रिया कर्ताले कपाल खौरेर शुद्ध भई एक छाक नून विनाको हविष्य खाई सेतो चोखो वस्त्र (साधा धोती) लगाई क्रिया गर्नु पर्छ।

दश दिनसम्मको क्रियास्थल

दश दिनसम्मको क्रियास्थल मिलेसम्म शुद्ध जल भएको कूवा धारा तलाउ खोला वा नदीको नजकि वृक्ष बगैंचा तीर्थ वा देवालयको छेउ खनजोत र खेती पाती नगर्ने हाडकेश आदि अपवित्र वस्तु नभएको फराकिलो सुरषित एवं शुद्ध भूमि हुनु पर्छ। आँप पिपल डुम्री आदि यज्ञीय वृक्षको फेदको भूमि अझै उत्तम मानिन्छ।

वेदी निर्माण

उक्त अनुसार सबै कुरा मिलेको उत्तम ठाउँमा "पिण्डवेदी" बनाउनु पर्छ। यो वेदीको अर्को नाम स्थपिण्डल हो। यसलाई लोकमा "ढिकुरो" पनि भन्छन्। माटोको थुप्रो लगाई बनाइने भएको हुँदा ढिकुरो भन्नु स्वभाविक पनि हो। यो बनाउँदा केही सेतो वा यथोपलब्ध माटो थुपारी भित्र पट्टि तामाको पैसा कुशको पवित्र र सुवर्ण प्रतिमा समेत राखी मुडिहात जति उचाई दुई हातजति गोलाई भएको दक्षिण पट्टिको भाग केही धारिलो वा पूरै गोलाकार पारी बनाउँछन्। ढिकुरो बनाउँदा यस्तै यत्रै बनाउनु पर्छ भन्ने शास्त्रीय प्रमाण यो लेखकले पाउन सकेको छैन। यस्तो खास प्रमाण नपाईएकोमा विवाहमा र मरण कृत्यमा पनि गाउँनै प्रमाण मात्र पर्छ भन्ने पारस्कर गृह्यसूत्रमा स्पष्ट उल्लेख छ।[१] त्यसो हुादा आ-आफ्नो गाउँ ठाउँमा जे जस्तो र जत्रो बनाउने चलन छ त्यस्तै र त्यत्रै बनाउनु पर्छ। जस्तो र जत्रो बनाए पनि ढिकुरोको माथिल्लो भाग पिण्ड राम्रोसँग अडिने दक्षिणतिर केही भिरालो परेको हुनु पर्छ भने तल्लो भाग त्रिकाठी खोचा आदि राख्न मिल्ने खालको हुनुपर्छ। यही ढिकुरोमा दश दिनसम्म प्रेतको निम्ति पिण्ड दिनु पर्ने हुन्छ।

दश दिनसम्मको स्नान

क्रियापुत्री प्रत्येक दिन झारी (गौडो) हातमा लिई कसैलाई र केही चीजलाई पनि नछोई पाएसम्म पूर्व उत्तर वा दक्षिणतिरको कूपादि जलाशयमा प्रातर्मध्याह्नको बीचपारी स्नान गर्न जानुपर्छ।[२] दन्तधावन गरिसके पछि अपसव्य भई वायाँ हातको साँहिली औंलाले "अपनः शोशुचदधम्" यो मन्त्र भनी जल छुनु पर्छ र झारीमा जल झिमी दक्षिण मुखगरी हातमा कुशतिल जल लिई "अद्यामुकगोत्रस्यामुक प्रेतस्य (गोत्रायाः प्रेताया :) करिष्यमाण प्रथमदिन कृत्यर्थं सचैल स्नानमहं करिष्ये" भनी संकल्प गर्ने र हातमा लिएको कुशतिल जल शीरमा राख्ने त्यस पछि शिखा फुकाई झुप्पो नफिकी झारीले शिरमा पानी खन्याई स्नान गर्ने। यसै गरी दश दिनसम्म स्नान गर्नु पर्छ।

अञ्जलिदान

स्नान गरी सके पछि स्नान वस्त्र नफेर्दै अपसव्यलेनै संकल्प उच्चारण गरी तिलतोयाञ्जलि दिनु पर्छ। सो अञ्जलि स्थापित ढुङ्गामा दिनु पर्ने शास्त्रीय विधान रहेको छ। अञ्जलि दिंदा प्रत्येक दिन एक एक अञ्जलि बढाई दिनु पर्छ।[३] पहिलो दिन एक अञ्जलि दिइन्छ भने दोश्रो दिन दुई र तेश्रो दिन तीन। यही क्रमले दश दिनसम्म दिंदा पचपन्न अञ्जलि हुन्छ। यसरी दिइने अञ्जलिलाई वर्धमान अञ्जलि भनिन्छ। कर्मकाण्ड प्रदीपमा प्रत्येक दिन एक एक अञ्जलि दिन जम्मा दश अञ्जलि मात्र दिने, एक एक अञ्जलि बढाई पचपन्न अञ्जलि दिने वा आशौच अवधिभर जम्मा शय अञ्जलि दिने, यी तीन पक्षको उल्लेख छ।[४] यिनमा एक पक्ष लिनु पर्ने हुन्छ। हाम्रो लोक व्यवहारमा प्रत्येक दिन एक एक अञ्जलि बढाई जम्मा पचपन्न अञ्जलि दिने पक्षनै बढी प्रचलित देखिन्छ।

---

* श्राद्ध विवेक पृ. ४९

१. ग्रामवचनं च कुर्यु :, विवाहश्मशानयोर्ग्रामं प्रविशतादिति वचनात्, तस्मात्तयोर्ग्राम प्रमाणमिति श्रुते :। पा.गृ.सू. १।८।११-१३

२. कूपे तडागे वा ऽ रामे तीर्थे देवालये ऽ पि वा। गत्वा मध्यमयामे तु स्नानं कुर्यादमन्त्रकम्॥ ग.पु.११।२५

३. सचैलस्तु तत : स्नात्वा शुचि : प्रयतमानस :। पाषाणं तत आदाय प्रेते दद्याद्दशाञ्जलीन्॥
दिनेदिने ऽ ञ्जलीन् पूर्णान् प्रदद्यात्प्रेत कारणात्। तावद् वृद्धिश्च कर्तव्या यावत्पिण्ड : समाप्यते॥ मिता. (या. ३।३)

४. क.का.प्र.पृ. ४१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिण्डदान

अञ्जलिदान दिइसके पछि सव्य भई आचमन गर्ने र स्नान वस्त्र उतारी शुद्ध साधा सेतो वस्त्र फेरी शिरमा भुप्पो राखी पिण्ड दिने ठाउँमा जाने र गोबरले पिण्डवेदी लिपपोत गरी ईशान कोणमा बनाइएको चुलोमा माटोको नयाँ शुद्ध भाँडोमा वा पित्तल आदिको अरु कुनै पवित्र पात्रमा एकपसर राम्रो चामल दुई वा तीन पटक पखाली पाएसम्म गाईको दुधमा पकाउने र घ्यू, मह मिलाई पिण्ड बाट्ने र पद्धति अनुसार पिण्ड दिने गर्नुपर्छ । यही क्रमले दश दिनसम्म प्रत्येक दिन एक एक वटाका हिसाबले दश पिण्ड दिनुपर्छ । यी पिण्ड मरण दिन देखिनै दिनु पर्ने हो तर दाहादि गर्नुपर्ने हुँदा मरेको दिनबाट नै क्रिया शुरु गर्न नमिल्न पनि सक्छ, त्यसो हुँदा दोश्रो तेश्रो दिनबाट पनि शुरु गर्नु पर्ने हुन्छ । दश दिन भित्र जुन दिनदेखि शुरु गरिन्छ त्यस दिन भन्दा अगाडि कति वटा पिण्ड छुटेका छन् ती क्रमशः दिएर मात्र शुरु गरेको दिनको पिण्ड दिनु पर्ने हुन्छ ।[१] पहिलो दिनको पिण्ड जसले पायस, जौको पिठो आदि जुन पदार्थको दिएको छ त्यसैले त्यही पदार्थको दश दिनसम्मको पिण्ड दिनुपर्छ ।[२] दश दिनसम्मको क्रियाकर्ता र पिण्ड पदार्थ कदापि फेर्न पाइँदैन । सामान्य परिस्थितिमा मात्र यो नियम लाग्छ । विशेष परिस्थिति पर्न गएमा भने पिण्ड पदार्थ बाहेक कर्ता चाहिं फेरिन पनि सक्छ ।

पुत्रादिद्वारा दश दिनसम्म दिइएका दश पिण्डले प्रेतको सर्वाङ्ग पूर्ण शरीर बन्नुको साथै उसमा भोक प्यास पनि पैदा हुन्छ, त्यस्तै रौरव, जातिपुष्कर, हाहाकार, तामिश्र, अन्धतामिश्रादि अति दुःखदायी र अत्यन्त डरलाग्दा नरकहरु पनि सजिलै सँग तर्न सक्ने क्षमता प्राप्ति हुन्छ र तर्दछ पनि ।[३]

तिलतोयपात्रदान

तिलतोयपात्र प्रत्येक दिन बढाउँदै लैजानु पर्छ । पहिलो दिन एउटा गरिन्छ भने दोश्रो दिन दुई र तेश्रो दिन तीन वटा । यही क्रमले दश दिनसम्मका तिलतोयपात्र पचपन्न हुन्छन् । यी पात्रको काम हाम्रो नेपालमा धेरै ठाउँमा सालको पातका एकसरा खोचाबाट लिने गरिन्छ । खोचामा तिल कुश पानी हाली संकल्प गरी पिण्डमा चढाउने चलन छ ।

नीरक्षीरदान

पिण्डवेदीको नजीकै उभ्याइएको दुई त्रीकाठीमाथि खोचा राखी एउटामा पानी र अर्कोमा दूध हाली संकल्प गरी मन्त्र पूर्वक पिण्डमा चढाउनुको साथै क्रियास्थल नजीकै पिपल, डुम्री आदिको हाँगोमा पिंधमा छिद्र पारी भुड्याइएको माटाको भुँड्कामा पनि सो पानी र दूध हाल्नु पर्छ ।[४] प्रेतको स्नानको निम्ति पानी र पानको निम्ति दूध दिइएको हो । पानी र दूध दानबाट प्रेतको पाप नाश हुनुको साथै यम मागृको थकाइ पनि नाश हुन्छ भन्ने शास्त्रकारहरुको धारणा रहेको छ । यो काम पनि दशै दिनसम्म गर्नुपर्छ ।

दन्तधावन काष्ठदान

आशौचका प्रत्येक दिन तितेपाती आदिका एक एक काठ प्रेतको दन्तधावनको निम्ति संकल्पपूर्वक दिनुपर्छ । यो काष्ठ दान र रुखको हाँगोमा भुण्डयाइएको छिद्रघटमा दिइने नीर क्षीर दान चाहिं क्रियापुत्रीले स्नान गरिसके पछि पिण्डदान नगर्दै दिनु राम्रो हुन्छ ।

काकबलि र भोजन

पिण्डदानादि सबै काम सके पछि पिण्ड उठाई पिण्डवेदी पोत्नु पर्छ र पिण्ड सेलाई स्नान गर्नुपर्छ । त्यसपछि मिलेसम्म क्रियास्थलमा नै माटो पित्तल आदिको चोखो भाँडोमा भोजन तयार गरी भोजन गर्ने साल आदिको शुद्ध पातको एकसरो पतरी (लपेश) आदिमा पस्कनु पर्छ र अपसव्य भई आफूले खाइने ओदनादि वस्तुको केही अंश हातमा लिई मन्त्र

---

१. आशौचस्य च ह्रासे ऽ पि पिण्डान्दद्याद्दशैव तु । अ.क.दी.पृ. ३७

२. शालिना सक्तुभिर्वा ऽ पि शाकै र्वा ऽ प्यथ निर्वपेत् । प्रथमे ऽ हनि यद्द्रव्यं तदेवस्याद्दशाह्निकम् ॥
असगोत्र : सगोत्रो वा यदिस्त्री यदि वा पुमान् । प्रथमे ऽ हनि यो दद्यात् स दाशाहं समापयेत् ॥
ततश्चोत्तरपूर्वस्यामग्निं प्रज्वालयेद्दिशि । तण्डुलप्रसृतिं तत्र त्रि : प्रक्षाल्य पचेत्स्वयम् । मिता ।या. ३।१६।

३. शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा । द्वितियेनं तु कर्णाक्षि नासिकाश्च समासत : ॥
गलास्य भुजवक्षांसि तृतीयेन यथाक्रमम् । चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदानि च ॥
जानू जङ्घे च पादोरु पञ्चमे न तु सर्वदा । सर्वमर्माणि षष्ठेन सप्तमेन तु नाडय : ॥
नखलोमान्यष्टमेन वीर्यन्तु नवमेन च । दशमेन तु पूर्णत्व तृप्तता क्षुद्विपर्यय : । अ.क.दी.पृ. ३७

४. श्मशानानल दग्धो ऽ सि परित्यक्तो ऽ सि बान्धवै : । इदं नीरं इदं क्षीरंमंत्र स्नाहि इदं पिव ॥ अन्त्यपद्धति पृ २६
आकाशे तु निरालम्बो वायुभूत निराश्रय । प्रेतघटो मयादत्त स्तवैष उपतिष्ठताम् ॥ अ.क.दी.पृ. ३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पढ्दै चोखो पातमा कागलार्य बलि दिनु पर्छ ।[1] त्यसपछि सव्य भई घ्यू, सखर अदुवा आदिले युक्त नून विनाको पवित्र भोजन मध्य दिनतिर एकछाक मात्र गर्नुपर्छ । सकेसम्म नौ दिनसम्मकै भोजन स्थल एउटै हुनु राम्रो मानिन्छ ।

सायङ्काल कृत्य

आशौचका सबै दिन सायङ्कालमा क्रियापुत्री बसेको घरको बलेसीमा गोबरले पोती तीनवटा तितेपातीका त्रिकाठी उभ्याउनु पर्छ, त्यसमाथि पातका खोचा राखी पहिलोमा प्रज्वलित दीप दोश्रोमा पानी र तेश्रोमा पुष्प राखी संकल्प गरी प्रेतलाई प्रदान गर्नुपर्छ । उज्यालोको निम्ति दीप पिउनको लागि पानी र लगाउनको निम्ति पुष्प प्रदान गरिएको हो ।

मलिनषोडशी श्राद्ध

मृत्युस्थानदेखि चितास्थलसम्म गरिने छ वटा श्राद्ध र स्थण्डिलमा दशगात्रको निम्ति गरिने दशवटा श्राद्ध समेत गरी सोह्रवटा श्राद्धलाई " मलिनषोडशी श्राद्ध" भनिन्छ ।[2]

अस्थिसञ्चयन श्राद्ध

आशौचका दिनलाई तीन भाग लगाई प्रथम भाग सकिए पछि अर्थात् ब्राह्मणको चारौं, क्षत्रियको पाँचौं, वैश्यको छैटौं र शूद्रको एघारौं दिनमा यो श्राद्ध गर्नुपर्छ । ब्राह्मणादि चार वर्णको क्रमशः १०, १२, १५ र ३० दिन आशौच मानेको खण्डमा उक्त दिनमा अस्थिसञ्चयनः गर्नु पर्ने हुन्छ । तर कलियुगमा ब्राह्मणादि सबै वर्णको आशौच दश दिन मात्र हुन्छ ।[3] माथि देखाइएका पक्ष युगान्तरका लागि हुन् भनिएको हुँदा यो श्राद्ध पनि ब्राह्मणादि सबै वर्णले चारौं दिनमा नै गर्नु पर्ने हुन्छ ।

स्थण्डिलमा चारौं दिनको पिण्ड दिइ सकेपछि स्नान गरी स्थण्डिलकै नजीक भईँमा लिपी पाएसम्म सेतो माटो (गौरमृत्तिका) ले वेदी वनाई पद्धति अनुसार गर्नुपर्छ ।

पाथेयश्राद्ध

मृतक मनुष्यलोकबाट प्रेतलोकमा जाँदा बाटोमा भोक प्यासबाट उसले व्याकुल हुन नपरोस् भन्ने उद्धेश्यले यो श्राद्ध गरिन्छ ।[4] यो श्राद्ध अन्त्यकर्मदीपकमा नित्यानन्दले दशौं दिनमा गर्ने कुरा लेखेका छन् । सत्कर्मरत्नावलीमा पहिलो दिनमा नै गर्ने भनिएको छ । हाम्रो व्यवहारमा प्रायः पाँचौ वा सातौं दिनमा गर्छन् कसैले नवौं दिनसम्म पनि गर्ने गरेको पाइन्छ । मर्त्यलोकवाट प्रेतलोकमा जाँदा बाटोमा सामलको निम्ति यो श्राद्ध गरिने भएकोले सकभर चाँडो तेश्रो दिनसम्ममा गरिसक्नु राम्रो हुने देखिन्छ ।

जुन दिन गर्ने हो त्यस दिनको ढिकुराको काम सकी पुनः स्नान गरी स्थण्डिलकै नजीक गोवरले लिपी वेदी वनाइ त्यसै ठाउँमा एकोद्दिष्ट विधिले गर्नुपर्छ ।

क्रियापुत्रीले पालन गर्नुपर्ने नियम

क्रियापुत्रीले मनुष्य पशुपक्षि आदि जविजन्तु केहीले पनि नछुने गरी शुद्ध अलग भईँमा सुकेको पराल घाँसपात राडी काम्लो आदि ओच्छयाई बस्ने सुत्ने गर्नुपर्छ । मलमूत्र त्याग बारबेर गरी ढाकिएको छुट्टै ठाउँमा गर्नुपर्छ । प्रातर्मध्याह्नको बीचमा दन्तधावन, स्नान, स्थापित ढुङ्गोमा अञ्जलिदान, मानसिक सन्ध्या र पिण्डदान गरिसके पछि वेदी प्रक्षालन गरी पिण्ड सेलाउनु पर्छ र पुनः स्नान गरी नमागिकन पाइएको वा किनेको हविष्यान्न पकाई नून विनाको सात्विक आहार गर्नुपर्छ ।[5] नौ दिनसम्म वस्त्र भोजनस्थल भोजन पात्र र शयनस्थान पनि फेर्न हुँदैन । नसिलाएको साधा सेतो वस्त्र धारण गर्नुपर्छ । यी नियम पालनको साथै मृतकको गति यममार्ग यमलोक नरकस्वरुप मलिन मध्यम र उत्तम क्रिया प्रेतपुत्रादिको कर्तव्य आदि सम्पूर्ण कुराको ज्ञानको लागि "दशगात्र" क्रिया शुरु गरेपछि दश दिनको पिण्ड नदिएसम्म गरुडपुराण (प्रेतकल्प) सुन्नु पनि राम्रो हुन्छ ।

---

१. काको ऽ सि यमदूतो ऽ सि गृहाण बलिमुत्तमम् । यमद्वारे महाघोरे त्वमाप्यायितुमर्हसि ॥
यमाय धर्मराजाय मृत्यवे चान्तकाय च । दक्षिणां दिशमाश्रित्य प्रेतान्नं बलिमाहरेत् ॥ स.र.व.भा. १ पृ.५०३

२. स्थाने द्वारे ऽ र्धमार्गे च चितायां शवहस्तके । अस्थिसञ्चयने षष्ठो दशपिण्डा दशाह्निका ॥
मलिनं षोडशं चैतत्प्रथमं परिकीर्तितम् । ग.पु. १२।५८-५९

३. सर्वेषमेव वर्णानां सूतके मृतके तथा । दशाहाच्छुद्धिरेतेषामिति शातातपो ऽ ब्रवीत् ॥ मिता. (या ३।२२)

४. भूर्लोकात् प्रेतलोकं तु गन्तुं श्राद्धं समाचरेत् । तत्पाथेयं तु भवति मृतस्य मनुजस्य च ॥ अ.क.दी.पृ. ३९ टि ३

५. (क) क्रीतलब्धाशना भूमौ स्वपेयुस्ते पृथक् क्षितौ । या. ३।१६
(ख) अक्षारलवणान्ना : स्युर्निमज्जेयुश्च ते त्र्यहम् । मांसाशनं च नाश्नीयु : शयीरंश्च पृथक् क्षितौ ॥ मनु : ५।७३
(ग) अध : शय्यासनिनो ब्रह्मचारिण : शवकर्मिण : । गौ. १४।३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानाचामल

महर्षि याज्ञवल्क्य र वशिष्ठले पनि क्रियापुत्रीले दश दिनसम्म किनेर पाइएको वा नमागिकन पाइएको हविष्यान्न मात्र खानुपर्छ आफ्नु घरको झिकेर खान हुँदैन स्पष्ट भनेका छन् ।[1] यही आधारमा हुनसक्छ क्रियास्थलमा क्रियापुत्रीको भोजनको निम्ति गाउँघर इष्टमित्रले चामल घ्यू सखर अदुवा आदि पवित्र खाद्य वस्तु लगिदिने गरेको पनि पाइन्छ । यो चलन हाम्रो नेपालको धेरै ठाउँमा छ । लगिएका वस्तुलाई कतै "माना चामल" कतै "घोत" र कतै "विचार" भन्ने गरिएको छ भने अन्यत्र कतै अरु नै कुनै नाम दिइएको पनि हुनसक्छ । जहाँ जे भनिए तापनि क्रियापुत्रीले दश दिनसम्म आफ्नो घरमा सञ्चित अन्न झिकेर खान नहुने शास्त्रीय व्यवस्था रहेको हुँदा बन्धु वान्धव नातागोता आदिले घ्यू चामल आदि खाद्य पदार्थ लगि दिनु नै पर्ने हुन्छ ।

दश दिनभित्र औंशी परेमा

औरस छोराले आफ्ना वावुआमाको क्रिया गर्दा दश दिनको बीचमा औंशी पर्न गएता पनि त्यसको वास्तै नगरी सरासर गर्नुपर्छ ।[2] अरुको क्रिया गर्दा भने मृत्यु भएको तीन दिन भित्र औंशी परेमा त्यस पछि मात्र क्रिया गर्न सुरु गर्नुपर्छ, तीन दिन पछि पर्छ भने औंशी अगाडिनै पिण्ड दिने काम सक्नु पर्ने हुन्छ । अगाडि वा पछाडि धेरै दिन क्रिया गर्न कता पाइन्छ त्यही पक्ष लिनु उचित देखिन्छ । ढिकुरोमा पिण्ड दिने काम औंशी अघि वा पछि जहिले सकेता पनि आशौच भने दशै दिन वार्नुपर्छ । मिलेसम्म औंशी पछिदेखि मात्र क्रिया गर्न सुरु गर्दा व्यवहारिक हुन्छ । यस्तो बीचमा औंशी पर्दा "देशाचारतो व्यवस्था" भनिएको हुँदा आफ्नो गाउँ ठाउँमा के-कसो गर्ने चलन छ त्यसै गर्नु बेश हुन्छ ।[3]

नवश्राद्ध

महर्षि आपस्तम्वले पहिलो, तेश्रो, पाँचौ, सातौं, नवौं र एघारौं यी छ विषम दिनमा गरिने ६ वटा श्राद्धलाई नवश्राद्धको संज्ञा दिएका छन् भने मुनिवर आश्वलायनले पहिलो दिनदेखि नवौं दिनसम्मका पाँच विषम दिनमा गरिने पाँचवटा श्राद्धलाई "नवश्राद्ध" मानेका छन् । यसरी नवश्राद्धको विधान शास्त्रप्रवर्तक धेरैले गरेका छन् तर वाजसनेयीहरुको निमित्त निर्मित पारस्कर गृह्यसूत्रमा भने यो श्राद्धको उल्लेखनै छैन । यस गृह्यसूत्रका प्रख्यात भाष्यकार हहिर गदाधर आदिले पनि वाजसनेयीहरुले नवश्राद्ध गर्नु पर्ने कुराको संकेतसम्म पनि गरेका छैनन् । त्यसो हुँदा यो श्राद्ध "अवयवपूरकश्राद्ध" भन्दा भिन्न मानिन्छ र वाजसनेयी बाहेकका मान्छेहरुको निमित्त मात्र विधान गरिएको देखिन्छ ।[4] हुन त कतिपय वाजसनेयीहरुले पनि यो श्राद्ध गर्छन् भन्ने कुरा सुनिन्छ, तर सबैले भने गरेको पाइँदैन, अतः नगर्दा पनि दोष लाग्ने देखिँदैन ।

प्रेतश्राद्धमा छोड्नु पर्ने

अर्घ, धूप, चन्दन, माला, मन्त्र, नवश्राद्ध, अवनेजन, आशिर्वाद, मोटक, जप, स्वस्तिवाचन, पितृशव्द, आफ्नो सम्वनध, शर्मादि शव्द, पात्रालम्भन, अवगाहंन, उल्मुकोल्लेखन, तृप्तिप्रश्न, विकरप्रदान, शेषप्रश्न, प्रदक्षिणा, विसर्जन र सीमान्तगमन यी कुरा प्रेतश्राद्धमा छोड्नु पर्छ ।[5]

दशौं दिनको काम

दशौं दिनको विहान क्रियापुत्रीले आफु वस्ने सुत्ने गरेको ओछ्यान तृण पराल आदि सवै उठाई सो ठाउँ पोत्ने वा पखाल्ने गरी पहिलो दिन थापिएको दीप सप्त धान्य भुण्ड्याइएको घट सवै लिई कोरा भत्काई स्नान गर्न जानुपर्छ र पूर्ववत् दन्तधावन स्नान अञ्जलि दान सवै गरी अञ्जलि दिने गरेको ढुङ्गो मन्त्रपूर्वक जलमा सेलाइ दिनु पर्छ ।[6] त्यस पछि ढिकुरोमा गई पूर्ववत् पिण्डदानादि सवै क्रिया सकी पिण्ड सेलाई ढिकुरो पोत्नु पर्छ र सुनको चाँदी युक्त कोदालोले खनी शीरले छोई सो ढिकुरो भत्काई सम्म वनाउनु पर्छ र त्यस माथि पहिलो दिन कोरा भित्र थापिएको दीप सप्तधान्यादि राखी

१. "क्रीतलव्धाशना :, क्रीतोत्पन्नेत वा वर्तेरन्" । मिता. (या. ३।१६)

२. अन्तर्दशाहे दर्शश्चेत्तत्र सर्वं समापयेत् । पित्रोस्तु यावदाशौचं दद्यात् पिण्डं जलाञ्जलीन् । शु मयूख : पृ. ५१

३. नि.सि.पृ. ७८० ध.सि.पृ ९२९

४. प्रथमे ऽ हनि तृतीये च पञ्चमे सप्तमे तथा । नवमैकादशे चैव तन्नवश्राद्धमुच्यते ॥
नवश्राद्धानि पञ्चाहु राश्वलायनशाखिन : । आपस्तम्वा षडित्याहु विंभाषा त्वितरेषु हि ॥ ध सि पृ ९३०

५. अर्घ्यहीनमधूपं च गन्धमाल्यविवर्जनम् । नवश्राद्धमन्त्रं स्यादवनेजनवर्जितम् ।
आशिषो द्विगुणा दर्भा जपाशी : स्वस्तिवाचनम् । पितृशव्द : स्वसम्वन्ध : शर्मशव्दस्तथैव च ॥
पात्रालम्भो ऽ वगाहश्च उल्मुकोल्लेखनादिकम् । तृप्तिप्रश्नश्च विकिर : शेषप्रश्नस्तथैव च ॥
प्रदक्षिणा विसर्गाश्च सीमान्तगमन तथा । अष्टादश पदार्थांश्च प्रेतश्राद्धे विवर्जयेत् ॥ च चि पृ १६०५

६. ढुङ्गो सेलाउने मन्त्र- आस्मात्वमधिजातो ऽ सि त्वदयं जायतां पुन : । असौ स्वर्गाय लोकाय स्वाहा ॥ शु य स ३५।२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिल, सर्स्यूं छरी भुण्ड्याइएको घट त्रिकाठी आदि सबै त्यहीं राखिदिनु पर्छ । त्यस पछि जलाशयमा गई तिलको वा सर्स्यूंको तेल लगाई स्नान गर्नुपर्छ । ओढिएका ओच्छ्याइएका र लगाइएका सबै लुगा धोई मुण्डन गरी पुनः स्नान गर्नुपर्छ र जनै फेर्ने, पञ्चगव्य खाने गरी शुद्ध वस्त्र लगाउनु पर्छ । त्यसपछि शुद्धिको निम्ति ब्राह्मणले जल, क्षत्रियले वाहन वा आयुध, वैश्यले कोर्रा वा डोरी, शूद्रले यष्टि छुने वा समाउने गर्नुपर्छ [1] र नौ दिनसम्मको चुलो छोडी अर्कै ठाउँमा भोजन बनाई खानुपर्छ । मृतकका घरका अरु परिवार र सपिण्डादि आशौचीले पनि घर शुद्ध गर्ने, लुगा धुने, कपाल खौरने, जनै फेर्ने, पञ्चगव्य प्राशन गर्ने आदि सबै काम गर्नुपर्छ । कतै कतै लुगा धुने काम नौ दिनमा गर्ने गरेको पनि पाइन्छ । लुगा धुने र घर पोत्ने वा पखाल्ने काम नवौं वा दशौं जुन दिन गरे पनि शास्त्रसम्मत नै हुन्छ ।

मध्यमक्रिया

एकादशाहकृत्य

सर्वप्रथम एकादशाहकृत्यको निम्ति उपयुक्त स्थल चयन गर्नुपर्छ । त्यस पछि त्यसै ठाउँमा सय्या तयार गर्नुपर्छ र द्विजदम्पतिपूजन, सय्यादान, काञ्चनपुरुष दान र कपिलादान गर्नु पर्ने हुन्छ । त्यसपछि वृषोत्सर्ग गरी आद्य मासिक श्राद्ध, आद्याब्दिक उदककुम्भदान र ऊनमासिकादि पञ्चदश मासिक श्राद्ध गर्नुपर्छ । एकादशाह क्रियाक्रममा शास्त्रकर्तामा मतैक्य पाइँदैन- नित्यानन्द पर्वतीयले उदककुम्भ दान गरेपछि वृषोत्सर्ग गर्ने कुरा देखाएका छन् [1] भने माधवप्रसाद आदि अन्त्यपद्धति कर्ताले चाहिं आद्याब्दिक श्राद्ध पछि उदक कुम्भदान गर्ने कुरा लेखेका छन् । जसले जुन क्रम देखाएता पनि उदककुम्भदान ऊनमासिकादि पञ्चदश मासिक गर्नुभन्दा अगाडि गर्नु राम्रो हुन्छ ।

सय्यादान

जलाशयको नजीक र एघारौंको काम गर्न अनुकूल पर्ने ठाउँ चयन गरी पञ्चगव्य सेचनादि गरी शुद्ध गर्नुपर्छ र त्यसै ठाउँमा दक्षिणोत्तरायत गरी मनोरम शय्या राख्नुपर्छ र सय्या माथि लक्ष्मी नारायणको प्रतिमा पनि राख्नु पर्ने हुन्छ । यसरी सय्या तयार भई सकेपछि सय्याकै नजीकमा पाएसम्म प्रत्यक्ष द्विज दम्पतिको नपाए सुवर्ण प्रतिमामा वा कुशको ब्राह्मणमा द्विज दम्पतिको पूजा गर्नुपर्छ [3] र तिनै द्विज दम्पतिलाई संकल्प गरी मन्त्रपूर्वक शय्या दान दिनु पर्छ । [4] सय्या दान दिइसके पछि द्विज दम्पतिलाई एक मुहूर्तसम्म सय्यामानै बसाउनुपर्छ । तिनै द्विज दम्पतिलाई काञ्चन पुरुष (सुवर्ण निर्मित प्रेत प्रतिमा) दान र कपिला (कैली गाई वा गाईको मूल्य) दान पनि दिने गर्छन् ।

ललाटास्थि मिलाइएको पायस खान दिने

सय्या माथि बसाइएका सपत्नीक ब्राह्मणलाई मधुपर्क दिने र मृतकको ललाटस्थि (निधारको हाड) को चन्दन बनाई पायसमा मिलाई रजत पात्रमा राखी खान दिने शास्त्रीय विधान रहेको छ । तर हाम्रो लोक व्यवहारमा भने यसरी मृतकको हाड मिसाइएको पायस भोजन गर्ने ब्राह्मण नपाइने भएर नै हुन सक्छ यस्तो चलन चलेको पाइँदैन । पहिला पहिला कसै कसै कहाँ यस्तो चलन थियो भन्ने कुरा सुनिन्छ मात्र । अहिले पनि त्यस्तो खाने खालको ब्राह्मण पाइएको खण्डमा अस्थि मिसाइएको पायस भोजन गराउनु नै पर्ने हुन्छ । [5]

दशदानादिदान

मर्ने अवस्थामा दशदान, तिलाद्यष्ट महादान, पञ्चधेनु दान आदि दान गर्नु पर्ने कुरा माथिनै उल्लेख भइसकेको छ । तर सो अवस्थामा उक्त दानहरु गर्न नभ्याइएको वा नमिलेको भएयसै अवस्थामा अर्थात् शय्या दान गरिसके पछि शय्याकै नजीकमा दशदानादि सबै दान गर्नु पर्ने कुरा श्राद्ध विवेकमा स्पष्ट भनिएको छ [6] र त्यसै गर्नु पर्ने पनि हुन्छ ।

---

१. विप्र : शुद्धयत्यप : स्पृष्टवा क्षत्रियो वाहनायुधम् । वैश्य : प्रतोद रश्मीन् वा यष्टिं शूद्र : कृतक्रिय : ॥ मनु : ५।९९

२. आदौ च दम्पती पूज्यौ शय्या देया तत : परम् । पश्चाच्च कपिला देया उदककुम्भास्तथैव च ॥
वृषोत्सर्ग स्तत : कार्य : पश्चादेकादशाहिकम् । अ.क.दी.पृ. ४१
एकादशाहिकं भनेको आद्यमासिकादि षोडश मासिकश्राद्ध हो ।

३. प्रत्यक्षद्विज दम्पत्यभावे स्वर्णप्रतिमायां कौशप्रतिकृतौ वा कार्यम् । अ.क.दी.पृ. ४१

४. यस्मादशून्यं शयनं केशवस्य शिवस्य च । सय्या अस्याप्यशून्यास्तु तस्माज्जन्मनि जन्मनि ॥ च.चि.प.ख.पृ. १६१२

५. संपूज्य द्विजदम्पत्यं नानाभरणभूषितम् । उपवेश्य तु शय्यायां मधुपर्कं ततो वदेत् ॥
रजतस्य तु पात्रेण दधिदुग्धसमन्वितम् । अस्थिललाटं संगृह्य सूक्ष्म कृत्वा सवज्रकम् ॥
पायसैद्विजदाम्पत्यं नानाभरण भूषितम् । भोजयेत्प्रयत : प्राज्ञो विधिरेष : सनातन : ॥ च.चि.प.ख.पृ.१६१२
हाड मिलाइएको पायसलाई लोकमा "काट्टो" भन्छन् । यस्तो पायस ख्वाउनु वा खानुलाई काट्टो ख्वाउनु वा खानु भन्ने गरिन्छ । यस्तो खाने ब्राह्मणलाई काट्टो खाने वा "काट्टे" ब्राह्मण भन्ने गरेको पनि सुनिन्छ ।

६. तिलाद्यष्टमहादानमन्तकाले न चेत्कृतम् । शय्यासमीपे धृत्वेतद्दानं तस्य प्रदापयेत् ॥ श्रा.वि.पृ. ६८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वृषोत्सर्ग

विधिपूर्वक वृष (गोरु) छोड्नुलाई वृषोतसर्ग भनिन्छ । एकादशाहमा वृषोतसर्ग गरेन भने प्रेतत्व निवृत्ति हुँदैन, साथै प्रेतको उद्धारको निमित गरिएका श्राद्धादि क्रिया पनि निष्फल हुन्छन् ।[१] अतः मृतकले प्रेतत्ववाट निवृत्त भई सद्गति (स्वर्गफल) पाउनको लागि पुत्रादि क्रियाकर्ताले वृषोत्सर्ग गरिदिनु अनिवार्य हुन्छ । वृष छोड्दा सर्वाङ्गपूर्ण र सबै लक्षणले युक्त भएका , रोग नभएका, एक वर्ष नाघेका, चाखटी दुइटी वा एउटी कोरली वाच्छीका साथमा छोड्नु पर्छ । वृष पनि त्यस्तै सवल, सर्वाङ्ग पुष्ट र सर्वलक्षण सम्पन्न हुनुपर्छ ।[२] ब्राह्मणादि वर्णको निम्ति क्रमशः पाटल (रातो, सेतो र कैलो मिसिएको), रातो, कैलो र कालो वृष प्रशस्य मानिन्छ ।[३] पाएसम्म त्यस्तै गर्नुपर्छ । विधिपूर्वक छोडिएका गोरु र गाईलाई "साँडे साँडी" भन्ने गरिन्छ । यिनलाई वाँध्नु चुटपिट् केही गर्नु हुँदैन, साथै साँडेलाई जोत्नु भारी वोकाउनु साँडीको गहुँत गोवर लिनु दूध दुहुनु पनि हुँदैन ।[४]

वृषोत्सर्गस्थल

जलाशय नदी तीर्थ आदिको छेउमा, गाईको गोठमा, चौबाटोमा, चौरमा, बगैंचामा वा जङ्गलमा "वृषोत्सर्ग" गर्नुपर्छ । घरमा गर्न हुँदैन भन्ने कुरा कालिका पुराणको वचनले देखाएको छ ।[५] त्यसो हुँदा वृषोत्सर्गादि एघारौंको काम घरदेखि केही पर उपयुक्त स्थलमा गर्नु राम्रो हुन्छ । हाम्रो चलन पनि प्रायः यस्तै नै रहेको देखिन्छ ।

वृषोत्सर्ग गर्न नपर्ने

पति र छोरा भएकी स्त्री उनीहरुकै अगाडि मरेमा वृषोत्सर्ग गर्न पर्दैन दुहुनी गाई मात्र दान गरे हुन्छ भन्ने कुरा शास्त्रकारहरुले गरेका छन् । त्यसो हुँदा त्यस्ती स्त्री मर्दा त्यसै गर्न पर्ने हुन्छ ।[६]

उपयुक्त वृष नमिलेमा

शरीर रातो, मुख र पुच्छर पाण्डुर, खुर र सिङ् सेतो भएको वा शरीर सेतो,मुख पुच्छर कालो भएको वा शरीर कालो, मुख पुच्छर सेतो भएको वृषलाई "नीलवृष" भनिन्छ । पाएसम्म यस्तो नीलवृषनै छोड्नु पर्छ ।[७] नीलवृष नपाए ब्राह्मणको निम्ति पाटल वर्णको, क्षत्रियको निम्ति रातो, वैश्यको लागि कैलो र शूद्रको लागि कालो वर्णको वृष प्रशस्त मानिन्छ । यस्तो लक्षण सम्पन्न वृष घाँस पानी राम्रो खान पाउने फाराकिलो ठाउँमा छोड्नु पर्ने विधान रहेको छ । तर वृष र वृष छोड्ने ठाउँ पनि उपयुक्त हुन नसकेमा भने पिठोको, माटोको वा कुशको वृष बनाई हवनादि सबै विधि गरी छोडिदिनु पर्छ भन्ने वचनको उल्लेख निर्णय सिन्धुमा गरिएको छ ।[८] तर यो वचनलाई निर्मूल मानिएको छ तापिनि छोडिउको साँडेसाँडीको निमित उचित चरनको व्यवस्था नहुनु, अर्काको बालि खाई दिनु, अरुले चुटपिट गरी लगार्नु, राम्रो खान नपाई दुव्लाउँदै जानु आदि विभिन्नकारणले गर्दा उनीहरुको समुचित संरक्षण नभई दुर्दशा हुने स्थिति भएमा पिठो कुश आदिको वृष वनाएर वा वृषको मूल्य दिएर वृषोत्सर्ग कृत्य पूर्ति गर्नु नै अहिलेको समयमा बेश हुने देखिन्छ । धर्मसिन्धुकार काशीनाथ उपाध्यायले पनि समर्थन गरेका छन् ।[९]

शूद्रलाई वृषोत्सर्ग निर्देश

हाम्रो लोक व्यवहारमा शूद्र जातिले वृषोत्सर्ग गर्ने गरेको त्यति पाइादैन, तर शास्त्रले भने शूद्रको निमित्त कालो वर्णको वृष निर्देश गरेको छ ।[१०] अतः शूद्रले पनि वृषोत्सर्ग गर्नै पर्ने देखिन्छ । वृष कालो वर्णको नै हुनु पर्छ ।

---

१. एकादशाहे प्रेतस्य यस्य नोत्सृज्यते वृष : । प्रेतत्वं सुस्थिरं तस्य दत्तै : श्राद्ध शतैरपि ॥ च चि प ख पृ १६१५

२. चतस्रो वत्सिका भद्रा द्वेचासम्भवतो ऽ पिवा । वत्स : सर्वाङ्ग सम्पूर्ण : कन्यका वशिका भवेत् । च.चि.प ख पृ. १६२७

३. वर्णतस्ताम्र कपिलो ब्राह्मणस्य प्रशस्यते । स्निग्धरक्तेन वर्णेन क्षत्रियस्य प्रशस्यते ॥
काञ्चानाभेन वैश्यस्य कृष्णेनाप्यन्त्यजन्मन : । श्रा वि पृ. ६८

४. विधारयेन्नतं कश्चिन्न च कश्चन वाहयेत् । न दोहयेच्च तां धेनुं न च कश्चन बन्धयेत् । ध सि.पृ. ९३९

५. अरण्डे चत्वरे वापि गोष्ठे वा मोचयेद् वृषम् । न गृहे मोचयेद् विद्वान कामयन् पुष्कलं फलम् । च चि प ख पृ. १६१६

६. पतिपुत्रवती नारी भर्तुरग्रे मृता यदि । वृषोत्सर्गं नकुर्वीन गांच दद्यात्पयस्विनीम् ॥ न पु. १२।५४

७. लोहितो यस्तु वर्णेन मुखे पुच्छे च पाण्डुर : । श्वेत : खुरविषाणाभ्यां स नीलो वृष उच्चते । नि सि पृ. ७९४

८. वृषोन्मर्जन वेलायां वृषाभाव : कथञ्चन । मृद्भि : पिष्टैश्च दर्भै वां वृषं कृत्व विमोचयेत् ॥
न शक्यते वृषोत्सर्गो होमं वा तत्र कारयेत् । नि सि.पृ ७९५

९. केचिद् वृषाभावे मृद्भि : पिष्टै वां वृष कृत्वा होमादिविधिना वृषौत्सर्गं इत्याहु : । ध.सि पृ ९३८

१०. "कृष्णेनाप्यन्त्यजन्मन :" श्रा विमर्श पृ. ६८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मनचलेकाको वृषोत्सर्ग

पाँच वर्ष नाघेका तर चूडादिकर्म भने नचलेका केटाकेटी मरेमा सपिण्डी बाहेक वृषोत्सर्गादि सबै क्रिया गर्नुपर्छ, त्यसो भए मृत बालक पुनः त्यसै कुलमा छोरानाति आदिको रुपमा दिर्घायु भई जन्म लिन आउँछ र आफ्नो कुललाई सुख एवं शान्ति दिनुको साथै समस्त पितृहरुलाई पनि तृप्त गर्ने हुन्छ भन्ने कुरा उमाशङ्कर त्रिपाठीले आफ्नो श्राद्ध विमर्शमा गरुड पुराणको वचन उध्दृत गरी लेखेका छन्,[1] तर व्यवहारमा भने त्यस्तो गर्ने चलन देखिंदैन तापनि अधिकफलको चहाना हुनेहरुले उपयुक्त वृष मिलेमा र सकेमा वृषोत्सर्ग गरिदिंदा मृतकको कल्याण नै हुने हुन्छ । वृषोत्सर्ग गरिसके पछि मध्यम षोडशी गर्नु पर्ने हुन्छ ।[2]

उत्तम क्रिया

उत्तमषोडशी

सपिण्डी गर्नुभन्दा अगाडि सपिण्डनाधिकार प्राप्तिको निम्ति गरिने षोडश श्राद्धलाई उत्तम षोडशी भनिन्छ । सोह्रवटा श्राद्ध एकै दिनमा एकै पटक गरिने भएकोले नै षोडशी भनिएको हो । सोह्र श्राद्धमा निम्न लिखित श्राद्ध पर्दछन् ।- (१) आद्यमासिक (२) ऊनमासिक (३) द्वितियमासिक (४) त्रैपाक्षिक (५) तृतीयमासिक (६) चतुर्थमासिक (७) पञ्चममासिक (८) षष्ठमासिक (९) ऊनषाण्मासिक (१०) सप्तममासिक (११) अष्टममासिक (१२) नवममासिक (१३) दशममासिक (१४) एकादशमासिक (१५) द्वादशमासिक (१६) ऊनाब्दिक श्राद्ध । वर्ष दिनसम्म यी श्राद्ध क्रमशः गरिसकेर मात्र सपिण्डीकरण गर्नु पर्ने हो, तर कलियुगमा बाह्र दिनमानै सपिण्डी गर्न पनि हुन्छ भन्ने वचन भएकोले हाम्रो व्यवहारमा बाह्रै दिनमा गर्ने चलन छ । बाह्रै दिनमा सपिण्डी गरिने भएकोले सपिण्डी गर्नुभन्दा अगाडि गरिसक्नु पर्ने उक्त सबै श्राद्ध एघारौं दिनमा नै गर्नुपर्छ ।[3]

आद्यमासिक श्राद्ध

यो श्राद्धलाई प्रथम मासिक श्राद्ध र महैकोद्दिष्ट श्राद्ध पनि भनिन्छ । तर धर्मसिन्धु प्रणेताले महैकोद्दिष्ट श्राद्ध आद्यमासिक श्राद्ध भन्दा भिन्न हो र यसको अस्तित्व पनि भिन्नै छ भन्ने कुरा देखाउन खोजेका छन्, किन्तु शास्त्र केलाएर हेर्दा यी तीनवटै श्राद्ध एकै प्रकृतिका भएकाले यिनीहरुको छुट्टै अस्तित्व स्वीकार गरिरहनु पर्ने देखिंदैन । श्राद्ध गर्दा उक्त तीन वटा नाममा जुनसुकै एउटा नाम उच्चारण गर्दा हुने देखिन्छ तापनि लोकमा आद्यमासिकनै भन्ने बढी चलन भएकोले त्यही नाम उच्चारण गरी श्राद्ध गर्नु राम्रो हुन्छ ।

"मासादौ मासिकं कार्यम्" भनिएकोले जुनसुकै मासिक श्राद्ध पनि महिनाको सुरुमानै गरिन्छ, त्यसो हुँदा यो श्राद्ध पनि मृत्यु भएकै दिनमा गर्नु पर्ने जस्तो देखिन्छ, तर त्यस दिन यो श्राद्ध गर्न सम्भव नहुने र आशौचले गर्दा प्रतिवन्धित हुने भएकोले पनि हुनसक्छ योगीश्वर याज्ञवल्क्यले आद्यश्राद्ध एघारौं दिनमा गर्नुपर्छ भनी ठोकुवा नै गरेका, अतः यो श्राद्ध एघारै दिनमा गर्नुपर्छ ।[4] आद्यश्राद्ध र ऊनमासिकादि अरु पन्ध्रवटा श्राद्ध पनि छुट्टा छुट्टै गर्दा राम्रो हुने हो, तर हाम्रो

---

१. श्रा. विमर्श पृ. ६९-७०

२. मध्यम षोडशी- मलिन मध्यम र उत्तम तीनवटै षोडशी गरी अठ्चालीस पिण्ड नदिएसम्म मृतक प्रेतत्ववाट मुक्त हुदैन र पितृपंक्तिमा मिल्न पाउँदैन भन्ने कुरा गरुड पुराणमा लेखिएको छ ।+ पारस्करगृह्यसूत्रमा र मनुयाज्ञवल्क्यादि मुख्य स्मृतिमा यसको उल्लेखनै छैन । त्यसैले हुनसक्छ सबैले यो श्राद्ध गर्ने चलन नगरेको पनि । मान्य सूत्रग्रन्थ र स्मृतिग्रन्थले पनि यसको विधान नगरेकाले वाजसनेयीहरुले यो नगर्दा पनि खास दोष लाग्ने चाहिं देखिंदैन, तापनि हामीले लघुस्मृति र पुराण प्रतिपादित कुरा पनि छाडेका छैनौं मान्दै नै आइरहेका छौं, अत : अधिक फल चहानेहरुले पुराणमा मात्र उल्लिखित भएको भए तापनि यो षोडशी गर्नु राम्रो हुन्छ । उत्तम षोडशी गर्दा जसरी सोह्र ब्राह्मण थापेर गरिन्छ यो पनि त्यसरी नै गर्नुपर्ने हुन्छ । पिण्ड दिंदा क्रमश : विष्णु, शिव, यमादि सोह्र देव विशेषलाई दिनुपर्छ ।= तर यो षोडशी गर्ने प्रामाणिक पद्धति नहुंदा गर्न खोज्नेहरुलाई पनि असजिलो पर्ने हुन्छ । पद्धति नबन्नुमा मुख्य कारण चाहिं सूत्र र स्मृतिले विधान नगर्नु नै हो ।

\+ पितृ पंक्ति प्रवेशार्थ कारयेत् षेडश त्रयम् । ग.पु. १२।६८
आद्यं शवविशुद्ध्यर्थं कृत्वाँयच्च तु षोडश । पितृ पंक्ति विशुद्ध्यर्थं शतार्धेन च योजयेत् ॥
शतार्धं श्राद्ध हीनश्च मेलित : पितृभाङ् न हि । चत्वारिंशद्भिरष्टाभि : श्राद्धै : प्रेतत्त्वनाशनम् ॥ ग.पु. २५।३८-३९

= प्रथमं विष्णवेदद्यात् द्वितियं श्री शिवाय च । याम्याय परिवाराय तृतीयं पिण्डमुत्सृजेत् ॥
चतुर्थं सोमराजाय हव्यवाहाय पञ्चमम् । कव्यवाहाय षष्ठं च दद्यात्कालाय सप्तमम् ॥
रुद्राय चाष्टमं दद्यान्नवमं पुरुषाय च । प्रेताय दशनं चैवैकादशं विष्णवे नम : ॥
द्वादशं ब्रह्मणे दद्याद्विष्णवे च त्रयोदशम् । चतुर्दशं शिवायैव यमाय दशपञ्चकम् ॥
दद्यात् तत्पुरुपायैव पिण्डं षोडशकं खग । मध्यषोडशकं प्राहु रेतत्तत्त्वविदो जना : ॥ ग.पु. १२।६०-६४

३. (क) द्वादश प्रतिमासेषु पाक्षिकं च त्रिपाक्षिकम् । न्यूनषाण्मासिकं पिण्डं दद्यान्न्यूनाब्दिकं तथा ॥
उत्तमं षोडशं चैतन्मयाते परिकीर्तितम् । श्रपयित्वा चरुं ताक्ष्यं कुयादेका दशे ऽ हनि ॥ ग.पु १२।६५-६६
(ख) श्राद्धानिषोडशादत्त्वा नैवकुर्यात्सपिण्डनम् । श्राद्धानि षोडशापाद्य विदधीत सपिण्डनम् । नि.सि.पृ. ७९९

४. मृते ऽ हनि प्रकर्तव्यं प्रतिमासं तु वत्सरम् । प्रतिसम्वत्सरं चैवमाद्यमेकादशे ऽ हनि ॥ या. १।२५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवहारमा भने आद्यमासिक श्राद्ध छुट्टै गर्ने, सजिलोको निम्ति अरु प्रन्धवटा चाहिं तन्त्रेण (एकैपटक) वचन मिलाई गर्ने चलन छ, त्यसो गर्दा पनि शास्त्र सम्मत नै हुन्छ । नित्यानन्द पर्वतीयले आद्यश्राद्ध र नवश्राद्ध तन्त्रेण गर्ने प्रयोग देखाएका छन्, नवश्राद्ध वाजसनेयीहरुको लागि नभई शाखेतरहरुको निम्ति भएकोले वाजसनेयीहरुले नवश्राद्ध नगरी आदश्राद्ध मात्र गर्दा पुग्छ ।

केही आचार्यले आद्यमासिक श्राद्ध र आद्याब्दिक श्राद्ध एघारौं दिनमा तन्त्रेण गर्ने कुरा देखाएका छन्, तर " आब्दिकं वत्सरे गते" भनिएको हुँदा आद्याब्दिक श्राद्ध एघारौं दिनमा गर्नुपर्छ भन्ने कुरामा सर्वसम्मत छैन । त्यसो हुँदा नगर्दा पनि दोष लाग्ने चाहिं देखिंदैन तापनि प्रत्येक मासिक महिनाको सुरुमा र प्रत्येक वार्षिक श्राद्ध वर्षको सुरुमा गर्नु पर्ने विधान रहेकोले आद्याब्दिक श्राद्ध पनि वर्षको शुरुमा नै गर्नु पर्ने हो तर आशौचले गर्दा सो दिन गर्न नमिल्ने हुन्छ, अतः आशौचान्तमा (एघार दिनमा) गर्नु राम्रे हुन्छ ।[1] केही पद्धतिकारहरुले पनि एघारौं दिनमा गरिने आद्याब्दिक श्राद्ध प्रयोग लेखेका छन्, तर आद्यमासिक श्राद्धका साथै गर्ने कुरा भने लेखेका छैनन । त्यसो हुँदा र आद्यमासिक श्राद्ध र आद्याब्दिक श्राद्धको स्वरुपमा पनि केही भिन्नता देखिने हुँदा यी दुवै श्राद्ध तन्त्रेण नगरी अलग अलग गर्नु नै राम्रो हुन्छ ।

उदककुम्भदान

मरणदिनदेखि वर्षदिनसम्म प्रत्येक दिन एक एक सान्नोदक कुम्भ दान गर्नु पर्ने हो, तर दिनहुँ गर्न निकै कठिन पर्ने भएकोले शास्त्रप्रयोजकहरुले नै एघारौं दिनमा एकैपटक वर्षदिनसम्मका सवै कुम्भदान गर्दा पनि हुने कुरा देखाएका छन् । त्यसैले हाम्रो व्यवहारमा पनि प्रायः त्यसै गर्ने चलन छ । एकैचोटी गर्दा मलमास पर्ने वर्ष छ भने ३९० वटा मलमास नपर्ने वर्ष भए ३६० वटा अन्न सहितका उदकपूर्ण कुम्भ एकै ठाउँमा राखी सङ्कल्प मिलाई दान गर्नुपर्छ । त्यत्तिनै संख्यामा प्रेतको निम्ति दन्तधावनकाष्ठ र दीप पनि दान गर्नु पर्ने शास्त्रीय विधान रहेकोले सो पनि गर्नै पर्ने हुन्छ ।[2] उदककुम्भ सक्नेले तामाका बनाई दान गरेको पनि पाइन्छ, नसक्नेहरुले भने माटाका भुँड्कावाट वा डुम्री आदिक पातक खोचावाट पनि काम चलाएको देखिन्छ । आफ्नो शक्ति अनुसार जस्तो सकिन्छ त्यस्तै गर्नु पर्ने हुन्छ ।

छत्रादि दान

छाता, जुत्ता, चमर, पङ्खा, पुस्तक, पाल्की, हात्ती, घोडा, रथ, दासी, रत्न, गाई, आभूषण आदि पनि वित्त अनुसार एघारौं दिनमा दान गर्नु पर्ने हुन्छ । आफुले जुन जुन कुरा दान गर्न सकिन्छ त्यही त्यही कुराको प्रेतले उपभोग गर्न पाउँछ र सुख एवं शान्ति प्राप्त गर्दछ भन्ने शास्त्रकारहरुको धारणा रहेको छ ।[3] अतः सक्नेले उक्त सबै र नसक्नेले जति सक्छ त्यति दान गर्नै पर्छ । .

एघारौंमा अर्को आशौच परेमा

एउटा आशौच परी क्रिया चलिरहेको बीचमा अर्को आशौच पर्न गएमा दश दिनसम्मका क्रिया गर्न कुनै रोक तोक हुँदैन सरासर गर्नुपर्छ । एघारौं दिनको क्रिया गर्ने विषयमा भने शास्त्र प्रवर्तकहरुले निकै छलफल गरेका छन् र आ-आफ्नो मत पनि उपस्थापन गरेका छन् । जसले जस्तो मत राखेता पनि आद्यश्राद्ध चाहिं एघारै दिनमा गर्नुपर्छ भन्ने मतनै सवल र ग्राह्य पनि देखिन्छ ।[4] त्यसो हुँदा षोडश श्राद्ध मध्येको आद्यमासिक श्राद्ध चाहिं एघारै दिनमा गर्नुपर्छ, यसमा हुनै शंका छैन । एघार दिनमा गर्नु पर्ने अरु मासिक, उदककुम्भदान, सय्यादान र वृषोत्सर्गादि क्रिया गर्ने कुरामा भने शास्त्र प्रयोजकहरुमा त्यस्तो एक मत रहेको देखिंदैन र "वैदिक धर्म मूलरुपमा" प्रा. शिवराज आचार्यद्वारा पनि अरु मासिकादि गर्न नहुने कुरा देखाइएको छ ।[5] तापनि उकै प्रकृतिका एउटै कालम उकै पटक एउटै कर्ताद्वारा गरिने मासिकादि क्रियामा कुनै गर्न हुन्छ कुनै हुँदैन भन्नु त्यति व्यवहारोपयुक्त नहुने र आद्यमासिक वाहेक अरु मासिक गर्न हुँदैन भन्ने निषेध वचन पनि नपाइने भएको र लोकमा पनि प्रायः एघारौं चाहिं गर्ने नै चलन भएको वुझिएको र विवाह र मरण कृत्यमा गाउँलेहरुले गर्दै आएको चलन छोड्न हुँदैन भन्ने पारस्करको स्पष्टमत भएको[6] र अन्य धेरै ग्रन्थमा एकादशाहमा गरिने

---

१. . अत्राद्यमासिकमाब्दिकं चैकादशेह्नीति । नि सि पृ ८०१
२. प्रत्यहं दीपको दयो मार्गे तु विषमे नरे : । यावत्संवत्सरं वापि प्रेतस्य सुखलिप्सया ॥
प्राङ्मुखोदङ्मुखं दीपं देवागारे द्विजालये । कुर्याद्याम्यमुखं पित्र्ये अद्भि : सकल्प्य सुस्थिरम् ॥ ध.सि.पृ ९४८
३. अश्वं रथं गजं धेनुं महिर्षी शिविकादिकम् । शालग्रामं पुस्तकं च कस्तुरीकुङ्कुमादिकम् ॥
दासीं रत्नं भूषणादि शय्यां छत्र च चामरम् । दद्याद्वित्तानुसारेण प्रेतस्तत्तत्सुख लभेत् । ध.सि.पृ. ९४५
४. आद्यं श्राद्धमशुद्धो ऽपि कुर्यादेकादशे ऽहनि । कर्तुस्तात्कालिकी शुद्धि रशुद्ध : पुनरेवस : ॥ मिता. (या. १।२५६)
५. वै.ध.मू.पृ. २०५
६. ग्रामवचनं च कुर्यु विवाहश्मशानयोर्ग्रामं प्रविशतादितिवचनात्, तस्मात्तयोर्ग्रामप्रमाणमिति श्रुते : । पा गृ सू. १।८।११-१३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्य चाहिं सबै गर्न हुन्छ भन्ने वचन दिइएकोले[१] र आद्यमासिक मात्र गर्दा एकादशाहमा शय्यादानादि क्रियाक्रम[२] नमिल्ने भएकोले पनि एघारौं दिनमा गरिने शय्यादान वृषोत्सर्ग मासिकादि सबै क्रिया अर्को आशौच परेकै अवस्था भए पनि गर्न हुने देखिन्छ ।

वर्षदिन भित्र मलमास पर्ने भएमा

मरण शुद्धमासमा भएको छ, तर वर्ष दिनभित्र मलमास पर्छ भने त्यस महिनामा पर्ने मासिक दोहोऱ्याएर गर्नुपर्छ, अर्थात् एउटै मासिक मलमासमा पनि शुद्ध मासमा पनि दुईपटक गर्नु पर्ने हुन जान्छ । यसरी दुई पटक गर्दा वर्ष दिनसम्म सत्रवटा मासिक हुन्छन् । एघारौं दिनमा षोडशी श्राद्ध गर्दा पनि सत्रवटा नै गर्नुपर्छ ।

सपिण्डीकरण काल

सपिण्डीकरण भनेको प्रेतावस्थामा रहेको मृतकलाई पितृको पङ्तिमा मिलाउनु हो । पितृपङ्तिमा मिलाउँदा प्रेतपिण्डलाई+ सुनका चाँदीका वा कुशका टुक्राले तीन भाग गरी काट्नु पर्छ र काटिएका ती भागलाई पितृत्वमा प्राप्त भइसकेका पितामहादि तीन पुस्तालाई दिएको तीन पिण्डमा लगी क्रमशः मन्त्रपूर्वक जोड्नु पर्छ ।[३]

सपिण्डीकरणका कसैले बाह्र दिन र वर्षदिन दुई काल, कसैले बाह्र दिन पैंतालिस दिन र वर्षदिन तीन वटा काल, कसैले बाह्र दिन, पैंतालिस दिन, ६ महिना र वर्षदिन चारवटा काल देखाएका छन् भने कसैले आठवटा काल पनि देखाएका छन् । जसले जति काल देखाए तापनि मुख्य काल चाहिं सबैले वर्ष दिनलाई नै मानेका छन् । वर्षदिनमा सपिण्डी गर्दा क्रियापुत्रीले बाह्र दिनसम्म वर्षदिनमा सपिण्डी गर्दा क्रियापुत्रीले बाह्र दिनसम्म जसरी एकछाक शुद्ध चीज खाई कसैलाई नछोई वस्त्र नलगाई अलग्गै ज्यादै कठिनसँग बस्नु पर्छ त्यसरी नै उसले वर्षदिनसम्म वस्नु पर्ने हुन्छ, कलियुगका मानिसको आयुको ठेगान नहुने शरीर अस्थिर र व्याधिग्रस्त हुने आदि कारणले गर्दा उनीहरुले वर्षदिनसम्म त्यस्तो अति कठोर नियम पालन गरेर बस्न नसक्ने देखि शास्त्रप्रवर्तकहरुले बाह्रै दिनमा सपिण्डी गर्ने व्यवस्था दिएका छन् । तदनुरुप हामीले त्यसै दिन गर्ने गरेका हौ र सबै वर्णको निम्ति त्यही दिननै शास्त्रानुमत छ ।[४]

सपिण्डनाधिकारी

बाबुआमाको दशाहादिक्रिया र सपिण्डीकरण पनि जेठो छोरो भएसम्म उसैलेनै गर्नुपर्छ । जेठोको अनुपस्थितिमा दश दिनसम्मको क्रिया जेठो पछिका जेठाले (माइला आदिले) गरेता पनि सपिण्डी गर्ने दिन जेठो उपस्थित हुनसक्छ भने उसैले गर्नुपर्छ, माइला आदि दशाह क्रिया गर्नेले गर्न हुँदैन । जेठो छोरो पातित्यादि दोष दूषित छ वा परदेश गएको छ वा रोगादि विविध कारणले गर्दा क्रिया गर्ने नसक्ने अवस्थामा छ भने मात्र ऊ पछिका जेठा अर्थात् माइला आदि अरु छोराको अधिकार हुन्छ । हाम्रै नेपालका कति ठाउँमा बाबुको क्रिया जेठोले र आमाको क्रिया चाहिं कान्छो छोराले गरेको पनि पाइयो तर त्यसो गर्नु भूल हो र शास्त्रको मर्म नबुभ्नु पनि हो । सामान्य परिस्थितिमा बाबु आमा दुवैको मरण दिनदेखि वर्षदिन (वरखी श्राद्ध) सम्मका सबै क्रिया जेठोले नै गर्नुपर्छ । अरु भाईले एकै ठाउँमा बसी जेठोलाई सघाउने काम मात्र गर्नुपर्छ । दाजुभाईमा परस्परमा विरोध छ एकै ठाउँमा बसी क्रिया गर्ने स्थिति छैन भने तापनि वर्ष दिनसम्मको क्रिया एकै ठाउँमा एक भाई (जेठो भाई) मात्र कर्ता भई गर्नुपर्छ छुट्टा छुट्टै गर्न पाइँदैन ।

कोही भाइ परदेश गएको छ र आमाबाबुको आशौचको बीचमा आइपुग्छ भने ऊ दाजुभाईसँग सम्मीलित भई क्रियामा बस्नसक्छ । दश दिन वितिसके पछि आइपुग्छ भने र आशौच बारेको छैन भने उसले आशौचीको नियमानुसार पूरै बार्नुपर्छ । जेठो परदेश वा अन्यत्र कतै गएको छ र बाबुआमाको सपिण्डीसम्मका क्रिया अरु भाइबाट समाप्त भइसकेपछि आइपुग्छ भने उसले आइपुगेकै दिन वा भोलिपल्टदेखि क्षैर गरी क्षेत्रोपवास बसी आशौच बार्न शुरु गर्नुपर्छ । दश दिनसम्म प्रेत शब्दको उच्चारण नगरी पुन: सपिण्डी भने गर्नु पर्ने शास्त्रीय विधान रहेको देखिन्छ, लोकमा भने यसरी

---

१. एकादशाहे आशौचान्तरेपि वृषोत्सर्गमासिकशय्यादि दद्यादेवेत्युक्तं क्रियानिबन्धे स्मृत्यन्तरे-
सूतके मृतके चैव द्वितियं सूतकं यदि । पिण्डदानं प्रकुर्वीत वृषोत्सर्गं तथैव च ॥
नहन्यात्सुतके कर्म द्वादशैकादशाहिकम् । नि.सि.पृ. ७९५
शुद्धो वा यदिवाशुद्ध : कुर्यादेवाविचारयन् ॥ क.का.प्र.पृ. ४२३

२. क्रियाक्रम- आदौ च दम्पती पूजयौ शय्या देया तत : परम् ।
पश्चाच्च कपिला देया उदककुम्भास्तथैव च ॥
बृषोत्सर्ग स्तत : कार्य : पश्चादेकादशाहिकम् ॥ अ.क.दी.पृ. ४१

\+ प्रेतपिण्ड बाह्र अङ्गुल लामू हुनुपर्छ । नि.सि.पृ. ५९७

३. प्रेतपिण्डं त्रिधा कृत्वा सुवर्णस्य शलाकया । पितामहादि पिण्डेषु मेलयेत्तं पृथक् पृथक् ॥ ग.पु. १३।३९

४. द्वादशाहे त्रिपक्षे वा ष्पमासे वत्सरे ऽ पि वा । सपिण्डीकरणं प्रोक्तं मुनिभिस्तत्व दर्शिभि : ॥
चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् । अनित्यात्कलि धर्माणां पुसां चैवायुषं : क्षयात् ।
अस्थिरत्वाच्छरीरस्य द्वादशाहे प्रशस्यते ॥ ग.पु १३।२८-३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोहोऱ्याएर सपिण्डी गर्ने चलन त्यति देखिँदैन । तथापि एक वर्ष भित्र आइपुगेमा सपिण्डी दोहोऱ्याउनै पर्ने धारणा धर्मसिन्धुको र अन्य ग्रन्थको पनि रहेको छ ।[१]

पिण्डसंयोजन

पिताको मृत्युमा पिण्डसंयोजन (सपिण्डी) गर्दा पितालाई दिएको पिण्ड पितामह, प्रपितामह र वृद्धप्रपितामह तीन पुस्तालाई दिएको पिण्डका साथ संयोजन (जोड्ने काम) गर्नुपर्छ । त्यस्तै माताको मृत्युमा मातालाई दिएको पिण्ड पितामही, प्रपितामही र वृद्धप्रपितामहीका साथ जोड्नु पर्ने हुन्छ ।[२] पिताको सपिण्डी पितामहादि तीन पुस्ताका पितृहरुका साथ गर्नु पर्नेमा पितामह जीवित छन् भने प्रपितामहादि तीन पुस्ताका साथ र प्रपितामह पनि जीवितै भए त्यसभन्दा माथिका तीन पुरुषका साथ सपिण्डी गर्नुपर्छ । पितामहको मृत्यु भएको प्रपितामह चाहिं जीवित छन् भने त्यस्तो स्थितिमा पिताको सपिण्डी गर्नु पर्दा पितामह एकपुस्ताका साथ मात्र गर्नुपर्छ प्रपितामह जीवित हुँदा वृद्धप्रपितामह र अतिवृद्धप्रपितामहमा फड्केर गई सपिण्डी गर्न पाइँदैन । मरण क्रम नमिली तीन पुरुषमा सपिण्डी जोड्न पाइएन भने एक पुरुषमा मात्र जोड्दा पनि मृतक प्रेतत्वबाट मुक्त भई पितृत्वमा प्राप्त हुन्छ । निर्णयसिन्धुमा उद्धृत सुमन्तुको वचनले यही कुराको पुष्टि गरेको छ ।[३] स्त्री जातिको मरणमा पनि यस्तो भएको खण्डमा यही नै नियम अनुसार सपिण्डी गर्नुपर्छ । मरण क्रम नमिलेको कारण लोग्ने मान्छेको पितृपितामहादिमा र स्वास्नीमान्छेको मातृपितामह्यादिमा सपिण्डी जोड्न पाइएन भने पुरुष जातिको विष्णुमा र स्त्री जातिको लक्ष्मीमा जोड्नु पर्ने कुराको उल्लेख श्राद्ध विमर्शमा देखिन्छ ।[४] लोकमा पनि प्रायः त्यसै गरेको पाइन्छ, तर त्यसरी विष्णु र लक्ष्मीमा सपिण्डी जोड्ने विधान भने हामीले पूर्ण आधारको रुपमा मान्ने गरेका सूत्रग्रन्थ र स्मृतिग्रन्थले पनि गरेका छैनन् ।

तल्लाजातिको सपिण्डी

ब्राह्मणको अपेक्षा क्षत्रिय, क्षत्रीयको अपेक्षा वैश्य र वैश्यको अपेक्षा शूद्र तल्लाजातिमा गनिन्छन् । तल्लाजातका कन्या माथिल्ला जातका पुरुषले विवाह गर्नु कलियुगमा सर्वथा निषिद्ध छ,[५] तापनि कुनै माथिल्ला जातिका द्विज पुरुषले तल्ला द्विज जातिकै शुद्ध कन्या वैदिक विधिपूर्वक विवाह गरिहालेछ भने त्यस स्त्रीको र त्यसबाट जन्मेका छोराको पनि सपिण्डी पतिकुलकै पितृकासाथ गर्न सकिने हुन्छ । द्विज पुरुषले शूद्रकन्या विवाह गरेमा भने पतिकुलका साथ गर्दा त्यो कुल नै शूद्रतामा प्राप्त हुने हुँदा मातृकुलका पितृकासाथ गर्नु पर्ने विधान छ ।[६] सवर्णकै कन्या पनि आसुर, गान्धर्व, राक्षस र पैशाच विधिले विवाह गरेको रहेछ भने त्यस स्त्रीको सपिण्डी पनि मातृ कुलकै साथ गर्नु पर्ने शास्त्रीय निर्णय रहेको देखिन्छ ।[७] यस अतिरिक्त माथिल्लो जातका पुरुषले तल्ला जातका कन्या वैदिक विधि नगरिकन किनेर, परस्परको मेलमिलापबाट, बलजफत हरण गरेर वा अनेक छलकपट गरी ल्याए भने त्यस्ता स्त्रीको र तिनीहरुबाट जन्मेका सन्तानको । त्यस्तै समान वा तल्लाजातका विवाहिता, विधवा वा स्वेच्छाचारिणी ल्याएमा त्यस्ताको तिनका सन्तानको । एवं तल्ला जातका पुरुषले माथिल्ला जातिका कन्या, विवाहिता वा विधवा ल्याएमा पनि त्यस्ता ल्याइताको र तिनीहरुबाट जन्मेका सन्तानको पनि सपिण्डी कसैसँग पनि गर्न मिल्दैन । तिनका छोरा रहेछन् भने उनीहरुले आफ्नो कर्तव्य पूर्तिको निम्ति दशाह आशौच बार्ने, सपिण्डी बाहेकका क्रिया गर्ने र दान प्रदान गर्ने काम चाहिं अवश्य गर्नुपर्छ ।

---

१. (क) ज्येष्ठेन जातमात्रेण पुत्री भवति मानव : । पितृणामनृणश्चैव स तस्मात्सर्वमर्हति ॥ मनु : ९।१०६
(ख) सपिण्डेन तु कनिष्ठानां नैवाधिकार :, ज्येष्ठस्यैवाधिकार : । नि.सि.पृ.८१०
(ग) विदेशस्थेन ज्येष्ठेन पुन : कार्यम्-यवीयसा कृतं कर्म प्रेतशब्दं विहाय तु ।
तज्ज्यायसापि कर्तव्यं सपिण्डीकरणं पुन : ॥ नि.सि.पृ. ८१२
(घ) तत्र यदा ज्येष्ठासन्निधौ कनिष्ठो दाहादिकं करोति तदा षोडशश्राद्धान्तमेव कुर्यान्न सपिण्डी करणम् ।
वर्षपर्यन्तं ज्येष्ठ प्रतिक्षां कुर्यात् । तन्मध्ये ज्ञाते ज्येष्ठेनैव कार्यम् ।
नो चेद् वर्षान्ते कनिष्ठेनापि कार्यम् । वर्षात् प्राक्....कनिष्ठेन कृतमपि जेष्ठपुत्रेण पुन : कार्यम् । ध.सि.पृ.७२७

२. मातु : सपिण्डी करणं कथं कार्यं भवेत् सुतै : । पितामह्या : सहैवास्या : सपिण्डीकरण क्रिया ॥
पितामही- प्रपितामही-वृद्धप्रपितामहीभि : सहेत्यर्थ : । च.चि.प.ख.पृ. १६५१

३. त्रयाणामपि पिण्डानामेकेनापि सपिण्डने । पितृत्वमश्नुते प्रेत इति धर्मो व्यवस्थित : । नि.सि.पृ. ८१३

४. (क) श्रृणु ताक्ष्र्य महाबाहो सपिण्डीकरण तथा । मम पत्नी महालक्ष्मी सेव्या स्यान्मेलने ध्रुवम् ॥ श्रा.विमर्श पृ. ७५
(ख) मृते पितरि यस्याथ विद्यते च पितामह : ।..............यद् वा मयि महालक्ष्म्या तयो : पिण्डं च मेलयेत् ॥ ग पु.१३।४१-४३

५. कन्यानामसवर्णानां विवाहश्च द्विजातिभि : । .... इमान् धर्मान् कलियुगे वर्ज्यानाहुर्मनीषिण : ॥ विद्वन्मनोहरा (प.स्मृ.१।३३)

६. ब्राह्मणी क्षत्रिया वैश्या योजनीया स्वभर्तृभि : । शूद्रा स्वमातृभिर्योज्या सर्ववर्णेक्ष्वयं विधि : ॥ शु.च.(प.शी.२९)

७. (क) गान्धर्वासुर-राक्षस-पैशाचानामन्यतमेन तु परिणीताया मातामहकुलेन सह संयोजनं तद्गोत्रेण पिण्डादिदानञ्च कर्तव्यम् ।
च.चि.प.ख.पृ.१६५५
(ख) मिता. (या.स्मृ. १।२५४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पददान

सपिण्डी गरिसके पछि बाह्रौं दिनमा वा तेह्रौं दिनमा गरिने निम्नलिखित पदार्थहरुको दानलाई "पददान" भनिन्छ। पददानमा छाता, जुत्ता, वस्त्र, औंठी, कमण्डलु, आसनी, पञ्चपात्र, ताम्रपात्र, लट्ठी, आमान्न, भोज्य वस्तु, द्रव्य र यज्ञोपवीत तेह्र पदार्थ पर्छन्। गृह्यसूत्रकार पारस्करले र मनु याज्ञवल्क्यादि मुख्य स्मृतिकारले पनि पददानको कुरा लेखेका छैनन्। नेपालमा चलेका अन्त्यपद्धतिहरुमा पनि यसको उल्लेख छैन। यो दान गर्ने कुरा पुराणले मात्र प्रतिपादन गरेको देखिन्छ, तयसो हुँदा वाजसनेयीहरुले नगर्दा पनि खास दोष लाग्ने चाहिं देखिदैन तापनि अधिक फलको चहना हुनेहरुले गर्नुनै राम्रो हुन्छ र व्यवहारमा गर्ने चलन पनि छ। गरुडपुराणमा र अन्त्यकर्म दीपकमा पनि उक्त तेह्र पदार्थको एक पद मानिएको छ। सक्ने मान्छेले त्यस्ता तेह्र पदार्थ मिलाइएका तेह्रवटा नै पददान गर्ने नसक्नेले तीनवटा, तीनवटा पनि नसकेमा एउटा पद चाहिं गर्नै पर्ने हुन्छ। एउटा पद भित्रका पदार्थ तेह्र जनालाई दिएको पनि पाइयो, तर त्यसो गर्नु भूल हो। माथि दिइएका छाता, जुत्ता, वस्त्र, औंठी आदि तेह्र पदार्थ मिलेको एउटा पद एकै जनालाई दिनुपर्छ।[1]

सेतो वस्त्र लगाउने र शय्यादान गर्ने

क्रियाकर्ताले सपिण्डीसम्मको क्रिया गर्दा लगाएको वस्त्र सपिण्डी गरिसके पछि त्याग गर्नुपर्छ र अर्को नयाँ सेतो वस्त्र लगाउनुपर्छ। सेतो वस्त्र पितृको निम्ति सुखकर हुन्छ, त्यसैले वावु आमा आदि मृतकको हित चहाने पुत्रादि क्रियाकर्ताले वर्षदिनसम्म नै सेतो वस्त्र लगाउनु पर्ने हुन्छ। सपिण्डीकरण पछि श्वेत वस्त्रधारण गरी शय्या दान पनि गर्नुपर्छ भन्ने वचन भएकोले सकेमा गर्नु नै राम्रो हुन्छ।[2] कसै कसैले एघारौंमा गर्नुको साथै बाह्रौं र तेह्रौं दिनमा पनि शय्यादान गरेको पाइन्छ। सामर्थ्य हुनेहरुले तीनै दिन गर्नु अति उत्तम मानिन्छ।

पुनः पाथेयश्राद्ध

सपिण्डी गरिसके पछि त्यसै दिनमा वा तेह्रौं दिनमा प्रेतलोकबाट पितृलोकमा जाँदा बाटामा मृतकलाई भोक तिर्खा आदिबाट बाधा नहोस् सुख प्राप्ति होस् भन्ने उद्देश्यले यो श्राद्ध गर्ने गरिन्छ र गर्नु पर्छ पनि।

शुद्ध शान्ति

पारस्करगृह्यसूत्रमा र प्रमुख स्मृतिहरुमा पनि शुद्ध शान्तिको विधान देखिदैन तापनि आश्वलायनादि गृह्यसुत्रकारले र अन्य धेरै निबन्धकारहरुले पनि त्रयोदशाहमा विनायक पूजा स्वस्तिवाचनादि गरी शान्ति गर्ने कुरा गरेका छन्। अग्नि स्थापना गरी हवन गर्ने कुराको उल्लेख चाहिं त्यति पाइँदैन तापनि हाम्रो नेपालमा हवन गर्ने चलन पनि छ। अग्निस्थापन गरी हवनका साथ गर्नु नै वेश हुन्छ। कर्मकाण्ड प्रदीपमा पनि मङ्गलाभ्युदयको निम्ति विनायकपूजा, स्वस्तिवाचन, यमपूजा, जप पाठ, अभिषेक आदि विभिन्न कार्य गरी शान्ति गर्नु पर्ने कुरा लेखिएको छ र व्यवहारमा पनि त्यस्तै नै गर्ने गरिएको छ[3] र गर्दै जानु पर्ने पनि हुन्छ।

मासिक श्राद्ध

एक वर्षसम्मका प्रत्येक महिनाका मृतपक्ष र तिथिमा मासिक श्राद्ध गरी वर्षदिन पुगे पछि सपिण्डी गर्ने मुख्य पक्ष रहेको भए तापनि कलियुगमा बाह्रौं दिनमा पनि गर्न सकिने शास्त्रीय व्यवस्था भएको हुँदा त्यसैदिन गर्ने गरिएको हो। बाह्रौं दिनमा सपिण्डी गर्ने चलन भएको हुँदा सपिण्डी गर्नुभन्दा अगाडि गरिसक्नु पर्ने आद्यमासिकादि सोह्र मासिक मलमास पर्ने वर्ष भए सत्र मासिकश्राद्ध एकादशाहमानै गरिन्छन्। तथापि आद्यमासिक बाहेक अरु पन्ध्र मासिक चाहिं पुनः दोहोऱ्याई प्रत्येक महिनाको आ-आफ्नै दिनमा गर्नुपर्छ। देहोऱ्याइएका मासिकमा पिण्ड चाहिं दिनु पर्दैन। प्रत्येक मासिकमा सान्नोदक कुम्भदान भने गर्नुपर्छ। वर्षदिनसम्मका प्रत्येक दिन गरिने सान्नोदक कुम्भदान चाहिं एघारौं दिनमा गरिन्छन्। प्रत्येक महिनामा गर्नु पर्ने भनिएका सान्नोदक कुम्भदान चाहिं मासिक श्राद्धका दिन गरिन्छ।[४]

मलमासमा मर्नेको मासिक र वार्षिकश्राद्ध

मलमास पर्ने महिनाको शुरुमा आउने औंशीको घडिपला सकिए पछि प्रतिपदाको घडि शुरु भए पछि त्यसै घडिदेखि मलमास शुरु हुन्छ र शुरु भएको एक महिना पछि आउने औंशीको अन्तिम घडिपलासम्म रहन्छ। त्यस अवधि भित्र मर्ने मान्छेलाई मलमासमा मरेको मानिन्छ। मलमासमा पर्नेको आद्यमासिक एघारौं दिनमा र दाश्रो शुद्ध महिनाको

१. छत्रोपानहवस्त्राणि.......................। प्रदद्याद् द्वादशे ऽ हनि ॥ ग.पु १३।८३-८५
२. एवं सपिण्डनं कृत्वा क्रियावस्त्राणि संत्यजेत्। शुक्लाम्बरधरो भूत्वा शय्यादानं प्रदापयेत् ॥ अ.क.दी.पृ. ९३ टि. २
३. (क) क.का.प्र.पृ. ४३१
(ख) नि.सि.पृ. ७०२
४. या.स्मृ. १।२५५-२५६, १९-पु.चि.पृ. १५-१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृतपक्षको मृत तिथिमा समेत गरी दुई पटक गर्नुपर्छ। ऊनमासिक पछिल्लो पटक आद्यमासिक गरेको एक महिना नपुग्दै गर्नुपर्छ। द्वितिय मासिक दोश्रो महिना पूरा भए पछि तेश्रो महिनाको शुरुको मृतपक्षको मृत तिथिमा र त्रैपाक्षिक मासिक द्वितिय मासिक गरेको पन्ध दिनमा आउने मृत तिथि (लगभग ७५ दिनमा) मा गर्नुपर्छ। अरु बाँकी मासिक आ-आफ्नो कालमा गरिन्छन्।[1] मलमासमा मर्नेको मासिक र वार्षिक श्राद्ध गर्नु पर्ने दिन उदाहरणको निम्ति तल दिइन्छन्-

मलमास वैशाख जेठ असार साउन आदि धेरै महिनामा पर्नसक्छ। कुनै वर्षमा वैशाखमा पर्छ भने कुनैमा जेठ, कुनैमा असार र कुनैमा साउन मनिामा पनि पर्न सक्छ। जुन महिनामा परे तापनि मासिक र वाषिृक श्राद्ध गर्नको लागि नियम एउटै हुन्छ। यहाँ आषाढ महिनामा परेको मलमासमा मर्नेको मासिक र वार्षिक श्राद्ध कुन-कुन दिनमा गर्नुपर्छ भन्ने कुराको निर्णय स्पष्ट रुपमा तल दिइएको छ। मासिक तिथि अनुसार गर्नु पर्ने भएको हुँदा तिथि घटबढ भएमा तल दिएको दिन संख्यामा पनि एक दुई दिन घटी वढी हुनसक्छ।

उदाहरण

अधिकाषाढ शुक्ल एकादशीमा मर्नेको

एकादशाहमा आद्यमासिक (११ दिन)
शुद्धाषाढ शुक्ल एकादशीमा पुन : आद्यमासिक (३० दिन)
श्रावण शुक्ल एकादशी नपुग्दै ऊनमासिक (५९ दिन)
श्रावण शुक्ल एकादशीमा द्वितिय मासिक (६० दिन)
भाद्रकृष्ण एकादशीमा त्रैपाक्षिक मासिक (७५ दिन)
भाद्रशुक्ल एकादशीमा तृतीय मासिक (९० दिन)
आश्विनशुक्ल एकादशीमा चतुर्थ मासिक (१२० दिन)
कार्तिकशुक्ल एकादशीमा पञ्चम मासिक (१५० दिन)
मार्गशुक्ल एकादशीमा षष्ठ मासिक (१८० दिन)
पौषशुक्ल एकादशी नपुग्दै ऊनषाण्मासिक (२०९ दिन)
पौषशुक्ल एकादशीमा सप्तम मासिक (२१० दिन)
माघशुक्ल एकादशीमा अष्टम मासिक (२४० दिन)
फाल्गुणशुक्ल एकादशीमा नवम मासिक (२७० दिन)
चैत्रशुक्ल एकादशीमा दशम मासिक (३०० दिन)
वैशाखशुक्ल एकादशीमा एकादश मासिक (३३० दिन)
जेष्ठशुक्ल एकादशीमा द्वादश मासिक (३६० दिन)
आषाढशुक्ल एकादशी नपुग्दै उनाब्दिक श्राद्ध (३८९ दिन)
आषाढशुक्ल एकादशीमा बरखी (वार्षिक) श्राद्ध (३९० दिन)

अधिकाषाढ कृष्ण पञ्चमीमा मर्नेको

एकादशाहमा आद्यमासिक (११ दिन)
श्रावणकृष्ण पञ्चमीमा पुन : आद्यमासिक (३० दिन)
भाद्रकृष्ण पञ्चमी नपुग्दै ऊनमासिक (५९ दिन)
भाद्रकृष्ण पञ्चमीमा द्वितिय मासिक (६० दिन)
भाद्रशुक्ल पञ्चमीमा त्रैपाक्षिक मासिक (७५ दिन)
आश्विनकृष्ण पञ्चमीमा तृतीय मासिक (९० दिन)
कार्तिककृष्ण पञ्चमीमा चतुर्थ मासिक (१२० दिन)
मार्गकृष्ण पञ्चमीमा पञ्चम मासिक (१५० दिन)
पौषकृष्ण पञ्चमीमा षष्ठ मासिक (१८० दिन)
माघकृष्ण पञ्चमी नपुग्दै ऊनषाण्मासिक (२०९ दिन)
माघकृष्ण पञ्चमीमा सप्तम मासिक (२१० दिन)
फाल्गुणकृष्ण पञ्चमीमा अष्टम मासिक (२४० दिन)
चैत्रकृष्ण पञ्चमीमा नवम मासिक (२७० दिन)
वैशाखकृष्ण पञ्चमीमा दशम मासिक (३०० दिन)
जेष्ठकृष्ण पञ्चमीमा एकादश मासिक (३३० दिन)
आषाढकृष्ण पञ्चमीमा द्वादश मासिक (३६० दिन)
आषाढशुक्ल एकादशी नपुग्दै उनाब्दिक श्राद्ध (३८९ दिन)
श्रावणकृष्ण पञ्चमीमा बरखी (वार्षिक) श्राद्ध (३९० दिन)

मलमास नपर्ने वर्ष चान्द्रमान अनुसार चैत्र शुक्लबाट वर्षारम्भ हुन्छ। अमान्तमासलाई मुख्य र पूर्णान्त मासलाई गौण मान्ने हाम्रो परम्परा रहेकोले नेपालमा प्रचलित पञ्चाङ्गहरुमा पनि चैत्रशुक्लबाट नै वर्षारम्भ देखाइएको हुन्छ, अर्थात् पञ्चाङ्गको पहिलो पेजमा चैत्रशुक्लनै लेखिन्छ। मलमास पर्ने वर्षमा भने त्यस्तो नभई वैशाख कृष्णपक्षबाट वर्षारम्भ भएको हुन्छ। अर्थात् पञ्चाङ्गको प्रारम्भमा वैशाख कृष्ण लेखिन्छ। मलमास चान्द्रमान अनुसार पर्ने हुन्छ। मलमास परेको महिनामा सामान्यतया साठी तिथि (साठी दिन) हुन्छन्। साठी तिथिमा क्रमशः शुद्ध कृष्ण, अधिक शुक्ल, अधिक कृष्ण र शुद्ध शुक्ल यी चार पक्ष हुन्छन्। अधिक शुक्ल अगाडि आई पछाडि मात्र शुद्ध शुक्ल पक्ष आउने भएको हुँदा अधिक शुक्लको कुनै पनि तिथिमा मर्ने मान्छेको दोश्रो पटक गरिने आद्य मासिक त्यसै महिनाको शुद्ध शुक्लको मृत तिथिमा गर्न पाइन्छ माथिको उदाहरणमा यही देखाइएको छ दोश्रो पटक आद्यमासिक गरिने पक्षको तिथिनै मृत तिथि मानिने भएको हुँदा वार्षिक श्राद्धको महिना पक्ष र तिथि पनि त्यही हुन्छ। उदाहरणमा पनि यही कुरा देखाइएको छ- अधिकाषाढ शुक्ल एकादशीमा मर्नेको आगामी वार्षिक श्राद्ध पनि आषाढ शुक्ल एकादशीमा नै गर्न पाइन्छ। अधिक आषाढ कृष्णमा मर्नेको भने त्यस्तो हुँदैन अर्थात् आगामी वर्ष आषाढ कृष्णमा नै वार्षिक श्राद्ध गर्न पाईंदैन पहिला अधिक कृष्ण आई पछि शुद्ध कृष्ण नआउने भएकोले। त्यस्तै दोश्रो पटक गरिने आद्यमासिक श्राद्ध पनि शुद्धाषाढ कृष्णमा गर्न नपाई श्रावण कृष्णमा गर्नु पर्ने हुन्छ, माथि दिइएको उदाहरणम पनि त्यही देखाइएको छ। दोश्रो आद्यमासिक जुन महिनाको जुन पक्षको जुन तिथिमा गरिन्छ मृत तिथि त्यही मात्र पर्ने भएकोले वार्षिक श्राद्ध पनि त्यही महिना र पक्षको त्यही तिथिमा गर्नुपर्छ। माथिको उदाहरणमा त्यही कुरा देखाइएको छ- अधिकाषाढ कृष्ण पञ्चमीमा मर्नेको वार्षिक श्राद्ध आउने वर्षको श्रावण कृष्ण पञ्चमीमा गर्नु पर्ने हुन्छ। मलमासका अन्य तिथिमा मर्नेहरुको पनि वार्षिक गर्दा यस्तै हुन्छ।

बरखी बार्ने

बावु आमा र पतिको मरण हुँदा बाह्रै दिनमा सपिण्डी गरे तापनि प्रेतत्व निवृत्ति चाहिं एकवर्ष नपुगेसम्म हुँदैन भन्ने शास्त्रीय धारणा रहेकोले पुत्र र पतनी वर्षदिनसम्म निश्चयनै प्रेताक्रान्त हुन्छन्, त्यसैले गर्दा अशुद्ध पनि हुनछन्। त्यस्तो अवस्थामा मृतक (प्रेत) आफ्ना छोरा र पत्नीको पवित्र शरीर, शुद्ध आहार, शुद्ध सफेद पहिरनादिबाट सुख एवं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिको पूर्ण अनुभूति गर्दछ । त्यसैले हविष्यान्न भोजन, शुद्ध सेतो वस्त्र धारण+ शुद्ध भइँमा र राडी आदि शुद्ध सेतो वस्त्रादिमा शयन, पवित्र जल पान आदि शास्त्रले भने वमोजिम नियम पालन गरी बस्नु पर्छ । यसरी बस्नुलाई नै वरखी बार्ने भनिन्छ ।

ऊनमासिक

तेह्र दिन वितेपछि महिना दिनको मासिक नगर्दै गरिने मासिकलाई ऊनमासिक भनिन्छ । यो मासिक जुराएर मात्र गर्नु पर्ने शास्त्रीय व्यवस्था छ । कसैले ऊनपाण्मासिक र ऊनाब्दिक पनि जुराउने गरेको पाइन्छ र जुराएर गर्दा राम्रो पनि हुन्छ । जुराउँदा त्रिपुष्कर र द्विपुष्कर योग । परेवा, षष्ठी, एकादशी, चतुर्दशी र औंशी तिथि । शुक्रवार र कृत्तिका नक्षत्र पार्न हुँदैन ।=

मासिक काल

मासिक श्राद्धलाई एकोद्दिष्ट नै मानिन्छ । एकोद्दिष्ट श्राद्धको मुख्यकाल मध्याह्न हो तापनि सो काल प्राप्त हुन नसकेमा निषेध नगरिएको सङ्गव कालमा पनि एकोद्दिष्ट श्राद्ध गर्न सकिने शास्त्रीय व्यवस्था रहेको पाइन्छ ।[१] पुनः मासिकमा पिण्ड दिइँदैन सिधा र सान्नोदक कुम्भदान मात्र गरिन्छ त्यसो हुँदा मासिक श्राद्धलाई आम श्राद्ध जस्तै पनि पनि मानिएको छ । आमश्राद्ध पूर्वाह्णमा गर्नु पर्ने हुन्छ ।[२] त्यसो हुँदा मासिक पनि पूर्वाह्णमानै गर्दा हुने देखिन्छ । पूर्वाह्णमा नै भनेर यहाँ सङ्गवकाललाई लिनुपर्छ । सङ्गवकाल प्रातः काल विते पछि शुरु हुन्छ । दिनमानलाई पाँच भाग लगाउँदा प्राप्त काल सामान्यतया ६ घडीको हुन्छ । अतः ६ घडी दि विते पछिको दोश्रो ६ घडीको सङ्गव काल नै मासिक श्राद्धको मुख्य काल हो ।

मासिक अड्किएमा

जूठो सूतकादि कुनै कारणवश मासिक अड्किएमा अड्किएको मासिक आशौचान्तमा वा एकादशीमा गर्नुपर्छ भन्ने केहीकोभानाइ रहेको छ भने अन्य केहीले आउने अर्को मासिकको दिन गर्दा पनि हुन्छ भनेका छन् । व्यवहारमा धेरैले त्यसै गर्छन् । दुवै मासिक एकै दिन गर्नु पर्दा पहिला अड्केको मासिक गरी सवै सामग्री पन्छाई स्नान गर्नुपर्छ, अनि मात्र साविकको मासिक गर्नु पर्ने हुन्छ ।[३]

मासिकमा वा वार्षिकमा पत्नी रजस्वला भएमा

मासिकमा वा वार्षिक श्राद्धमा पत्नी रजश्वला भइन् भने पाँचौ दिनमा गर्नु पर्ने कुरा कसैले गरेका छन् भने कसैले गरेका छन् भने कसैले सबै श्राद्ध सामग्री आफैंले तयार गरी त्यसै दिनमानै गर्नुपर्छ भनेका छन् । शास्त्र केलाएर हेर्दा आफैंले सामग्री ठीक पारी त्यसै दिन गर्नु पर्ने अड्काउन नहुने देखिन्छ ।[४] श्राद्ध सामग्री र श्राद्ध गरेको चाहिं रजश्वलाले हेर्न नहुने अन्यत्र लाग्नु पर्ने कुरा शास्त्रकारले गरेका छन् ।[५] रजश्वला आफैंले पतिको मासिक वा वार्षिक गर्नु पर्ने भएमा भने रक्तस्राव हुन छोडिसकेको निश्चित छ भने पाँचौ दिनमानै गरे पनि हुन्छ, यदि निश्चित छैन भने सातौं दिनमा गर्नुपर्छ ।[६]

मासिक वा वार्षिकमा ग्रहण परेमा

सपिण्डीकरण मासिक वा वार्षिक श्राद्ध गर्नु पर्ने दिन ग्रहण (ग्रहण सूतक) लाग्ने भएमा पनि यी श्राद्ध त्यसै दिन यथासमयमा पायसपिण्ड दिएर नै गर्नुपर्छ । पायस पिण्ड दिन नमिलेमा आमान्नले वा सुवर्णद्वारा गर्दा पनि हुन्छ, अड्काउन हुँदैन । "सपिण्डीकरण" श्राद्ध भने पायस पिण्ड दिएर नै गर्नु पर्छ, आमान्नादिद्वारा गर्न हुँदैन । सपिण्डी पछि वर्षदिनसम्म

\+ पुत्र र पत्नीलाई वर्षदिनसम्म पैतले छोड्दैन, उनीहरुले गरेको मासिक र उदककुम्भदानादि क्रियाद्वारा प्रेतत्वबाट मुक्ति पाउने आशामा उनीहरुको वरिपरि घुमिनै रहन्छ, उनीहरुले गरेको काम , खाएको अन्नादि र लगाएको वस्त्र हेरिनै रहन्छ, गातो कालो छिरविरे आदि रङ्गी चङ्गी वस्त्र लगाएको देखेमा प्रेत ज्यादै भयभित र दुःखानुभूत पनि हुन्छ, त्यसैले पेतको सुख शान्ति एवं सद्गतिको निम्ति र आफ्नो कर्तव्य पूर्तिको लागि पनि चोखो खानु र शुद्ध सेतो एकसरो वस्त्र लगाउनु पर्ने भएको हो ।

= द्विपुष्करे च नन्दासु ह्यमायां च भृगोर्दिने । चतुर्दश्यां च नोनानि कृत्तिकासु त्रिपुष्करे ॥

१. यदा तु प्रशस्तमध्याह्नादिकालालाभ एकोद्दिष्टादौ न भवति तदा ऽ निषिद्धसङ्गवादिकालेषु एकोद्दिष्टादिकं कर्तव्यमिति । श्रा वि पृ ३८

२. आमश्राद्धं द्विजैः पूर्वाह्णे कार्यम् । ध सि पृ ८२७

३. श्रा.वि.पृ.२६

४. प्रत्याब्दिकं मासिकं च रजोदोषे ऽ पि तद्दिन एव कार्यम् । ध सि.पृ. ८३७

५. तद्दिने करणपक्षे श्राद्धकाले रजश्वला दर्शनादिकं वर्ज्यम् । ध सि.पृ. ८३७

६. अपुत्रा तु यदा भार्या संप्राप्ते भर्तुराब्दिके । रजश्वला भवेत्सा तु कुर्यात्तत्पञ्चमेहनि ॥ नि सि पृ ६३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिको पूर्ण अनुभूति गर्दछ । त्यसैले हविष्यान्न भोजन, शुद्ध सेतो वस्त्र धारण+ शुद्ध भइँमा र राडी आदि शुद्ध सेतो वस्त्रादिमा शयन, पवित्र जल पान आदि शास्त्रले भने बमोजिम नियम पालन गरी बस्नु पर्छ । यसरी बस्नुलाई नै वरखी बार्ने भनिन्छ ।

ऊनमासिक

तेह्र दिन बितेपछि महिना दिनको मासिक नगर्दै गरिने मासिकलाई ऊनमासिक भनिन्छ । यो मासिक जुराएर मात्र गर्नु पर्ने शास्त्रीय व्यवस्था छ । कसैले ऊनषाण्मासिक र ऊनाब्दिक पनि जुराउने गरेको पाइन्छ र जुराएर गर्दा राम्रो पनि हुन्छ । जुराउँदा त्रिपुष्कर र द्विपुष्कर योग । परेवा, षष्ठी, एकादशी, चतुर्दशी र औंशी तिथि । शुक्रबार र कृत्तिका नक्षत्र पार्न हुँदैन ।=

मासिक काल

मासिक श्राद्धलाई एकोद्दिष्ट नै मानिन्छ । एकोद्दिष्ट श्राद्धको मुख्यकाल मध्याह्न हो तापनि सो काल प्राप्त हुन नसकेमा निषेध नगरिएको सङ्गव कालमा पनि एकोद्दिष्ट श्राद्ध गर्न सकिने शास्त्रीय व्यवस्था रहेको पाइन्छ ।[१] पुनः मासिकमा पिण्ड दिइँदैन सिधा र सान्नोदक कुम्भदान मात्र गरिन्छ त्यसो हुँदा मासिक श्राद्धलाई आम श्राद्ध जस्तै पनि पनि मानिएको छ । आमश्राद्ध पूर्वाह्णमा गर्नु पर्ने हुन्छ ।[२] त्यसो हुँदा मासिक पनि पूर्वाह्णमानै गर्दा हुने देखिन्छ । पूर्वाह्णमा नै भनेर यहाँ सङ्गवकाललाई लिनुपर्छ । सङ्गवकाल प्रातः काल विते पछि शुरु हुन्छ । दिनमानलाई पाँच भाग लगाउँदा प्राप्त काल सामान्यतया ६ घडीको हुन्छ । अतः ६ घडी दि विते पछिको दोश्रो ६ घडीको सङ्गव काल नै मासिक श्राद्धको मुख्य काल हो ।

मासिक अड्किएमा

जूठो सूतकादि कुनै कारणवश मासिक अड्किएमा अड्किएको मासिक आशौचान्तमा वा एकादशीमा गर्नुपर्छ भन्ने केहीकोभानाइ रहेको छ भने अन्य केहीले आउने अर्को मासिकको दिन गर्दा पनि हुन्छ भनेका छन् । व्यवहारमा धेरैले त्यसै गर्छन् । दुवै मासिक एकै दिन गर्नु पर्दा पहिला अड्केको मासिक गरी सबै सामग्री पन्छाई स्नान गर्नुपर्छ, अनि मात्र साविकको मासिक गर्नु पर्ने हुन्छ ।[३].

मासिकमा वा वार्षिकमा पत्नी रजस्वला भएमा

मासिकमा वा वार्षिक श्राद्धमा पत्नी रजश्वला भइन् भने पाँचौ दिनमा गर्नु पर्ने कुरा कसैले गरेका छन् भने कसैले गरेका छन् भने कसैले सबै श्राद्ध सामग्री आफैंले तयार गरी त्यसै दिनमानै गर्नुपर्छ भनेका छन् । शास्त्र केलाएर हेर्दा आफैंले सामग्री ठीक पारी त्यसै दिन गर्नु पर्ने अड्काउन नहुने देखिन्छ ।[४] श्राद्ध सामग्री र श्राद्ध गरेको चाहिं रजश्वलाले हेर्न नहुने अन्यत्र लाग्नु पर्ने कुरा शास्त्रकारले गरेका छन् ।[५] रजश्वला आफैंले पतिको मासिक वा वार्षिक गर्नु पर्ने भएमा भने रक्तस्राव हुन छोडिसकेको निश्चित छ भने पाँचौ दिनमानै गरे पनि हुन्छ, यदि निश्चित छैन भने सातौं दिनमा गर्नुपर्छ ।[६]

मासिक वा वार्षिकमा ग्रहण परेमा

सपिण्डीकरण मासिक वा वार्षिक श्राद्ध गर्नु पर्ने दिन ग्रहण (ग्रहण सूतक) लाग्ने भएमा पनि यी श्राद्ध त्यसै दिन यथासमयमा पायसपिण्ड दिएर नै गर्नुपर्छ । पायस पिण्ड दिन नमिलेमा आमान्नले वा सुवर्णद्वारा गर्दा पनि हुन्छ, अड्काउन हुँदैन । "सपिण्डीकरण" श्राद्ध भने पायस पिण्ड दिएर नै गर्नु पर्छ, आमान्नादिद्वारा गर्न हुँदैन । सपिण्डी पछि वर्षदिनसम्म

\+ पुत्र र पत्नीलाई वर्षदिनसम्म पैतले छोड्दैन, उनीहरुले गरेको मासिक र उदककुम्भदानादि क्रियाद्वारा प्रेतत्वबाट मुक्ति पाउने आशामा उनीहरुको वरिपरि घुमिनै रहन्छ, उनीहरुले गरेको काम , खाएको अन्नादि र लगाएको वस्त्र हेरिनै रहन्छ, रातो कालो छिरविरे आदि रङ्गी चङ्गी वस्त्र लगाएको देखेमा प्रेत ज्यादै भयभित र दु :खानुभूत पनि हुन्छ, त्यसैले पेतको सुख शान्ति एवं समुन्नतिको निम्ति र आफ्नो कर्तव्य पुर्तिको लागि पनि चोखो खानु र शुद्ध सेतो एकसरो वस्त्र लगाउनु पर्ने भएको हो ।

= द्विपुष्करे च नन्दासु ह्यमायां च भृगोर्दिने । चतुर्दश्यां च नोनानि कृत्तिकासु त्रिपुष्करे ॥

१. यदा तु प्रशस्तमध्याह्नादिकालालाभ एकोद्दिष्टादौ न भवति तदा ऽ निषिद्धसङ्गवादिकालेषु एकोद्दिष्टादिकं कर्तव्यमिति । श्रा.वि.पृ ३८

२. आमश्राद्धं द्विजै : पूर्वाह्णे कार्यम् । ध.सि पृ ८२७

३. श्रा.वि.पृ.२६

४. प्रत्याब्दिकं मासिकं च रजोदोषे ऽ पि तद्दिन एव कार्यम् । ध.सि.पृ. ८३७

५. तद्दिने करणपक्षे श्राद्धकाले रजश्वला दर्शनादिकं वर्ज्यम् । ध.सि.पृ. ८३७

६. अपुत्रा तु यदा भार्या संप्राप्ते भर्तुराब्दिके । रजश्वला भेवेत्सा तु कुर्यात्तत्पञ्चमेहनि ॥ नि.सि.पृ ६३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिने मासिकमा आमान्न दान मात्र गरिने हुँदा ग्रहण दोषको विचार गरिरहनु पर्दैन ।[१]

बाबुको बरखीमा आमाको मृत्यु भएमा

बाबुको बरखी बारिरहेको बखत आमाको मृत्यु हुन गएमा आमाको दशाहादि सबै क्रिया गर्नुको साथै मासिक पनि गर्दै जानुपर्छ । बाबुको मासिक र वार्षिक श्राद्ध पनि यथा समयमा हुन्छ । बाबुआमाको मरणमा एकवर्षसम्म पुत्र देह अशुद्ध हुने हुँदा सो अवधि भित्र दैवकार्य वा पितृ कार्य कुनै पनि गर्न हुँदैन भन्ने नियम यहाँ लाग्दैन ।[२] अत: आमाको दशाहाशौच भित्र पर्ने बाहेक अन्य समयमा पर्ने बाबुको मासिक होस् वा वार्षिक, आमाको मरणको कारण रोक्न हुँदैन । पारस्कर भाष्यमा यो कुरा पुष्टि गर्ने बृहस्पतिको स्पष्ट वचन छ[३] तथापि हाम्रो नेपालका केही विद्वानहरुले "प्रमीतौ पितरौ यस्य.........." वचनको आधारमा आमाको बरखी भित्र बाबुको वार्षिक (बरखी) श्राद्ध गर्न हुँदैन, बाबु आमा दुवैको एकैदिन गर्नुपर्छ भन्ने गरेको पाइन्छ, तर "प्रमीतौ पितरौ यस्य.........." र "पितर्युपरते पुत्र......" यी दुवै वचनको बलाबलको बारेमा विशेष विचार गर्दा "प्रमीतौ पितरौ यस्य.........." यो वचन सामान्य र वर्षान्तसपिण्डनपरक पनि देखिन्छ भने "पितर्युपरते पुत्र......" यसले द्वादशाहमा सपिण्डी भइसके पछि आमाको बरखी नै भएता पनि बाबुको बरखी गर्न हुन्छ भनी विशेष विधान गरेकोले यो वचन विशेष देखिन्छ । " सामान्य शास्त्रतो नूनं विशेषो बलवान् भवेत्" सामान्य भन्दा विशेष वचननै बलवान हुन्छ भनी शास्त्रले ठोकुवा गरेको हुँदा यही विशेष वचनको आधारमा आमाको बरखीले बाबुको बरखी (वार्षिक) श्राद्ध निश्चयनै रोकिने देखिंदैन । बरखी मात्र होइन प्रत्येक वर्ष छिन्न तिथिमा गरिने एकोद्दिष्ट श्राद्ध पनि रोहिंदैन गर्न हुन्छ, अरको चाहिं हुँदैन । आमाको बरखी भने आमाकै वर्षदिन पुगेको तिथिमा गर्नुपर्छ ।

आमाको बरखीमा बाबुको मृत्यु भएमा

आमाको मृत्यु भएको वर्ष दिन भित्र बाबुको मरण भएमा बाबु आमा दुवेको वार्षिक श्राद्ध एकै दिन गर्नुपर्छ । उकै दिन गर्दा बाबुको मृत्यु पछाडि भएको भएता पनि पहिला बाबुको गरी स्नान गर्नुपर्छ, अनि मात्र आमाको गर्नु पर्ने हुन्छ । आमाको उनाब्दिकसम्मका मासिक यथासमयमा गरी वार्षिक श्राद्धको निम्ति बाबुको वर्षदिन नपुगेसम्म चूप लागी बस्नुपर्छ । बाबुको दशाहाशौच भित्र आमाको मासिक पर्ने भयो भने सो मासिक बाबुको आशौच सकिए पछि गरिने आमाकै मासिकको दिन गर्नुपर्छ । दुवै मासिक एकै दिन गर्नुपर्दा पहिला अड्किएको मासिक गरी पछि साविकको गर्नु पर्ने हुन्छ ।

बाबुआमाको बरखीमा अरुको क्रिया

बाबुआमाको बरखी बारेको वर्षमा अरु कसैको पनि क्रिया गर्न सामान्यतया हुँदैन तापनि पत्नी, छोरा, छोराबुहारी, नाति, दाजुभाइ, दाजुभाइका छोरा, जेठा कनछा बाबु र जेठी कान्छी आमाको मृत्यु भयो र क्रिया गर्ने मान्छे कोही छैन भने त्यस्तो अवस्थामा तिनीहरुको दाहसंस्कार देखि सपिण्डीसम्मका क्रिया गर्न हुने नै देखिन्छ र व्यवहारमा पनि गर्न पर्ने नै हुन्छ ।

बाबुको बरखीमा अरुको श्राद्ध

बाबुको बरखी बार्नेले आमाको र अरु कसैको पनि श्राद्ध गर्न हुँदैन । आमाको बरखी बार्नेले भने बाबुको श्राद्ध चाहिं गर्न हुन्छ अरु कसैको पनि हुँदैन ।[४]

बाबु आमा आदिको आशौचावधि र मङ्गलकार्य

बाबु, आमा र पतिको एकवर्ष, सौतेनी आमाको र गुणवति पत्नीको ६ महिना+, गुणहीन साधारण पत्नीको ३ महिना, औरस छोराको र सहोदर दाजुभाइको पैंतालिस दिन, चारपुस्ता भित्रका अरु दाजुभाईको एक महिना आशौचको दोष लाग्छ ।[६] सो अवधि भित्र विवाह व्रतबन्ध सप्ताह शिवपूजा गृहप्रवेश आदि कुनै पनि मङ्गल कार्य गर्न हुँदैन । बाबु,

---

१. ग्रहणदिने पित्रादेर्वार्षिका श्राद्ध प्राप्तौ सतिसम्भवे ऽ न्नेन कार्यम् । ब्राह्मणाद्यलाभेनासंभवे तु आमेन हेम्ना वा कार्यम् । ध.सि.पृ.६८

२. प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्यं यावत्पूर्णो न वत्सर : ॥ नि.सि.पृ.८२०

३. पितर्युपरते पुत्रो मातु : श्राद्धान्निवर्तते । मार्तर्यपि च वृत्तायां पितृश्राद्धादृते समम् । नि.सि.पृ.८२१

४. (क) पत्नी पुत्र स्तथा पौत्रो भ्राता ततनय : स्नुषा । माता पितृव्यश्चैतेषां महागुरुर्निपातने ॥
कुर्यात्सपिण्डनं श्राद्धं नान्येषा तु कदाचन । एकादशाह पर्यन्तं प्रेतश्राद्धं चरेत्सदा ॥ ध.सि.पृ.९६२
(ख) माता चैव तथा भ्राता भार्या पुत्र स्तथा स्नुषा । एषां मृतौ चरेच्छ्राद्धमन्यस्य न पुन : पितु : ॥ नि.सि.पृ.२१

५. पितर्युपरते पुत्रो मातु : श्राद्धान्निवर्तते । मातर्यपिच वृत्तायां पितृश्राद्धादृते समम् । नि.सि.पृ.८२१

\+ एवं गुणवत्तरभार्याया : षण्मासपर्यन्तं प्रतिक्षा । ध.सि.पृ. ४७४

६. पित्रोरब्दमशौचं स्यात्षण्मासं मातृरेव च । त्रैमासिकं तु भार्याया स्तदर्ध भ्रातृपत्रयो : ॥ नि.सि.पृ.८२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमा र पतिको एक वर्षसम्म नै आशौच रहने हुँदा उनीहरुको बाहेक[१] माथि दिइएका अरु व्यक्तिको आशौचको दोषमा विवाह व्रतवन्धादि मङ्गल कार्य नगरी नहुने स्थिति आएमा उक्त अवधि नाघे पछि वा अति संकट परेमा एक महिना मात्रै नाघे पछि पनि मासिक खिची शास्त्रदर्शित शान्ति गरी विवाहादि मङ्गल कार्य गर्न हुने देखिन्छ ।[२]

मङ्गल कार्य गर्ने अधिकार प्राप्तिको लागि गरिने विशेष शान्ति कृत्यका केही उदाहरण तल दिइन्छन्-

पत्नी, पुत्र, पितामह, पितामही र चारपुस्ता भित्रका अन्य दाजुभाईको मरणमा श्रीपूजनादि शान्ति गर्नुपर्छ भने सहोदर दाजुभाइ, भाउजु बुहारी, जेठा कान्छा बाबु र जेठी कान्छी आमाको मृत्युमा विनायक शान्ति गर्नु पर्ने शास्त्रीय निर्णय छ । पत्नी पुत्रादिको मृत्युबाट आफू र आफ्ना परिवारमा उत्पन्न शोक सन्ताप पीर बाधा सबै शान्त भइसकेको छ र शोक सन्तप्त सबैको मनमा रमाइलो लाग्न सक्छ भने मात्र यस्ता शान्ति गरी विवाहादि मङ्गल कार्य गर्न हुन्छ नत्र हुँदैन । बाबु आमा र पतिको आशौच एक वर्षसम्म नै हुने हुँदा सो अवधि भित्र जस्तो सुकै सङ्ट परे तापनि मासिक खिची मङ्गल कार्य गर्न हुँदैन भन्ने शास्त्रीय वयवस्था हुँदाहुँदै पनि कतिपय मानिसले बाबुआमाको मासिक खिच्ने र छोरीको विवाह, छोराको व्रतवन्ध जस्ता काम गर्ने गरेको पाइन्छ, त्यसो गर्नु सरासर शास्त्रीय मर्यादाको उल्लङ्घन गर्नु हो र प्रायश्चिभागी बन्नु हो । यस्ता क्रियाकलापलाई दुरुत्साहित गरी शास्त्रीय परम्परा जोगाउन सनातन धर्मानुयायी सबै सचेत हुनुपरेको छ ।

शिवपूजा र शिवालयमा दीपदान निषेध

बाबुआमा आदिको मृत्यु भएको वर्ष आशौची पुत्रादिले शिवालयमा जानु, शिवजीको दर्शन गर्नु, पूजा गर्नु आदि केही गर्न हुँदैन, दर्शन पूजाको त के कुरा शिवजीलाई मनले सम्झनसम्म पनि हुँदैन भन्ने शास्त्रीय निर्णय रहेको देखिन्छ[३] तापनि बालाचतुर्दशी आदिमा हाम्रो नेपालका पशुपतिनाथादि धेरै शिवमन्दिरहरुमा गई बरखी बारेका केही मान्छेहरुले मृतकको नाममा बत्ति बाल्ने शत बीज छर्ने शिवजीको पूजा दर्शन स्पर्श प्रदक्षिणा आदि गर्ने गरेको पाइन्छ । प्रेतात्माको सुख शान्तिको निम्ति एक वर्षसम्म प्रत्येक दिन दीपदान गर्नु पर्ने कुराको उल्लेख चाहिं शास्त्रकारले गरेका छन्,[४] तर शिवमन्दिरमा दीपदान गर्नु पर्ने कुरा भने कसैले पनि लेखेको देख्न पाइएको छैन । त्यसो हुँदा शास्त्र अनुसार बरखी बारेको वर्ष पशुपतिनाथ आदिमा बत्ति बाल्ने, शतबीज छर्ने जस्ता कार्य गर्नु पर्ने देखिंदैन ।

विशेष योगमा मर्नेको दाहविधि

पञ्चकमा मरेमा

धनिष्ठाको उत्तरार्धदेखि रेवतीसम्मका पाँच नक्षत्रले युक्त दिनलाई "पञ्चक" भनिन्छ । पञ्चकमा कसैको मृत्यु भयो र पञ्चकमानै जलाउन पर्ने भयो भने कुलमा अनिष्ट हुनुको साथै मृतकलाई पनि सद्गति प्राप्त हुन सक्दैन । अतः पञ्चकमा मरण भएको कारण कुलमा कुनै पनि अशुभ नहोस् र मृतकले पनि उत्तम गति प्राप्त गरोस् भन्ने उद्देश्यले पुत्तलादाह गर्नुको साथै शान्ति गर्नु पर्ने धारणा शास्त्र प्रयोजकहरुले राखेका छन् ।

पञ्चक नलाग्दै कसैको मृत्यु भएको छ तर दाहसंस्कार चाहिं पञ्चकमा गर्नु पर्ने भयो भने पुत्तला विधि मात्र गरे हुन्छ शान्ति गर्नु पर्दैन । मरण चाहिं पञ्चकमा भयो तर लाश जलाउने काम भने पञ्चक सकिए पछि गर्न पाइयो भने शान्ति मात्र गर्दा हुन्छ पुत्तलादाह गर्नु पर्दैन । मरण पञ्चकमा भएको छ र पञ्चकमानै लाश जलाइन्छ भने चाहिं पुत्तलादाह शान्ति दुवै विधि गर्नुपर्छ ।[५]

पुत्तलादाहविधि

प्रेतवाह, प्रेतसख, प्रेतप, प्रेतभूमि र प्रेतहर्ता नाम गरेका कुशका पाँच पुत्तला (शवप्रतिमा) बनाई उनको धागोले बेरी जौको पीठो लेपन गरी गन्धमाल्यादिले पुत्तलालाई सिंगार्नु पर्छ । यसरी पुत्तला तयार भइसके पछि "अमुकस्यधनिष्ठापञ्चकमरणसूचितवंशारिष्टविनाशार्थं पञ्चकविधिं करिष्ये" भनी सङ्कल्प गरी पुत्तलालाई नक्षत्र मन्त्रद्वारा अभिमन्त्रण गरी गन्धपुष्पाक्षतादिले पूजा गर्नुपर्छ । त्यसपछि शवलाई स्नान गराई पञ्चगव्य सेचन गरी चितामाथि राख्नुपर्छ र शवको शिरमा प्रेतवाह, आँखामा प्रेतसख, बायाँ कोखामा प्रेतप, नाभिमा प्रेतभुमिप र पाउमा प्रेतहर्ता नाम गरेका पुत्तला राख्ने र "यमाय सोमं र त्र्याम्बकं यजामहे" यी दुई मन्त्रले उक्त पाँच ठाउँमा उदक धारा पनि दिनुपर्छ । त्यस पछि प्रज्वलित अग्नि हातमा लिई बायाँ पट्टिबाट चिता धुमी हातको अग्नि शवको मुखमा राखिदिई जलाउनु पर्छ ।[६]

१. प्रमितौ पितरौ यस्य देहस्तश्याशुचिर्भवेत् । न दैवं नापि वा पित्र्य यावत्पूर्णो न वत्सर : ॥ ध सि पृ ४७४
२. वृद्धिप्राप्तौ तेषामप्यपकर्ष : स च चतु : पुरुष सपिण्डे ष्वेवेत्युक्तम् । ध सि पृ ९६०
३. विशेषत : शिवपूजां प्रमीतपितृको नर : । यावद्वत्सरपर्यन्तं मनसापि नचाचरेत् ॥ ध सि पृ ९६१ टि २
४. प्रत्यहं दीपको देयो मार्गे तु विषमे नरै : । यावत्संवत्सरवापि प्रेतस्य सुखलिप्सया ॥ अ.क दी.पृ ४४ टि १
५. ध.सि.पृ.९६३ नि.सि.पृ.पृ.८२४-८२५ अ क दी.पृ २१-२२
६. नि.सि.पृ.८२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिविधि

पञ्चकमरण शान्ति गर्दा बाहौं वा तेहौं दिनमा गर्नुपर्छ । ब्रह्मा, विष्णु, शिव, इन्द्र र वरुण प्रीतिको निम्ति माषमुद्‌ग स्वर्णगोभू आदि यथाशक्ति दान द्विजार्चन नक्षत्रका स्वामीको पूजा र हवनादि गर्नुको साथै कांस्यपात्रस्थित तेलमा आफ्नो मुखको छायाँ हेरी ब्राह्मणलाई दान दिनुपर्छ ।[1]

त्रिपुष्कर द्विपुष्कर योगमा मरेमा

भद्रातिथि (२,७,१२) रवि, भौम, शनिवार र त्रिपाद नक्षत्र (कृत्तिका), पुनर्वसु, उत्तरफाल्गुनी, विशाखा, उत्तरषाढा, (पूर्वाभाद्रपदा) यी तीनको योग भएमा त्रिपुष्कर योग हुन्छ । उक्त तिथि वार र मृगशिरा, चित्रा, धनिष्ठा नक्षत्रको योग भएमा द्विपुष्कर योग हुन्छ । यी योगमा कसैको मृत्यु हुन गएमा त्रिपुष्करमा भए तीन द्विपुष्करमा भए दुई पुत्तला बनाई सङ्कल्पपूर्वक मृतितिथ्यधिष्ठातृदेवतायै नमः, मृतिवाराधीशाय नमः भनी गन्धाक्षत पुष्पादिले आवाहन पूर्वक पहिलो पुत्तला मृतकको शिरमा, दोश्रो नेत्रमा र तेश्रो बायाँ कोखामा, द्विपुष्करमा भए शिरमा र नेत्रमा मात्र राखी[2] मन्त्रपूर्वक प्रत्येक पुत्तलामा धृताहुति र उदकधारा समेत दिई दाह गर्नुपर्छ । दाह गर्नु भन्दा अगाडि पुत्रादिले निन्दित योग मरणजनित दोषनिवृत्तिको लागि तीन प्राजापत्य कृच्छ प्रायश्चित वा "कृच्छ व्रतका अनुकल्प" शीर्षकमा दिइएको अनुकल्प पनि गर्नु पर्ने शास्त्रप्रयोजकहरुको धारणा रहेको छ ।

विशेष अवस्थामा मर्नेको दाहविधि

रजश्वलाको मरणमा

रजश्वला भएकी स्त्रीको मृत्यु भएमा मिलेसम्म रजश्वला भएको तीन रात पुगे पछि मात्र स्नान गराई दाहसंस्कार गर्नु राम्रो हुन्छ । तीन रात नपुग्दै जलाउनु पर्ने स्थिति भएमा लाश दाहस्थलमा पुऱ्याई जलाशयवाट भाँडामा झिकिएको चोखो जलले स्नान गराउनु पर्छ । त्यसपछि पुनः शुद्ध पात्रमा ल्याएको शुद्ध जलमा पञ्चगव्य मिसाई शुक्लयजुर्वेद संहिताका तल दिइएका तेह्र[3] मन्त्रले सो जल अभिमन्त्रण गरी त्यही जलले स्नान गराउनु पर्छ र रजश्वलामरणजनित दोष नाशको लागि पुत्रादि क्रियाकर्ताले तीन चान्द्रायण व्रत वा त्यसको अुकल्प पनि गर्नुपर्छ । त्यसपछि नयाँ शुद्ध ओढाई दाह गर्नुपर्छ ।

सूतिकाको मरणमा

सुत्केरी स्त्रीको मृत्यु भएमा पनि रजश्वलालाई जस्तै शुक्लयजुर्वेदका तेह्र मन्त्रले अभिमन्त्रण गरिएको जलले र पञ्चगव्यले स्नान गराई दाह गर्नुपर्छ ।[4] पुत्रादि कर्ताले सुतिका मरणजनित दोष (पाप) नाशको निम्ति गर्नुपर्ने प्रायश्चित्त चाहिं निम्नानुसार हुन्छ- सुत्केरी भएको तीन दिन भित्र मरेमा नब्बे कृच्छ, छ दिन भित्र मरेमा साठी कृच्छ, नौ दिन भित्र मरेमा तीस कृच्छ व्रत गर्नुपर्छ । यी पक्षमा अगाडिका दुई पक्ष गर्न नसक्नेले सूतकभित्र जुन दिन मरे तापनि अन्तिम पक्ष अर्थात् तीस कृच्छव्रत मात्र गर्दा पनि हुने नै देखिन्छ । कृच्छव्रत गर्न नसक्नेले "कृच्छव्रतका अनुकल्प" शीर्षकमा दिइएको अनुकल्प गर्नु पर्ने हुन्छ । नौ दिन वितिसके पछि छोरो पाएकोमा वीसदिनसम्म र छोरी पाएकोमा तीस दिनसम्म मरेमा पनि सक्नेले तीन कृच्छ नसक्नेले त्यसको अनुकल्पमा गाई वा यथाशक्ति गाईको मूल्य दान गर्नुपर्छ ।[5]

गर्भिणीको मरणमा

गर्भिणी स्त्रीको मृत्यु भएमा लाश दाहस्थलको नजीकमा लगी दक्षिण शीर गराई राख्नुपर्छ र आपोहिष्ठादि तीन मन्त्र उच्चारणका साथ पञ्चगव्यले र पवित्र जलले मृत शरीरमा अभिषेक गर्नुपर्छ । त्यस पछि "हिरण्य गर्भः

---

१. सूतकान्ते ततः पुत्रः कुर्याच्छान्तिकपौष्टिकम् । कांस्यपात्रस्थितं तैलं वीक्ष्य दद्याद्द्विजन्मने ॥
ब्रह्मविष्णुमहेशेन्द्रवरुणप्रीयते ततः । माषमुद्‌गयव व्रीहि प्रियंग्वादिप्रयच्छति ॥
स्वर्णदानं रुद्रजाप्यं लक्ष्यहोमो द्विजार्चनम् । गोभूदानं षडंशेन कुर्याद्दोषोपशान्तये ॥ नि.सि.पृ ८२५

२. घृताहुति दिने मन्त्र- वह वपां जातवेद....... । शु.य.स.३५।२०

३. आपो अस्माम्.....। (४।२) मन्त्र, आपोहिष्ठा.....। देखिका ३ मन्त्र (३६।१४-१६) र पुनन्तु मा पितर....। देखिका ९ मन्त्र (१९।३७-४५)

४. सूतिकायां मृतायां तु कथंकुर्वन्ति याज्ञिकाः । कुम्भे सलिलमादाय पञ्चगव्यं तथैव च ॥
पुण्यर्ग्भिरभिमन्त्र्यापो वाचा शुद्धिंलभेत्ततः । तेनैव स्नापयित्वा तु दाहं कुर्याद्यथाविधिः ॥ मिता (या.३।२०)

५. सूतिका तु यदा साध्वी विस्नाता मरणं गता । त्रिवर्षपूर्णपर्यन्तं शुद्धयेत्कृच्छ्रेण सर्वदा ॥
इदं चाद्यत्र्यहे सूतिका तु यदानारी रजसा तु परिप्लुता । म्रियेत चेत्तु सा नारी द्विवर्ष कृच्छमाचरेत् ॥
इदंद्वितियत्र्यहे सूतिका तु यदा.......।.......व्यासस्य वचनंयथा ॥
इदंतृतीयत्र्यहे सूतिका तु यदा.......।.......एकाब्देन विशुद्ध्यति ॥
सूतिका तु यदा......................।...... त्रिभिः कृच्छै विंशुद्ध्यति ॥ नि.सि.पृ ८३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समवर्ततात्रे....।" यो मन्त्रपूर्वक सूनको चक्कुले पतिले दाहिने कोख चिर्नुपर्छ र बालक निकाल्नु पर्छ, निष्प्राण रहेछ भने शुद्ध जलले पखाली शुद्ध भूमिमा गाडिदिनु पर्छ । बालक यदि जीवित रहेछ भने "जीवत्व मम पुत्रक" यो मन्त्र उच्चारण गर्नुको साथै स्नान गरार्य व्याहृतिले अभिमन्त्रण गरी घरतर्फ पठाउनु पर्छ । त्यस पछि मृतकको चिरिएको पेट राम्रोसँग सिलाइ घाउ नदेखिने गरी घ्यू लेपन गरी आपोहिष्ठादि[1] तिन मन्त्रले स्नान गराउनु पर्छ र गर्भिणी मरण जनित पाप निवृत्तिको लागि क्रियाकर्ताले तेत्तीस कृच्छव्रत वा त्यसको अनुकल्प गरी गो भू सुवर्ण वस्त्र द्रव्यादि यथाशक्ति दान पनि गर्नुपर्छ । अनिमात्र लाश चितामा राखी शुद्ध वस्त्र आढाई विधिपूवृक दाहसंस्कार गर्नुपर्छ ।[2]

कुष्ठिको मरणमा

विचर्चिका, दुश्चर्मा, चर्चरी आदि आठ प्रकारका कुष्ठरोग हुन्छन् ।[3] यी रोग पूर्वजन्ममा गुरुपत्नी गमनादि महापातक गर्नेलाई पापशेषको कारण लाग्छन् भन्ने योगीश्वर याज्ञवल्क्यको धारणा रहेको छ ।[4] उक्त आठ कुष्ठ मध्ये कुनै एक कुष्ठ रोग लागेमा रोग लाग्ने व्यक्ति आफैले नै पापको कारण यस्तो रोग लाग्न सक्ने कुरा बुझी पराकादि कृच्छ प्रायश्चित गर्नु पर्ने हो, तर सो प्रायश्चित्र नगर्दै रोगीको मृत्यु भएमा पुत्रादि क्रियाकर्ताले षडब्दकृच्छ[5] प्रायश्चित्त गरी कोरीको दाहादि क्रिया गर्नु पर्ने हो , तर मान्छेको मृत्यु भइसके पछि त्यस्तो दीर्घकालसाध्य प्रायश्चित्त गरी दाह संस्कारादि क्रिया गर्न नमिल्ने हुन्छ अतः प्रायश्चित्तको अनुकल्प गरी मृतकको दाह संस्कारादि सम्पूर्ण क्रिया गर्नु पर्ने हुन्छ ।[6] उक्त प्रायश्चित्त नगरिकन कुष्ठिको दाहसंस्कार गर्नु दशाहादि क्रिया गर्नु आशौच बार्नु आदि कुनै कुरा पनि गर्न हुँदैन । लाश जलमा वा अन्यत्र कुनै ठाउँमा फालि दिनु पर्ने हुन्छ । त्यसो गर्दा आफ्नो कर्तव्य पूरा नभई पुत्रादिले दोषभागी हुनु पर्ने र मृतकले पनि प्रेतत्वबाट मुक्त हुन नपाई नारकीय गतिको भोग गरिरहनु पर्ने भएको हुँदा उल्लिखित प्रायश्चित्त गरी दाहादि सबै क्रिया गरी कुष्ठरोगी आफ्ना पित्रादिको उद्धार गरिदिनु नै पुत्रादिको परम कर्तव्य हुन जान्छ । लोकमा कुष्ठिको लाश पानीमा फाली कुनै पनि प्रायश्चित्त नगरी दशाहादि क्रिया गरेको पाइन्छ, त्यसो गर्दा पुत्रादिले निश्चयनै पापभागी हुनुपर्छ र मृतकले पनि सद्गति पाउन सक्दैन । अतः कुष्ठरागीको मृत्यु भइसके पछि लाश दाहस्थलमालगी पुत्रादि क्रियाकर्ताले माथि भनिएको प्रायश्चित्त गरी दाहसंस्कारादि सबै क्रिया गर्नु पर्ने शास्त्रीय निर्णय रहेको देखिन्छ ।

---

१. शु.य.सं.३६।१४-१६,
२. क.का.प्र.पृ.४१०
३. विचर्चिका तु दुश्चर्मा चचृरीय : स्तृतीयक : । विकर्चूंव्रणताम्रै च कृष्णश्वेते तथाष्टकम् ॥ नि.सि.पृ.८२८
४. ब्रह्महा क्षयरोगी स्मात् सुराप : श्यावदन्तक : । हेमहारी तु कुनखी दुश्चर्मा गुरुतल्पग : ॥ या.३।२०९
५. षडब्दव्रतपूर्णेन विधिनान्त्यं क्रतुं चरेत् । नि.सि.पृ.८२८
६. अनुकल्पमा १८० गाई दान गर्नुपर्छ । त्यति गर्न नसक्नेले त्यसको आधा ९० गाई दान गरे पनि हुन्छ । गाई नमिलेको खण्डमा यथाशक्ति गाईको मूल्य राखी दान गर्दा पनि शास्त्रसम्मत नै हुने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिभाषिक शब्दार्थ

१. अघात्मक आशौच- कुलव्यापी आशौच ।
२. अधवृद्धिमत् आशौच- पूर्वाशौचशेषले शुद्ध नहुने आशौच ।
३. अतिक्रान्ताशौच- बार्नु पर्ने दिन विते पछि सुनेको आशौच ।
४. अल्पाशौच- थोरै दिन बार्नु पर्ने आशौच ।
५. अनुपनीत- व्रतबन्ध नगरेको
६. अन्त्येष्टि- मर्ने वेलामा र मरिसकेपछि गरिने क्रिया
७. अन्त्यसंस्कार- दाहादिक्रिया
८. अन्त्यकर्म- मरणकालमा र मरण भइसके पछि गरिने क्रिया
९. अस्पृश्य- छुन नहुने
१०. असपिण्ड- सपिण्डी बाहिरको
११. अधरोच्छिष्ट- दिसापिसाब नधोएको
१२. अनौरस छोरा- दत्तककानीन आदि छोरा
१३. असंस्कृत- व्रतबन्ध नगरेको केटो र विवाह नगरेकी केटी
१४. अक्षतयोनी- योनि क्षत नभएकी केटी
१५. अनुलोमजाति- माथिल्लो जातको पुरुषले तललो जातकी स्त्रीमा जन्माएको सन्तान
१६. असवर्ण- भिन्न वर्ण
१७. असगोत्र- गोत्र नमिल्ने
१८. औरसपुत्र- वैदिक विधिपूर्वक विवाह गरिएकी सवर्ण पत्नीमा जन्माइएको छोरो
१९. और्ध्वदेहिक क्रिया- दाहसंस्कारादि क्रिया
२०. उपनीत- व्रतवन्ध गरेको व्यक्ति
२१. उत्तमक्रिया- मरण भएको वर्ष दिनसम्म गरिने क्रिया
२२. कर्मघर- घरमा काम गरी बस्ने मान्छे
२३. क्रियाकर्ता- क्रियापुत्री
२४. जननाशौच- सुत्केरो (सूतक)
२५. दीर्घाशौच- दश दिने आशौच
२६. नाल- नाभि (नाइटो)
२७. पतित- आफ्नो जातबाट च्युत (जातफालेको)
२८. प्रसववेदना- वच्चा पाउँदाको व्यथा
२९. पूर्णाशौच- तोकिएको जति आशौच
३०. पात- चारौं वा पांचौं महिनाको गर्भ तुहिनु
३१. पक्षिणी- दुई दिन एकरात वा दुई रात एक दिन (३६ घण्टा)
३२. प्रतिलोमजाति- तल्लो जातिको पुरुषले माथिल्लो जातकी स्त्रीमा जन्माएको सन्तान
३३. महागुरु- बाबु, आमा र पति
३४. मध्यमक्रिया- एकादशाहमा गरिने क्रिया
३५. मलिनक्रिया- दश दिनसम्म गरिने क्रिया
३६. शुक्र- पुरुषको वीर्य
३७. शोणित- स्त्रीको रज
३८. शिशु- बालक
३९. शव- लाश
४०. शावाशौच- मरणाशौच
४१. सज्योति- दिनमा सूर्य र रातमा तारा नअस्ताएसम्म
४२. सपिण्ड- सात पुस्ता भित्रको दाजुभाई
४३. सोदक वा समानोदक- आठदेखि चौध पुस्तासम्मको दाजुभाइ
४४. सगोत्र- पन्धदेखि एककाईस पुस्तासम्मको दाजुभाइ
४५. स्राव- चार महिनासम्मको गर्भ तुहिनु
४६. संपाताशौच- खापिएको आशौच
४७. साधारण सगोत्र- एककाईस पुस्ता माथिका दाजुभाइ
४८. संगवकाल- दिनमानलाई पांच भाग लगाउँदा दोश्रो भागमा पर्ने काल
४९. स्थण्डिल- पिण्डवेदी (ढिकुरो)

प्राय : सबै जसो पारिभाषिक शब्दको अर्थ त्यही शीर्षकमा पनि दिइएको छ, जुन शीर्षकमा पारिभाषिक शब्द आउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्केताक्षरसूची

शु.य.सं.	शुक्ल यजुर्वेद संहिता
गौ.ध.सू.	गौतम धर्मसूत्र
आ.ध.सू.	आपस्तम्ब धर्मसूत्र
वौ.ध.सू.	वौधायन धर्मसूत्र
पा.गृ.सू.	पारस्कर गृह्यसूत्र
म.स्मृ. वा मनु	मनुस्मृति
म.मु.व.	मन्वर्थमुक्तावली
या.स्मृ. वा याश्र. वा या.	याज्ञवल्क्य स्मृति
प.स्मृ. वा परा.	पराशरस्मृति
वि.म. वा विद्वन्म.	विद्वन्मनोहरा
मि.क्ष. वा मिता.	मिताक्षरा
वि.स्मृ. वा विष्णु	विष्णु स्मृति
अ.द.स्मृ.	अष्टादश स्मृति
श्री.वा.रा.	श्रीमद्‌वाल्मीकि रामायण
म.भा.शा.प.	महाभारत शान्ति पर्व
ग.पु.	गरुडपुराण
अ.को.	अमरकोश
नि.सि.	निर्णयसिन्धु
ध.सि.	धर्मसिन्धु
पृ.	पृष्ठ
टि.	थिप्पणी
ष.शी.वा.ष.	षडशीति
श्लो.	श्लोक
शु.च.	शुद्धिचन्द्रिका
शु.म.	शुद्धिमयुख
कृ.क.त.शु.का.	कृत्यकल्पतरु शुद्धिकाण्ड
च.चि.म.प.ख.	चतुर्वर्ग चिन्तामणि परिशेष खण्ड
आ.प.	आशौच पञ्जिका
अ.क.दी.	अन्त्यकर्म दीपक
कृ.सा.स.	कृत्यसारसमुच्चय
श्रा.वि.	श्राद्धविवेक, श्राद्ध विमर्श
स.र.व.	सत्कर्मरत्नावली
भा.	भाग
वै.ध.मू.	वैदिक धर्म मूलरुपमा
अ.प.	अन्त्यपद्धति
वी.मि.स.प्र.	वीरमित्रोदय समय प्रकाश
क.का.प्र.	कर्मकाण्ड प्रदीप
पु.चि.	पुरुषार्थ चिन्तामणि
ध.शा.ई.	धर्मशास्त्रका इतिहास
अ.	अध्याय
ल.हा.	लघुहारीत
शा.त.	शातातप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आधार ग्रन्थ

१. शुक्ल यजुर्वेदसंहिता, उव्वट-महीधर-व्याख्या सहित, मोतीलाल बनारसी दास, दिल्ली १९७८
२. गौतमधर्मसूत्र, मिताक्षरावृत्तिसहित, चौखम्बा संस्कृत सीरिज अफिस वाराणसी- १ सन् १९६६
३. आपस्तम्बधर्मसूत्र, हरदत्तमिश्र-विरचित उज्जलावृत्ति सहित, चौखम्वा सँस्कृत सीरिज वाराणसी- १ वि.सं. २०२६
४. वौधायन धर्मसूत्र, गोविन्छ स्वामिप्रणीत विवरण सहित, जयकृष्णदास हरिदास गुप्त चौखम्वा सँस्कृत सीरिज बनारस १९१७
५. पारस्करगृह्यसूत्र, भाष्यपञ्चक सहित, वम्बई १९१७
६. मनुस्मृति, कुल्लूकभट्टकृतमन्वर्थमुक्तावली सहित, मणिलाल इच्छाराम देसाई १९१३
७. याज्ञवल्क्यस्मृति, विज्ञानेश्वरप्रणीत मिताक्षरासहित, चौखम्वा सँस्कृत सीरिज वारायणसी वि.सं. २०२४
८. पराशरस्मृति, विनायक पण्डितकृत विद्वन्मनोहरा व्याख्या सहित
९. विष्णुस्मृति, नन्दपण्डित विरचित वैजयन्ती व्याख्या सहित, चौखम्वा संस्कृत सीरिज अफिस वाराणसी- १ वि.सं.२०१८
१०. अष्ठादशस्मृति र स्मृतिसमुच्चयादर्श
११. वीस स्मृतियाँ, सम्पादक- श्रीरामशमा् आचार्य, प्रकाशक- संकृति संस्थान वरेली १९७९
१२. श्रीमद्वाल्मीकिरामायण, सम्पादक- पं. शिवराम शर्मा वासिष्ठ, चौखम्वा विद्याभवन वाराणसी १९५७
१३. महाभारत, सम्पादक- पं. श्रीपाद दामोदर सातवलेकर, प्रकाशक- वसन्त श्रीपाद सातबलेकर भारत मुद्रणालय गुजरात सं. २०३६
१४. श्रीमद्भागवत महापुराण, गीताप्रेतस गोरखपुर
१५. श्रीमद्भगवद्गीता, शांकरभाष्य सहित, गीताप्रेस गोरखपुर
१६. गरुडपुराण, भाष टीका सहित, श्री दुर्गा पुस्तक भण्डार
१७. अमरकोश- श्री अमरसिंह विरचित, चौखम्वा संस्कृत सीरिज वाराणसी वि.सं. २०३४
१८. निर्णयसिन्धु- कमलाकर भट्ट विरचित, ज्वालाप्रसाद मिश्रकृत निर्णय सागरसेतुनामक भाषानुवाद सहित खेमराज श्रीकृष्ण दास, श्रीवेङ्टेश्वर स्टीम् प्रेस वम्बई
१९. धर्मसिन्धु- श्रीकाशीनाथोपाध्याय विरचित, वशिष्ठदत्त मिश्र कृतधर्मदीपिका हिन्दी व्याख्या र सुदामामिश्रकृत सुधाटिप्पणी सहित चौखम्वा सँस्कृति सीरिज वाराणसी १९६८
२०. षडशीति- आदित्याचार्यप्रणीत, नन्दपण्डितकृत शुद्धिचन्द्रिका व्याख्या समलङ्कृत, चौखम्वा अमर भारती गोपालमन्दिर लेन वाराणसी, स्तवक ३६७
२१. शुद्धिमयूख- श्रीनिलकण्ठ भट्टप्रणीत, गुजराती प्रिन्टिङ्ग प्रेस कोट वम्बई १९४१
२२. कृत्यकल्पतरु (शुद्धिकाण्ड)- श्री लक्ष्मीधर विरचित १९५०
२३. चतुर्वर्गचिन्तामणि- हेमाद्रि विरचित (परिशेषखण्ड), चौखम्वा सँस्कृत संस्थान वाराणसी १९८५
२४. आशौचपञ्जिका- विद्यावाचस्पति श्रीमधुसूदन विरचित
२५. अन्त्यकर्मदीपक- पं. नित्यानन्द पर्वतीय विरचित, जयकृष्णदास हरिदास गुप्त चौखम्वा सँस्कृत सीरिज अफिस वनारस १९५२
२६. कृत्यसारसमुच्चय- श्रीमद्मृतनाथ झा विरचित, चौखम्वा सँस्कृत संस्थान गोपाल मन्दिरलेन वाराणसी वि.सं. २०३७
२७. श्राद्धविवेक- श्रीरुद्रधरकृत, जयकृष्णदास हरिदास गुप्त चौखम्वा सँस्कृत सीरिज अफिस बनारस वि.सं. १९९३
२८. श्राद्धविमर्श- श्री उमाशङ्कर त्रिपाठीकृत, सम्पूर्णानन्द सँस्कृत विश्वविद्यालय वाराणसी २०३८
२९. सत्कर्मरत्नावली (भाग १२)- श्री ५ गीर्वाणयुद्ध विरचित, संपादक र प्रकाशक- प्रा. श्री रामनाथ आचार्य, प्रा. श्री दामोदर कोइराला वि.सं. २०२६
३०. त्रिंशच्छ्लोकी
३१. वैदिक धर्म मूल रुपमा- प्रा. श्री शिवराज आचार्य विरचित, स्वाध्यायशाला कुटुम्व लाजिम्पाट काठमाण्डौ, वि.सं. २०४५
३२. अन्त्यपद्धति- वावू माधव प्रसाद शर्मा दूध विनायक वाराणसी
३३. वीरमित्रोदय-समय-प्रकाश- श्री मित्रमिश्र विरचित, श्री विष्णुप्रसाद शर्मा संशोधित
३४. शुक्लयजुः शाखीय कर्मकाण्ड प्रदिप
३५. परुषार्थ चिन्तमणि- श्री विष्णु भट्ट विरचित, हरिनारायण आप्टेद्वारा प्रकाशित १९०७
३६. धर्मशास्त्रका इतिकास- डा. काँणे विरचित, हरिश्चन्द्र उ.प्र. हिन्दी संस्थान लखनऊ १९८२

यी ग्रन्थका अतिरिक्त अरु पनि धेरै ग्रन्थको सहायता लिइएको छ, तिनको उल्लेख तत् तत् ठाउँमा मूलैमा र टिप्पणीमा पनि गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection